# DIRECTORATE OF DISTANCE EDUCATON

# UNIVERSITY OF NORTH BENGAL

## MASTER OF ARTS - NEPALI

## SEMESTER-IV

## कृति र कृतिकार विशेष अध्ययन

## NEP(DE)-PG-C-404

# BLOCK – 2

**UNIVERSITY OF NORTH BENGAL**
Postal Address:
The Registrar,
University of North Bengal,
Raja Rammohunpur,
P.O.-N.B.U.,Dist-Darjeeling,
West Bengal, Pin-734013,
India.
Phone: ( O ) +91 0353-2776331/2699008
Fax:( 0353 ) 2776313, 2699001
Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in
Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# कृति र कृतिकार विशेष अध्ययन

## BLOCK 1

एकाइ -1 नेपाली साहित्यका अमर साहित्यकार (मूल रूपमा लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा)
एकाई -2 साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूबारे विशेष अध्ययन
एकाइ 3.साहित्यकार बालकृष्ण समको कृतिहरूबारे विशेष अध्ययन
एकाइ 4.साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको कृतिहरूको विशेष अध्ययन
एकाई 5. लेखनाथ पौड्यालको जीवन र दर्शन
एकाइ 6. लक्ष्मीप्रसाद देवकोटाको जीवन र दर्शन
एकाइ 7. बालकृष्ण समको जीवन र दर्शन

## BLOCK 2

एकाइ 8 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य तथा सार्वजनीनता। ........ 7
एकाइ 9 साहित्यकार बालकृष्म समका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता। ........ 42
एकाइ 10 महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता ........ 69
एकाई 11 साहित्यकार लेखनाथ पौड्यालको विशेष-विशेष योगदान । ........ 94
एकाइ 12 साहित्यकार बालकृष्ण समको विशेष विशेष योगदान ........ 126
एकाइ 13. साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका विशेष-विशेष योगदान ........ 150
एकाइ 14 लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका रचनाहरूका संरचना र शैलीमा पाइने विशेषता ........ 175

# BLOCK-2 कृति र कृतिकार विशेष अध्ययन

**Block 1**

यस **कृति र कृतिकार विशेष अध्ययन** अन्तर्गत रहेको यस **प्रभाग दुई** लाई हामी यसरी अध्ययन गर्न सक्छौँ-

**एकाई -८, साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य तथा सार्वजनीनता ।**

यस एकाइमा कविशिरोमणि लेखनाथ पौड्यालका कृतिहरूबारे संक्षिप्तमा चर्चा गर्दै त्यसभित्र रहेका सामाजिक पक्ष,सांस्कृतिक पक्ष तथा मानवीय मूल्य एवम् सार्वजनीनताबारे चर्चा गरिएको छ। अध्ययन सुविधा हेतु लेखनाथ पौडका सम्पूर्ण कृतिहरूलाई नलिइ केही विशेष कृतिहरूलाई चर्चामा राखिएको छ।

**एकाइ – ९, साहित्यकार बालकृष्ण समका कृतिहरूमा निहित सामाजिक , सांस्कृतिक , मानवीय मूल्य तथा सार्वजनीनता ।**

यस एकाइमा साहित्यकार बालकृष्ण समका कृतिहरूमा पाइने सामाजिक पक्ष,सांस्कृतिक पक्ष तथा मानवीय मूल्य एवम् सार्वजनीनताबारे चर्चा गरिएको छ।

**एकाइ – १०, महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा निहित सामाजिक ,सांस्कृतिक ,मानवीय मूल्य तथा सार्वजनीनता ।**

यस एकाइमा महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूबारे चर्चा गर्दै कृतिभित्र रहेको सामाजिक ,सांस्कृतिक ,मानवीय मूल्य तथा सार्वजनीनताबारे चर्चा गरिएको छ।

**एकाइ – ११, साहित्यकार लेखनाथ पौड्यालको विशेष -विशेष योगदान**

यस एकाइमा कविशिरोमणि लेखनाथ पौड्यालले साहित्यका विभिन्न विधाहरू कविता,खण्डकाव्,नाटक आदि सँगै साहित्येइतर क्षेत्रहरू `हलन्त बहिष्कार ´ भाषिक आन्दोलन तथा `सात साले जनक्रान्ति´ मा दिएको योगदानबारे विश्लेषण गरिएको छ।

**एकाइ – १२, साहित्यकार बालकृष्ण समको विशेष -विशेष योगदान**यस एकाइमा नाट्यसम्राट तथा साहित्यकार बालकृष्ण समले नेपाली साहित्यको विभिन्न विधाहरू नाटक ,खण्डकाव्य तथा महाकाव्य ,कविता ,निबन्ध आदि क्षेत्रमा दिएको योगदानबारे चर्चा गरिएको छ।

**एकाइ – १३, साहित्यकार लक्ष्मीप्रसाद देवकोटाको विशेष -विशेष योगदान**

यस एकाइमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यका विभिन्न विधाहरूमा दिएको योगदानबारे चर्चा गरिएको छ। तिनको साहित्यिक योगदानको विश्लेषण यश एकाइमा गरिएको छ।

**एकाइ – १४, लेखनाथ पौड्याल ,बालकृष्ण सम अनि लक्ष्मीप्रसाद देवकोटाको रचनाहरूका संरचना र शैलीमा पाइने विशेषता**

यस एकाइमा नेपाली साहित्यका `त्रिरत्न´ लेखनाथ पौड्याल ,बालकृष्ण सम अनि लक्ष्मीप्रसाद देवकोटाका रचनाहरूका संरचना र शैली पक्षबारे अध्ययन गरिएको छ। तीनैजनाका केही कृतिलाई लिएर संक्षिप्तमा संरचना र शैलीमा पाइने विशेषताबारे यश एकाइमा चर्चा गरिएको छ।

# एकाइ 8 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य तथा सार्वजनीनता।

**संरचना**

8.0 उद्देश्य

8.1 परिचय

8.2 कविशिरोमणि लेखनाथ  पौड्यालको  संक्षिप्त परिचय

8.2.1 जन्म एवम् मृत्यु

8.2.2 शिक्षा

8.2.3 लेखनाथ पौड्यालको साहित्यिक यात्रा एवम् उपलब्धिहरू

8.3 लेखनाथ पौड्यालका कृतिहरुमा निहित सामाजिक ,सांस्कृतिक,मानवीय मूल्य एवम् सार्वजनीनताबारे चर्चा

8..3.1 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक पक्ष

8.3.2 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सांस्कृतिक पक्षको अध्ययन

8.3.3  लेखनाथ पौड्यालका कृतिहरूमा मानवीय मूल्य तथा सार्वजनीनता बारे चर्चा

8.4 उपसंहार

8.5 सार

8.6 अनुशीलनी

8.7 अतिरिक्त अध्ययन

8.8 मूल्यवृद्धिको निम्ति उत्तर

## 8.0 उद्देश्य

कविशिरोमणि लेखनाथ पौड्यालका काव्य-कृतिहरूलाई अध्ययन गरेर हेर्दा विभिन्न सामाजिक ,दर्शन  ,सांस्कृतिक ,मानवतावादी चेत,अध्यात्म चेतना आदिलाई विशेष रूपमा पाइन्छ ।यस एकाइ कवि लेखनाथ पौड्यालका विशेष-विशेष  कृतिहरूको अध्ययन गरि त्यसभित्र निहित सामाजिक पक्ष,सांस्कृतिक कुराहरू,मानवीय मूल्य तथा सार्वजनीनता बारे संक्षिप्त रूपमा चर्चा गरिने जमर्को गरिएको छ। कवि लेखनाथ

पौड्यालबारे तथा तिनका कृतिहरूले बोकेका विषयवस्तुलाई स्पष्ट पार्ने ध्येयले यो एकाईमा चर्चा गरिएको छ। नेपाली साहित्यमा आधुनिककालको सुत्रपात गर्ने कवि लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक ,सांस्कृतिक ,मानवीय मूल्य तथा सार्वजनीनता बारे चर्चा गर्ने क्रममा यहाँ लेखनाथको सम्पूर्ण कृतिहरू नलिइ केही कृतिहरू मात्र लिएर सोही आधारमा उपर्युक्त विषयको चर्चा अध्ययन तथा विश्लेषण गरिएको छ।

## 8.1 परिचय

नेपाली साहित्यमा आधुनिक कालको सुरु वि०स० १९९० को दशकदेखि सुरु भएको मानिन्छ।तथापि नेपाली साहित्यमा आधुनिक कालको बीजारोपण कवि लेखनाथ पौड्यालको साहित्यमा आगमनसँगै भएको भएको थाहा लाग्छ ।नेपाली साहित्यका विभिन्न विधाहरू कविता,खण्डकाव्य,नाटक आदिमा कलम चलाएका कवि लेखनाथ पौड्यालका कृतिहरू नेपाली साहित्यको ढुकुटीमा सङ्ग्रहित प्रमुख कृतिहरूमध्ये पर्दछ। आधुनिक विषयवस्तुलाई आत्मसात् गरेर कवि लेखनाथ पौड्यालले आफ्ना रचनाहरूमा सौन्दर्य भरेका छन्। पूर्वीय दर्शनका अनुयायी तथा आध्यात्मिक चेतनाले परिपूर्ण कवि लेखनाथ पौड्याल नेपाली साहित्यका एकजना विशिष्ट प्रतिभा हुन्। नवीन विषयको प्रस्तुति ,आधुनिक विचारधारालाई आत्मसात् गरेर काव्य सृजना गर्ने लेखनाथ पौड्यालबारे सीमित क्षेत्रमा रहेर अध्ययन गर्नु सम्भव हुँदैन । कविता विधाबाट साहित्यमा प्रवेश गरेका कवि लेखनाथ पौड्यालले `ऋतुविचार´ जस्ता प्रकृतिकाव्य तथा `तरुण तपसी´ जस्ता नव्य काव्य एवम् अन्य थुप्रैवटा काव्यकृतिहरू छाडी गएका छन्।

## 8.2. कवि लेखनाथ पौड्यालको संक्षिप्त परिचय

### 8.2.1 जन्म एवम् मृत्यु

**जन्म**

कविशिरोमणि लेखनाथ पौड्यालको जन्म वि०स० १९४१,पौष २६ गते नेपालको कास्की जिल्लाको अर्घौ अर्चले गाउँमा भएको थियो।तिनको पिताको नाम दुर्गादत्त पौड्याल अनि माताको नाम बसुन्धरा देवीको कोखबाट जन्म लिएका लेखनाथ पौड्याल नेपाली साहित्यका उज्ज्वल नक्षत्र हुन्।

### मृत्यु

कवि लेखनाथ पौड्यालको मृत्यु ८२ वर्षको उमेरमा वि०स० २०२० फागुन ७ गते चितवनको भरतपुरस्थित देवघाटमा भएको थियो।

## 8.2.2 शिक्षा

कवि लेखनाथ पौड्यालको शिक्षाको आरम्भ घरबाट नै भएको थियो। पाँच वर्षको उमेरदेखि लेखपढमा लागेका कवि लेखनाथ पौड्यालको पढाइ क्षेत्रमा खुबै रुचि रहेको थियो । पढ्नमा रुचि भएकै कारण सानै उमेरमा गङ्गा गणेश स्तोत्र,अमर कोष,सप्तशी आदिका अध्ययन गरेका थिए। सात वर्षको कलिलो उमेरमा नै परिस्थितिवश गोठालोको काम गर्नुपरेका लेखनाथ पौड्यालले गोठालोको मरकाम गर्दा गर्दै अमर कोष,लघु कौमुदी जस्ता संस्कृत कोष व्याकरणहरूका अध्ययन गरे । कास्कीको अर्घौं अर्चले गाउँ प्राकृति रूपले सुन्दर हुनका साथै क्षेत्र का पौड्याल समुदाय पण्डित विद्या तथा तथा शिक्षा  क्षेत्रमा सचेत  नै थिए। त्यसैले कतिपय विद्वानहरूले अर्घौं लाई `अर्घौं पण्डितपुरी´ पनि भन्ने गरेको  पाइन्छ । अर्घौं का पौड्यालहरूका पण्डित्यबाट नै  कास्कीले विद्या  केन्द्रको रूपमा प्रसिद्धि कमाएको पनि कतिपयले मान्छन्। यस दृष्टिकोणबाट हेर्दा कवि लेखनाथ पौड्यालका अग्रज तथा पुर्खाहरू विद्या तथा शिक्षाप्रति सचेत थिए भनेर मानिलिन सकिन्छ । कवि लेखनाथ पौड्यालमा पनि यसको प्रभाव पर्नु र शिक्षाप्रति झुकाव रहनु  यस हिसाबले पनि स्वभाविक मान्न सकिन्छ । कलिलो उमेरमा नै परिस्थितिवश गोठालो हुनपरेका लेखनाथ पौड्यालको प्रारम्भिक शिक्षा घरबाट नै सुरु भएको थियो। गोठालो काम सँगै तिनको स्वअध्ययनका कारण अझ तिख्रिदै गयो । चौध वर्षकी वर्षको उमेरसम्म आफ्नै गाउँमा रहेर लिन सक्ने शिक्षा लिइसकेपछि अथवा शिक्षा ग्रहग गरिसकेपछि अघिको उच्च शिक्षाको निम्ति काठमाडौ तथा भारतको काशीतर्फ लागे।चौध वर्षको उमेरसम्म गाउँमा नै घरेलु अध्ययनपछि पन्ध्र वर्षको उमेरपछि तिनलाई माता पिताले काठमाडौको रानीपोखरी संस्कृत छात्रवास (त्यतिबेलाको तीन धारा पाठशाला) मा अध्ययनको निम्ति पठाए। उक्त पाठशालामा भर्ना भएपछि तिनले व्याकरणको माध्यमको पाठ्यक्रमको खण्ड-खण्ड अध्ययनमा लागेको थाहा पाइन्छ । यसरी नै अध्ययन र सृजनाका वातावरणमा लेखनाथ पौड्याल वि०स० १९५९ मा बनारसतर्फ लागेका थिए। अध्ययनको निम्ति बनारस लागेका लेखनाथ पौड्यालले भर्ना परीक्षा अनुत्तीर्ण गरेपछि पुन दोस्रोपटक भने परीक्षा दिएनन् । व्याकरण र साहित्य सम्बन्धि  आफूमा पोख्त ज्ञान भए तापनि `न्यायमुक्तावली´ को दर्शनपत्रको

Notes

राम्रो अध्ययन नभएको कारण उनी परीक्षामा अनुत्तीर्ण भएका थिए। तिनको पारिवारिक अवस्था राम्रो नभएको कारण तथा बिस्तारै साहित्य सृजनातिर पाइला चालिरहेको कारण तिनले दोस्रोपटक परीक्षा दिएनन् । यसरी वि०स० १९६० सालतिरै विद्यार्थी जीवनबाट टाडिएका लेखनाथ पौड्याल व्यवहारिक जीवनका भुँवरीमा तथा साहित्य सृजनामा लागेको पाइन्छ ।तिनले शैक्षिक क्षेत्रमा अ ौपचारिकभन्दा बढी स्वअध्ययनबाट नै शिक्षा लिएका थिए।

## 8.2.3 लेखनाथ पौड्यालको साहित्यिक यात्रा एवम् उपलब्धिहरू

लेखनाथ पौड्यालको सम्पूर्ण काव्य-यात्रा (वि०स०१९६१-२०२२) लगभग आधा शताब्दी वा अझ साठी वर्ष लामो साधना हो। `माधवी´पत्रिका (वि०स० १९६५) देखि नै लेखनाथको कवित्वमा दिग्बोधको आभास पाइने भएकाले वि०स० १९६३ को `सुन्दरी ´मा वा वि०स० १९६१-६२ को `कविताकल्पमुद्रम्´ मा देखा पर्ने लेखनाथ प्रारम्भिक लेखनाथ हुन् र उनको कवित्वको प्रारम्भिक पृष्ठभूमि यही हो। वि०स० १९६१ देखि वि०स० १९९० सम्मलाई लेखनाथको काव्य यात्राको प्रथम वा प्रारम्भिक प्रहर मान्न सकिन्छ। किनभने दधिराम मरासिनीसँगको मित्रता र राममणि आ.दी. सँग सम्पर्क तथा दरबारिया जीवनका सन्दर्भमा लेखनाथको कवित्वको एक विश्राम यहीँ पूर्ण हुन्छ ।वि०स० १९९१ देखि लेखनाथ पुराना कृतिको परिवर्धन-परिष्कारका साथ प्रतिष्ठित हुँदै सम्पूर्ण रूपले कविताप्रति समर्पित भएका छन् र वि०स० २००७ साल सम्मलाई तात्कालिक शासनको प्रसङ्ग समेतका आधारमा उनको काव्य -यात्राको दोस्रो वा मध्य प्रहर मान्न सकिन्छ ।वि०स० २००७ सालमा प्रजातन्त्रको स्थापनापछि कविशिरोमणिका रूपमा उनी महिमामय इतिहासपुरुष र वयोवृद्ध कवि बनेर सुम्मानित हुँदै पर्याप्त स्वतन्त्रताका साथ कविता सृजनमा प्रवृत्त भई प्रौढ-परिपक्क काव्य -रचनामा तल्लीन बनेको हुँदा यश अवधिलाई उनको काव्य यात्राको तेस्रो र अन्तिम प्रहर स्वीकार्न सकिन्छ ।

अस्वीकृतिका एकाध हस्ताक्षर भेटिए पनि लेखनाथ आधुनिक नेपाली कविताका प्रवर्तक मानिएका छन्। लेखनाथको आधुनिकतालाई मूलत: `ऋतुविचार´ `बुद्धिविनोद´ (वि०स० १९७३),`सत्यकलि संवाद´ (वि०स० १९७६),`गोरखा-शिक्षा´ का द्वितीय भाग(वि०स० १९७३) र तृतीय भाग (वि०स० १९७४) आदिबाटै सिद्ध गर्ने प्रयत्न हुँदै आएको छ। तर गहिरिएर विचार गर्दा के अनुभव हुन्छ भने `माधवी´ (वि०स० १९६५-६६) र `लालितय´ (वि०स० १९६९) बाटै लेखनाथ

माध्यमिक कालका प्रवृत्तिका विरुद्ध प्रयोगशील र वाचाल रहेको अनि आफ्नो काव्य - यात्राको विशेष दिशा – बोध प्राप्त गर्न सक्षम भएको भेटिन्छ र आधुनिक नेपाली कविताको प्रचेष्टा लेखनाथले विक्रमको बीसौं शताब्दीको सातौं दशकका उत्तरार्धमा थालिसकेको कुरा प्रष्ट हुन्छ ।अवश्य नै यो प्रचेष्टा वि०स० १९७६ (सत्यकलिसंवाद)मा आइपुगेर नै विशेष मुखर भएको हो। त्यसैले लेखनाथले आफ्नो काव्य – यात्राको विशेष दिशा नपहिल्याउँदैको अवधि प्रारम्भिक पृष्ठभूमि वा माध्यमिक कालकै वरणभित्रको कवित्व प्रयत्न ठहर्छ र त्यसपछि सूक्तिसिन्धु (वि०स० १९७४) सम्म लेखनाथको द्वन्द्वावस्था अनि वि०स०१९७६ को `सत्यकलिसंवाद´ आधुनिकताको अविस्मरणीय कृति ज्यादा नलेखेको र अझ खास अर्थमा उनको लेखन शिथिल रहेको आभास पाइन्छ ।वि०स० १९९१ सालदेखि लेखनाथ लेख्न सक्रिय बने भने वि०स० २००७ सालले युगको पृष्ठभूमि नै बदलिदिँदा यनको लेखाइ पनि मोडिन गयो। निष्कर्षमा लेखनाथको काव्य यात्राका विभिन्न प्रहरको कृतिक्रमलाई यसरी प्रकट गर्न सकिन्छ –

**१.प्रारम्भिक प्रहर (वि०स० १९६१-१९९०)**

क) `कविताकल्पमुद्रम´ (वि०स० १९६१), `सुन्दरी ´(वि०स० १९६३) ,`माधवी´ (वि०स०१९६५-६६),`लालित्य´(वि०स० १९६९) अन्तर्गतका कविता।

ख) `शोकप्रवाह´ खण्डकाव्य (वि०स० १९७०)

ग) `गोरखा शिक्षा ´ का विविध भाग अन्तर्गतका कविता (वि०स०१९७२-८१)

घ)` बुद्धिविनोद´ -`ऋतुविचार´(वि०स० १९७३)

ङ) `सुक्तिसिन्धु´ (वि०स० १९७४) अन्तर्गतका कविता

च) `भातृहरिनिर्वेद´ नाटक (वि०स० १९७४)

छ) संक्षिप्त भारत अन्तर्गत `संक्षिप्त श्रीमद्भागवतगीतासार´(वि०स० १९७५)

ज)` सत्यकलिसंवाद´ (वि०स० १९७६)

झ)` स्तोत्रावली´ अन्तर्गतका कविता (वि०स० १९७८)

ञ) `गीताञ्जलि´ (वि०स० १९८६)

ट) गोर्खाली,चन्द्रिका,गोरखापत्र आदि विभिन्न पत्र -पत्रिकाका अन्य कविता। (यसै अवधिमा लेखिएको फ्रान्सको राज्यक्रान्ति र महाराणा प्रताप सम्बन्धि काव्यहरू तथा `भवितव्य´ र `राधाकृष्णकेलि´ हिन्दी नाटकको रचना गर्नका साथै चन्द्र शमशेरका निम्ति `दिगम्बरविवाह्´ नाटक लेखेको ज्ञात हुन्छ । `पार्वतीपरिणय´ पनि यसै बखतको नाट्यकृति हो। परन्तु यी कुनै पनि कृति छापिएका छैनन्। यसरी नै `शिशुबोधिनी´ द्वितीय भाग (वि०स० १९६८) को संस्मरण पनि आवश्यक छ।

**२.मध्यवर्ती प्रहर (वि०स० १९९१- २००७)**

क) विकसित `ऋतुविचार´ (वि०स० १९९१)

ख) `शारदा´,`गोरखापत्र ´ र` उद्योग ´अन्तर्गतका कविता (वि०स० १९९१-१९९४)

ग) सप्त प्रश्नात्मक `बुद्धिविनोद ´को प्रथम विनोद (वि०स० १९९४)

घ) `लक्ष्मीपूजा´ नाटक (वि०स० १९९४)

ङ) `त्याग र उदयको युगल प्रकाश´ काव्य (वि०स० २००२)

च) `पंचतन्त्र´ अनुवाद (वि०स० २००४)

**३.अन्तिम प्रहर (वि०स० २००८-२००२)**

क) `अमर ज्योतिको सत्यसंस्मृति´ काव्य (वि०स० २००८)

ख) `गौरी-गौरव ´ नाटक ( अभिनित मात्र ,वि०स० २००९)

ग) वि०स० २०१० सालसम्मका कविता (लालित्य प्रथमा भाग समेत )

घ) `तरुण तपसी´नव्यकाव्य (वि०स० २०१०)

ङ) `मेरो राम´काव्य (वि०स० २०११)

च) `अभिज्ञान शाकुन्तल´ नाटक (अपूर्ण ,अप्रकाशित )

छ) नयाँ `भातृहरिनिर्वेद´(वि०स० २०२०)

ज)` पार्वती परिणय´ (अपूर्ण,अप्रकाशित )

झ) `गंगा गौरी ´(अपूर्ण महाकाव्य ,वि०स० २०२२-२३)

ञ) `लालित्य´ (दोभाग, वि०स० २०२५)

ट) विभिन्न समसामयिक पत्रिकामा प्रकाशित फुटकर कविता (वि०स० २०१२-२०३०)

लेखनाथको काव्य – यात्राका विविध प्रहरमा प्रस्तुत र प्रकट काव्य-कृतिको मोटामोटी विवरण यहीँ हो।

**पुरस्कार तथा सम्मान**

आफ्नो सम्पूर्ण जीवन  नै साहित्य साधनामा होमेका साहित्य  साधक कवि लेखनाथ पौड्यालले साहित्य क्षेत्रमा पुर्याएको योगदानलाई कदर गर्दै उनलाई विभिन्न पुरस्कार एवम् सम्मानले सम्मानित गरिएको छ। उनको लेखनकालको उत्तरार्धमा अर्थात् वि०स० २००० साल पछि नै उनले साहित्यप्रति पुर्याएको योगदानको कदर हुन्छ साथै उनले सम्मान तथा पुरस्कारहरू प्राप्त गर्छन्। यसैक्रममा वि०स० २००८ मा नेपालका राजा श्री५ त्रिभुवनको जन्मोत्सवको अवसरमा राजाबाट पुरस्कार तथा सम्मानस्वरुप  तक्मा ,भत्ता र दर्जा वितरण अन्तर्गत लेखनाथलाई मासिक रु० २००/-भत्ता सहित `कविशिरोमणि´ को उपाधि प्रदान गरिन्छ ।`कविशिरोमणि´ का रुपमा लेखनाथ पौड्याल यसरी स्थापित हुन्छन् । यसरी नै वि०स० २०११ पौष २० गते लेखनाथको जन्मदिनको छेक पारेर काठमाडौका साहित्यकार तथा उच्च व्यक्तिहरूले लेखनाथको सम्मानमा रथयात्रा निकालेका थिए। यही दिन लेखनाथको नागरिक अभिनन्दन हुनका साथै उनलाई रुपैया पाँच हजार भेट गरिएको थियो भने `लेखनाथ अभिनन्दन ग्रन्थ ´ तयार पार्नेबारे पनि निर्णय लिइएको थियो । वि०स० २०१४ मा नेपाल एकेडेमी स्थापना भएपछि उनी पनि एकेडेमीका सदस्य रहे। यसरी नै  नेपाल सरकारले उनको नाम एवम् सम्मानमा वि०स० २०१९ मा १५ पैसे हुलाक टिकट छापेको पाइन्छ । वि०स० २०२२ मा उनको देहावसान भएपछि उनको संस्मरण एवम् उनलाई सम्मान दिने कार्य चलेको पाइन्छ । यसैक्रममा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (हालको `नेपाल प्रज्ञा प्रतिष्ठान´) ले वि०स० २०२६ मा मरणोप्रान्त त्रिभुवन पुरस्कारले सम्मान जनाएको छ। उनको संस्मरणमा काठमाडौको ठमेल-लैनचौर  मार्गको नाउँ `लेखनाथ मार्ग´ राखिएको छ।`भानु´ पत्रिकाकाले वि०स० २०२३ मा भव्य `लेखनाथ विशेषाङ्क´ निकालेर उनको सम्मान तथा साहित्यप्रतिको योगदानको कदर गरेको छ।

Notes

## 8.3 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य एवम् सार्वजनीनता बारे चर्चा

### 8.3.1 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक पक्ष

कवि लेखनाथ पौड्याल कृतिहरूमा सामाजिक पक्षको अध्ययन गर्नुभन्दा पहिले `सामाजिक ´तथा `सामाजिक पक्ष´ बारे स्पष्ट हुनु जरुरी छ।कृतिमा `सामाजिक पक्ष´ भन्ने विषयमा तथा `सामाजिक ´ शब्दबारे संक्षिप्त चर्चा गरेपछि मुख्य विषयतर्फ चर्चा गरिनेछ । नेपाली बृहत् शब्दकोश अनुसार `सामाजिक ´ शब्द संस्कृत शब्दको विशेषण रुप हो। यसको अर्थ हुन्छ `१.समाजसँग सम्बन्धित ; समाजको । २.समाजमा पाइने ,हुने वा रहेको (कुरीति ,चलन,व्यवस्था ,नीति आदि)।´ यस अर्थमा `सामाजिक पक्ष´ भन्नाले समाजमा भएका विभिन्न कुराहरू,समाजसँग सम्बन्धित चलन ,कुरीति ,व्यवस्था आदि बुझिन्छ । यसरी नै कृतिमा निहित `सामाजिक पक्ष´ भन्नाले कुनै विशेष कृतिभित्र रहेका सामाजिक विषयवस्तुलाई बुझिन्छ ।समाजमा दिनौदिन घटने घटनाहरू ,समाजको व्यवस्था तथा अवस्था आदिलाई कृतिकारले आफ्ना कृतिमा समावेश गर्छन्। यिनै सामाजिक विषयवस्तुलाई नै कृतिमा रहेको सामाजिक पक्ष भनिन्छ । कृतिमा निहित सामाजिक पक्ष भन्नाले कृतिकारले आफ्ना कृतिमा समावेश गरेको समाज ,परिवेश तगा अवस्था-व्यवस्थालाई बुझिन्छ ।

कविशिरोमणि लेखनाथ पौड्यालका कृतिहरूलाई अध्ययन गरेर हेर्दा तिनका कृतिहरूमा सामाजिक पक्षको सबल प्रभाव रहेको पाइन्छ । तत्कालीन नेपालको नेपाली समाज र राष्ट्रिय जनजीवन अनुरुपका सामाजिक विषयवस्तुलाई आफ्ना कृतिहरूमा समावेश गरेर लेखनाथ पौड्यालले तत्कालीन नेपाली समाजलाई नै अघि सारेको पाइन्छ ।नेपालको।विभिन्न राजनैतिक घटनाहरूका साक्षी तथा नेपाली साहित्यक पनि आधुनिक ।कालबो बीजारोपण गर्न समक्ष लेखनाथ पौड्यालकाले आफ्ना कृतिहरूमा समाजको यथार्थ चित्रण पर्याप्त रूपमा गरेको भने पाइदैन।विशेषत: अध्यात्म चेत तथा पूर्वीय दर्शनमा डुबेका कवि लेखनाथ पौड्यालका कृतिहरूमा सामाजिक पक्षको भन्दा धेर आध्यात्मिक स्वर तथा पूर्वीय दर्शनको चर्चा पाइन्छ ।तथापि कवि लेखनाथ पौड्यालले आफ्ना कृतिहरूमा समाजलाई मनग्ये टिपेका छन्। वि०स० २००७ सालको राणा शासन विरुद्धको जनक्रान्ति पूर्व नेपालको सामाजिक ,राजनैतिक परिवेश तथा २००७ सालको

जनक्रान्ति पछि नेपालको सामाजिक तथा राजनैतिक परिवेशमा अन्तर पाइन्छ । यसोस्ले कवि लेखनाथ पौड्यालका कृतिहरूमा पनि सोही अनुरुपको विषयवस्तुहरूको समावेश भएको पाइन्छ ।कवि लेखनाथ पौड्याल विशेषगरी कविता तथा खण्डकाव्यको रचना गर्नुमा अग्रसर देखिन्छन् भने तिनका कविता तथा काव्यहरुमा तत्कालीन राजनैतिक विसङ्गतिले समाजमा निम्त्याएको विशृङ्खल स्थिति दैनिक विज्ञानको विकास र प्राविधिक युगको विकाससँगै मानिसहरूमा समवेदना हराउँदै गएको अवस्था ,मानवीय मूल्य तथा मानवता हराउँदै मानिसहरू दिनौदिन यान्त्रिकी बनिरहेको यथार्थ अवस्थालाई कवि लेखनाथ पौड्यालले आफ्ना रचनाहरूमा जोडतोडले उठाएका छन् । नेपाली साहित्यमा पहिलो प्रकृति काव्य लेख्ने कवि लेखनाथ पौड्यालले आफ्नो रचनाहरूमा दार्शनिक पक्षलाई पहिलो स्थान दिन्छन् भने यिनै दर्शन,आध्यात्मिक सन्देश आदिसँगै सामाजिक विषयवस्तु लाई चर्चामा ल्याउन कसर राख्दैनन् ।

कुनैपनि साहित्यकारले आफ्नो लेखनको पृष्ठभूमिका रूपमा बिशेष गरि आफ्नो वरिपरिकै परिवेशलाई नै टिपेर आफ्नो लेखनकलाको माध्यमले काव्य रचना गर्दछन्। अतः लेखक वा रचनाकारले बाँचेको समाज,त्यहाँको अवस्था आदि नै मूलरूपमा कुनैपनि कृतिकारका कृतिमा सामान्यत आउनै कुरा नै हो। त्यसदेखि धेर लेखकले आफू बाँचेको समाजको अवस्था व्यवस्था आदिबारे तथा त्यहाँ रहेको ,धार्मिक ,सामाजिक,राजनैतिक ,आर्थिक वैचारिक विसङ्गतिका कुराहरूलाई लेखकले आफ्ना कृतिहरूका मूल विषय बनाएर पनि कृति सृजना गर्छन्। साहित्यकार लेखनाथ पौड्यालका कृतिहरूमा विशेषगरी `तरुण तपसी´ `ऋतुविचार´ आदि लगायत कविताहरू `गौथलीको चिरिबिरि´,`पाटीमा ढाक्रेको पसारो´ आदिमा विशेष गरि तत्कालीन सामाजिक विसङ्गतिका कुराहरू पाइन्छन्। लेखनाथपूर्व नेपाली साहित्यको भावभूमिमा शृङ्गारिक विषयबस्तुको बोलबाला रहे तापनि लेखनाथ ो आगमनपछि नेपाली साहित्यले आधुनिक कालको मिर्मिरे उज्यालो देख्न मात्र पाएन तर तत्कालीन नेपाली समाजको अवस्था पनि विस्तारै उदाङ्ग हुन थाल्यो ।

यहाँ लेखनाथका कृतिहरूमा सामाजिक पक्षको चर्चा गर्ने क्रममा `तरुण तपसी´ नव्यकाव्य,`लालित्य` प्रथम भाग बाहिरका कविताहरू तथा अन्य कविताहरू,`ऋतुविचार´ आदिमा उनले उठान गरेक सामाजिक विषयवस्तुलाई चर्चा गरिएको छ। तत्कालीन समाजको चित्रण ,सामाजिक परिवेश आदिको चर्चा सँगै लेखनाथले उठान गरेका सामाजिक विषयवस्तुलाई यहाँ राखिन्छ –

**Notes**

प्रकृतिकाव्यका रुपमा मानिएको लेखनाथको `ऋतुविचार´ मा निहित सामाजिक उपमानहरूबारे चर्चा गर्दा नमूनाका निम्ति यी पंक्तिहरूलाई लिन सकिन्छ –

`माली बागविषे धेरै फेरफार गरीकन

नयाँ राजा सरी लाग्यो बन्दोबस्त मिलाउन ´

(वसन्तविचार-४७)

` जथाभावी छरी पानी जुवाको हरूवा सरी

धुम्मिन्छ छेउ लागेर कालो मेघ घरी घरी´

(वर्षाविचार-२२)

`मुखमा कुहिरो रूपी खरानी पोतरीकन

महन्त तुल्य हेमन्त लाग्यो धुनी जगाउन ´

( हेमन्तविचार- ५)

यसरी नै `ऋतुविचार´ को `वसन्तविचार´ बाट चर्चा गर्ने क्रममा यसमा कवि लेखनाथले नेपाली पहाडी जीवनको गाउँबेसीको परम्परालाई शब्दबद्ध गर्दै त्यतिबेला र अंशत:अहिलेको पनि जनजीवनको मर्म समातेको अनुभव हुन्छ । लाल मोहर लगाशएर कसैलाई अक्षुण्ण भोगका निम्ति जग्गा जमीन विर्ता दिने समान्ती प्रणालीलाई पनि लेखनाथ काव्य -सौन्दर्यमा भिजाएर व्यक्त गर्दछन् भने पुराना ठूला ठूला घरका सजिसजाउ बैठकको शब्दचित्र पनि प्रस्तुत गर्छन् अनि बेतन-रसका लोभमा अरूका बालक पढाइ जीविका गर्ने शिक्षकहरूको पेशाको शब्द-चित्र पनि गरिदिन्छन्।जस्तै-

`गुलाफको लगाएर विधिले लालमोहर

दिएको हो कि वा बाग भृङ्गकै भोगखातिर´

(श्लोक.१:४८)

`बघैँचा सब देखिन्छ हजारौं फूलले गरि

बसन्तको बुटे तन्ना कसेको बैठके सरी´

(श्लोक .१:३६)

`रस वेतनका लोभी यद्वा भ्रमर -शिक्षक

आफ्नो जीविका गर्छन् पढाई पुष्प -बालक´

(श्लोक .१:३५)

`वसन्तविचार´ मा लेखनाथले दर्शाएका सामाजिक पक्षहरूलाई संक्षिप्तमा हेरिसकेपछि उनले `वर्षाविचार´ मा सममेटेका सामाजिक विषयवस्तुलाई हेर्न सकिन्छ । यसमा कहिले लेखनाथ वर्षात्को आकाशमा नाचघरको अनुभव गर्छन् भने कहिले मेघलाई गहुरुङ्गो भारी बोक्दै बल्लतल्ल हिँड्ने भरियाको विम्ब दिई हाम्रो पुरानो अर्थतन्त्र र असाधारण गरीबीको अङ्कन गर्छन्। उनी जथाभावी बराबरका बर्सेर छेउ लागेको बादलहरूलाई हरल जुआडेको रूपमा देख्न पुग्छन् र बर्षात्ले बाटो रोकिएका बटुवालाई सम्झदैँ धर्मकर्म रोकिँदो समाजको छाती छाम्न पनि पुगिहाल्छन्। यश सन्दर्भमा नाचघर,भरिया र जुआडेका शब्दचित्रको उद्धरण विशेषत: अपेक्षित देखिन्छ –

`नाट्य – शाला छ  आकाश ,नाचने बिजुली नटी

ताल दिन्छ तबल्ची भै मेघ `धाकिटी धाकिटी´

(श्लोक .३:१७)

`अथवा जलको भारी गहरुङ्गो भै गली गली

चल्छ त्यो बिजुलीस्वरुप लठ्ठी टेकी अली अली´

(श्लोक .३:११)

`जथाभावी छरी पानी जुआाको हरूवा सरी

धुम्मिन्छ छेउ लागेर कालो मेघ घरी घरी´

(श्लोक .३:४७)

`शरदविचार´ अन्तर्गत एकातिर दक्षिणाको आशामा चहार्ने पुरोहित बाहुनहरूको दयनीय तस्बिर कोरिएको छ भने अर्कोतिर खेतैमा झुप्रो बनाएर खेती कुर्ने किसान-जिन्दगानी पनि यसमा समाविष्ट छ। अझ कानुनद्वारा समाप्त भएपछि पनि व्यवहारमा शेष -दासी प्रथाको आडमा सामन्ती गृहणीको समेत चित्र विशेष मार्मिक रूपमा `शरदविचार´ ले खिचेको छ।जस्तै-

`वर्षा जाँगरिली धोई पोती लिपी चली

शरद् मालिकनी जस्तै गर्न लागि ढलीमली´

(श्लोक .४:१८)

`हेमन्तविचार´ को क्रममा लेखनाथ तुषारे भस्म र कुहिरे लटा भएका जोगी बाबाहरू सम्झन पुग्छन्।यश सन्दर्भमा श्लोक ५:५५ पद्द समाज -चित्रणका दृष्टिले स्मरणीय देखिन्छ ।पद्द ५:६६ मा चाहिँ उदाउने बित्तिकै अस्ताउने हिउँदे घामसँग दरिद्रको मनको क्षणस्थायी मनसुवाको अङ्कन गरिएको छ।विशेषतः `शिशिरविचार´समाज चित्रणतिर गएको अनुभव हुन्छ ।वि०स० १९९० सालको भुइचालोमा कौसी -बुर्जा घर्किएको स्मृति ५:१४ पद्दमा अङ्कित छ।शिशिर -धामीको सम्झना ६:१९-२४ का ६ पद्दद्वारा गर्दै लेखनाथ हाम्रो जनविश्वासको मुटु छाम्न पुगेका छन्।साथै कचकचे घर-खोते बूढा,छोरी-चेलीलाई पेवा दिने माइतीघर र चोचोमोचो मिलाउने हाम्रो संस्कारको शब्दचित्र पनि क्रमश ६:३३,६:५०,र ६:७९ पद्दमा पाइन्छ अनि ६:९१ पद्दमा ग्रामीण -रमणीले `शालैज्यू´ गीत गाएको ध्वनि टिपिएकोछ।

लगभग एक बीस समाज-चित्रहरूकै आधारमा पनि लेखनाथको `ऋतुविचार ´खण्डकाव्यमा पाइने सामाजिक तीव्रता स्पष्टिएको अनुभव हुन्छ ।विविधता,मार्मिकता र सौन्दर्य -समायोजनाका दृष्टिले लेखनाथको समाज-दर्शनका पक्षमा साक्षी बक्न छानिएका यी पुगनपुग एक बीस सामाजिक तस्बिरहरू सामाजिक अङ्कनका दृष्टिले असाधारण महत्ता राख्दछन्। समाजस्पन्दनप्राप्त सौन्दर्य -चेतको दृष्टिले लेखनाथको समृद्धिको रेखाङ्कन गर्नु यश अविस्तृत चर्चाको अभिप्राय हो।

यसरी नै उनको कविता `विचित्रवाहिनी´ मा तत्कालीन अौपनिवेशिक शोषणको झल्को पाइन्छ । `विचित्रवाहिनी´ कविता अनुष्टुप छन्दमा लेखिएको छ र कवि अनौठो सेनाको रूपमा लामखुट्टेहरूको हमलाको वर्णन `हास्यको भास पारेर´ वा हास्य रस छरेर लेखेका छन्। मूलः हास्यको आभास हुनु नै यस कविताको विशिष्टता हो र कवि लेखनाथको भाव-मुलुकको नयाँ विस्तार नै मूल घटना हो। राष्ट्रिय शोषण वा भारतीय जीवनमा अौपनिवेशिक शोषणको झझल्को पनि यश कविताले दिएको छ। उत्पीडन र शोषणको यो आभास `लालित्य´ को दोस्रो भागमा समाविष्ट `विचित्रवाहिनी´ मा झीनो रूपमा सुनिन्छ । यश टिप्पणीको समर्थनका लागि `विचित्र वाहिनी´(लालित्य,वि०स०१९६९) बाट केही पंक्ति टिप्न सकिन्छ–

`डेरालाई दिई घेरा जवर्दस्ती सबै पसे

जायजात लिनालाई आएका फौज झैँ बसे´

(श्लोक.७)

`यता हाने उता जाने कानैमा फेरि नाचने

नहाने रगतै खाने कसोरी नि बाँचने´

(श्लोक.१९)

`धीरे धीरे झरे फेरि तरी धूममहोदधि

घोर सागर नाघेर गोरा आए झञी गरी´

( श्लोक.२४)

` कोही भोका परी धोका पाएर रोकिँदा

ढोकामा चाकरीवाल झोकिए झैँ गरि हिँडे´

(श्लोक .३०)

वि०स० २००७ भन्दा अघि नेपालमा राणाशासन अवधि जो कसैले पनि केही बोल्न ,लेख्न वा केही काम गर्न सजिलो थिएन।स्वतन्त्र भएर केही गर्नु नसक्ने स्थिति थियो। तत्कालीन नेपालका जनता मूक रहेर राणाहरूको जयजयकार रमा तल्लीन हुन पर्थ्यो। नेपाली जनता कैदमा बसेझैँ थिए। सोही स्थिति र समाजको प्रतिविम्बित रुप लेखनाथको `पिञ्जराको सुगा´ कवितम लाई लिन सकिन्छ ।तिनले यश कवितामा तत्कालीन राणा शासनको हेपाहा नीतिलाई देखाउदै मानिसहरू स्वतन्त्र जिउन नपाएको कुरा यसरी लेखेका छन्-

` दैव ! दिएथ्यौ तिमीले एक

बोलन शकने शक्ति विवेक

पाइरहेछू तेहीद्वारा

बन्धन-गाली धंकी सारा।

(श्लोक -२०)

**Notes**

वि०स० २००७ साल फागुन सात गतेको परिवर्तन सँगसँगै लेखनाथले पनि अभय भएर राष्ट्रिय र अन्तर्राष्ट्रिय सन्दर्भमा जागृतिको गान गरेको अनुभव हुन्छ ।लेखनाथ राजनैतिक र परिवर्तनलाई बोलाउने खालका विद्रोही कवि नभए पनि परिवर्तित परिप्रेक्ष् अनुसार आफूलाई ढाल्न सक्षम कवि अवश्य हुन्। त्यसैले वि०स०२००७ सा ल चैतमै `युगवाणी´ बोली वि०स० २००८ साल वैशाखम उनले `देशबन्धुसँग अपील ´ गरेका हुन् र वि०स० २००८ जेष्ठमा नयाँ `जुगप्रभमाती´ गाउँदै उनले बोलेका छन्-

`तोड्यौ हुकुमी साङ्ला /फाल्यौ फ्याङ्ला खड्गनिसाना

झ्याङ्गला काट्यौ अब मर्जीका /बदल्यौ स्थिति र जमाना

(श्लोक .

अब तिमि नै छौ सेवक/ तिमनै मालिक ,यो पहिचानी

लाग निरन्तर देशोन्नतिमा/ भन्दछ यो युगवाणी

(युगवाणी,श्लोक २

शये वर्ष भोगी कडा राप-ताप/ थियौँ पिल्सिएका झुकी चुपचाप

प्रजातान्त्रको तापहारी बतास/ चल्यो आज.. .. .. .. .. .. …

(देशबन्धुसँग अपील ,श्लोक.३)

`भयो काल अर्कै गयो क्रान्तिवेला / हुनुपर्छ ऐले ठूलो शान्ति -मेला

चुक्यौँ यो कुरामा भने आज मौका/ विपत्सिन्धुमा राष्ट्रको डुब्छ नौका´

(पूर्ववत् ,श्लोक.१०)

यसरी नै वि०स० २००७ सालको परिवर्तनका सम्बन्धमा अझ सशक्त पाराले लेखनाथले `वर्षा´ कवितामा गाएको पाइन्छ ।।तत्कालीन समाजको चित्रण उनी यश कवितामा गर्दछन्। परिवर्तनको प्रतीक वर्षातमा कवि कोकिल लेखनाथ मार्मिक ढङ्गले अन्तर्मन्थन गर्दै `वर्षा´ कविता गाउँछन्-

`झम झम पानी बर्स्यो,अब वर्षा ऋतु आयो

विश्वशान्तिको खातिर बढ्दो क्रान्तिवीर झैँ घनघोर

गर्जन गर्दै घन मण्डल त्यो नभमा सबतिर छायो।´

वि०स० २००७ सालको परिवर्तनले र अझ वि०स० २००८ मा `कवि-शिरोमणि´ उपाधि ले गर्दा वृद्ध लेखनाथलाई तन्नेरी जस्तै भएर कलम समात्न तीव्र प्रेरणा दिएको अनुभव हुन्छ ।वि०स० २००८ सालदेखि लेखनाथ लेखनतर्फ एकचित्त भएर लागिपरेको पाइन्छ ।वि०स० २००८ सालतक मुग्ध कण्ठद्वारा नयाँ परिवर्तनका स्वागतमा कवि लेखनाथ तरुण सुगा झैं चिर्बिराएको अनुभव हुन्छ ।

तर जब युग परिवर्तनपछि सामाजिक जीवनमा उच्छृङ्खल वा अस्तव्यस्तता देखा पर्यो अनि नैतिक मूल्य सार्वजनिक जीवनमा हराउन थाल्यो र चारित्रिक पतनका साथ आदर्श -च्युतिका शत-शत उदाहरणको उदय हुन थाल्यो ,समाज -द्रष्टा कवि पुनः व्यङ्ग्यकार।भएर देखा पर्छन्।अझ के भन्न सकिन्छ भने त्यस बेलाका कवि सम्मेलनमा गम्भीर-कलात्मक स्वरभन्दा हल्का रोचक स्वरका कवितमले धेर स्थान पाउथेभने लेखनाथले पनि मात्रा छन्दमा हास्य व्यङ्ग्यको स्वर प्रस्तुत गरेर सुधार तथा चेतावनीको आवाज समाजसम्म पुर्याउने एउटा माध्यम यी हास्य -व्यङ्ग्य कविताहरूद्वारा प्राप्त गरेको प्रतीत हुन्छ ।`प्रगति ´ कविता यस्तै प्रयोग हो।यश कवितामा अवश्यै सम-सामयिक गन्ध ज्यादा ,तर यतैबाट कवि लेखनाथको त्यस बेलाको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संवेदना पनि प्रकट हुँदछ।जस्तै –

`केवल पसीना झार्छन् लाटा
त्यो तर मार्छन् मसिना बाठा
यो सब नबुझे लाग्दछ घाटा
चारै जुगको यै हो प्रगति !´

(श्लोक.८)

`चीन भयो रे हमलावार
अमेरिकी बम मद्दतगार
राष्ट्रसंघको धन्य विचार
हाय!कोरिया !!भोगिस् प्रगति !´

(श्लोक .२१)

` घाँटी कस्ने हुकुमी राज

शये वर्षको तोडी लाज

नेपालीले फाले आज

हेरूँ गर्छन् कस्तो प्रगति !´

(श्लोक .२३)

`यै खाडल हो सब नेपाल

गर्नु पर्दछ यसकै ख्याल

बाहिर बस्छन् नर-कङ्काल

त्यसमा कसरी गर्ने प्रगति !´

(श्लोक २८)

३४ दफा(स्टाञ्जा) मा पूर्ण भएको यो `प्रगति ´कविता सम-सामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विडम्बनाको आलोचनाका साथै चेतावनी पनि हो भन्न सकिन्छ ।

`संभवतः `कविताको खोजी´ कविता पनि यस्तै परिवेशको उपज हो ।तत्कालीन देशका राजनीति,अर्थतन्त्र,संस्कृति,आचार-स्तर र बौद्धिक धरातलको सामयिक लेखाजोखाको क्रममा यश कवितामा लेखनाथ मिही व्यङ्ग्य गर्दै `प्रगति ´ कवितामा जस्तै भाकामा कविताको सुधारमूलक तथा जीवन-निर्माणशील हार्दिक प्रभावको महिमातिर सङ्केत गरिरहेका छन्-

`कविजी कुन त्यो कविता होला

जुन कविताको रस हाम्रो

जीवनको रस धोला!´

(श्लोक .१)

` धसिएका छौँ कुन दलदलमा

फसीरहेछौँ कसका छलमा

कसको आटा पिस्ने कलमा

पिसिदै आयो चेतन चोला´

(श्लोक .६)

`लोभी गुरुका लाल्ची चेला

चतुर चमेरा नाच्ने बेला

हेर्दै यो सब झेल झमेला

मुसुमुसु हाँस्छन् पशुपति भोला´

(श्लोक .८)

`हुन ता लड्ने भिड्ने शूरा

कोटि उपर छौँ नेपाली

किन्तु समझका सब कंगाली

केवल अरूका हातगोला´

(श्लोक.४)

` मुखले लाखन गड्डी हाँक्छौँ

स्विजरल्याण्डको इज्जत ताक्छौँ

फेन्सी बीचमा पैसा फ्याँक्छौँ

कसले चाख्यो महका पोला´

(श्लोक .४)

लेखनाथको `गौथलीको चिरिबिरि´ कवितामा पनि सामन्ती र पुँजीवादी रूका शोषणहरूका विरुद्धमा आवाज उठेको छ। `गौथलीको चिरिबिरि´ ध्वनिहरू पुँजीवादी र सामन्ती अर्थतन्त्र र समाज व्यवस्थाका अस्वीकृतिमा चिर्बिराउँछन् अनि आध्यात्मिक पाराले सामाजिक न्याय अनि सांसारिक उदारताको स्वर व्यक्त गर्छन्। जस्तै-

`म भन्छु हे बाबा!घर महल मेरो छ नभन

**Notes**

पलामा चर्केका घर उपर दौडाउ नयन´

(श्लोक .६)

`अरू सेरोफेरो सब मुफत मेरो छ नभन

अघी मेरो भन्ने कति कति गए ती सब गन´

(श्लोक .११)

`विधाताको सारा अघट घटना संझ मनमा

सबै मेरो मेरो भनी नभुल यो मोहवनमा´

(श्लोक .१३)

यसरी नै `तरुण तपसी´ मा पनि समाजको विभिन्न विसङ्गति तथा स्थितिलाई कवि लेखनाथ पौड्यालले देखाएका छन्। यश काव्यको दसौँ अनि एघारौं विश्राममा कवि - तपसीको समाज -दर्शन प्रखर बनेको छ।अमिरी र गरीबीको मूल तत्व के हो?शोषण ।यस्तो निष्कर्षमा पुग्दै कवि सामन्तवाद र पुँजीवादी अर्थशास्त्रको आधारशिलामै आक्रमण गर्छन् र शोषण मूलक समाजतन्त्रप्रति तीव्र प्रहार गर्छन्। मानको तृषण,मोह,स्वार्थ र आसुरीवृत्ति चुलिएको पुँजीवादी शोषण -वैषम्यलाई महात्माको आँखाले धषित गर्दै लेखनाथ उत्पादन ,उपभोग,विनिमय र वितरणको अर्थ-व्यवस्थामै मान्छेको विभ्रान्ति र दुर्दशाको मूल देख्छन् ।सञ्चय – सिद्धान्त नै अस्वीकार गर्दै पुँजीवादी सभ्यताको विरुद्ध कटु व्यङ्ग्य गर्दै भन्छन्-

`नजाने मौरी वा मनुज कुन हो सञ्चय -गुरु

गर्यो होला पैले मुफ्त किन यो झंझट सुरु ´

(श्लोक .१०:२५)

`वृथा जम्मा गर्ने नरकमय विद्याकन पढी´

( श्लोक .१०:२७)

`फसी तृष्णारुपी विकट सुरसाको वदनमा´

(श्लोक .१०:२९)

मान्छे आफ्नै उपभोगकाङ्क्षा थिच्दै र अरूका उपभोगको हक खोस्दै जब सञ्चय दास बन्दछ,स्वत् : विनिमयको आधार आवश्यक हुन्छ अनि पैसा – तन्त्रको थिचोमिचो मानव चेतनामाथि र मानव -जीवनका अनिवार्य आवश्यकतामाथि बज्रन्छ।यसै अनुभूतिमा एघारौँ विश्राममा वितरण -वैषम्यको आधार बनेको विनिमय आधार बनेको विनिमय आधार `पैसा ´ तत्व प्रति र त्यसको दासानुदास बनेको अर्थतन्त्र जडीभूत सामाजिक व्यवस्थाप्रति कटु व्यङ्ग्य गर्दै तपसी लेख्छन् –

``कसी त्यस्ता पैउपर ममता -ग्रन्ति त्यसरी

कहाँ पुगे होला अबुझ जडवादी मनुज यो´

(श्लोक .११.१६)

अँध्यारमा जति जति बढ्यो सञ्चयकला

जगतमा निर्धाको उति उति कठै!!सुक्दछ गला´´

(श्लोक .११:२१)

अहो !! कत्रो पैसाजनित जनता यो विषमता

यसैमा टिक्ला के जुग जुग कठै!! य मनुजता´

(श्लोक .११:२५)

यसरी नै कवि लेखनाथ पौड्याल मानव समाजमा वर्तमान जीवन-स्तरको वैषम्य अथवा अमिरी र गरीबीको विषम अन्तरदेखि वाक्किँदै श्रम-शोषणमा अग्लिएको उन्नति-स्तम्भमाथि कटु व्यङ्ग्यद्वारा प्रहार गरिरहेका छन्। त्यति मात्र होइन ,यश विश्राममा लेखनाथ शोषित जनको अज्ञान तथा शोषकको निर्दय तृष्णा - अहङ्कारप्रति पनि वाग्वाण हानिरहेका छन्।कवि भन्छन् –

`सबै लोभी लाल्ची,हृदय सबको शुष्क बगर

सबैको अर्कैका गरम सपनामाथि रहर´

(श्लोक .१३:२९)

`जती जस्ले जान्यो गरम पसिना टिप्न अरूका

उति उस्को दखैँ वजन,अथवा मान गह्रुका

जती जस्ले पोख्यो गरम पसिना भूमितलमा

उती उसको देखैँ वजन हलुका मत्यतलमा´

(श्लोक .१३:३०)

`कहन्थ्यो नाम्लाले जड मगजको हूँ म पगरी

निचोर्दै छू तेरो समझ अथवा ज्ञान -गठरी´

(श्लोक .१३.१३)

लेखनाथ पौड्यालको यश काव्यले अन्धविश्वास ,संकीर्ण धर्म आडम्बरप्रति कटु व्यङ्ग्य प्रकट गरेको छ। पूजाआजा पनि महत्त्वहीन शोषण व्यवसाय बनेकोमा र धर्म श्रम-शोषण र आसुरी वृत्तिकै चमकदमकको आधारशिला बन्न पुगेकोमा अनि अध्यात्मचैतन्य विहीन र मानवताविहीन स्वार्थ तन्त्रमै समर्पित धर्म पाखण्ड-मन्त्रणा बनिदिएकोमा र धर्म मान्छेको आत्मबल खुम्च्याइ अज्ञान र शोषणको माध्यम भइदिएकोमा कवि तपसी रुष्ट हुन्छन् ।त्यसैले व्यङ्ग्य -वाणीमा उनको धारणा सल्बलाउँछर –

`पुकारा यो गर्थे प्रभु सकल इच्छा सफल होस्

म भन्थैँ बिस्तारै अबुझ तिमिमा आत्मबल होस्´

(श्लोक -१४:१६)

`उज्यालो देखौवा तिलक अति सानू अबीरको

निशाना भै हाल्यो विधिवश कठै कर्मतिरको´

(श्लोक -१४:२६)

`थियो जस्तो पहिले चटकमय त्यो धर्म नकली

जुट्यो उस्तै आई चटकमय विज्ञान नकली´

(श्लोक .१४:२८)

`मलाई जो मान्थे तिनीहरू ठूला आस्तिक थिए

नमान्ने जो जो हुन् तिनीहरू हठी नास्तिक भए´

(श्लोक .१४:२४)

यसरी नै धर्म र विज्ञानवीच द्वन्द रहेको तथा यसमा धर्मले हार्नुपरेको तथा विज्ञानले जितेको कुरालाई पनि अघि राख्दै तिनले समाजमा धर्म नाश हुँदै गरेको स्थितिलाई पनि देखाएका छन्-

`दुवै लड्दा लड्दै नियतिवश विज्ञान बलियो

विजेता भै निस्क्यो स्थविर बिचरो धर्म थलियो´

(श्लोक .१५.४)

`कठै!! त्यसले गर्दा कठिन जडवादीपन बढ्यो

कुनाकानी दैवी गुण जति थियो त्यो सब उड्यो´

(श्लोक -१५:५)

यस काव्यको अठारौँ अनि उन्नइसौँ विश्राममा कविको दृष्टि मानव-समाजका बाह्य -आन्तरिक विडम्बना तथा हिंसा -पीडाका वृत्तिप्रति हास्य र व्यङ्ग्यद्वारा व्याप्त बनेको छ। विषय-ममताका भेलमा विचेत बनेर दौडँदो,आन्तरिक मलिनताद्वारा पल-प्रतिपल गुम्सिदो,सामाजिक न्यायका दृष्टिले विषमतामा भताभुङ्गिएको र आसुरी वृत्तिद्वारा लाखे नाच नचाइएको विभ्रान्त मानव-स्थिति हास्य – पुटमा प्रकट हुन्छ –

`बिचैमा त्यो हाँस्यो जिनतिन कठै धर्म विचरो

धकेल्दै उसलाई हिलिलिलि गर्यो स्वार्थ छिचरो´

( श्ल.१८:२१)

`यता हाँस्तै निक्ले विविध बढिया वैद्य र बुटी

उता हाँस्यो नाङ्गा मरण-तिथि,साथै भुटभुटी´

(श्लोक .१८:२६)

`पूँजी जम्मा गर्ने नियम अथवा सञ्चय कला

मिहीँ खित्का छोडी गजबसित हाँस्यो मनुजमा

जबर्जस्ती हाँस्यो अझ डबल भै त्यो दनुजमा´

Notes

(श्लोक.१८:२५)

`सबै हाँस्तै आए सुख सयलका साधनहरू

सबै हाँस्यो लाखौँ थरि विषमताको `स रि ग म´

(श्लोक -१८:१७)

यस्तै प्रकारका विभिन्न श्लोकहरूका माध्यमले `तरुण तपसी´मा कविशिरोमणि लेखनाथ पौड्यालले विभिन्न सामाजिक विसङ्गतिका कुराहरू उठान गरेका छन्।तिनले आफ्ना अन्य कविता,काव्य आदिमा पनि सामाजिक विषयवस्तुलाइ उठान गरेका छन्। समाजको नैतिक,आर्थिक ,धार्मिक ,राजनैतिक ,शैक्षिक, आदि अवस्थाहरूलाई टिपेर आफ्ना काव्यकृतिको विषयवस्तु बनाउने लेखनाथका रचनाहरूमा तत्कालीन समाजको चित्रण दह्रो रूपमा पाइन्छ ।

## 8.3.2 लेखनाथ पौड्यालका कृतिहरूमा निहित सांस्कृतिक पक्षको अध्ययन

लेखनाथ पौड्यालका कृतिहरूमा निहित सांस्कृतिक पक्षबारे अध्ययन गर्नुअघि ` सांस्कृतिक´ शब्दबारे अध्ययन गर्नु तथा यसको शाब्दिक अर्थबारे जान्नु जरुरी हुन्छ । `सांस्कृतिक´ शब्दको अर्थ तथा उत्पतिबारे विभिन्न शब्दकोशहरूले व्याख्या गरेको छ। जसअन्तर्गत `नेपाली बृहत् शब्दकोश´ ले गरेको व्याख्यालाई यहाँ राखिन्छ ।`नेपाली बृहत् शब्दको´ अनुसार `सांस्कृतिक´शब्द संस्कृत शब्दको विशेषण रुप हो। यसको अर्थ हुन्छ `संस्कृतिसँग सम्बन्ध भएको ;संस्कृतिका क्षेत्रमा हुने,आउने वा मिल्ने(जस्तो -सांस्कृतिक प्रेरणा,सांस्कृतिक महत्त्व,सांस्कृतिक सद्भावना आदि।)´

कवि लेखनाथ पौड्यालका कृतिहरूमा निहित सांस्कृतिक पक्षको अध्ययन बारे चर्चा गर्नुपर्दा उनका कृतिहरुमा रहेका संस्कृत,रीति परम्परासँग आवद्ध कुराहरूका अध्ययन गर्नु बुझिन्छ । तिनका कृतिहरूमा रहेका सांस्कृतिक विषयवस्तुलाई अध्ययन गरेर प्रस्तुत गर्नु नै सांस्कृतिक पक्षको अध्ययन गर्नु हो।कवि लेखनाथ पौड्यालका विभिन्न कृतिहरू एवम् रचनाहरूमा सांस्कृतिक विषयवस्तु वा संस्कृतिसँग सम्बन्धित कुराहरू प्रशस्त पाइन्छ । लेखनाथले आफू बाँचेको समाज र त्यस समाजमा रहिआएका रीति परम्परा लगायत जनजीवनका दैनिक भोगाइहरूलाई लेख्दै तिनले आफ्ना कृतिहरूमा मूलतः पूर्वीय दर्शन र अध्यात्मको कुराहरूलाई समेटेका छन्। हिन्दु धर्म र संस्कार सम्बन्धि जोडतोडले वकालत गर्ने कवि लेखनाथका कृतिहरूमा

पूर्वीय आध्यात्मिक संस्कार ,चिन्तन र दर्शन प्रचुर मात्रमा पाइन्छ । यहाँ लेखनाथ पौड्यालको कृतिहरूमा रहेका सांस्कृतिक पक्षको अध्ययन गर्ने क्रममा सम्पूर्ण कृतिहरू नलिई केही कृति तथा रचनाहरूलाई राखिएको छ।

कवि लेखनाथ पौड्यालको नयाँ परिष्कृत,परिवर्धित `ऋतुविचार´ (वि०स०-१९९१) खण्डकाव्यमा सामाजिक चित्राङ्कनको क्रममा सांस्कृतिक र नैतिक स्वरहरू पनि।रहेको पाइन्छ ।नेपाली समाजमा प्रभावशाली रहेका आर्य -सभ्यतामूलक अथवा जन-जीवनजन्य सांस्कृतिक स्वरहरूको उद्धाटनको दृष्टिले उपर्युक्त एक बीस समाजबिम्वभित्रै पनि विभिन्न पद्द परेका छन् र सांस्कृतिक स्वरको यसै गुञ्जनलाई अझ स्पष्ट्याउनु अपेक्षित बन्दछ।`ऋतुविचार´ भित्र सांस्कृतिक स्वरका दृष्टिले सशक्त उपमान भएका पद्दहरू प्रशस्तै छन् र वसन्तदेखि शिशि,विचारसम्म ५ पद्द यहाँ नमूनाको रूपमा राखिएको छ-

`वनमा वेदविज्ञाता ऋषिको झैँ मनोहर
लाखौं चरा-चुरंगीको सुनिन्छ मधुर स्वर´

(वसन्तविचार,श्लोक .४७)

`धपक्क भै बलेका छन् घामले दिन बेसर
दीपकाभ्यासमा व्यग्र विद्वानका इन्द्रियैसरी´

(ग्रीष्मविचार,श्लोक .६)

`दिन रात दुवैको छ चौथो याम मनोहर
चतुर्थाश्रम झैँ आर्य-जातिको शान्ति -मन्दिर ´

(ग्रीष्मविचार,श्लोक :९१)

`हेमन्त डाकिनी-तुल्य लोक ठाडै कठ्याउँछ
झल्कने हिम -दाह्राले जो जो पायो अठ्याउँछ´

(हेमन्तविचार,श्लोक :४)

`विचित्र जादूगरका जादूको शक्तिले सरी
एकै डल्लो गरीदिन्छ उसले दृष्टि -माधुरी´

**Notes**

(हेमन्तविचार,श्लोक :२२)

यस खण्डकाव्यमा कतिपय ऋतुहरूको चर्चा गर्ने क्रममा नेपाली जीवन जगत,सांस्कृतिक वैशिष्ट्यलाई अघि सारेको पाइन्छ।`ऋतुविचार´ भित्र समेटिएको `वसन्तविचार´,`ग्रीष्मविचार´,`वर्षाविचार´`शरदविचार´ आदिमा लेखनाथले राष्ट्रिय प्रकृतिमा विभिन्न ऋतुको प्रभावलाई नेपाली जीवन -जगतको रङ्गमा यसरी प्रस्तुत गरेको पाइन्छ –

`साना ऐसेलुका दाना टिपता ती टपाटप

ग्रामीण नारी सम्झन्छन् कानका सुनका टप´

(वसन्तविचार,श्लोक.६५)

`फुलाएर गला धोत्रो काढी संगीतको धुवाँ

हिले आहालमन पाहा गर्न लागे टुवाँ´

(वर्षाविचार,श्लोक .६०)

`हिमालका पखेरामा तलै लग्यो पयोधर

शिवका कटिको लंबा बगंबर बराबर ´

(शरदविचार,श्लोक .४८)

`हसनाको बडो हस्के देखी उत्ताउलोपन

कुनामा केवरा लाग्यो जिभ्रो काढी लजाउन´

(शरदविचार,श्लोक .७९)

यसबाहेक लेखनाथले शिशिरविचारका १९ देखि २४ सम्मका ६ पद्दमा विस्तारपूर्वक शिशिरधामीको अङ्कन गरेका छन्। यी सम्पूर्ण सन्दर्भ हाम्रो समाजको सांस्कृतिक धरातलको अङ्कनको दृष्टिले अत्यन्त सजीव प्रतीत हुन्छ।

यसरी नै उनले आफ्नो लेखनकालको पहिलो चरणतिरै लेखेका पुरानो `ऋतुविचार´(वि०स०-१९७३) मा मा कवि लेखनाथले सांस्कृतिक पक्षलाई दह्रो रूपमा राखेका छन्। वैदिक कालदेखि समकालसम्मको सांस्कृतिक जीवनको वैशिष्ट्य झल्काउने विम्बहरू यश खण्डकाव भित्र आर्य सभ्यता ,हिन्दु धर्म ,वेद पुराण आदिको

र समकालिक स्थितिविशेषको मार्मिक उच्चारण गर्दछन्। यी सांस्कृतिक उपमानहरूको झल्का दिन `ऋतुविचार´ बाट केही उपमानहरू छान्न सकिन्छ ।जस्तै-

`पर्वत प्रान्तमा राती देखिन्छ दवसन्तति

कृष्णका कटिमा बद्ध दीर्घ पीताम्बराकृति´

(ग्रीष्मविचार,श्लोक .३८)

`दाउरा पातका नीति वनभित्र पसीकन

ग्रामीण रमणी थाले `शालैज्यू ´गीद गाउन´

(शिशिरविचार,श्लोक .३९)

कवि लेखनाथ पौड्यालका कृतिहरूमा सांस्कृतिक पक्षबारे अध्ययन गर्दा यस्तै सांस्कृतिक विषयवस्तुहरू पाइन्छ । नेपाली जनजीवन,रीतिरिवाज तथा हिन्दु धर्म परम्परा तथा संस्कारका कुराहरू उनका कृतिहरूमा विशेष स्थान ओगटेर बसेको पाइन्छ।

## 8.3.3 लेखनाथ पौड्यालका कृतिहरूमा मानवीय मूल्य तथा सार्वजनीनता बारे चर्चा

कवि शिरोमणि लेखनमथ पौड्यालका कृतिहरूमा निहित मानवीय मूल्य तथा सार्वजनीनता बारे अध्ययन गर्नु अघि म`मानवीय ´ शब्दको अर्थ बुझ्नु आवश्यक छ।यसको अर्थबारे विभिन्न शब्दकोशले अर्थहरू दिएका छन्।`नेपाली बृहत् शब्दकककोश ´अनुसार `मानवीय ´ शब्द संस्कृत भाषाको विशेषण रुप हो।जसको अर्थ हुन्छ -१.मानव सम्बन्धी;मानव वा मनुष्यको ।२.मानिस भएर गरिने ;मनुष्योचित ।

कवि लेखनाथ पौड्यालका कृतिहरूमा मानवीय मूल्य तथा सार्वजनीनता खोज्नु भनेको उनका कृतिहरू पढ्दा

त्यहाँ पाईने मानवीय पक्षको तथा मानवीय मूल्यको चर्चा गर्नु हो।दिनौदिन मानिसहरूमा मानवता,प्रेम हराउँदै जाँदैछ तथा आडम्बरी समाज र मानव मूल्यको खोजीतलास गर्नु हो। समाजमा मानवीय मूल्य घट्नु वा बड्नुले क कस्ता प्रभावहरू पार्छन् भन्ने कुरा पनि उनका कृतिहरू अध्ययनका क्रममा थाहा लाग्छ ।मानिस मानिसमा एकता र भाइचार घट्दै गएको,संवेदनाहीन समाजमा मानवता हराउँदै

गएको कारण मानिसहरू यान्त्रिक बन्दै गएका विषयलाई तिनका कृतिहरूलृ बोकेको पाइन्छ ।मानिसहरूको `म´ प्रवृत्तिका कारण तथा `तेरा -मेरा ´ कै कारण ईष्र्या ,द्वेष ,कलह सुरु भएको तीतो यथार्थलाई पनि कवि लेखनाथले आफ्ना रचनाहरूमा समावेश गरेका छन्। विश्वमा बढिरहेको हिंसा,शक्ति प्रदर्शन कै कारण विश्वमा फैलिरहेको अशान्ति बारे पनि तिनका रचनाहरूमा पाइन्छ ।वैज्ञानिक युग तथा तक्नीकि विकासको कारण मानिसहरू आफ्नो मूल धर्म ,मानवता ,हार्दिकता आदिलाइ भूलेर यान्त्रिक बन्दै गएको विषयलाई यहाँ उठान गरिएको छ।

यहाँ लेखनाथ पौड्यालको कृतिहरूमा मूल्यको चर्चा गर्ने क्रममा `तरुण तपसी´ तथा अन्य काव्य तथा ररचनाहरूलाई लिएर चर्चा गरिनेछ –

`तरुण तपसी´ नव्यकाव्यले प्रकृतिलाई मानवीय व्यक्तितब दिने प्रयोग प्रशस्त गरेको छ,जसलाई प्रकृतिको मानवीकरण पनि भन्न सकिन्छ । रूखलाई तपसीको व्यक्तित्व दिएरै उसमा मानव-भाव आरोपित गरिएको हो ।प्राकृतिक परिप्रेक्षमै पनि मानवीय व्यक्तित्व दिएर `तरुण तपसी´का कवि लेखनाथले प्रकृतिलाई सजीवता प्रदान गरेका छन्। जस्तै –

`पिट्यो पाता कस्दै विकट रिपु भै शीत शठले
तुसारोले मार्यो ,शिर सब खिची लात्तिहठले
चुट्यो,टोक्यो,ठोक्यो,अधम हिमले हुर्मत लियो
हुरीले मुण्ट्यायो,विकट गलहत्ती तक दियो ´

(श्लोक .४:५)

`नजाने त्यो त्यस्तो किसिमसित के खोजन भनी
सिटो बाली घुंथ्यो निरतिशय उत्साहित बनी´´

(-जुनकीरी प्रसङ्ग -१२:१०)

यसरी नै आजका मानिसहरूमा मानवीय मूल्यको ह्लास हुँदै गएको तथा पाशविक प्रवृत्ति देखापरेको बारे पनि कवि लेखनाथ पौड्यालले उल्लेख गरेका छन् । पशु र किरामिराको आक्रमण को चर्चा गर्दै शिशु तरु मान्छेका पाशविक वृत्तिको निन्दा गर्दछ दोस्रो विश्राममा। मान्छेका घात -कटुताको निरर्थकता मृत्युले देखाइदिन्छ भने चुँडिएका चङ्गाका सन्दर्भमा तृतीय विश्राममा त्यही कुरा भन्दछ।मान्छेको

हिंसावृत्तिको भत्सर्ना पञ्चम विश्रामको अन्तिम अंश,षष्ठ विश्राम र सप्तम विश्रामका प्रारम्भमा`तरुण तपसी´ ले विस्तारपूर्वक गरेको छ। मान्छेको हिंसा-वृत्तिको भत्सर्ना र त्यसप्रति कटुतम व्यङ्ग्य गर्दै कवि बोल्छन्-

`सिधा सादा निर्दा विहगकन मार्ने नियतिले

दिएकी हुन् के त्यो कर युगल माता प्रकृतिले?´

(श्लोक-६:२०)

`...म जस्ता निर्धाको बलसित अँठ्याईकन गला

बृथा त्यस्तो चोखो कर युगल त्यो दूषित गर्यो

धरित्रीमा कालो जहर अथवा पातक छर्यौ।

(श्लोक -६:२१)

षष्ठ विश्रामका २५-२८ पद्दमा वैज्ञानिक अविष्कारले दिएको शक्ति र ध्वंससामर्थ्यका विस्तारका क्रममा हिंसा-वृत्ति लिने मान्छे हिंसाको सिकार आफै हुने कुरा बताउँदै लेखनाथ विगत महायुद्धको नर-संहारलीला तथा वर्तमानको संहार त्रासलाइ वाणी दिँदै मान्छेलाई `हिंसा-वृत्ति´ त्याग्न चेतावनी दिइरहेका छन् भने एघारौं विश्रामका ३२-३३ पद्दमा पनि यहीँ तीव्र आवाज छ।हिंसावृत्तिको चरम विकास शस्त्रीकरणका संहार-कृत्य र संहार -सन्त्रासमा देख्दै कवि बोल्छन् –

`कडा गोला गोली कठिन चिजका लाखन थरी

खडा भै गर्ने छन् सकल धरणीमा थरहरी´

(श्लोक -६:२६)

`अवश्यै पार्नेछौ सकल पृथिवी प्रेत – नगरी ´

(श्लोक -६:२८)

`अकालैमा कालानल विकट फुक्छन् धपधपी´

(श्लोक – ११:३२)

**Notes**

आठौँ विश्राममा `तरुण तपसी´ विषमताले गर्दा मानव -जीवन धमिलिएको ,पिल्सिएको र वैलिएको देख्छन्।सामाजिक र आर्थिक विषमताका अनुभूतिमा गाउँ र सहर अनि धनी र गरीबका बीचको विषमता – बोध यस विश्राममा प्रस्फुटित भएको छ। अझ नवौँ विश्राममा क्षुधा-ज्वाला -जलित जीवनको करुण अनुभूति गर्दै मान्छेको `मम´पना र स्वार्थको उपज सञ्चयवृत्तिको फलस्वरूप असमान आर्थिक वितरण वा परश्रम- शोषण को स्थितिको निन्दा गर्दै कवि भन्दछन्-

`भनी तेरो मेरो कति कति बिते व्याकुल बनी

अहो उस्तै अन्धो अबुझ दुनियाँ यो अझ पनि´

(श्लोक -९:२६)

`मलाई त्यो देख्दा मनुज -जुनिमा नै घिन भयो ´

(श्लोक -९:२८)

मान्छेका पर-पीडा र हिंसाको प्रवृत्तिप्रति आक्रोश र मान्छेप्रति तीव्र व्यङ्ग्य उन्नाइसौँ विश्राममा व्यक्तिएको छ। वृक्ष – सामान्यप्रति मान्छे -सामान्यको व्यवहार बताउँदै `तरुण तपसी´ संभवत: मान्छेबाटै मान्छेले भोगेको पीडा र हिंसाको रक्ताम्य कृतध्नताको कथा बताइरहेका छन्,अझ तपसी तरुप्रति यो व्यवहार तपसी मान्छेप्रति दानव मान्छेको व्यवहारको प्रतीक बनेको छ। यसै सन्दर्भलाई सञ्चित गर्दै `तरुण तपसी´ को उन्नाइसौँ विश्राममा कवि लेखनाथ मानव – अन्धताप्रति व्यङ्ग्यका भाकामा बोल्छन्-

`धरित्रीमा अन्धो मनुज कुलको जन्म नहुँदै

बितेका हाम्रा ती शुभ दिवस यद्वा शुभ घडी!´

(श्लोक -१९:७)

`घट्यो आयुर्दाको अवधि,भयको सङ्क्रमण बढ्यो

कठै!! हाम्रो हत्या ! उस मनुजबाटै सुरु भयो ´

(श्लोक -१९:८)

`तरुण तपसी´ को मानव- दृष्टि व्यङ्ग्यपूर्ण छ र व्यक्ति मान्छेको वैयक्तिक र वैषयिक स्वार्थान्धिता मानव -सामान्यतासम्म पुगेको छ।

कवि लेखनाथ पौड्यालले मानवीय मूल्यको ह्रास देखाउदै पुनःमानवीय मूल्य स्थापित गर्नका निम्ति आध्यात्मिक कुराहरूमा जोड दिएका छन्।अध्यात्म ज्ञानलै नै मानवीय मूल्य तथा मानवतावादलाई पुनःस्थापन गर्न सक्छ भन्ने कवि लेखनाथ पौड्यालको विचार रहेको छ।

`तरुण तपसी´ को सत्रौँ विश्राममा कवि-ईश्वरको विश्व कविताको अनुभूति गर्दै लेखनाथले यहीँ विश्वात्म -वोधमा मानवताको कीर्तन ध्वनित गरेका छन्। यश स्थितिमा उनी ऐहिकता र वैषयिक्ताबाट मुक्त अध्यात्ममा पुगेर विषमताको विलय देख्छन् र मुक्तामा बनेर पनि मानवतावादी रहन्छन् ।जस्तै –

`म सुस्ताएँ,सुस्तै तनविषयको मान -ममता

गयो गल्दै गल्दै,विलय हुन थाल्यो विषमता´

(श्लोक -१७:१४)

` बनी वाञ्छा दासी,मतलब उदासी हुन गयो ´

(श्लोक .१७:१६)

`यसो भो,यो होला अनि म गरुँला काम यसरी

यहाँको यो भन्ने अतिगहन संकल्प लहरी

हरायो,बाँकी यो हृदयबिच खाली परहित

फुर्यो पन्था अर्कै बहुत सजिलो पाप-रहित´

(श्लोक -१७:१९)

`तरुण तपसी´को पन्ध्रौँ विश्राममा कवि लेखनाथ पौड्याल योग मार्गद्वारा मनैमन लोक-लोकान्तर चहार्दै स्वर्गका अनुभूतिमा पुग्छन् र अध्यात्म मानवतावादको कल्पित विश्वको चित्र कोर्छन्-

`बगेको चौतर्फी कलकल सदा शान्ति सरिता

हँसीला बासिन्दा सरल पुतली-तुल्य छरिता

रसीलो आनन्दी हृदय सब ती पौरहरूको

फुकेको फक्रेको सुरभि फुल झैँ कल्पतरुको´

(श्लोक -१५:३१)

` दया,मैत्री,श्रद्धा प्रणय रसले शीतल सब
सबैको हिस्सामा अतुल मनचिन्ते छ विभव
सबै मर्यादा वा विधिनियको पालन गरि
रमाएका दैवी विषय-सुखमा निर्जर गरी´

(श्लोक -१५:३२)

`धरित्रीमा सत्य -श्रम र पसिनाको भर परी
तपस्या जो गर्छन् सरल मनले जीवन भरी
तिनैको त्यै सत्य ,श्रम र पसिना -रुप तपको
चिरस्थायी यै हो परिणति उज्यालो गजबको´

(श्लोक -१५:३५)

प्रकृतिबाटै मान्छेलाई तपस्या वा मानवतावादको भावना प्राप्त हुन्छ `तरुण तपसी´मा। हिउँद-मलिन सूर्य पनि मान्छेलाई समता सिकाउँछन् अनि हिउँदे हिमाल पनि मान्छेलाई शीतोष्ण तथा सुख-दुःखमा हाँस्ने दीक्षा दिन्छन् ।यस सन्दर्भमा कवि भन्छन् –

`अहो त्यो बेलाको क्षणिक पनि आलोक रविको
ठूला साना निर्धा धनिक सबलाई सम थियो
ममा जस्ले गर्दा अतुल समता जागृत भयो !´

(श्लोक -४:१०)

यसरी नै लेखनाथले `अमर ज्योति सत्यस्मृति´ मा पनि मानवीय दृष्टि राख्दै मानवतावादी स्वर ओकल्छन्।यो काव्य शोककाव्य मात्र नभएर आध्यात्मिक नवोन्मेषको मानवतावादी अभिव्यक्ति पनि हो।यश शोककाव्य मा लेखनाथ गानका विचार टिप्दै हिन्दु समाजलाई युगको परिवर्तनप्रति सचेत हुन र ढिपी-ढापी छोडी पूर्वीय सभ्यताका मधुर आलोकमा मानवतावादतिर लम्कन आग्रह गर्दछन् ।जस्तै –

`हे मान्य मानव ! बदलिन्न केही भन्ने ढिपी जुन गर्दछ

आपत्तिको खाडलमा हठी त्यो आफै सरासर पर्दछ´

(श्लोक -९)

लेखनाथ राजनैतिक,सांप्रदायिक र आर्थिक दोषद्वारा दूषित बनेको मान्छेको पागलपन दखेर गान्धीक भाकामा खिन्न हुन पुग्छन् र जडवादले मान्छेको अध्यात्म - चेतना ध्वस्त पारिदिनाको यो कुपरिणाम देखेर विचलित हुँदै बोल्छन् जस्तै-

`त्यो सांप्रदायिक,त्यो राजनैतिक ,त्यो उग्र आर्थिक दोषले

दूषित गरेको तेरो मगजमा अड्डा जमायो जोशले

त्यसैले तँलाई निस्पट्ट अन्धो पागल बनायो वास्तव ´

(श्लोक -२२)

# सार्वजनीनता

लेखनाथ पौड्यालका कृतिहरूमा सार्वजनीनता बारे चर्चा गर्नुअघि `सार्वजनीन´ शब्दको अर्थबारे स्पष्ट हुनु जरुरी छ। `नेपाली बृहत् शब्दकोश ´ अनुसार `सार्वजनीन´शब्द संस्कृत शब्दको विशेषण रूप हो।यसको अर्थ हुन्छ - `विश्वजनीन;सार्वभौम ;सार्वजनिक ।´

नेपाली बृहत् शब्दकोश अनुसार सार्वजनीन शब्दको अर्थबारे थाहा पाएपछि हामीले लेखनाथका कृतिहरूमा रहेको सार्वजनीन विषयवस्तुको अध्ययन गर्नुपर्ने हो भन्ने स्पष्ट हुन्छ । कवि लेखनाथ पौड्यालले आफ्ना काव्य कृतिहरू एवम् रचनाहरूमा विश्वजनीन वा सार्वभौम विषयवस्तु के -कसरी उठान गरेका छन् भन्नेबारे यहाँ संक्षिप्तमा चर्चा गरिनेछ । सर्वप्रथम कवि लेखनाथ पौड्यालले आफ्ना काव्य कृति एवम् रचनाहरूमा उठान गरेको विषयका रूपमा पूर्वीय दर्शन तथा अध्यात्मवादलाई लिन सकिन्छ ।हिन्दु धर्म दर्शनसँग गहिरो आस्था राख्ने लेखनाथ आस्तिक देखम पर्छन्। पूर्वीय दर्शनको पक्ष लिँदै तिनले विश्व शान्तिको निमित्त आध्यात्मिक चेतना हुनुपर्ने कुरालाई उठान गरेका छन्। विश्वमा बढ्दो हिंसात्मक घटना,अमानवीय व्यवहार आदिका विरुद्धमा कवि लेखनाथ आफ्ना स्वर उकेल्छन्। विश्वमा दिनौदि बढिरहेको छलकपट,हिंसा हत्या ,आडम्बर,एकता र भाइचारा विहीन समाज आदि वैश्विक समस्याका विषयलाई तिनले आफ्ना कृतिहरूमा समेटेका छन्। जसरी आज विश्वमा दिनौदिन विज्ञान र तक्नीकिले उन्नति गरिरहेको छ त्यहीँ अनुरुप मानिसहरूमा

**Notes**

समवेदना हराउँदै गएर मानिसहौ यान्त्रिक बन्द गइरहेको तीतो सत्यलाई पनि तिनले आफ्ना कृतिहरूमा समेटेका छन्। विश्वमा बढ्दो वैज्ञानिक अविष्कारको कारण हिंसात्मक घटना,युद्ध ,तोडफोड,अविश्वास ,धोका आदि बढ्दै गइरहेको विषयलाई अघि सार्दै तिनले आफ्ना काव्,रचनाहरू मार्फत  अध्यात्म तिर फर्किने आह्वान गरेका छन्। आध्यात्मिक चेतना तथा ज्ञान नै अन्त्यमा मनुष्य जाति साथै यस लोकको लोककल्याणकारी कुरा रहेको तिनले सन्देश दिएका छन्। मानिसहरूमा बढिरहेको भौतिक सुखसुविधाको लालसाको कारण समाज नै तँ तँ मँ मँ को स्थितिमा पुगेको तथा पैसा र आफ्नो स्वार्थको निमित्त मानिसहरूले जस्तृ नीच काम पनि गरिरहेको विषयलाइ पनि तिनले आफणना रचनाहरूमा समेटेका छन्। कवि लेखनाथ पौड्यालका कृतिहरूमा सार्वजनीन विषयहरूबारे अध्ययन गर्दा यसबाहेक अन्य थुप्रै विषयहरू पाइन्छ ।विश्वमा बढिरहेको शक्तिशाली देशको उपनिवेशवादी नीति,गरीब राष्ट्रलाई धनी राष्ट्रले हेपिरहेको अवस्था ,मानवअधिकार हनन,मानवीय मूल्यमा ह्रास आएको कुराहरूलाई तिनले उजागर गरेका छन्। आजका मानिसले आफ्नो धर्म त्यागेर वा अध्यात्म ज्ञानप्रति ध्यान नदिएर नै विश्वमा विभिन्न समस्याहरू उत्पन्न भएको हो भन्ने कवि लेखनाथ पौड्यालको ठनाई छ।

उनका कृतिहरू`तरुण तपसी´ `ऋतुविचार´ ले विशेषगरी पूर्वीय दर्शन तथा चिन्तनका विषयलाई बोक्दै मानवतावादी सन्देश दिन्छन् ।यसरी नै अन्य कृतिहरू`अमर ज्योति सत्यस्मृति´ लगायत फुटकर कविताहरू`गौथलीको चिरिबिरि´`पिञ्जराको सुगा´`प्रगति´`पाटीमा ढाक्रेको पसारो´`काल महिमा´ आदिले तत्कालीन नेपालको सामाजिक ,राजनैतिक परिवेश सँगै विश्वको परिवेशलाई नै उठान गरेका छन्। नेपालको प्रजातन्त्रपूर्व अर्थात् वि०स० २००७ भन्दा अघि अनि प्रजातन्त्र पछि अर्थात् वि०स० २००७ देखि पछिका सामाजिक ,राजनैतिक,आर्थिक ,शैक्षिक अवस्थाबारे कवि लेखनाथले आफना रचनाहरूमा लेखेका छन्। नेपाली साहित्यको आधुनिक कालको सूत्रपात गर्ने कवि लेखनाथ पौड्यालको पहिलो चरणको लेख तथा रचनाहरूमा भन्दा दोस्रो चरणको रचनाहरूमा वैश्विक चेतना,विसङ्गतिपूर्ण समाजको चित्रण ,आध्यात्मिक विषयवस्तु  धेर पाइन्छ । वि०स० २००७ पुर्व नेपालमा राणाशासन अवधि नेपालको अवस्था ,मानिसहरूले केही पनि आफुखुशी गर्न नपाउने ,बोल्न नपाउने स्थितिलाई `पिञ्जराको सुगा´ कविताले बोकेजस्तै `प्रगति ´ कविताले विश्वमा एउटा राष्ट्र र अर्को राष्ट्रमाझ चलिरहेको शक्ति प्रदर्शन ,घमण्ड आदि विश्वजनीन  विषयवस्तुको उठान गरेको

छ।`तरुण तपसी´नव्यकाव्य पूर्णरुपमा पूर्वीय दर्शन र हिन्दु धर्म एवम् अध्यात्मवादमा अडेको छ भने `ऋतुविचार´प्रकृतिकाव्यमा छ वटा ऋतुहरूको वर्णन -विवरण सँगै सामाजिक ,नैतिक,आध्यात्मिक सन्देश पर्याप्त छ। कवि लेखनाथ पौड्याल का कृतिहरूमा निहित सार्वजनीनता बारे चर्चा गर्दा माथि चर्चा गरिएका विषयहरू नै मुख्य रूपमा रहिआएको पाईन्छ।

## 8.4 उपसंहार

नेपाली साहित्यमा आधुनिक कालको जग बसाउने तथा माध्यमिक एवम् आधुनिक कालका साँघु भनेर मानिने कविशिरोमणि लेखनाथ पौड्याल नेपाली साहित्यका एकजना अमर साहित्यकार हुन्। पूर्वीय दर्शन, हिन्दु धर्म एवम् अध्यात्मवादसँग नजीक कवि लेखनाथ पौड्यालले आफ्ना रचनाहरूमा मूल रूपमा अध्यात्म तथा पूर्वीय दर्शनकै वकालत बढी गरेका छन्। बिग्रदो सामाजिक स्थिति ,भौतिकवादी समाज ,विश्वमा बढिरहेको हिंसात्मक क्रियाकलाप ,विज्ञान तथा तक्निकी विकासले मानिसहरू यान्त्रिक बनिदै गएको अवस्था आदिबारे तिनले आफ्ना रचनाहरूमा व्यङ्ग्य कस्दै विश्व शान्ति तथा मानवतावाद पुनरुथापनाका लागि आध्यात्मिक चेतना तथा अध्यात्मवाद अँगाल्नु जरुरी रहेको तिनी ठान्छन्। तिनका कृतिहरू तथा रचनाहरूमा समाजको स्थिति,सांस्कृतिक विषयवस्तु,मानवीय मूल्य आदिबारे दह्लो चर्चा पाइन्छ । भौतिकवादले निल्दैगरेको समाजको चित्रण गरेर मानिसहरूलाई अध्यात्म तिर फर्काउने तिनको सत्प्रयास देखिन्छ ।यसरी नै सांस्कृतिक विषयवस्तुलाई पनि समेटेर काव्य सृजना गर्ने कवि लेखनाथ लाई संस्कृति सचेतक व्यक्तिका रूपमा पनि मान्न सकिन्छ ।यसरी नै मानवीय मूल्य तथा विश्वमा मानवको स्थिति,मानवतावाद,मानवीय गुण को ह्रास आदिबारे  तिनले आफ्ना रचनाहरूमा लेखेका छन् ।समाज ,देश र राष्ट्रको बिग्रदो स्थितिलाई उजगार गर्दै समाज,देश तथा विश्वमा नै मानवतावादी सन्देश छर्ने कवि लेखनाथ पौड्याल साँच्चै साहित्यिक महर्षि हुन्।

## 8.5 सार

- कविशिरोमणि लेखनाथ पौड्याल पूर्वीय दर्शन तथा अध्यात्मवादका पक्षधर हुन्।

- लेखनाथ पौड्यालका कृतिहरूमा विसङ्गतिपूर्ण समाज,हिन्दु धर्म एवम् अध्यात्मवाद तथा तत्कालीन नेपालको राजनैति ,सामाजिक चित्रण पाइन्छ।
- वि०स० २००७ पछि उनका कृतिहरूमा विश्वमा बढिरहेको हिंसात्मक घटना,मानवताविहीन समाज आदिको चित्रण पाइन्छ ।
- कवि लेखनाथ पौड्याल विज्ञान र तक्निकी विकासको विरुद्ध अध्यात्म ज्ञान लाई प्राथमिकता दिन्छन् ।
- विसङ्गतिपूर्ण समाज,धर्मिक आडम्बरीपन,घट्दै गइरहेको मानवप्रेम र भातृत्व,तथा मानव जाति यान्त्रिक बनिरहेको बारे कवि लेखनाथ पौड्याल आफ्ना रचनाहरूमा आवाज उठाउँछन्।

## 8.6 अनुशीलनी

1) कवि लेखनाथ पौड्यालको जीवनी एवम् साहित्यिक यात्राबारे संक्षिप्तमा चर्चा गर्नुहोस्।

2) कवि लेखनाथ पौड्यालका कृतिहरूमा निहित सामाजिक पक्षबारे चर्चा गर्नुहोस्।

3) कवि लेखनाथ पौड्यालका कृतिहरूमा निहित सांस्कृतिक पक्षबारे संक्षिप्तमा चर्चा गर्नुहोस्।

4) लेखनाथ पौड्यालका कृतिहरूमा निहित मानवीय मूल्य तथा सार्वजनीनता बारे विश्लेषण गर्नुहोस्।

5) कवि लेखनाथ पौड्यालले अङ्गीकार गरेका दर्शनबारे चर्चा गर्नुहोस्।

6) `तरुण तपसी´ मा निहित सामाजिक पक्षबारे अध्ययन गर्नुहोस्।

## 8.7 अतिरिक्त अध्ययन

1. वासुदेव त्रिपाठी लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्यांकन
2. विचार र व्याख्या विचार र व्याख्या
3. कृष्णचन्द्रसिंह प्रधान साझा समालोचना
4. कृष्णप्रसाद पराजुली (सम्पा०) नेपाली बृहत् शब्दकोश

## 8.8 मूल्यवृद्धिको निम्ति उत्तर

**नोट: तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।**

1. कवि लेखनाथ पौड्यालका साहित्यिक यात्राका चरणहरू।

(प्रश्न 1.को निम्ति विद्यार्थीले 8.2.3 खण्डमा उत्तर खोज्न सक्नेछन्।)

2. तरुण तपसी´ मा निहित सामाजिक पक्ष।

(प्रश्न 2.को निम्ति विद्यार्थीले 8.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

3.फुटकर कविताहरूमा निहित सामाजिक पक्ष।

(प्रश्न 3.को निम्ति विद्यार्थीले 8.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

4. लेखनाथ पौड्यालका कृतिहरूमा मानवीय दृष्टि।

(प्रश्न 4.को निम्ति विद्यार्थीले 8.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

5. लेखनाथ पौड्यालले उठान गरेका सार्वजनीन विषयहरू बारे चर्चा ।

(प्रश्न 5.को निम्ति विद्यार्थीले 8.3.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाइ 9 साहित्यकार बालकृष्म समका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता।

**संरचना**

9.0 उद्देश

9.1 परिचय

9.2 बालकृष्ण समको संक्षिप्त परिचय

9.3 बालकृष्ण समका कृतिमा निहित सामाजिक पक्ष

9.4 बालकृष्ण समका कृतिमा निहित सांस्कृतिक पक्ष

9.5 बालकृष्ण समका कृतिमा निहित मानवीयमूल्य र सार्वजनीनता

9.6 उपसंहार

9.7 सार

9.8 अनुशीलन

9.9 अतिरिक्त अध्ययन

9.10 मूल्य बृद्धिको निम्ति उत्तर

## 9.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

9.0.0 साहित्यकार बालकृष्ण समको परिचय

9.0.1 नेपाली साहित्यमा बालकृष्ण समको स्थान

9.0.2 बालकृष्ण समका केही प्रमूख कृतिहरूमा निहित सांस्कृतिक पक्ष

9.0.3 समका कृतिमा मानवतावाद र सर्वजनीनता

9.0.4 समका कृतिको वैशिष्ट्य

## 9.1 परिचय

बालकृष्ण सम नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन्। समको प्रत्येक साहित्यिक विधामा आफ्नै प्रयोग र विशिष्टता छ। विशेष गरी नेपाली नाटकमा उनको अद्वितीय .गदान च। सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उनले नेपाली साहित्यलाई समृद्धिको शिखरमा पुऱ्याएका छन्। त्यसैले उनलाई नाट्यसम्राट भन्ने गरिन्छ। पूर्वीय र पाश्चात्य दुवै प्रवृत्तिलाई अँगाली छन्दलाई जता भन्यो त्यतै नचाएर अन्त्यअनुप्रासविहिन (ब्ल्याङ्क भर्य) शैलीको प्रयोग गरी सेक्सपियरको जस्तो प्रभाव नेपाली साहित्यमा भित्र्याउने समर्थ भएकाले उनलाई नेपाली सेक्सपियर पनि भन्ने गरिन्छ। उनकै लेखनीबाट नेपाली नाटकले अग्रगति लिएको पाइन्छ, विचार र दर्शनको आयाम विस्तृत हुँदै गएको देखिन्छ, शैलीकै नव प्रवर्तन भएको भेटिन्छ। यिनै सबल र सक्षम नेतृत्वका कारण उनलाई नेपाली साहित्यिक पुनर्जागरणका अगुवा पनि भन्ने गरिन्छ। ईश्वरलाई निषेध गरेर अन्धविश्वास, रुढीवाद, रहस्यवाद, भाग्यवाद जस्ता अतार्किक र अतिप्राकृतिक तत्वको विरोध गर्दै मान्छे आफ्नै बौदिकता, नैतिक स्भाव तथा कर्मशीलताले माथि उठ्न सक्छ भन्ने दृढ विश्वास बोकी मान्छेलाई आफ्ना कृतिहरूमार्फत आत्मनिर्भर बन्न आह्वान् गरेकाले उनलाई दोस्रो बुद्ध पनि भन्ने गरिन्छ।

## 9.2 बालकृष्ण समको संक्षिप्त परिचय-

जहानियाँ एकतन्त्री य राणाशासक परिवारमा नै बालकृष्ण समका बुबा समरशमशेर जबराको जन्म भएको थियो । समरशमशेर तथा आमा कीर्तिराज्यलक्ष्मी राणाका सुपुत्रका रूपमा समको जन्म संवत् १९५९ माघ २४ गते ज्ञानेश्वरमा भएको थियो । समका बाजे जनरल डम्बरशमशेर अत्यन्तै मापाका, कठोर र क्रूर थिए । एउटा तानाशाही परिवारभित्र पनि दयालु नरम र शिष्ट व्यक्तित्वको अवतरण हुँदो रहेछ भन्नुको प्रमाण समरशमशेरका छोराहरू पुष्करशमशेर र बालकृष्ण समको जन्मले स्पष्ट पार्‍यो ।

बालकृष्णशमशेर जबराको प्रारम्भिक शिक्षा दरबार हाइस्कुलमा सम्पन्न भएको थियो । त्यस स्कुलमा दशौं कक्षासम्मको अध्ययन गरिसकेपछि उनले कोलकाताबाट म्याट्रिक उत्तीर्ण गरे । त्यसपछि उनी त्रिचन्द्र कलेजमा भर्ना भए । त्यहाँ उनले विज्ञान विषय लिएर पढ्न थाले । तर त्यसै बखत उनी सैनिक सेवामा प्रवेश भए । यी सैनिक सेवामा सुरुमा नै कप्तानमा भर्ना हुन पुगे । काम गर्दै जाँदा क्रमशः उनी सैनिक

सेवामा असन्तुष्ट पनि हुँदै गए, 'cause त्यस बेला समको गहिरो झुकाव नै साहित्य, कला र संस्कृतिमा थियो । सैनिक सेवामा आफ्नो असन्तुष्टि हुँदाहुँदै पनि उनी लेफ्टिनेन्ट कर्णोल चाहिं भए ।

बालकृष्णशमशेरले लेफ्टिनेन्ट कर्णोल भइसकेपछि सैनिक सेवालाई चटक्कै छाड्ने निधो गरे । परिणामस्वरूप यी वाङ्मयसेवामा नै आबद्ध हुन थाले । त्यस बेला उनको उदारतालाई राणाशाहीहरू पटक्कै देख्न सक्तैनथे । साथै नेपाली जनताचाहिँ समलाई 'राणा'को पगरीमा गुथ्ने गर्थे । त्यस बखत समसँग जनता पनि राणा भनेर त्रसित थिए । वास्तवमा त्यस बेला समको स्थिति अत्यन्तै नमज्जाको थियो, तर यसो हुँदाहुँदै पनि उनी साहित्यमा लिप्त भए । एउटा सुखसयलमा हर्ुर्केका र बढेका व्यक्तित्वमा पनि सरस्वतीको अनन्त साधना थियो । अनि उनी त्यसैमा समर्पित भएर आफ्नो अभिरुचिमा जुटेका थिए। हुँदाहुँदै यी नेपाली साहित्यमा एउटा अमर रत्नका रूपमा स्थापित भए। अनि त्यसैको परिणामस्वरूप उनलाई त्रिभुवन विश्वविद्यालयले पीएचडी उपाधि पनि र्समर्पण गर्‍यो।

बालकृष्ण सम नेपाली भाषामा मौलिकताका प्रेमी थिए। संवत् १९७० सालमा स्थापित 'गोरखा भाषा प्रकाशिनी समिति'लाई समकै ओजस्वी नेतृत्वका कारणले 'नेपाली भाषा प्रकाशिनी समिति'मा रूपान्तर गराइएको थियो । केही कालसम्म त्यही प्रकाशिनी समितिका अध्यक्ष भएर उनले नौला र महत्त्वपर्ण कार्यहरू गरे। त्यहाँ उनले विशाल सुधार गरे। वास्तवमा राणाकालीन युगमा पनि यिनले जनता र राष्ट्रका लागि काम गरे। संवत् २००० सालभन्दा अघिदेखि नै उनी त्रिचन्द्र कलेजमा नेपाली पढाउने गर्थे। उनले यो क्रम निक्कै समयसम्म खेपेका थिए।

राणाशासनको जल्दोबल्दो बेलाका साहित्यकार हृदयचन्द्रसिंह प्रधानले बालकृष्ण समको नाटकको समालोचना गरेका थिए । त्यस समीक्षामा समलाई प्रधानले 'मौसूफ, लेखिबक्सेको, पढिबक्सेको, हजूर'जस्ता दरबारिया आदरार्थी शब्दहरूको प्रयोग गरे । तर त्यस समीक्षामा आधारित त्यस्ता शब्दहरू समका लागि अप्रिय भए । त्यसैले समले त्यस समालोचनाको 'बारेमा भनेका थिए, 'साहित्यमा त्यस्ता शब्द प्रयोग नगर्नु राम्रो हुन्छ।'

बालकृष्ण सम जनताका पक्का प्रतिनिधि थिए । त्यसैले उनले सैनिक सेवालाई पनि चटक्कै छाडिदिए । त्यसपछि उनी जनसमूहमा मिस्सिन लागे र जनतासँग गर्दन जोडेर

हिँड्न थाले । अनि उनले आफूसँगसँगै आफ्ना छोरा जनार्दन समलाई पनि हिँडाउन थाले । यी बाबुछोराको काम, व्यवहार र पद्धति राणाका लागि सहन सक्ने विषय थिएन, ’cause समहरू आफ्ना धारणा जनताका धारणामा आबद्ध गरी भाषण गर्दै हिँड्थे । परिणामस्वरूप बालकृष्ण सम र जनार्दन सम पक्राउ परे। समलाई जेलखाना चलान गरिएपछि समले त्यहाँ आफ्नो धारणालाई साकार पार्ने प्रतिज्ञा गरे। समले त्यस बेला आफ्ना प्रतिज्ञालाई तीन चरणमा विभाजित गरे

क) सामन्ती पाराका स्वस्ति, कुर्न्योश, गोडामा ढोग्नेजस्ता चलनका सट्टा सबैलाई नमस्कार गर्ने,

ख) सबैमा समानता, सहृदयता र तपाईं शब्दको प्रयोग गर्ने

ग) भादगाउँले टोपीलाई राष्ट्रिय पोशाक मान्ने।

बालकृष्णशमशेर जबरा जेलमा थुनिएपछि उनले जेलभित्र विभिन्न घटना देखे । जीवनमा मान्छेले मान्छेलाई कसरी सताउँदो रहेछ भन्ने उनले जेलभित्रै प्रत्यक्ष घटना हेरे । जेलभित्र कैदीलाई आँखा चिम्लेर कुटेको क्षण उनका लागि चिरस्मरणीय दुःखद घटना बन्यो । उनीसँगै पक्राउ परेका न्हुच्छेमानले खाएको कुटाइले उनी झनै दुःखित बने । न्हुच्छेमानले कुटाइ खाईखाई मर्नुपरेको घटनाले उनको भावना झनै विह्वलित, शोकाकुल र व्यथित भयो । २००७ सालको जनक्रान्तिको सफलतापछि उनी पनि जेलमुक्त भए । त्यसपछि उनी आफ्नो समवेदना र सहानुभूति अर्पण गर्न जेलबाट सोझै न्हुच्छेमानको निवासस्थान गए । अनि त्यही कारणले त्यसै दिनदेखि उनले शमशेरको ‘शेर’ लाई चट्टै काटेर आफ्नो थर ‘सम’ लेखे । बालकृष्ण सम बहुआयामिक व्यक्तित्वका धनी थिए। त्यसैले यी नेपाली साहित्याकाशैभरि सम्मानित भए। यिनको योगदानका कारणले यी र्सवत्र पुजिए। प्रजातन्त्रपछि मात्र होइन उनी २००७ सालअघि पनि जनप्रिय थिए। सम सधैं जनताका माझमा थिए। नेपाली भाषा, नेपाली संस्कृति र नेपाली परिवेशप्रति समको अपार माया, गहन भरोसा र अनुपम श्रद्धा थियो।

२००७ सालको क्रान्तिपछि समको व्यक्तित्वले झनै झङ्गिने अवसर पायो। त्यसपछि उनी रेडियो नेपालमा निर्देशक भए, गोरखापत्रका प्रधानसम्पादक भए र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्य भए। त्यसपछि उनी नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका उपकुलपति पनि भए। साथै उनी राजसभा स्थायी समितिका सदस्य

पनि भए। नेपाली वाङ्मयसंसारमा बालकृष्ण सम एउटा अमर प्राज्ञका रूपमा स्थापित भए। उनी एउटा उच्चकोटिका लेखक थिए, सफल चित्रकार थिए र कुशल अभिनेता थिए। सम एउटा दार्शनिक थिए। उनले लेखेका कैयौं रचनाहरू दर्शनमा आधारित छन्। साथै उनले कैयौं नाटकमा आफूलाई मञ्चित पनि गरे। उनी जेजे विषयमा हात हाल्थे सफल हुन्थे। उनी एउटा कुशल चित्रकार पनि थिए। उनले कैयौं चित्रहरूको पनि निर्माण गरे। चित्रकारितामा पनि समले खूबै प्रशंसा पाए, नाउँ कमाए र त्यसैमा पनि आफूलाई स्थापित गराए।

समले नेपाली माटामा गर्नु गरे। यिनले नेपाली वाङ्मयमा हात हालेर नेपाली कला, संस्कृति र साहित्यलाई विश्वको कला, संस्कृति र साहित्यको हाराहारीमा पुर्‍याए। परिणामस्वरूप उनले नेपालबाट सम्मान पनि पाए। नेपाली वाङ्मयको उत्कृष्ट र उच्चकोटिको सेवा गरेबापत सम गोरखादक्षिणबाहु प्रथमबाट विभूषित भए। उनले राजकीय पदक र त्रिभुवनजयन्ती पदक पनि पाए। नेपाली साहित्यको गरिमालाई नेपालका डाँडापाखा, सहर र बेंसी पुर्‍याएबापत उनलाई 'त्रिभुवन प्रज्ञापुरस्कार' पनि र्समर्पण गरियो। साथै नेपाली भाषा, साहित्य, कला, संस्कृतिको उन्नति र विकासमा लामो समयदेखि उल्लेखनीय सेवा गरी नेपाल राष्ट्रको गौरव विदेशमा समेत पुर्‍याएबापट बालकृष्ण सम 'पुथ्वी प्रज्ञापुस्कार'बाट पनि सम्मानित भए। त्यस पुरस्कारबाट सम्मानित हुने पहिलो स्रष्टा सम नै थिए।

नेपाली भाषा र साहित्यको सेवाको सिलसिलामा समले नेपालका विभिन्न भूभागको भ्रमण गरे। साथै उनले नेपालका तर्फबाट विभिन्न सभा, समारोह र सम्मेलनमा भाग लिनका निम्ति भारत, चीन, बर्मा, पाकिस्तान, जापान, जर्मनी, फ्रान्स, इटाली, संयुक्त अधिराज्य, सोभियत रूस र अमेरिकाको भ्रमण गरे।

बालकृष्ण समको व्यक्तित्वलाई मुख्यतया तीन भागमा विभाजित गरिन्छ; (क) सांस्कृतिक व्यक्तित्व, (ख) कलात्मक व्यक्तित्व र (ग) साहित्यिक व्यक्तित्व। उनको सांस्कृतिक व्यक्तित्वमा अभिनयले प्रमुख भूमिका खेलेको पाइन्छ भने उनी गीत गाउनमा पनि निपुण देखिन्छन्। समको कलात्मक व्यक्तित्वले चित्रकलाको भूमिकालाई उल्लेख गरेको पाइन्छ । उनका व्यक्तित्वमध्ये साहित्यिक व्यक्तित्वले चाहिँ देशदेशान्तरमा अहम् भूमिका निर्वाह गरेको छ। वास्तवमा सम आयरलैन्डमा जन्मेका भए यीट्स र बर्नार्ड शा हुन्थे, अमेरिकामा जन्मेका भए टी.एस. एलियट हुन्थे र रूसमा जन्मेका भए मिखाएल शोलोखेभभन्दा ठूला पनि हुन्थे। तर एउटा गरिब र

पछौटे देशमा जन्मेर बालकृष्ण सम नेपालभित्र मात्रै थन्किन पुगे। यति हुँदाहुँदै पनि उनी आफ्ना यात्रामा कहिल्यै नथाकी नेपाली माटामा करिब आठ दशक हिँडिरहे। त्यहीक्रममा उनका नाटक, कविता, निबन्ध, प्रबन्ध, जीवनी र कथा गरेर तीन दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भएका छन्।

## 9.3 बालकृष्ण समको कृतिमा निहित सामाजिक पक्ष

साहित्यिक कृतिमा निहित सामाजिक पक्षका विषयमा अध्ययन गर्न अघि समाजको अर्थ र संरचना स्पष्ट हुन पर्दछ। नेपाली शब्दकोश अनुसार समाजको अर्थ 'एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह' लाई समाज भनिन्छ। यसरी सामाजिक भन्नाले समाज सँग सम्बन्धित; तथा समाजको भन्ने अर्थ हुन्छ – तर एउटा साहित्यिक कृतिमा निहित समाजका विषयमा विवेचना गर्न पर्दा यसको अर्थ अझ स्थूल ढंगमा बुझ्न पर्दछ। साहित्यिक कृतिमा निहित सामाजिक पक्ष भन्नाले एउटा साहित्यिक कृति उभिएको धरातल भन्न सकिन्छ। अथवा यो साहित्यिक कृति विचरण गरेको अथवा डुली हिडेका पर्यावरण तथा परिवेशलाई कृतिमा निहित समाजिक पक्ष भन्न सकिन्छ।

समाजमा बसोबास गर्ने विभिन्न वर्गका व्यक्तिहरुमा पाइने आनीबानी, क्रियाकलाप, चालचलन, लवाइखवाइ, आदि गतिविधिहरसँग सम्बद्ध व्यवहारलाई समले आफ्ना कृतिहरूमा समाबेश गरेका छन्।

समले समाजका उच्च वर्ग र निम्न वर्गका मानिसहरूका रहनसहन, चालचलन, आचार-व्यवहार, रितिथिती, संस्कारजस्ता कुराहरूलाई प्रस्तुत गरेका छन्। यस कुराको पुष्टिका निम्ति निम्न उदाहरणहरू हेर्न सकिन्छ –

उच्च वर्गीय (समाज) का केही उद्धारणहरू -

क) भव्य सजिसजाउ बग्गीबाट ओर्लिएका एडविललाई ढोके, चिट्टे र छातेले सलाम गर्नु, ऊ ढोका भित्र पनि काठी कसेको छातेको बुई चढ्नु – प्रेमपिण्ड।

ख) एडविलको दरबारीया ठाँटको पहिरन - कालो कस्मिराको लामो टाँकवाल लबेदा, माथी गट्टा भएको लयसवाल कस्मिराको बिर्के टोपी, कलेजी मोटो ऊनी गलेबन्दी, खरानी रङ्गको ढसरा ऊनीपन्जा, कलेजी रूईदारी लुगा, सुहाउँदो मोटो लट्ठीमा सुसज्जित एडविललाई सबले दर्शन गर्नु – प्रेमपिण्ड।

ग) नयाँ नोकर-नोकर्नीको नाम राखिनु - प्रेमपिण्ड।

Notes

घ) चाँदीको ठूलो करुवा, साबुनको बट्टा र रुमाल बोकेकी कमलाको प्रवेश हुनु – प्रेमपिण्ड।

समले आफ्ना नाटकमा उच्च वर्गीय (समाज) का साथसाथै निम्नवर्गीय (समाज) सँग सम्बद्ध विभिन्न सन्दर्भहरु पनि अघि सारेका छन्। यस सम्बन्धी केही उदाहरणहरु निम्नप्रकार रहेका छन्-

क) छिटको मैलो गुन्यू, नीलो खुइलिएको चोलो, मैलो सेतो ठुलो मजेत्रो। राता डौंठे चुरा, छोटो पन्ध्र लुङे जतिको पहेंलो झल्कने पोते र ठूला मुगाका माला। फुस्रो भुतलेको कपाल जम्मै सोहोरिएर घुच्चुकमा भुसे जुरो परेको। हातखुट्टा असम्भव मैला, मुख फोहोर, फुटेका गाला, कलेटी परेको ओठ, बेस्याहारले खचमचिएका आँखीभौ... भएकी नौली (सविता) को निर्धनताको बर्णन गरिनु - प्रेमपिण्ड।

ख) नकुलले एडविलबाट कुटाई खानु तथा उसले "म कोपराहरु फालेर आउँछु" भन्नु – प्रेमपिण्ड।

ग) केसरी र सविता सुत्ने छिँडीको भुइँमा आधाजति सुकुल, सुकुल माथि गुन्द्री, गुन्द्रीमाथि सतरन्जा... हुनु – प्रेमपिण्ड।

घ) "के गर्नु ईश्वरले गरिब पारेपछि" भनी सन्तबीर र गोविन्दले कुराकानी गर्नु – प्रेमपिण्ड।

ङ) रुपियाँ, पैसा, चामल, पिठो, नुन, तेल केही छैन, भरे के पकाउने... विहान तपाईं आधापेट भनी शनक र कपिलाले कुरा गर्नु - मुटुको व्यथा।

समाज

समले आफ्ना थुप्रै कृतिहरूमा उच्चवर्ग र निम्नवर्गका अतिरिक्त मध्यमवर्गीय पात्रका माध्यमबाट यस वर्गका विभिन्न सामाजिक व्यवहार, रहनसहन, आचार विचार आदिका साथै मध्यमवर्गीय खानपिन, लवाइखवाइ आदि कुराहरू पनि प्रस्तुत गरेका छन्। यिनका संवाद योजना केही अस्वाविक देखिएनपनिन पात्र प्रयोगन र तिनका गतिविधिहरूको चित्रणमा भने स्वभाविकता पाइन्छ।

समले गुण्डा, चरित्र भ्रष्ट, वेश्यालगायत विभिन्न बाल पात्रको समेत प्रयोग गरी तीनका क्रियाकलापको पनि सहज प्रस्तुति गरेका छन्।

यसरी नाटककार समले आफ्ना नाटकमा विभिन्न वर्गका पात्र विधान, संवाद योजना र कार्यव्यपारका साथै मञ्च निर्देशनका मध्यमबाट समेत वर्गीय द्वन्द्वका विविध पाटाहरुलाई प्रस्तुत गरेका छन्। सम स्वयम् उच्च वर्गीय परिवारका भएका, उनका दरबारमा निम्नवर्गका कयौँ व्यक्तिहरु नकोर चाकका रुपमा राखिएका तथा मध्यमवर्गीय कतिपय व्यक्तिहरु दरबारमा कारिन्दा भएका र कतिपय चाकडीमा

समेत आउने भएको हुँदा समले यी सबैका क्रियाकलापलाई नजिकबाट अनुभव गर्न पाएको देखिन्छ। यसरी सम जन्मी हुर्किएको दरबार नै विविध वर्गीय संस्कृतिको पुञ्ज का रुपमा रहेकाले उनले तिनका संस्कृतिलाई अनुभवजन्य रुपले सहजतापूर्वक प्रस्तुत गरेका हुन्।

समका नाटकमा वर्गीय उत्थान भन्दा पतनकै प्रबलता रहेको छ। त्रासदी नाटकहरुमा अधिकांशतः पतन र मरण नै देखाइएको छ भने कामदी नाटकहरुमा पनि वर्गीय उत्थान त्यत्ति देखिन्न। उनले आफना नाटकमा उच्च वर्गको चरम पतन देखाएका छन्। यसको ज्वलन्त नमुनाका रुपमा प्रेमपिण्डको एडविलको पतनलाई लिन सकिन्छ। आफ्ना घरमा राखिएका अनेक नोकरनीमध्ये नकुलतिर लहसिकी एक युवती नोकर्नी सवितालाई प्राप्त गर्ने सिलसिलामा भोगविलासी दरबारीय एडविलको चरम पतन देखाइएको छ। भोगविलासमा निर्लिप्त उच्च वर्गीय एडविलको जीवनमा पहिलोपटक सविताको मन जितेर राजीखुसी साथ उसलाई भोग गर्ने वा आफ्नी बनाउने चाहना र असफलताबाट उसलाई क्रमशः चरम पतनको अवस्थामा पुर्याइएको छ। वास्तवमा ऊ सवितालाई जतिखेर ,जहाँ, जहिले, जसरी र जे पनि सजिलै गर्न सक्ने हैसियतको पात्र भए पनि समले सविताका सन्दर्भबाट उसलाई पतन गराउने उद्देश्य राखी पतनको खाल्डो खन्न सुरु गरेर अन्तमा रसातलमा नै पूरै दिएका छन्। यस कुराको पुष्टिका निम्ति निम्नलिखित उदाहरण हेर्न सकिन्छ-

क) “ तलाई गाली गर्छु उल्टै मेरो मुटु काँप्छ, तँलाई आँखा ठूलो पारेर हेर्छु मेरैआँखा दुख्छ, सुनिन्छ, पग्लिन्छ भने मलाई यस्तो भएको किञ्चित छैन “भनी एडविलले सवितालाई भन्नु –प्रेमपिण्ड।

ख) “उठी छिटोसित गएर सविता अडेस लागेको भित्ता हातले छान्दै - अझ तातो छ। -अब इ: बिस्तारै-बिस्तारै चिसो भयो। जा गइ हाल – यति पर जा कि मनको आँखाले पनि तलाई भेट्टाउन नसकोस भनी” एडविलले सवितालाई भन्नु- प्रेमपिण्ड।

ग) “तलाई रिझाउन दिएको हैन, छोरी जस्तो सम्झेर दिएको” भनी एडिविले सवितालाई गहना दिनु –प्रेमपिण्ड।

घ) “एडविलले सवितालाई “छोरी भएर बस त यही” भन्नु –प्रेमपिण्ड।

सहरिय क्षेत्रका विविध गतिविधिलाई सहरिय परिवेश र ग्रामीण क्षेत्रका गतिविधिलाई ग्रामीण परिवेश अन्तर्गत समावेश गर्न सकिन्छ। समले आफ्ना

कृतिहरूमा शहरिया र ग्रामीण दुबै परिवेशको वर्णन गरेका छन्। यस सम्बन्धी केही उदाहरण यस्ता छन्-

| कृतिहरू | सामाजिक परिवेश |
|---|---|
| मुटुको व्यथा | नेपालको सुदूर पश्चिमको दुर्गम गाँउ जुम्ला र राजधानी काठमाडौँ |
| अमि वासना | त्रिशूली र काठमाडौँ |
| प्रेमपिण्ड | पश्चिम नेपालको रिडी र राजधानी काठमाडौँ |
| अन्धवेग | काठमाडौँ सहर |
| स्वास्नीमान्छे | काठमाडौँ चोभार र प्रमिलापुरी |
| उ मरेकी छैन | ग्रामीण वातावारण |
| तानसेनको झरी | पश्चिम नेपालको तानसेन पाल्पा |
| मुकुन्द इन्दिरा | काठमाडौ र कलकत्ता |

समले मुख्यतः सहरीया र ग्रामीण परिवेशमा नाटकको सृजना गरेका छन्। सहरीया परिवेशमा केन्द्रित नाटकमा यिनले सहरिया चालचलन र आनीबानीको जीवन्त चित्रण गरेका छन्। यसमा पनि दरबारीया परिवेश वर्णनमा यिनी विशेष सफल छन्। ग्रामीण जीवनको चित्रणमा भने त्यति सफल देखिनन्। सहरको दरबारिया परिवेशमा जन्मी हुर्किएका र गाउँले वातावरणको नजिकबाट अनुभव गर्न नपाएका समले ग्रामीण भन्दा सहरिया परिवेशजन्य समाज – परिवेशलाई विशिष्ट ढंगले चित्रण गर्नु स्वभाविकै हो। ऐंसेलुका रुखमा चढ्दै हामी खान्थ्यौं त्यही बसी हाँगामा झुल्दथ्यो हामी (मुटुको व्यथा) भनी कपिलाका माध्यमबाट प्रस्तुत गरिएको अभिव्यक्तिलाई पनि समले ग्रामीण परिवेशमा पाइने ऐंसेलुको बोट नदेखिनु कै परिणतिसका रूपमा लिनुपर्दछ। यिनको सहरिया परिवेशको प्रस्तुति काठमाडौँदेखि भारतको कलकत्ता सम्म फैलिएको छ भने ग्रामीण परिवेशको प्रस्तुति नेपालका विभिन्न दुर्गम गाउँसम्म बिस्तारित छ यति हुँदाहुँदै उनको ग्रामीण भन्दा सहरिया परिवेशकै प्रस्तुतीमा सहजता र सहभागिता पाइन्छ। यसैगरी यिनका नाटकमा वर्णित अवतरण कामत र त्रासद दुवै रहेको छ।

# 9.4 बालकृष्ण समका कृतिमा निहित सांस्कृतिक पक्ष

मानवजीवनको अभिन्न अङ्गका रूपमा रहेको संस्कृतिसँग साहित्यको पनि निकट सम्बन्ध रहेको छ। सबै जसो साहित्यिक कृतिहरूमा कुनै न कुनै रूपमा संस्कृति अभिव्यञ्जित भएपनि संस्कृतिको पहिचान बिना यसलाई खुट्याउन कठिन हुन्छ। साहित्यले संस्कृतिको निर्माण गर्ने र संस्कृतिले साहित्यलाई मार्गप्रशस्त गर्ने सन्दर्भमा यी दुवै परस्परव्यापी हुन्छन्। नेपालका सुप्रसिद्ध नाटककार बालकृष्ण समका कृतिमा पनि विभिन्न जंगली संस्कृतिको अभिव्यञ्जना भएको पाइन्छ। उनका नाटकमा संस्कृति सम्बन्धी दृष्टिकोणको अभिव्यञ्जना कुन रुपमा के -कसरी भएको छ भन्ने कुरा बुझ्नका निम्ती संस्कृति भनेको के हो भन्ने कुरा बुझ्नु छ।

संस्कृति शब्दको निर्माण 'कृ' धातुमा 'सम' उपसर्ग र 'ति' प्रत्यय लागेर भएको हो। यस शब्दले पुर्खाहरुद्वारा आफ्ना पछिल्ला सन्ततीहरुलाई सुमार्गतर्फ डोऱ्याउने वा उन्मुख गराउने खालका राम्रा काम, गतिविधि वा क्रियाकलापको समुच्चलाई बुझाउँछ। कुनै वस्तुलाई परिमार्जन गरेर वा सुसंस्कृत रुप दिएर चम्किलो तुल्याउने काम संस्कृति हो। संसारका हरेक जातजाति वा सिङ्गो मानव समुदाय कुनै न कुनै ढंगले वा कुनै न कुनै प्रकारका संस्कृतिद्वारा बाँधिएको हुन्छ। एउटा जाति वा सम्प्रदायको संस्कृति अर्को जाति वा सम्प्रदायको भन्दा भिन्न हुन सक्ने भएकाले संसारमा संस्कृतिगत वैविध्य पाइन्छ र यही वैविध्यका कारण हरेक जातिका चालचलन, रीतिथिति, रहनसहन, आचार, विचार, भावना आदिमा पनि वैविध्य रहेको देखिन्छ। प्रत्येक जातीय संस्कृतिको योगबाट राष्ट्रिय संस्कृतिको निर्माण हुन सक्ने भएकाले जातीय संस्कृति राष्ट्रिय संस्कृतिको अभिन्न अङ्ग हुन्छ।

भौगोलिक अवस्थिति, रहनसहन, लवाइखवाइ आदि कारणबाट संस्कृतिमा विभिन्नता पैदा हुन्छ। संस्कृति परिवर्तनशिल र हस्तान्तरणीय हुन्छ। समयक्रममा भैरहने राष्ट्रिय-अन्तर्राष्ट्रिय राजनीतिक-आर्थिक परिवर्तनले संस्कृतिलाई पनि प्रत्यक्ष प्रभाव पार्दछ। सामाजिक प्रचलनबोधक संस्कृतिलाई वैभिन्य तुल्याउन स्थान, समय जात र धर्म आदिले पनि महत्वपूर्ण भूमिका खेल्छन्। कुनै ठाउँ समय, जात र धर्मको संस्कृति अर्को ठाउँ समय. जात र धर्मका लागि बेठिक, विपरीत र अस्वीकार्य समेत हुनसक्ने भएकाले राम्रो -नराम्रो असल खराब ठीक बेठीक भन्ने कुरा पनि सापेक्षित हुन्छन्। कुनै स्थान वा जाति विशेषको संस्कृति अर्को स्थान वा जाति विशेषका लागि

अनौठो र अज्ञेय हुनपनि सक्छ तापनि सत्य, अहिंसा, त्याग, बलिदान, मानव जस्ता विषयवस्तुमा आधारित संस्कृति चाहिँ सर्वपक्षीय, सर्वजातीय, सर्वराष्ट्रिय, सर्वभौम र सर्वकालिक हुन्छ। अझ स्पष्ट रूपमा भन्ने हो भने मानवतावादी आदर्श बोकेको संस्कृति सबभन्दा महत्वपूर्ण दीर्घजीवी शाश्वत र सत्य हुन्छ भन्ने कुरा निर्विवाद छ।

संस्कृतिलाई परम्परागतबद्ध गीत, नृत्य, वाद्यवादन, चाडबाड, तीर्थ, व्रत, पर्व, धर्म, संस्कार, कलाकार, जात्रा आदिका विशेष सन्दर्भमा सीमित गरेर अर्थ्याइएको पनि पाइन्छ। यस्तै गरी उच्चवर्ग र उच्च जातका सामाजिक क्रियाकलापलाई मात्र संस्कृति भन्ने गरेको पनि देखिन्छ । वास्तवामा यी दुवै दृष्टिकोण एकांगी हुन् र संस्कृतिलाई यति सानो सीमित घेराभित्र राख्न मिल्दैन। समाजलाई बुझ्ने र विश्लेषण गर्ने यावत प्रसङ्गका साथै व्यक्ति, परिवार, वर्ग, राष्ट्र आदि सबै विशिष्ट संस्कृतियुक्त हुन्छन्। राजनीति अर्थनीति र संस्कृतिको संयोजनबाट समाज र राष्ट्रको निर्माण हुने हुँदा ती मानव जीवनको अभिन्न अङ्ग हो। संस्कृतिबिना कल्पना पनि हुँदैन. अर्थतन्त्र पनि हुँदैन. अर्थतन्त्र पनि एउटा खास सस्कृति परिपाटी अन्तर्गत हुन्छ र अर्थतन्त्रमा आउने परिवर्तनले संस्कृतिको निर्माण गर्छ, राजनीतिको सम्बन्ध पनि यसै किसिमले अन्योन्याश्रित हुन्छ। यसरी हेर्दा संस्कृतिले व्यापक अर्थ ग्रहण गरेको स्पष्ट देखिन्छ। नेपाली संस्कृति भन्न साथ डोको, नाम्लो, हसिया. खरीखुरी, गुन्द्री, गुन्द्रुक, गुनिउँ, गादो घाटु, मारुनी, च्याब्रुङ कुट्के, खोर्सानीको अचार, धार्मिक चाडपर्व, बालुन, धाननाच, रीतिरिवाज अघिल्तिर आउँछन्। यी सबै जहाँबाट आए पनि, परिवर्तनशील भए पनि सबै नेपाली संस्कृति हुन् र यस्ता संस्कृति संसारमा अनन्त छन् भन्ने कथमले पनि संस्कृतिको व्यापकता नै द्योतक गर्छ।

हुन त कनै पनि विषयलाई यही हो भनेर किटान साथ परिभाषित गर्न सम्भव हुँदैन। विषयको विकास र विस्तारसँगै परिभाषा वा अर्थ समेत परिवर्तन हुने भएकाले आजको अर्थ भोली नमिल्न पनि सक्छ। निकै विस्तृत र व्यापक सन्दर्भ एवं प्रसङ्ग ओगटेको संस्कृतिलाई पनि सहजतापूर्वक परिभाषित गरी अर्थपूर्ण सम्भव छैन। कुनै एउटा अर्थ वा परिभाषाले यसको व्यापकतालाई समेट्न पनि कठिन हुन्छ। प्रसिद्ध विद्वानहरु द्वारा अघि सारिएका संस्कृतिसम्बन्धी केही प्रमुख परिभाषाहरू निम्नप्रकार छन्

E B Tylor ले संस्कृतीलाई यसरी परिभाषित गरेका छन्-

"समाजको सदस्यका हैसियतले मानिसद्वारा आर्जित ज्ञान, विश्वास, कला, आचार, विधि, रीतिरिवाज तथा अन्य कुनै पनि सामार्थ्य र व्यवहारहरू सम्मिलित सम्पूर्णता / समग्रतालाई संस्कृति भनिन्छ।"

Carao R. Emmber र  Melvin Ember ले संस्कृतिलाई निम्नलिखित ढङ्गले परिभाषित गरेका छन्-

"व्यक्ति वा समाज विशेषका विशेषताका रूपमा रहेका अर्जित व्यवहारहरू, विश्वास, अभिवृत्ति, मूल्य र आदर्शहरूको समुच्चयलाई संस्कृति भनिन्छ।"

B. Mlainowski को संस्कृतिसम्बन्धी अभिमत यस्तो छ -

मानवका सहज/जन्मजात तथा कृत्रिम अर्थात् मौलिक तथा अमौलिक आवश्यकताहरुलाई सन्तुष्ट  तुल्याउने संस्थागत यथार्थ र सयन्त्रलाई संस्कृति भनिन्छ।

H. T. Mazumdar ले संस्कृतीलाई यसरी अर्थ्याएका छन् -

"भौतिक - अभौतिक तथा सञ्चरणीय  प्रकृतिका मानवउपलब्धीहरूको कुल योग वा समग्र रुपलाई संस्कृति भनिन्छ।"

Adamson Hoebel  द्वारा प्रस्तुत संस्कृतिसम्बन्धी परिभाषा यसप्रकार रहेको छ-

"वंशानुगत प्रक्रियाबाट प्राप्त नभई समाजका सदस्यहरूको  विशेषताका रुपमा रहेका एकीकृत अर्जित व्यवहारको ढाँचालाई संस्कृति भनिन्छ।"

माथिका परिभाषाहरुको अध्ययन गरी यसमा संस्कृतिलाई यसरी परिभाषित गरिन्छ-

मानवद्वरा भावनात्मक  रुपमा आत्मसात् गरिएका रहनसहन, आचार विचार, मूल्यमान्यता, लोक प्रचलन, आदर्श, रीतिथिति, अभिवृत्ति आदि मानवीय जीवन शैली, कार्य र गतिविधि सम्बन्धी यावत् अर्जित  मानवव्यवहारका साथै कला,,साहित्य, भाषा, दर्शन  इतिहास, धर्म, गित, वाद्य, नृत्य, चाडपर्व, व्रत आदिको समष्टि रुपलाई संस्कृति भनिन्छ।

बालकृष्ण समका कृतिहरूमा विषयवस्तुगत प्रस्तुति गत र प्रवृत्तिगत  विविधता पाएझैं सांस्कृतित विविधता  पनि पाइन्छ। बालकृष्ण सम मूलत: नाटककार हुन्। लगभग तीन दर्जनभन्दा बढी नाटक लेखेर  बालकृष्ण सम नेपाली साहित्यका sexier एवं नाट्यसम्राट् बनेका छन् यिनले आफ्ना नाटकमा बस्तु चयन पात्र विधान मञ्चन निर्देशन सम्बन्धी योजना परिवेश वर्णन आदि विभिन्न सन्दर्भ र प्रसङ्गबाट  कुनै न कुनै रुपले नेपाली संस्कृतिका विभिन्न रूपहरूको दिग्दर्शन प्रस्तुत गरेका छन्।

प्रत्यक्ष परोक्ष रूपमा आध्यात्मिक चिन्तन सँग सम्बद्ध विभिन्न गतिविधि एवं क्रियाकलापलाई आध्यात्मिक संस्कृति अन्तर्गत समावेश गर्न सकिन्छ। समका विभिन्न नाटकमा कुनै न कुनै रुपले यस प्रकारको अभिव्यक्ति पाइए तापनि विशेषता प्रात मुटुको व्यथा मुकुन्द इन्दिरा अमेरिकी छैन आदि नाटकमा यसको विशेष प्रयोग भेटिन्छ सम्पन्न टकमा पाइने आध्यात्मिक संस्कृति सम्बन्धी केही उल्लेखनीय तथ्याङ्कहरू निम्न प्रकार छन्

क) ब्राह्माले काखीमुनिबाट वेद झिकेर हिरण्यकशिपुलाई देखाइ फेरि काखीमुनि हाल्नु – प्रहलाद

ख) नारदले प्रह्लादलाई जगदीश्वर, ब्रह्मादि ब्रह्मर्षिहरूबारे बताउनु – प्रह्लाद

ग) प्रह्लादले भौतिकताले हार्ने कुरा बताउनु – प्रह्लाद

घ) प्रह्लादले पुनः साथीहरुलाई `ज्ञान मर्दछ हाँसेर, रोइ बिज्ञान मर्दछ´ भन्नु – प्रह्लाद

ङ) बिष्णुको नाम लिने सधैँ खुसी हुन्छ भन्नु तथा प्रह्लादलाई अनेक प्रपञ्च द्वारा पनि मार्न नसक्नु – प्रहलाद

च) बुढीले `हे ईश्वर विचार गर भन्नु ´ - `मुटुको व्यथा´

छ) ईश्वरमा विश्वास सुख नै त्यही हो, ईश्वरमा अविश्वास दुःख नै त्यही हो, भनी कपिलाले बताउनु-मुटुको व्यथा।

ज) शिवले परमेश्वरलाई खोज्न वनमा जानु पर्दैन, बरु आफ्नै मनमा फर्कनुपर्छ, परमेश्वर हाम्रो यति वर छन् कि हामी उनलाई छुन सक्दैनौ, भन्नु - ऊ मरेकी छैन।

झ) शिवले..... उसको आत्मलाई म झलझली देखिरहेछु भन्नु - ऊ मरेकी छैन।

ञ) भवदेवले परमेश्वरलाई साक्षी मान्नु - मुकुन्द इन्दिरा।

ट) भवदेवले मुकुन्दको निधारमा चन्दन पशुपतिको जलमा डुबाएर लाइदिनु - मुकुन्द इन्दिरा।

ठ) भवदेवले मुकुन्दलाई पशुपतिको जल देखाउनु - मुकुन्द इन्दिरा।

यसरी समले पौराणिक नाटकमा मात्र होइन सामाजिक नाटकमा समेत विभिन्न सन्दर्भ, वर्णनका प्रसङ्गबाट आध्यात्मिक चिन्तनलाई प्रस्तुत गरेका छन्। आध्यात्मिकताका अघि भौतिकतालाई पराजित तुल्याएर सम्मले आफूलाई ब्रह्मा-विष्णुवादी आध्यात्मिक-धार्मिक व्यक्तिका रूपमा उभ्याएका छन्। कतैकतै ज्ञान-

विज्ञानको मिलनको अपेक्षा गरेको देखिए पनि अन्ततः ज्ञान कै पक्षमा समले आफूलाई केन्द्रित गरेको हुँदा यिनी मूलतः आध्यात्मिक संस्कृतिका पक्ष धर देखिन्छन्। कुनै न कुनै रुपले भौतिक चिन्तन सँग सम्बद्ध गतिविधि एवं क्रियाकलापलाई भौतिक संस्कृतिभित्र समेट्न सकिन्छ। समका कतिपय नाटकमा भौतिकता बोधक संस्कृतिको प्रयोग पाइन्छ। उनका नाटकमा पाइने भौतिक संस्कृतिसम्बन्धी तथ्याङ्कहरू यसप्रकार छन् –

"अत्यन्त बलवान विद्या हो यो, जो जति जान्दछन्
त्यो ठुलो उति मात्रामा, दैत्ता आदित्य मानव
जो होस् विज्ञानको निन्दा गर्छन् ती देवताहरू
के विज्ञान विना चल्छ तिनको काम अँ ? किन
हामी झैं रथमा चढ्छन् देवताहरु खड्ग ली
किन ती लड्दछन् हामीसित्तै? विज्ञानमा छ त
हाम्रो विशेषता हामी ठूला छौं लोकमा जय
तथा विजय हाम्रै छन्
हा, हा! फोस्रो कुरा गर्न जान्दछन् देवताहरू
दैत्य थोरै कुरा गर्छन् धेरै काम चलाउँछन्"

आदि भनी आफ्नो वैज्ञानिक यन्त्रलयका बिचको परीक्षणालयामा यन्त्र बन्द गर्दै चलाउँदै चक्रमुर्तिले विज्ञानको महिमागान गर्नु - प्रह्लाद।

"चक्रमूर्तिले हलालाई रसायन तर्फको विशेषज्ञ भएको बताउनु" - प्रह्लाद।

"यी मेरा छात्र हुन् सारा, सारा विज्ञान पढ्दछन्
तीखो छ सबैको बुद्धि दक्ष छन् सो प्रयोगमा,
आफ्ना उमेरभन्दा यी सबै बालक बृद्ध छन् राजपुत्र भविष्यत्का वैज्ञानिक धुरन्धर
यिनै हुन्, स्वर्ग, पृथ्वी र पाताल सबै ठाउँमा
प्रतिष्ठा यिनकै होला, व्योमयान खडागरी
...........
बिजुलीलाई पक्रेर यिनै दास बनाउलान्
...........
अविस्कार यिनै गर्नन् यस्तो औषधिको जुन
खाँदा बुढो युवा हुन्छ, रोगीको रोग छुट्तछ
यसर्थ अरूको भन्दा, वैज्ञानिक विशेषता

अवश्यमेव चाहिन्छ : दैत्यराजकुमारमा"

भनी शण्डले प्रह्लादलाई विज्ञान तर्फका आकर्षित गर्ने प्रयास गर्नु- प्रह्लाद।

"कुमार पहिले जान, पढ विज्ञान बेसरी

त्यसै विषयमा बोल जानेर अनि च्वाट्ट यो", - भनी शण्डले प्रह्लादलाई सम्झाउनु - प्रह्लाद ।

"यो ज्ञानको युग होइन, विज्ञानको युग हो" भनी रूपनारायणले बुढालाई बताउनु - मुकुन्द इन्दिरा

"माधवले टुनामुना, मोहनी, झाँक्री, बोक्सीको बिरोध गर्नु"- मुटुको व्यथा।

शनकले भारतीलाई "कि आगो निभाउनुपर्छ कि पानी सुक्नुपर्छ" भन्नु - मुटुको व्यथा।

"आजकाल परमेश्वर प्रकट हुन्छन् भन्ने कुरामा विश्वास कम हुँदै गएको छ। अरेका कुरा गरेका भनेर उडाउन खोजिसके" - भनी रामनाथले एडविललाई भन्नु - प्रेमपिण्ड।

यसरी आफ्ना कतिपय नाटकमा समले भौतिक संस्कृतिका विविध पाटाहरू प्रस्तुत गरेका छन्। पात्रसंवाद आदिका सन्दर्भबाट विज्ञानको महिमागान गरिएको पाइए पनि अन्त्यमा आध्यात्मिक पक्ष्यको विजय गराइनाले उनलाई पूर्ण अभौतिकवादी व्यक्ति भन्न मिल्दैन। आध्यात्मिक र भौतिक दुईको मिलनबिन्दु खोज्नु, शान्तिको अपेक्षा गर्नु राम्रो कुरा भएपनि विज्ञानको पराजय र विष्णुवादको विजयी वैज्ञानिक युगमा पश्चिमाभिमुख प्रवृत्ति हो। यति हुँदाहुँदै पनि समले आध्यात्मिकता कै सन्दर्भबाट पनि भौतिकतालाई आफ्ना नाटकमा अंशत: स्थान दिएको पाइए पनि अन्य भौतिक सुखसुविधाभन्दा आध्यात्मिक दृष्टितर्फ नै बढी झुकाव राख्ने समको चिन्तन एवं दृष्टिकोण घुमिफिरी आध्यात्मिकतामै केन्द्रित हुन पुगेको देखिन्छ।

आगो र पानी खण्डकाव्यमा पनि बालकृष्ण समले ज्ञान र विज्ञानले हात जोड्नु पर्छ भन्ने कुरा देखाएका छन्।

"आगोले निभी पानीले ताती

अवश्य एक दिन मिल्नै पर्छ

गिरीले उठीउठी उठ्नेले झुकि

परस्परमा म्वाइ साट्नै पर्छ।"

बालकृष्ण समका कृतिहरूमा लोकप्रचलित संस्कृति पनि पाइन्छ। लोक जनजीवनमा परम्परादेखि नै अमिट छाप गर्नेगरी प्रचलनमा रहेको विभिन्न संस्कारजन्य सन्दर्भहरूलाई लोक प्रचलित संस्कृति अन्तर्गत राखिन्छ। समले लोक प्रचलन ईश्वरीयता, सामाजिक अन्धविश्वास, भाग्यवाद किरिया हाल्ने प्रचलन, अपशकुनबोधक प्रसङ्ग आदि अनेक सन्दर्भहरूलाई आफ्ना नाटक कृतिमा उपयुक्त स्थान दिएका छन्। तीमध्ये प्रमुख केही सन्दर्भहरूलाई प्रस्तुत गरिन्छ-

क) प्रद्युमनले गाउँलेहरुलाई शालिग्राम देखाउनु- प्रेमपिण्ड।

ख) एडविलकी स्त्री सहित सबले हात जोडेर बत्तीलाई नमस्कार गर्नु - प्रेमपिण्ड।

ग) हाकुचाले नकुलबाट भक्कु कुकुर मरेको सुनी राम राम, च्व च्व भन्नु - प्रेमपिण्ड।

घ) "हामीले त नुन खाएका छौं, नुनको सोझो बोल्नु पर्छ" भनी बाँकाको सान्चालाई भन्नु - प्रेमपिण्ड।

ङ) मालतीले केशरीलाई आफैं किनेको भनेर जिब्रोले नाक छुन सकेको हेरूँ त, भन्नू - प्रेमपिण्ड।

च) "मनको मान्छे त आफ्नो मनमा छँदै छ, धनको मान्छेलाई पनि लोलोपोतोले ठिक्क पारीराख्नुपर्छ, नत्र मसितकिन हटी भनेर शङ्का हुन्छ" भनी मालतीले कमला भन्नु - प्रेमपिण्ड।

छ) नकुलले सविताको कपालवरिपरि फूल सिउरिदिनु दिनु - प्रेमपिण्ड।

ज) नकुल र सविताले प्रेमको चिनो औठी र सेफ्टीपिन साटासाट गर्नु - प्रेमपिण्ड।

झ) सविताले सानीलाई कालो धागोलाई कति भो भनी सोध्नु - प्रेमपिण्ड।

ञ) मेरो चित्त दुखाउने राणा रानीको त भस्म खरानी होस् भनी उजेली सराप्नु - प्रेमपिण्ड।

ट) नकुल सिरानमा भगवद्गीताको पुस्तक राखिदिनु - प्रेमपिण्ड।

ठ) प्रद्युमनले नकुलको लासको सेतो कपडामाथि सीताराम नाम अोढाइदिनु - प्रेमपिण्ड।

ड) मधवले आमाका खुट्टा ढोकी दिनु -मुटुको व्यथा।

ढ) गाइनेले सातो गयो भनी कोला कोला भन्नु- मुटुको व्यथा।

ण) दोस्रो गाउँलेले सोह्रदिने साइतको कुरा गर्नु मुटुको व्यथा।

**Notes**

त) मैले पाप गरे बिग्रें, तिमी धर्म गर बन - भनि दोस्रो गाउँलेले भन्नु - मुटुको व्यथा।

थ) "हे पापी त मरे पनि तैले सुख नपाएर पीपमा पौडनै परोस" भनी भारतीले सराप्नु -मुटुको व्यथा।

द) सेता लुगा लाएको केशवको प्रवेश हुनु - मुटुको व्यथा।

ध) शिव गिरीसँग गाउँलेहरुले हात हेराउनु - ऊ मरेकी छैन।

न) बूढीले भरतलाई धोबीले लुगा धुँदा पारेको जस्तै सत्ताईस ठाउँमा चाउरी चाउरी परीहालोस् हे ईश्वर - भनी सराप्नु - ऊ मरेकी छैन।

ऩ) कान्तिलाई कसैले बिहा गरेछ त मेरो कानमा कौडी झुन्ड्याइदिनु, भनी भरतले जेठीलाई भन्नु ऊ मरेकी छैन।

प) धर्मकै पक्षमा नित्य डुल्छ छन् सब देउता भनी सागरले बताउनु - तानसेनको झरी।

फ) निर्मली र शोभनले प्रेमको चिनो औठी साटासाट गर्नु - तानसेनको झरी।

बालकृष्ण समका कृतिहरूमा ईश्वरप्रति आस्था- विश्वास , प्रेम आदि कुराहरु पाइन्छ। यस कुराको पुष्टिका निम्ति निम्न उदाहरणहरु हेर्न सकिन्छ -

क) रिभजनलाई ब्रह्माण भोजन सम्झिनुपर्छ भनी रामनाथले एडीबीलाई बताउनु – प्रेमपिण्ड।

ख) "हे परमेश्वर म यस जन्ममा मेरी प्यारीलाई पाऊँ अरु ऐश्वर्य मलाई केही- केही- केही पनि चाहिँदैन" भनी प्रार्थना गर्ने कुरा नकुल सवितालाई भन्नु -प्रेमपिण्ड।

ग) धर्मात्मालाई ईश्वरले रक्षा गर्छन् भनी सानीले बताउनु – प्रेमपिण्ड।

घ) सूर्यलाई स्वर्गमा राजा इन्द्रले असर्फी र चन्द्रमालाई मोहर भन्नु - प्रेमपिण्ड।

ङ) कुनै टाढा देउताको थानमा दर्शन गर्न जाने भनी नकुलले प्रद्युमनलाई भन्नु – प्रेमपिण्ड।

च) प्रभुकै इच्छा हो नतर कसरी कैकेयी पनि भनि दमानाले बताउनु - प्रेमपिण्ड।

छ) कनकानन्दले श्रीहरि, श्रीहरि, श्रीहरि भन्नु - प्रेमपिण्ड।

ज) "हे परमेश्वर ! हजुरको प्रसाद सम्झी पिएको यो विषले अमृतको काम दिओस्, अघिल्लो जन्ममा रामनाम नजप्ता यो दुर्दशा भयो, आज मेरो जम्मै पाप कटोस् राम" भनी शेखर बनेकी केसरीले भन्नु – प्रेमपिण्ड।

झ) "ईश्वर हजुरको पक्षमा भए मलाई कीरा भन्काएर बचाइराख्लान् मेरो पक्षमा भए चाहिँ मलाई चाँडै नै पट्ट मारिदेलान्" भनी सविताले एडविललाई भन्नु – प्रेमपिण्ड।

ञ) गीताले पुजा सिध्याउँदै घण्ट बजाएर आरती गर्नु – प्रेमपिण्ड।

ट) "ईश्वरमा विश्वास सुख नै त्यही हो, ईश्वर म अविश्वास दुख नै त्यहि हो" भनी कपिलाले शनकलाई भन्नु - मुटुको व्यथा।

सामाजिक अन्धविश्वासका कुराहरु पनि बालकृष्ण समका कृतिहरूमा प्रशस्त भेटिन्छ। सामाजिक अन्धविश्वासका केही उदाहरणहरु निम्नप्रकार छन्-

क) "हाम्रो बगैचामा तर्साउने पनि आउँछ नि! उहिले..... सेतो ख्याक् हिँड्छ भन्थे रे" भनी भँडारे र दमनालाई एडविलकी स्त्रीलो भन्नु - प्रेमपिण्ड।

ख) "हिजो राति मैले दलानमा झुम्रे ख्याक् भेटें" भनी केसरीले मालतीलाई भन्नु - प्रेमपिण्ड।

ग) "यसपालिदेखि 30 लाग्ने रहेछ,... शान्ति स्वस्ति गर्नुपर्छ" भनी रामनाथले एडविलकी स्त्रीलाई भन्नु - प्रेमपिण्ड।

घ) "आत्माको भेट ता माथि नै हुने नै छ" भनी त्यस्रो गाउँलेले भन्नु - मुटुको व्यथा।

ङ) "पुग्यो यति भए आज कठोर व्रत गर्दछु, आत्मासँग कुरा गर्छु आधारात भएपछि" भनी दोस्रो गाउँलेले भन्नु - मुटुको व्यथा।

च) "आफुले लाएको टुना आफै झिकिदिनुहोस्" भनी कनकले कान्तिलाई भन्नु - ऊ मरेकी छैन।

छ) "सर्वस्व स्वर्गमा पुग्छ यहाँ दान गरे जति" भनी पवनले बताउनु - तानसेनको झरी।

ज) "गङ्गा स्नानले शरीर पवित्र हुन्छ, गङ्गाधरको ध्यानले मन" भनी शोभानले बताउनु - तानसेनको झरी।

लोक प्रचलन अन्तर्गतको किरिया हाल्ने प्रचलन पनि समका कृतिहरूमा पाइन्छ। यस्ता केहि उदाहरणहरू निम्नप्रकार छन् -

क) कमलाले अँ यति नगनी त पोडेकी छोरी भए छोडुला ,भन्नु – प्रेमपिण्ड।

ख) मैले झूठो कुरा बोलेकी रहिछु भने यो किताबले मलाई भस्म गरोस्, म आजको रात काट्न नपाऊँ, भनी कमलाले नकुलसँग भन्नु प्रेमपिण्ड।

ग) ए हैन, हैन, सत्य होइन, गाईको रगत खाने, भनी कमलाले नकुलसँग भन्नु – प्रेमपिण्ड।

घ) गाईको रगत खाने, भनी सविताले नकुललाई भन्नु – प्रेमपिण्ड।

ङ) गाई मारेको पाप लाग्ला, भनी भारतीले भन्नु - मुटुको व्यथा।

च) तिम्रो गीत उसलाई आज जो नसुनाउला मेरो मासु खाने, भनी जेठीले कान्तिलाई भन्नु - उ मरेकी छैन।

छ) गाईको मासु खाने भए नखोजेको हुँला, भनी चेप्टेले मुगालाई भन्नु – अन्धवेग।

ज) म भागवत छोएर किरिया हाल्न सक्तछु, भनी पम्पले बताउनु - अन्धवेग।

झ) पवनले सत्यको किरिया, भन्नु - तानसेनको झरी।

लोकजीवनमा प्रचलित विभिन्न क्रियाकलाप, रीतिथिति, चालचलन, बानी-व्यवहार आदिलाई जनाउने विशिष्ट अर्थयुक्त अभिव्यक्तिलाई लोकोक्ति भनिन्छ। लोकअनुभवमा सङ्गालिएका, सङ्क्षेपमा व्यक्त भएका चामत्कारिक, विशिष्ट एवं गहकिलो अर्थबोधक उकति नै लोकोक्ति हो। यस प्रकारको लोकोक्तिलाई पनि संस्कृतिको एउटा अभिन्न अङ्गका रुपमा लिन सकिन्छ। नाटककार समले आफ्ना विभिन्न नाटकमा लोकोक्तिमुलक संस्कृतिबोधक विभिन्न उक्तिहरु प्रयोग गरेका छन्। यस प्रकारका केही प्रमुख लोकोक्तिहरु निम्नलिखित छन् -

क) "संसारमा धनै मित्र धने शत्रु" शनकसँग गुण्डाको भनाइ - मुटुको व्यथा।

ख) "बगलीमा छुरा छाम मुखमा राम राम" भारतीको कथन - मुटुको व्यथा।

ग) "उपियाँ र उडुससँग नङछुरी खेलुँला" नवनिर्मित भारतीको कथन- मुटुको व्यथा।

घ) "धनीको धनमा धन थपिन्छ, ऋणीको ऋणमा ऋण शनकको कथन – मुटुको व्यथा।

ङ) "चेलाकोको चेला गुरु समान" शनकको भनाइ – मुटुको व्यथा।

च) "छ लुगा छ जाडो छैन लुगा छैन जाडो" भारतीको भनाइ मुटुको व्यथा।

छ) "जुम्रा देख्दछ जोकोही, आफ्नो ता अङ्ग माथीनै भैंसी हिँडे पनि थाहा पाउँदैन यहाँ कुनै" शनकको कथन – मुटुको व्यथा।

ज) "कुञ्चोले त्यो कसिँगर बढाउनुपर्ने हावाले उडाएर लग्यो" गाइनेको कथन – मुटुको व्यथा।

झ) "हसिया जस्तो सोझो बोली हामीलाई बाङ्गो लाग्छ" ठकुर्नीको भनाइ- मुटुको व्यथा।

समका नाटकमा पाइने उपयुक्त लोकोक्ति प्रयोगलाई हेर्दा यिनले नेपाली जनजीवनमा प्रचलित विशेषतः उखान र अंशतः गाउँखाने कथाको प्रयोग गरेको देखिन्छ। यसमा समले कतिपय लोकोक्तिलाई सामाजिक प्रचलनबमोजिम नै प्रयोग गरेका छन् भने कतिपयलाई केही भिन्न ढंगले प्रस्तुत गरेका छन्। यसप्रकारको भिन्नता कवितामा

ढाल्दा पनि देखा परेको हो। उनले केही उक्तिहरुको निर्माणसमेत गरेको देखिन्छ। यस प्रकारको विविधतायुक्त प्रयोग अधिकांशतः पात्रका संवादका माध्यमबाट गरिएको छ। संस्कृतिकै रुपमा लिन सकिने उनको लोकोक्ति प्रयोगमा जीवन्तत, सहजता र स्वभाविकता पाइन्छ।

## 9.5 बालकृष्ण समको कृतिमा निहित मानवीय मूल्य तथा सार्वजनीनता

मानवीय मूल्य र मान्यताको रूपमा स्थापित वाद हुन् मानववाद र मानवतावाद। मानवीय मूल्यको खोजी गर्ने क्रम वैदिक युगदेखि नै प्रारम्भ भए पनि मूल्य र मान्यताकारूपमा यसको स्थापना पुनर्जागरणकालपछि नै भएको हो। सामान्य रूपमा मानववाद र मानवतावादलाई एउटै रूपमा हेर्ने गरिन्छ। दुवैको मान्यतामा तात्त्विक भिन्नता देखिँदैन तापनि दुवै भिन्नाभिन्नै अभिप्रायमा प्रयुक्त भएको देखिन्छन्। मान्छे नै उच्चतर प्राणी हो। सर्वोच्च शक्ति मान्छे मै निहित छ। मान्छे बाहेक अर्को कुनै ईश्वरीय शक्ति छैन भनी मान्छेलाई नै केन्द्रविन्दु मानेर मान्छेमै जोड दिने आदर्श वा आन्दोलन नै मानवतावाद हो। यो विशेषत: निरीश्वर रूपमा विकसित भएको पाइन्छ र यसले रहस्यवाद, भाग्यवाद, परलोकवाद आदिको पनि विरोध गर्दछ। त्यस्तै मानवतावाद भनेको मान्छे-मान्छेको बीचमा समताको स्थापना हो। यो ईश्वर मान्ने वा नमान्ने कुरा भन्दा माथि उठेर मानवीय स्वतन्त्रता, समानता र भातृत्वमा आधारित मूल्य-मान्यतामा प्रतिबिम्बित भएको पाइन्छ। क्रोध, लोभ, द्वेष, ईर्ष्या, अन्याय, शोषण आदि प्रवृत्तिहरू मानवताका बाधक हुन् भने करुणा, त्याग, प्रेम, सद्भावना, समता, न्याय, साधना आदि गुणहरु मानवताका परिपोशाक हुन्। कवि वा कलाकारहरु मानवताको उच्चताका निम्ति उदात्त गुणहरूको आमन्त्रण गर्दछन्। यस्तै आह्वान र आमन्त्रण समले आफ्ना रचनाहरुमा गरेका छन्। राष्ट्रप्रेम, समाज प्रेम र विश्व प्रेमकै व्यापक परिप्रेक्ष्यमा मानव जातिकै कल्याण र सुन्दर भविष्यको कामना गर्दै उनले आध्यात्मिकता र भौतिकता बीच समन्वय कायम गरी मानवीय मूल्य र अस्मिताको संरक्षण र सम्बर्द्धन गर्न खोजेका छन्। मानवलाई मानवीय मूल्यले भरिपुर्ण तुल्याई मानौवघरतीलाई स्वर्ग तुल्याउने उनको उत्कट आकांक्षा छ। यही अर्थ र अभिप्रायमा उनलाई आधुनिक ऋषि वा मनीषी भन्ने गरिन्छ।

आफ्नो दर्शन वा विचारलाई स्पष्ट पार्ने सन्दर्भमा 'स्वर्ग र देउता'(२००४) मा सूर्यको मुखबाट उनी भन्न लगाउँछन् - कतै दुख नभएको सबैतिर सुखै सुख भएको सर्वत्र शान्ति, समृद्धिको राज्य भएको मानवताको मुल्य भएको स्वर्ग हुनेछ। उनका दृष्टिमा मानववादको पूर्ण विकासमा कुनै वादको अस्तित्व हुनेछैन। राम, कृष्ण, इसा, बुद्ध, अशोक, गान्धी, मार्क्स, सेक्सपियर, आइंस्टाइन आदिले देखाइएको भन्दा मानवतायुक्त स्वर्ग हुनेछ। उनीहरुले आ-आफ्ना आगो र पानीलाई मात्र विशेष महत्व दिए। अब आउने पुरुषले आगो र पानी दुवैको समन्वय वा सन्तुलनमा आएको स्थितिलाई अघि बढाउने छन् जहाँ मानिस मानिसमा भेद गर्ने धर्म रहनेछैन। एउटै धर्म  वा वाद रहनेछ त्यो हुनेछ मानवतावाद। त्यसपछि संसारको अनुहार उज्यालो हुनेछ।

यसरी समको मानववाद तथा मानवतावाद सम्पूर्ण वाद, धर्म वा सम्प्रदाय भन्दा माथि रहन गएको बुझिन्छ। सम उत्तरवर्ती पुस्ता आफ्ना कवितामा ईश्वर नभएको अभिव्यक्ति गर्छ तर समका कविताले मानवताको परिपूर्णतामा देवत्वको ईश्वरी अस्तित्वको दर्शन गर्छन। 'म पनि द्यौता मान्छु' (२०२०) त्यस्तै एउटा कविता हो। मानवसत्ताको पक्षमा ईश्वरीय शक्ति अस्वीकार नेपाली  चिन्तनकै इतिहासको साहसिलो कदम हो। लेखनाथले 'बुद्धिविनोद' मा  अनीश्वरवादी धारणालाई पूर्वपक्षको रुपमा राखेर ईश्वरवादको स्थापना गरेका छन् भने समका कविताले ईश्वरवादका सट्टामा मानवतावादका स्थापना गरेका छन्।

यसरी मानववाद तथा मानवतावाद दुई भिन्नाभिन्नै अभिप्रायका पारिभाषिक शब्द भएपनि समका रचना दुवै सन्दर्भमा परिपूरक भएर देखा पर्छन्। मानववादले मानवलाई सर्वोच्च शक्ति ईश्वरकै रुपमा प्रस्तुत गरेको र मानवतावादले विविधः भेदभावजन्य स्थिति हटाई प्रेमपूर्ण रूपमा समतामूलक भावनाको  स्थापना गर्न खोजेकाले दुवै मानवहितमा केन्द्रित हुन पुग्छन्। यसर्थ दुवैको अभिप्राय भिन्न भएकाले दुवै धारणालाई पृथक पृथक रुपमा हेर्न नसकिने होइन। मानववाद ईश्वर निरपेक्षरुपमा तथा मानवतावाद ईश्वर सापेक्ष रुपमा बढी अर्थिने  भए पनि मानवतावादमै  मानववाथको अभिप्राय समेटिने हुँदा पृथक पृथक रुपमा हेर्नु त्यति अवश्यक देखिँदैन।

बीलकृष्ण समले आफ्ना कृतिहरूमा क्षेत्रियदेखि लिएर राष्ट्रीय तथा अन्तराष्ट्रीय एवम् सर्वजनीन विषयलाई समेटेका छन्। बालकृष्ण सम स्वयम् प्रह्लाद नाटकको

भूमिकामा लेख्छन्- "दृष्टान्तमा यो नाटक बनाइ शक्तिमान तर हृदयहीन हिरण्यकशिपु र दयावान् शक्तिहीन प्रह्लादलाई अघि सारेर मैले प्राचीन समयलाई लिई आधुनिक हिट्लर र गान्धीको समयको छायाँ पार्न खोजेको हुँ।" यसरी समले आधुनिक विषयवस्तुलाई पौराणिक प्रसङ्ग दिएर प्रस्तुत गरेका छन्। बालकृष्ण समद्वारा रचित एउटै मात्र महाकाव्य 'चिसो चुल्हो' मा महाकाव्य लेखनको परम्परागत धारणालाई तोडिएको छ। परम्परागत महाकाव्य लेखन अनुसार महाकाव्यको नायक उच्चकुलीन एवम् क्षत्रीय, वीर हुनुपर्छ भन्ने थियो। चिसो चुल्हो महाकाव्यमा समले एकजना निम्नवर्गका पात्रलाई नायकको रूपमा खडा गरेका छन्। यसरी समले परम्परागत धाराणालाई तोड्दै मानवीयमूल्यको खोजी गरेका छन्। परम्परा, साहित्यिक मान्यताहरु र महाकाव्यका पुराना परिभाषाहरुका आधारमा 'चिसो चुल्हो' लाई हेर्नु समयको गतिलाई नचिन्नु हो। मानवतावादका व्याख्याकार, विषमताका कट्टर विरोधी र विश्वबन्धुत्वका प्रतिपादक समले चिसो चुलोमा जातभातको विरोध गरेका छन् र प्रेम भन्ने वस्तुको पवित्रता निम्नवर्गीय जनतामा पनि पाइन्छ भन्ने कुरा स्पष्टसित देखाएका छन्। उच्च वर्गीय पात्रले मात्रै पाठकहरूको मन तान्छ र त्यस्ता पात्रको जीवनले मात्रै व्यापक प्रभाव पार्छ भन्ने धारणालाई समले चिसो चुलो महाकाव्यद्वारा गतिलो झापड दिएका छन्। हरेक वर्गका मानव मुटुको स्पन्दन प्रभावकारी हुन्छ र झन् वियोगको पहिलो टुङ्गोमा कथालाई पुऱ्याउन हाम्रो समाजिक स्थितिले निम्नवर्गीय पात्रलाई जति सहयोग गरेको छ त्यति उच्च वर्गीयलाई गरेको छै न। फेरि उच्च वर्गीय पात्रका कथाहरु, काव्यहरू र व्याख्याहरु त प्रशस्त लेखिएकै छन्। समजस्ता मौलिक विचारधारा भएका र प्रतिभाशाली कविले किन पुरानै पाराको मबाकाव्य लेख्ने? लक्ष्मीप्रसाद देवकोटाका मुना र मदन  निम्नमध्यम वर्गीय पात्र थिए तर समले त तीभन्दा धेरै तल्लो वर्गका प्रेमीप्रेमिकालाई चिसो चुलामा उभ्याएका छन्। समका कृतिहरूमा विश्वजनीन विषयहरू पाइन्छन्। मानव-प्रेम र विश्वबन्धुत्वनै समका कृतिमा पाइने केन्द्रीय स्वर हो।

मानवतावाद नै समका नाटकहरूको मूल सन्देश हो। नाटक मनोरञ्जनका लागि पनि लेखिन्छ तर सम भने कुप्रवृत्ति नाश सुप्रविधिको विकासका लागि लेख्थे भन्ने कुरा 'प्रह्लाद' नाटकको दोस्रो संस्करणको भूमिकाको यस भनाइबाट थाहा पाइन्छ – "नाटक दुई विचारले लेखिन्छः एक मनोरञ्जननिमित अर्को मनोविज्ञाननिमित्त। यसमा मैले विशेषगरेर मनोविज्ञान दर्शाउन खोजेको छु।"

मान्छेको मनमा भएका मैलाहरु र दुष्टताहरु फालेर स्वच्छता र मानवताको स्थापना गर्ने मनोवैज्ञानिकता नै समको नाटकीय उद्देश्य हो। अमित वासनाको प्रस्तावनामा समको यो भनाई घतलाग्दो छ "कल्पित आदर्श होइन तथा मानवता नै सच्चरित्र हो, सर्वोच्च मानवता पवित्रता हो।" यसबाट उनी उड्न्ते मानवता नचाही व्यवहारिक र यथार्थमा मानवता चाहँदा रहेछन् र त्यसैका लागि नाटकहरूको रचना गर्दा रहेछन् भन्ने कुरालाई स्पष्ट हुन्छ। दार्शनिक हेराइले समेली मानवतावाद प्रह्लादको यस पंक्तिमा प्रकट भएको छ-

"ज्ञान विज्ञानको हात जोड्नु पर्दछ कर्ममा"

आध्यात्मिक ज्ञानले स्वच्छ पारेको हृदयले भौतिकवादी विज्ञानका उच्चतम उपलब्धिहरू उपयोग गरी जीवनलाई सफल पार्नुपर्छ भन्ने पवित्र कामना नै उपयुक्त हरफको निर्माणमा सहायक भएको छ।

समको नाटकहरुमा केही न केही सन्देश तथा मानवहितका कुराहरु अवश्य पाइन्छ। मुकुन्द इन्दिरा, म र अन्धवेगले पतिव्रताको महिमा गाएका छन् भने अमर सिंहले देशप्रेमको गुण् गाएको छ। भक्त भानुभक्तमा नेपाली भाषाको गरिमालाई स्थापना गरिएको छ भने भतेरमा जातभातको तार्किक विरोध गर्दै जातीयताको अह्वान गरिएको छ। बोक्सीमा बालकको मनको निर्दोषिता देखाएर तथा अमित वासनामा कामवासना सेलाइसकेको गुराँस प्रति अमृतको करुन उमालेर मानवतावादको प्रतिपादन गरिएको छ भने प्रह्लादमा आध्यात्मिकता र भौतिकताको समन्वयद्वारा हुने सुन्दर भविष्यको कामना गरिएको छ। मुटुको व्यथा र प्रेम पिण्डले प्रेमको अमर गीत गाएका छन् भने तल माथिले क्रान्ति सन्देश फैलाएको छ। सम सशक्त लेखक हुन् जो आफ्नो बौद्धिक बलद्वारा सुन्दर नेपालको सृष्टि गर्न चाहन्छन्। तर आफ्ना कवितामा जति ठाडो प्रचार उनी गर्छन् वा सोझो उपदेश उनी दिन्छन् त्यति प्रकट रूपमा नाटकमा उनी देखिँदैनन्। पात्रको वैयक्तिकतालाई उठाएर होस् वा परिस्थितिको अनिवार्यतालाई कलात्मकताका साथ स्थापित गरेर होस् उच्च नाटकीय गुणहरूको प्रदर्शन भित् नै उनका नाटकहरुले सन्देश बोकेको हुन्छन्।

## 9.6 उपसंहार

बालकृष्ण सम नेपाली साहित्य क्षेत्रका अग्रगण्य व्यक्ति हुन्। लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका त्रिमूर्ति हुन्। आफ्नो छुट्टै

ब्यक्तित्व र परिचय बनाउन सफल यी तीनमध्ये समलाई नाट्यसम्राट भनेर चिनिन्छ। बालकृष्ण समले मुटुको व्यथा, मुकुन्द इन्दिरा, अन्धवेग, प्रेमपिण्ड, अमरसिंह, भक्त भानुभक्त, प्रह्लाद आदि डेढ दर्जनजति नाटक सामाजिक, ऐतिहासिक, पौराणिक पृष्ठभूमिमा लेखेका छन्। नेपाली नाटक परम्परामा नयाँ अध्ययनको थालनी र व्याप्ति समबाट भएको हो। नाट्य साहित्यलाई समृद्ध पार्न बालकृष्ण समको योगदान अविस्मरणीय छ। त्यसैले समलाई नाट्यसम्राट भनिन्छ।

समका आगो र पानी (खण्डकाव्य), चिसो चुह्लो(महाकाव्य), समका कविता ( कविता सङ्ग्रह) र अन्य फुटकर समेत तीन सयजति कविताहरू छन्। समको काव्य - कला सम्बन्धी राम्ररी अध्ययन गर्ने हो भने महाकविको उपाधि प्रदान गर्न सकिन्छ। उनको काव्य, कविव्यक्तित्व पनि देवकोटा, लेखनाथकै समपङ्क्तिमा छ भन्न सकिन्छ।

डा. तुलसीबहादुर भट्टराईले भनेका छन्- " चिसो चुह्लो महाकाव्य मात्रै रचेका भए पनि सम नेपाली साहित्यमा अमर रहने थिए। एउटै कृति उनको अमरत्वमा अपर्याप्त छ। कालजयी हो यो कृति।"

## 9.7 सार

- बालकृष्ण सम नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी हुन्।
- समाजमा बसोबास गर्ने विभिन्न वर्गका व्यक्तिहरुमा पाइने आनीबानी, क्रियाकलाप, चालचलन, लवाइखवाइ, आदि गतिविधिहरसँग सम्बद्ध व्यवहारलाई समले आफ्ना कृतिहरूमा समाबेश गरेका छन्।
- वालकृष्ण सम सहरको दरबारिया परिवेशमा जन्मी हुर्किएका र गाउँले वातावरणको नजिकबाट अनुभव गर्न नपाएकाले ग्रामीण भन्दा सहरिया परिवेशजन्य समाज – परिवेशलाई विशिष्ट ढङ्गले चित्रण गर्छन्।
- कतैकतै ज्ञान- विज्ञानको मिलनको अपेक्षा गरेको देखिए पनि अन्ततः ज्ञान कै पक्षमा समले आफूलाई केन्द्रित गरेको हुँदा यिनी मूलतः आध्यात्मिक संस्कृतिका पक्ष धर देखिन्छन्।
- लेखनाथले 'बुद्धिविनोद' मा अनीश्वरवादी धारणालाई पूर्वपक्षको रुपमा राखेर ईश्वरवादको स्थापना गरेका छन् भने समका कविताले ईश्वरवादका सट्टामा मानवतावादका स्थापना गरेका छन्।

Notes

- मान्छेको मनमा भएका मैलाहरु र  दुष्टताहरु फालेर स्वच्छता र मानवताको स्थापना गर्ने मनोवैज्ञानिकता नै  समको नाटकीय उद्देश्य हो।

## 9.8 अनुशीलन

1) बालकृष्ण समको साहित्यिक परिचयको चर्चा गर्नुहोस्।

2) समाज र साहित्यबीचको सम्बन्ध स्पष्ट पार्दै समका नाटकमा निहित सामाजिक पक्षको चर्चा गर्नुहोस्।

3) संस्कृतिबारे आफ्नो अवधाराणा प्रस्तुत गर्नुहोस्।

4) बालकृष्ण समका कृतिमा निहित सांस्कृतिक पक्षको चर्चा गर्नुहोस्।

5) 'चिसो चुह्लो' महाकाव्यको विशेषता केलाउनु होस्।

6) मानवतावादी साहित्यकारका रूपमा बालकृष्ण समलाई चिनाउनु होस्।

## 9.9 अतिरिक्त अध्ययन

1. ताना शर्मा - सम र समका कृति

2. नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान – सम शतवार्षिकी

3. डा. केशवप्रसाद उपाध्याय – समको दु:खान्त नाट्य चेतना

4. रामचन्द्र पोखरेल – नेपाली नाटक सिद्धान्त र समिक्षा

## 9.10 मूल्यबृद्धिको निम्ति उत्तर

तल दिएको खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।

1. बालकृष्ण समको परिचय।

________________________________________________

________________________________________________

________________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. बालकृष्ण सम कृतिमा निहित सामाजिक पक्ष।

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. साहित्यमा संस्कृतिको प्रयोग कसरी भएको हुन्छ? स्पष्ट पार्नुहोस्।

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. मुटुको व्यथा नाटकमा पाइने सांस्कृतिक प्रसङ्ग।

(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

5. मानववाद र मानवतावाद।

(प्रश्न 5 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

6. बालकृष्ण समका कृतिमा मानवीयमूल्य र सर्वजनीजता।

(प्रश्न 6 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

7. समको साहित्यिक योगदानको मूल्याङ्कन।

**Notes**

(प्रश्न 7  को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 9.6 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाइ 10 महाकवि लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनता

**संरचना**

10.0 उदेश्य

10.1 परिचय

10.2 लक्ष्मीप्रसाद देवकोटाको परिचय

10.3 देवकोटाका प्रसिद्ध प्रकाशित कृतिहरू

10.4 देवकोटाका कृतिहरूमा निहित सामाजिक पक्ष

10.5 देवकोटाका कृतिहरूमा निहित सांस्कृतिक पक्ष

10.6 देवकोटाका कृतिहरूमा निहित मानवीय मूल्य अनि सार्वजनीनता

10.7 उपसंहार

10.8 सार

10.9 अनुशीलन

10.10 अतिरिक्त अध्ययन

10.11 मूल्यबृद्धिको निम्ति प्रश्न

## 10.0 उदेश्य

प्रस्तुत एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषउमा सक्षम बन्न सक्कुहुनेछ –

१. लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा निहित सामाजिक पक्षबारे
२. देवकोटाका कृतिहरूमा निहित सांस्कृतिक पक्षबारे
३. देवकोटाका कृतिहरूमा निहित मानवीय मूल्यबारे
४. देवकोटाका कृतिमा निहित सार्वजनीनताबारे

Notes

५. सामाजिक, सांस्कृतिक, मानवीय मूल्य र सार्वजनीनताको अर्थ, परिभाषा अनि अवधारणाबारे

## 10.1परिचय

प्रस्तुत एकाइमा लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूमा निहित सामाजिक, सांस्कृतिक, मानवीय मूल्य अनि सार्वजनीनताबारे चर्चा गरिएको छ। लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका मूर्ध्यन साहित्यिक हस्तिहुन्। उनले नेपाली साहित्यका प्रायः सबै विधाहरूमा कलम चलाएका छन्। ती नै साहित्यिक कृतिहरूमा निहित तथा कृति उभिने समाज( सामाजिक) पक्ष, कृतिका वस्तुले वहन गरेको संस्कार (सांस्कृतिक ) पक्ष, कृतिले आत्मसात गरेको मानवीय मूल्य अनि कृतिको वस्तुको व्यापिकरण( सर्वजनीनता) को विवेचना प्रस्तुत एकाइमा गरिएको छ। साहित्यिक कृति जहिले पनि एउटा धरातलमा उभिएको हुन्छ। यसरी ती कृति उभिएको समाजको जहिले पनि आफ्नै संस्कृति हुन्छ। कृतिमा सर्जरले केही नकेही सन्देश दिएको हुन्छ अनि त्यो सन्देश जहिले पनि मानवहितमा नै रहेको हुन्छ। यस्तै त्यस कृतिको वस्तुले प्रत्येक्ष परोक्ष मानव समाजकै विषय वहन गरेको हुन्छ। ती विषयहरू यदी सम्पूर्ण मानव समाजकै पक्षमा उभिएको हुन्छ अनि सर्वजनीनता व्यस्त गर्छ।

## 10.2 लक्ष्मीप्रसाद देवकोटाको परिचय

**(क) जन्म, बाल्यकाल र शिक्षादीक्ष-**

लक्ष्मीप्रसाद देवकोटाको जन्म नेपालको राजधानी डिल्लीबजार धोवीधारामा वि.सं. १९६६ कार्तिक २८ गतेय लक्ष्मीपूजाको दिन भएको थियो। उनको न्वारानको नाउँ तीर्थमाधव देवकोटा राखिएको थियो तर लक्ष्मीपूजाको दिन जन्मेका लक्ष्मीको प्रसाद सम्झी उनलाई लक्ष्मीप्रसाद भन्न थालियो । पिता पं. तिलमाधव देवकोटा र उनकी दोस्री वा कान्छी पत्नी अमरराज्यलक्ष्मीदेवीका साहिँला छोराका रूपमा जन्म भएको थियो । यिनै लक्ष्मीप्रसाद पछि गएर साच्चै नेपाली साहित्य जगतमा लक्ष्मीकै प्रसाद भएर साहित्यको भण्डार भर्ने काम गरे। नेपाली साहित्यका तीन तारा ( लेखनाथ पौड्याल ,बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा ) मध्येका एक भएर नेपाली साहित्याकाशमा चम्किलो भई रहे – देवकोटा ।

पाँच वर्षको उमेरमै पति संस्कृतज्ञ,संगीतप्रेमी तथा जेठा दाजु लेखनाथले अङ्ग्रेजीको अध्ययन गरेका हुनाले देवकोटाले सानाछँदा देखि नै संस्कृत अनि अङ्ग्रेजीको ज्ञान घरमा नै प्राप्त गरेका थिए। देवकोटाको बाल्यकालको स्वभाव अलिक एकोहोरो प्रकारको थियो। उनी कहिले खेल्न थाले पछि खलि नै रहने र रोए भने रोइ रहने खालको थियो ।यहीँ एकोहोरो स्वभाव उनको पढाइमा पनि उपर्युक्त हुन पुग्यो। देवकोटा जन्मिएको स्थान त्यसबेला काठमाडौंको शान्त, सुन्दर र रमणीय थियो। यसैले उनी स्वयम् आफ्नो घरको पण्डित मास्टर वातावरण मान्छन्। करिब आठ वर्षको उमेरमा देवकोटाले आफ्ना पिताबाट गायत्री मन्त्रको ज्ञान प्राप्त गरे।

**(ख) किशोरकालको औपचारिक शिक्षा तथा कवित्वको विकास –**

देवकोटाले किशोर अवस्थामा पाइला हाल्दा नहाल्दै अमरकोश र रधुवंशका एकाध सर्गहरूको अध्ययन गर्न थालेका थिए। यसरी शब्दकोश पढेर जाँदा र आफ्ना पिताजी र दाजुबाट पनि कविता लेख्ने भावना पैदा भई सकेको थियो। देवकोटालाई जेठा दाजु र आमाको विशेष सल्लाह अनुसार पढाउन वि.सं १९७७ सालमा दरबार स्कुलमा पाँचौ कक्षामा भर्ना गरियो । उनको अौपचारिक शिक्षाको क्रम यहीँबाट प्रारम्भ भएको थियो । बी.ए. बी.एल.(पटना विश्वविद्यालय ) सम्मको उच्चशिक्षाको हासिल गरेका देवकोटा अङ्ग्रेजी धारा प्रवाह बोल्नसक्थे भने अन्यविभिन्न भाषाको ज्ञानले उनको साहित्यिक कृतिहरू उत्कृष्ट भन्न गएको छ।दाजुभाइहरूमा सांहिला देवकोटा कलिला उमेरदेखि नै विलक्षण बुद्धिमान थिए। सानै उमेरमा 'घनघोर दु:ख सगर ' जस्ता कविता लेख्नसक्ने देवकोटा जीवनमा कहिले नेपाली भाषानुवाद परिषद्का जागिरे लेखक, कहिले त्रिचन्द्र कलेजको प्राध्यापक, पत्रपत्रिकादिको सम्पादक भई साहित्यको सेवा गरेका छन्। सं. २०१४ सालमा स्थापित नेपाल एकादमीका सदस्य भए र मरणोपरान्त २०२३ सालमा सोही एकादमीबाट त्रिभुवन पुरस्कारले सम्मानित पनि भए। सं. २०१४ सालमा तिनी नेपालको शिक्षामन्त्री पनि भएका थिए। बिहानदेखि बेलुकीसम्म परिश्रम गर्दा पनि देवकोटालाई दाल,भात,ढुकुकै समस्याले जीवनभर सताइरयो। दश वर्षको उमेरमा घनघोर दु:ख सागर कविता लेख्ने कविको जीवन दु:खकै सागरमा डुबिरयो। वि.सं. २०१६ साल भद्रा २९ गते क्यान्सर जस्तो डरलाग्दो रोगको कारण देवकोटाले अन्तिम स्वास लिए।

## 10.3 देवकोटाका प्रसिद्ध प्रकाशित कृतिहरू

**(क) महाकाव्य** :

शाकुन्तल ; वि.सं. २००२।

सुलोचना ; वि.सं. २००३।

महाराणा प्रताप ; वि.सं. २०२४।

वनकुसुम ; वि.सं. २०२५

प्रमिथस ; वि.सं. २०२८

पृथ्वीराज चौहान ; वि.सं. २०४९।

**ख) खण्डकाव्य :**

मुनामदन ; वि.सं. १९९२।

कुञ्जिनी ; वि.सं. २००२ ।

म्हेन्दु ; वि.सं. २०१५।

आँशु ; वि.सं.?

बासन्ती ; वि.सं. ?

लूनी ; वि.सं. २०२३

रावण जटायु युद्ध ; वि.सं. २०१५

दुष्यन्त: शकुन्तला भेट ; वि.सं. २०२५

सीताहरण ; वि.सं. २०२४।

नेपाली मेघदूत ; वि.सं. ?

मायाविनी सर्सी ; वि.सं. २०२४।

मैना ; वि.सं.२०३९

**(ख) नाटक:**

सावित्री सत्यावन ; वि.सं. १९९७।

कृषिवाला ; वि.सं. २०२१।

**(ग) कविता सङ्ग्रह :**

सुनको बिहान ; २०१०।

चिल्ला पातहरू ; वि.सं. २०२१।

मनोरञ्जन ; वि.सं. ?

छहरा ; वि.सं. २०१६।

भावनागांगेय; वि.सं. २०२४।

पुतली ; वि.सं. २००९।

गाइने गीत ; वि.सं. २०२४।

भिखारी ; २०१०।

**(घ) कथा सङ्ग्रह :**

लक्ष्मी कथा सङ्ग्रह ; वि.सं.?

**(ङ) निबन्ध सङ्ग्रह :**

लक्ष्मी निबन्धसङ्ग्रह ; २०२०

दाडिमको रूखनेर ; वि.स. २०३९।

प्रसिद्ध प्रबन्ध सङ्ग्रह ; वि.सं. ?

**(च) उपन्यास :**

चम्पा ; वि.सं.

यी बाहेक पनि अन्य विभिन्न पत्र पत्रिकादिमा देवकोटाका कविता, समालोचना, निबन्ध र कथाहरू प्रकाशित भएका पाइन्छ।

## 10.4 देवकोटाका कृतिहरूमा निहित सामाजिक पक्ष

**(क)कृतिमा निहित सामाजिक पक्षकै परिचय-**

साहित्यिक कृतिमा निहित सामाजिक पक्षका विषयमा अध्ययन गर्न अघि समाजको अर्थ र संरचना स्पष्ट हुन पर्दछ। नेपाली शब्दकोश अनुसार समाजको अर्थ 'एउटै रहनसहन, व्यवस्था, धर्म आदि अँगाल्ने वा एकै स्थानमा बसोबास गर्ने मानिसहरूको समूह' लाई समाज भनिन्छ। यसरी सामाजिक भन्नाले समाज सँग सम्बन्धित; तथा समाजको भन्ने अर्थ हुन्छ – तर एउटा साहित्यिक कृतिमा निहित समाजका विषयमा विवेचना गर्न पर्दा यसको अर्थ अझ स्थूल ढंगमा बुझ्न पर्दछ। साहित्यिक कृतिमा निहित सामाजिक पक्ष भन्नाले एउटा साहित्यिक कृति उभिएको धरातल भन्न सकिन्छ। अथवा यो साहित्यिक कृति विचरण गरेको अथवा डुली हिडेका पर्यावरण तथा परिवेशलाई कृतिमा निहिउत समाजिक पक्ष भन्न सकिन्छ। अझ सरल ढंगमा भन्नू पर्दा कृतिलाई उभिन धरती चाहिन्छ कृति भित्र उभ्याएको चरित्र तथा पात्रहरूलाई एक अर्का मनको भाव प्रकट गर्न तथा जीवन चलाउन आफू वरिपरिका ढुङ्गा- माटो , रूख- पात, झार- जङ्गल , खोला- नाला, हावा – पानी , पशु- प्राणी अनि प्राणी मध्ये पनि प्रमुख मान्छे चाहिन्छ । ती सबै नभए कृति न अगाडि बढ्न सक्छ न पछि सर्न सक्छ। चाहे कल्पनाको उच्चउडानमा रचिएको भावुक रचना कृति होस् या, मनोविज्ञान जटिल व्याप्तिमा या यथार्थ चित्रणको भावभूमिमा रचितको कृति त्यसलाई उभिन धरातल चाहिन्छ। त्यहीँ धरातल नै कृतिमा निहित सामाजिक पक्ष हो। लक्ष्मीप्रसाद देवकोटाको ' मुनामदन' खण्डकाव्यलाई नै उदाहरणको रूपमा लिनसकिन्छ। त्यहाँ मुना र मदन लगायत उनीहरूका छरछिमेकको नेपालीको ग्रामीण क्षेत्र उनीहरूको एउटा समाज हो भने मदन धन कमाउन भोट( ल्हासा ) गएको अर्को समाज। यसरी ती समाज भित्र मानिसहरूको गुण अवगुण आदिकै कारण समाजको संरचना निर्माण पुनः निर्माण हुँदै जान्छ। सुव्यवस्थित मानिसहरूको झुन्ड होस् या अव्यवस्थित मानिसहरूको झुन्ड सबै नै एउटा समाजको अभिन्न अङ्ग हुन्। यदि कनै सर्जकले रूखपात, झारजङ्गल, किराफटेङ्ग्रा, पशुप्राणी वा मानवीय कल्पना, माया मोह, यौन यौवन कुनै पनि विषय सँग सम्बन्धित कुराहरू पनि समाजकै हिस्साहरू हुन्। साहित्यिक कृतिमा निहित समाजको मानचित्र कहिले फैलिएर पृथ्वीको फाटदेखि अन्तरिक्षसम्म पुग्दछ भने कहिले खुम्चिएर एउटा सहर, एउटा गाउँ, गल्ली र टोल हुँदै मानवीय मनोद्वन्द्वसम्म सिमित हुनपुग्दछ। कृतिमा निहित सामाजिक पक्ष भनेको समाजको संगति असंगति, विक्रती विसंगति सबै नै

प्रमुख  सर्जकले उठाएका विषयवस्तुहरूहुन्। यसैले प्रस्तुत एकाइमा यस्तै देवकोटाका कृतिहरूमा निहित सामाजिक पक्षकाबारेमा अध्ययन गरिएको छ।

महाकवि देवकोटा नेपाली साहित्यका स्वच्छन्दतावादका मूल प्रवर्तक हुन्। स्वच्छन्दतावादको मूलनारा हो – प्रकृतितर्फ फर्क। यसैले यसकालमा रचिएको देवकोटाका काव्य कृतिहरूमा निहित समाज प्रकृतिजनिन् रहेका छन्। यसमा पनि मूलतः प्रकृतिमूखि सामाजिको प्रस्तुति भएको रचनाहरू हुन् 'मुनामदन', 'शाकुन्तल', 'वन - कुसुम' र 'गाइन् तिनले घँसिया गीत', 'चारु' र 'सुन्दरी जल' जस्ता फुटकर कविताहरूमा प्राकृतिक सामाजिक पक्षो चित्रण भएको पाइन्छ। देवकोटाका यस चरणका कैयौं रचनाहरू प्राचीन भारतीय आर्य समाज अथवा हिन्दु समाजस सँग सम्बन्धित छ। यस कुरालाई पुष्टि गर्न देवकोटाको शाकुन्तल महाकाव्य यस अंशलाई हेर्न सकिन्छ –

"दाढीबाट सफेद ब्यास ऋषिको गङ्गा बनेको कथा

ओर्ली सल्वल कल्कलाउन चली पूर्वीय मैदानमा।

मीठो लाग्छ मलाई ता प्रिय कथा प्राचीन संसारका।"

यस अवधिमा देवकोटा खुलेर ईश्वरको आस्थामा कृति सृजना गर्थे। उनको ' लक्ष्मी निबन्धसङ्ग्रह' का कैयौं निबन्धहरूमा ईश्वरको आस्था प्रस्तुत भएको छ। यसैले देवकोटाका प्रायः सबै यसकालका कृतिहरूको सामाजिक धरातल ईश्वरवादी हिन्दु धर्ममाकेन्द्रीत समाग पाइन्छ। 'कला र जीवन' मा उनी भन्छन् - " ईश्वर नै प्रथम र अन्तिम सत्य हुन्।" ' राजकुमार प्रभाकर', ' मुनामदन' , 'लुनी' लगायत अनेकौं रचनामा उनले ईश्वरको प्रशस्ति गाएका छन्। उनी धार्मिक रहस्यवादले पुरै जरा गाडेको देखिन्छ। 'सीताहरण' खण्डकाव्यमा उनले भनेका छन्- " प्रभुजी! प्रभुजी! राम चिनैँ/ माया जाल छिनैँ।" ' सुलोचना' मा ईश्वरवाद र अनिश्वरवादबीच विवाद देखाए पनि मुख्य नायक- नायिकालाई ईश्वरवादका सशक्त पक्षधरका रूपमा प्रस्तुत गर्न पुगेका छन्। यसैले यसकालका प्रायः सबै कृतिको सामाजिक धरातल नै ईश्वरवादी रहेका छन्। यति हुँदाहुँदै पनि देवकोटा यश कृतिहरूमा नेपाली मौलिकता भने प्रचुर मात्रमा पाइन्छ। देवकोटाको प्रसिद्ध खण्डकाव्य 'मुनामदन' को सामाजिक धरातल नेपालको ग्रामीण समाज रहेको छ। प्रजातन्त्र पूर्वको राणाकालिन सामन्तवाद चलिरहेको समयमा नेपालको समाजको आर्थिक विपन्नता कस्तो थियो भनी बुझ्न सकिन्छ। राणाकालिन सामन्तीहरूले चुसेर खोक्रो भएको नेपाली समाजका जनताका

Notes

कारुणिक दृष्य देवकोटाले यश खण्डकाव्यका प्रमुख पात्रा मुना र मदनका प्रतिनिधित्वमा प्रस्तुत गरेका छन्। यस खण्डकाव्यका पात्र मुना र मदन खण्डकाव्यको पात्र मात्र होइन तर त्यसताका समग्र नेपाली जनताका प्रतिनिधि पात्रहरू हुन्। सामन्ती ठूलाबढा, साहुमहाजन, मुखियामण्डल आदिले विभित्र कर, चर्को ब्याज लाएर सारा जगा जमिन नै हढपिदिए पछि नेपाली जनताले कसरी यसबाट मुक्ति पाउन धन कमाउन भोट, (ल्हासा) अथवा प्रवासिनु परेको थियो भन्ने सामाजिक चित्रण यस खण्डकाव्यले प्रस्तुत गरेका छन्। यति मात्र नभएर देवकोटाले यस खण्डकाव्यमा नेपाली लोकलयमा भिजेको नेपाली झ्याउरे छन्दमा रचना गरेकाबाट नै यथार्थमा यसको सामाजिक धरातल नेपाली समाज हो भनी भन्न सकिन्छ।मूलतः मुनामदन खण्डकाव्य स्थान तथा सामाजिक परिवेशका दृष्टिले विविध स्थानीय प्राकृतिक, सामाजिक, सांस्कृतिक धरातलमा उभिएको छ। यस खण्डकाव्यमा समाजका रूपमा मुख्यतः नेपाल खाल्डो वा कान्तिपुर सहर तथा काठमाडौं उपत्यका( त्यस समय ग्रामीण नै रहेको ), भोटतर्फ जाँदा बाटामा पर्ने विकट पहाडी हिमाल, ल्हासा सहर र भोटबाट फर्कदा बाटामा पर्ने जङ्गल ( कुतीप्रद्श) को विशेष चित्रण गरिएको छ।कविले यी स्थानसँग सम्बन्धित सामाजिक परिवेशको खास चित्रण गरेका छन् तापनि तत्तत्स्थानीय प्रतिनिधिमूलक चरित्राङ्कनबाटै त्यहाँका सामाजिक परिवेशको सङ्केत गरिएको छ। कान्तिपुर निवासी आमाको पाटी र धारा परत्र सपार्ने चाहानाको चित्रणले यस खण्डकाव्यमा परलोकमा विश्वास राख्ने परम्परागत नेपाली सामाजिक परिवेश व्यञ्जित भएको छ भने मुनाको धन प्रतिको अनाकर्षण र मानसिक सन्तुष्टि मै सुखानुभूति गर्ने दृष्टिकोणको चित्रणले यहाँ धनको धाकमा सुख नदेख्ने आदर्शवादी सामाजिक परिवेशका झल्को पनि पाइन्छ। यसका साथै कान्तिपुर मदनमा पलाएको धनप्रतिको आकर्षण र व्यापारिक मनोवृत्तिको चित्रणले नेपाली समाजमा धनको धाकले प्रवेश गरिसकेको भौतिकवादी सामाजिक परिवेशको अर्को पाटालाई प्रस्ट पारेको छ। गुन्डा र नैनीका चरित्रबाट यस खण्डकाव्यका विषयवस्तुले कान्तिपुरको नेपाली समाजमा कुटुनीवृत्ति मौलाइसकेको एवम् स्वार्थ र षड्यन्त्रले प्रेवश पाइसकेको परिवेशगत स्थितिलाई व्यञ्जित गरेका छन्। बाटा मदनलाई हैजा लाग्दा, हैजा लागेकालाई कुर्दा अमङ्गल हुने अन्धविश्वास र विश्वासघाती मनोवृत्तिको उद्घाटनद्वारा यहाँ अन्धविश्वासबाट मुक्त हुन नसकेको तर धनका निम्ति धोका दिने प्रवृत्ति देखिइसकेको नेपाली सामाजिक परिवेशको अभिव भएको छ। यसरी नै जङ्गल निवासी भोटेको जीवनमा धनको कुनै महत्त्व नदेखाएपछि त्यहाँको

सामाजिक परिवेश आधुनिक अर्थतन्त्रका जटिलताबाट अस्पृश्य नै रहेको बुझिन्छ। यसैले गणेशलाल सुब्बाले भनेझैं "पुरानो सरल समाज – व्यवस्थाको पतिव्रता नारी मुनाका मनका मनमा सरल जीवनमा सुखदुःखको याद छँदै छ; यसको मनमा धनमाथि आधारित नयाँ समाज – वयवस्थाको  परेको छैन।..............' मुनामदन' काव्यमा नेपालको सामन्ती व्यवस्थाले समग्र जातिको जीवनमा ल्याएको गरिबीको चित्र झल्झली झल्किन्छ।तर यश व्यवस्थामा पनि धनको खेल सुरू भइसकेको छ; देशभित्र पनि अनि विदेशसित व्यापार र सौदाको विनिमयले गर्दार यसको गर्भका क्रमशः एक नयाँ शक्तिको उद्भव हुन्छ, एक सानो दर्बल, स्वदेशी बेपारी सम्प्रदाय अर्थात् आधुनिक पूँजीवादी व्यवसायी मध्यम वर्ग। यसैको प्रतिनिधि मदन हो।" यसरी पुरानो सरल अर्थतन्त्रबाट नयाँ जटिल अर्थतन्त्रको युगमा प्रेवश गरिरहेको नेपाली सामाजिक परिवेशको दृश्य विविध प्रतिनिधिमूलक पात्रीय चरित्राङ्कनका माध्यमबाट यस खण्डकाव्यमा खिँचिएको छ।यश खण्डकाव्यमा ल्हासाको सामाजिक परिवेशको चाहिँ खासै चित्रण गरिएको छनै तापनि तयसलाई सुनको  सहरका रूपमा र व्यापारिक केन्द्रका रूपमा चिनाई त्यहाँको सामाजिक सम्पन्नताको सङ्केतसम्म भने गरिएको छ। "ऊ मणिपदमे ऊ मणिपदमे भनेर हिँडेका/ कपाल थापी आशीर्वाद मागी बटुवा बढेका।" भन्ने उद्गारबाट ल्हासाको बौद्धधर्मावलम्बी समाजको सांस्कृतिक परिवेशलाई पनि यहाँ सङ्क्षेपमा प्रस्ट पारिएको छ। देवकोटाले भोटको सामाजिक परिवेशको प्राकृतिक चित्रण यसरी प्रस्तुत गरेका छन्-

"डाँडा र काँडा, उकाला ठाडा जङ्घार हजार

भोटको बाटो ढुङ्गा र माटो नङ्गा र उजार

कुइरो डम्म, हिउँले टम्म त्यो बीस फुलको

सिम्सिमे पानी बतास चिसो बरफझैँ डुलेको।"

। यसरी नै देवकोटाले मौलिक नेपालको सामाजिक घडेरीमा उभ्याएको अर्को खण्डकाव्य 'म्हेन्दु' खण्डकाव्यलाई पनि लिन सकिन्छ। यस खण्डकाव्य लक्ष्मीप्रसाद देवकोटाको लोकलयात्मक खण्डकाव्य हो र लोकलयलाई कवितात्मक प्रतिष्ठा दिने उनका सोचाइकै एक परिणति पनि हो। सामाजिक परिवेशविधानका दृष्टिले हेर्दा प्रस्तु खण्डकाव्यमा हेलम्बू र दादीतीरको स्थानीय परिवेशको चित्रण गरिनाका साथै त्यहाँको तामाङ , स्रपाजातिका सामन्तीकालीन सामाजिक परिवेशको पनि प्रस्तुति गरिएको छ। यसरी नै नेपालमा सहरिया सभ्यताको थालनी भइसकेको भए पनि

त्यसअनुसारका साँगुरा र छुच्चा सोचाइ र प्रवृतिको प्राधान्य नभइसकेको नेपाली सहरिया सामाजिक परिवेशको झल्को पनि पाइन्छ। म्हेन्दु र गुम्बुजस्ता पृथक जातीयता भएका युवक- युवतीका बीचको प्रेम देखाई नेपालमा कट्टर जातीयताका विरुद्ध अन्तर्जातीय विवाह गर्ने उन्मुक्त सोचाइ प्रस्फुटित भइरहेको नेपाली सामाजिक परिवेशको एक परिप्रेक्ष्य पनि यहाँ प्रस्फुटन भएको छ। यसै गरी वि.सं १९९५ सालमा उनले काठमाडौं देखि उत्तर रसुवा जिल्लाको उच्च पहाडी भेगमा पर्ने प्राकृतिक तीर्थस्थल गोसाइँकुण्डको यात्रा गरेका थिए र त्यस क्रममा उनले नेपालका उत्तरी भेगका उच्च पहाडी भूभागमा बसोबास गर्ने सेर्पाजातिका जीवनशैलीको अवलोकन गर्ने मौका पाए। वि.सं १९९२ मै रचिई प्रकाशित भएको आफ्नो 'मुनामदन' खण्डकाव्यमै उनले सहरी सभ्यतादेखि टाढाको प्राकृतिक संसारमा जीजन – यापन गरिरहेको भोटेका स्वार्थरहित जीवनपद्धतिलाई बढी मन पराउन थालेका थिए भन्ने कुरा पनि प्रस्टिइसकेको परिप्रेक्ष्यमा के भन्न सकिन्छ भने उनले यस खण्डकाव्यको रचनाका निम्ति उच्च पहाडी भेगमा बसोबास गर्ने सेर्पाजातिको प्राकृतिक जीवनशैलीबाटै उत्प्रेणा प्राप्त गरेका हुन्। वि.सं १९९५ तिरको उनको गोसाइँकुण्डतिरको यात्राको प्रतिफल तथा उनका सेर्पाजातिका संस्कृतिप्रतिको आकर्षकै परिणाम यस खण्डकाव्य हो । प्राकृतिक जीवनशैलीप्रतिको आकर्षक स्वच्छन्दतावादी प्रवृति हो र त्यस स्वच्छन्दतावादी प्रवृत्तिको एक स्वरूप हो यस लुनी खण्डकाव्य ।यस कुराबाटै पनि प्रस्ट हुन्छ कि यस खण्डकाव्यको सामाजिक धरातल नेपालको मौलिक रहेको छ। नेपालको हेलम्बु भन्ने ठाउँको सेर्पासमाजका लूनी र चाङ्ना नामक दई पात्रका जीवनमा घटेका प्रेमाकार्षण, वियोग र पुनः मिलन जस्ता मुख्य मसिना घटनाबाट बनेको कथावस्तु छ। अर्थात् यस खण्डकाव्यको मख्य सामाजिक थलो भनेको नेपालको हेलम्बु भन्ने ठाउँको रहेको छ। यसो भनौ यस खण्डकाव्यको स्थान र समाजका रूपमा हेलम्बू, केलिन्दी तीर, भोटको बाटो र ल्हासा जस्ता समाज अनि ती समाजमा बसोबास गर्ने सेर्पा र भोटेजातिका समाजको चित्रण गरिएका छन्। यीमध्ये भोटको बाटो र ल्हासाको चित्रण देवकोटाले आफ्नो प्रथम खण्डकाव्य 'मुनामदन' मा पनि गरेका छन्। यसका साथै हेलमेबू र केलिन्दीतीरको सामाजिक चित्रण अनि सर्पा र भोटे समाजको चित्रण देवकोटाले यश खण्डकाव्यमा नै प्रथमपटक गरेका हुन्। प्रस्तुत खण्डकाव्यको कथावस्तुले हेलम्बू र ल्हासाको सामन्तीकालीन समाजव्यवस्थाबारे प्रकाश पारेका छन्। यस खण्डकाव्यमा अभिव्यक्ति भएको विषयवस्तुको आधारभूमि भनेको हेलम्बू, ल्हासा र केलेन्दि र त्यस

भूमिमा क्रियाशील रहेका सेर्पा एवम् भोटे जातिका जीवनपद्धतिको तथा समाज व्यापक चित्रण रहेको पाइन्छ। वस्तुतः यस खण्डकाव्यमा हेलम्बू, ल्हासा र केलिनेदिका प्राकृतिक सामाजिक परिवेश एवम् सेर्पा र भोटेजातिका समाजमा पाइने सांस्कृतिक उत्सव, जात्रा, विश्वास, आस्था आदिको व्यापक चित्रण गरिएको छ। यस खण्डकाव्य वर्णित प्राकृतिक सुन्दर समाजको यस प्रकार देवकोटा हृदय स्पर्शी भाषा गरेका छन्-

"हरिन हलुका पयर

हरा वनको माझ

फूल- थुङ्गो शरीर

सिर्जनाकी ताज।"

देवकोटाको 'शाकुन्तल' महाकाव्य सामाजिक तथा स्थानगत दृष्टिले हेर्दा यसको मूल कथा तीन भागमा विभाजित रहेको छ। पहिलो भागमा नायकनायिका दुष्यन्त – शकुन्तलाको प्रथम मिलन, दोस्रो भागमा वियोग र तेस्रो भागमा चाहिँ पुनर्मिलनका घटना रहेको छ। प्रथम मिलनको सामाजिक स्थान महर्षि कण्वको आश्रम हो भने वियोगवृत्तान्तको स्थल नगरमा राजा दुष्यन्तको दरबारको सेरोफेरो हो अनि पुनर्मिलन भूमिचाहिँ पुनः हेमकूट पर्वतस्थित महर्षि कश्यपको आश्रम नै हो। घटनाक्रमलाई यश प्रकार तीन मुख्य सामाजिक स्थलमा विभक्त गरिएबाट के झल्किन्छ भने तपोवन सबै प्रकारका सुखशान्तिको स्थान हो र नगरचाँहि सबै किसिमका ताप – सन्तापहरूको स्थल हो। वास्ताव महाकवि कालिदासको जस्तै महाकवि देवकोटाको पनि के कुरामा अटुट विश्वास देखिन्छ भने नगरको कृत्रिम जीवनमा सुखशान्ती छैन, सुखशान्तीका लागि त प्रकृतिकै शरण पर्नुपर्छ – मानिस प्रकृतिबाट जति टाढा हुन्छ उति नै दुःखी र अशान्त बन्छ भने प्रकृतिको जति नजिक पुग्छ उति नै उसले सुखशान्ति प्राप्त गर्दछ। परिवेशचित्रणका दृष्टिले प्रस्तुत माहकाव्यमा खास गरि स्थानगत र कालगत प्राकृतिक परिवेशको चित्रण – वर्णन उच्च कवित्वका योगले अत्यन्त सशक्त बनेको अनुभव छन्छ। यथार्थमा यिनै प्राकृतिक सामाजिक परिवेशको विशेषतः मन्मय र अमूर्त चित्रण – वर्णनगत उच्च कवित्वमै प्रस्तुत महाकाव्यको मूल शक्ति आधारित रहेको छ। कविले यहाँ मुख्यतया महर्षि विश्वामित्रको तपोवन, कण्व ऋषिको आश्रमवन, कश्यपाश्रमको परिवेश मेनका स्वर्गबाट धरती(गोदावरी – वन) तर्फ ओर्लदाखेरिको आकाशपथ सान्ध्य वातावरण

तथा कश्यपाश्रममा वसन्तऋतुजस्ता स्थानतग र कालगत प्राकृति परिवेशलाई आत्मसात गर्दै र त्यसको उच्च कवित्वमय चित्रण – वर्णन गर्दै प्रकृति आमा हो, शिक्षालय हो तथा रोग – शोक दुःखको उपचारिका हो भनेर अनि जीवनको अन्तः प्रकृति र जगतको बाह्य प्रकृतिका बीच तादात्म्यसम्बन्ध दर्शाउँदै प्रकृति नै समपूर्ण कला, साहित्य, संस्कृति तथा अध्यातमचेतनाको पनि मूल स्रोत हो भनेर आफ्नो रोमान्टिक प्रकृतिवादी जीवनदर्शन प्रकट गरिरहेको पाइन्छ।

देवकोटाको ' शाकुन्तल' पछिको दोस्रो महाकाव्य 'सुलोचना' महाकाव्य हो र यो समग्र नेपाली साहित्यकै भानुभक्तको 'रामायण' र देवकोटाकै 'शाकुन्तल' पछिको तेस्रो महाकाव्य हो तथापि विषयवस्तुका दृष्टिले चाहिँ यो नेपाली साहित्यको सर्वप्रथम सामाजिक महाकाव्य ठहर्छ। यति मात्र होइन, यसअधिका उपर्युक्त दुई महाकाव्यमध्ये भानुभक्तको 'रामायण' संस्कृत अध्यात्मरामायणको नेपाली रूपान्तर र देवकोटाकै शाकुन्तलचाहिँ महाकवि कालिदासको संस्कृत नाटक 'अभिज्ञानशाकेन्तल' को कथानकमा आधारित रहेको परिप्रेक्ष्यमा नितान्त कविकल्पनाप्रसूत प्रस्तुत 'सुलोचना' देवकोटाको मात्र होइन, अपितु समुच्चय नेपाली साहित्यकै पहिलो विशुद्ध मौलिक महाकाव्य पनि ठहरिन्छ। सामाजिक परिवेश चित्रणका दृष्टिले यश माहकाव्य काठमाडौंका ज्ञानेश्वर, बानेश्वर, त्रिपुरेश्वर, तथा सुन्दरीजल र शिवपुरी जस्ता ठाउँहरूलाई कथानकका प्रमुख केन्द्रस्थल बनाउने प्रस्तुत महाकाव्यमा उपर्युल्लिखित सुन्दरीजल र शिवपुरीको सामाजिक प्राकृतिक परिवेशको चित्रण – वर्णन रहेको छ।

देवकोटाको देहावसानपछि मात्र वि.सं २०१८ सालमा प्रकाशित महाकाव्य 'प्रमिथस' देवकोटाको माहकाव्य यात्राको अन्तिम महाकाव्य हो। माहन् ग्रीक दुःखान्त – नाटककार एस्किलसको 'बन्दी प्रमिथस' ( प्रमिथस बाउन्ड) र अङ्ग्रेजीका महान् रोमान्टिक कवि शेलीको 'मुक्त प्रमिथस' ( प्रमिथस अनबाउन्ड) नामक प्रमिथस गाथाबाट प्रेरित र प्रभावित भएर देवकोटाले प्रस्तुत महाकाव्यको रचना गरेका छन्। देश- काल- परिस्थिति (सामाजिक चित्रण) वा परिवेशको चित्रणका सन्दर्भमा प्रस्तुत महाकाव्यमा देवकोटा आफ्नो स्वच्छन्दतावादी प्रवृत्ति अनुरूप कतै प्राकृतिक परिवेश, युनानको प्राकृतिक परिवेश, ककेशश पर्वतको प्राकृतिक परिवेश आदिको चित्रणतर्फ आकर्षित रहेका र त्यसबाहेक देश – कालको बाह्य भौतिक – सामाजिक परिस्थिति भन्दा विशेष गरि पात्रहरूका आन्तरिक – मानसिक स्थिति – परिस्थिति कै काव्यात्मक चित्रणमा तल्लीन रहेको देखिन्छन् ।

देवकोटाले वि.सं १९८७ तिर चारवाट गीतहरू रचना गरेका थिए। ती हुन्-

(अ) तोतेबोली नफुट्दैमा

(आ) नपाऊँ पोइ घुर्ने

(इ) फुल्यो आलुबखडा

(ई) भो भो दिदी जान्न म ता।

उपर्युल्लिखित चार गीतमध्येका पहिलो गीत 'गोतेबोली नफुट्दैमा' चौध अक्षरको वार्णिक छन्द वा लोकलय अँगालेर लेखिएको छ। यस गीतमा एउटी बालविवाहता नारीले 'माइती' सम्झँदै वा सम्बोधन गर्दै आफ्नो मनको बह पोखिराखेको शैलीमा संरचित यस गीतमा कविले तत्कालीन नेपाली समाजमा प्रचलित बालविवाह प्रथा र नारीशिक्षाविरोधी भावनाप्रति असन्तोष व्यक्त गरिरहेको तथा अपहेलित – द:खित नारीप्रति सहानुभूति दर्साइरहेका छन्। यस्तै दोस्रो गीतमा एउटी विवाहयोग्य नेपाली युवतीले आफ्नो जीवनसँगीका रूपमा राष्ट्रिय वेशभूषा र स्वदेशी चालचलनका नेपाली युवक होइन, अपितु पाश्चात्य चालढालका अङ्ग्रेजीबाज केटा मिलोस् र आफू मेमझै बनी हिँड्न पाइयोस् भन्ने व्यङ्ग्यात्मक समाज चित्रपट प्रस्तुत भएको छ। यसरी नै देवकोटाका उत्कृष्ट फुटकर कविताहरू मध्ये एक हो 'गाइन् तिनले घँसिया गीत' । यश कवितामा अङ्ग्रेजी कवि वर्डस्वर्थको 'दी सोलिटेरी रिपर' को प्रभाव र प्रेरणा परेको पाइए तापनि स्थानीय रङ्ग सहित कविको निजत्व वा मौलिक पनि प्रशस्त छन्। यस कवितामा सुन्दर झरना झरिरहेको पहाडको रमणीय काखमा साँझपख चराहरू चिरबिराइरहेको वेला एक्लै एउटी बैँसालु सुन्दरी घँसिनीले घाँस काट्दै गाइरहेका सहज – मधुर गीतलाई विषयवस्तुका रूपमा अँगाल्ने यो कविता वस्तुतः त्यहाँको त्यतिखेरको अतिशय रमणीय प्राकृतिक सङ्गीत तथा सौन्दर्यद्वारा अत्याधिक भावविह्वल एवम् आनन्दित – पुलकित बनेका कविको भावोल्लास आनन्दोल्लासको एउटा सुन्दर मधुर गीत हो। यसरी यश कवितामा पनि ग्रामीण सामाजिक पक्षका घडेरीमा उभिएको छ।

## 10.5 देवकोटा कृतिहरूमा निहित सांस्कृतिक पक्ष –

साहित्यिक कृतिमा निहित सांस्कृतिक पक्षको विवेचना गर्न अघि सांस्कृतिक शब्दको अर्थ स्पष्ट हुन आवश्यक छ। नेपाली शब्दकोशका आधारमा सांस्कृतिक शब्दको अर्थ संस्कृतिसँग सम्बन्ध भएको ; संस्कृतिका क्षेत्रमा हुने, आउने वा मिल्ने( जस्तो –

सांस्कृतिक प्रेरणा, सांस्कृतिक महत्त्व, सांस्कृतिक सद्भावना आदि) भन्ने हुन्छ। यसैले यहाँ संस्कृतिको पनि अर्थ जान्नु आवश्यक रहेको छ। शब्दकोशका आधारमा संस्कृतिको अर्थ हुन्छ- धेरै समयदेखि देशकालसापेक्ष भई आन्तरिक, वैचारिक तथा परम्परागत धारणाका रूपमा विकसित हुँदै आएको र आचारविचार, रहनसहन आदिका माध्यमले कुनै राष्ट्र, समाज, जाति आदिको स्वरूप खुट्टिने यावत् मान्यता, भावना, चिन्तनमनन, भौतिक अभिव्यक्तिहरूसमेतको समूह वा साधन – भन्ने हुन्छ। यसरी एउटा साहित्यिक कृति उभिएको सामाजिक धरातल अनि त्यहाँ भित्रका यावत् संस्कार, संस्कृति र परम्परा सँग सम्बन्धित मान्यताका भावहरू नै कृतिमा निहित सांस्कृतिक पक्ष हो। साहित्यिक कृति भित्र निहित समाजको आफ्नै व्यवस्था हुन्छ, आफ्नै परम्परा हुन्छ, आफ्नै संस्कार र संस्कृति हुन्छ। ती सबै पक्षलाई कृतिमा निहित सांस्कृतिक कुरा भन्न सकिन्छ ।यसैले प्रस्तुत एकाइको यस भागमा देवकोटाका कृतिहरूमा निहित सांस्कृतिक पक्षको अध्ययन गरिनेछ ।

देवकोटाको 'शाकुन्तल' महाकाव्य रुसो – वर्डस्वर्थको ' प्रकृतितिर फर्क'( back to nature ) बाट र कालिदास – रवीन्द्रको पूर्वीय प्राचीन तपोवन – सभ्यताको महिमायायनबाट उत्प्रेरित अनि नागर जीवन र सामन्ती सभ्यता तथा अौद्योगिक युगका कृत्रिम – यान्त्रिक जीवनबाट उद्विग्न प्रकृतिकेन्द्री रोमान्टिक महाकवि देवकोटा 'शाकुन्तल' समसामयिक समाज – जीवनका सांस्कृतिक पक्षलाई पकृतिमय प्राचीन आर्यसंस्कृतितिर प्रत्यावर्तित गर्न चहान्छन्। कविको यही चाहना यद्वा सांस्कृतिक पुनर्जागरणको स्वर नै प्रस्तुत महाकाव्यको मूल स्वर हो। पूर्वीय प्राचीन संसारको कथा(प्राचीन आर्यसंस्कृति) आफूलाई अतिशय मन पर्ने कुरा व्यक्त गर्दै कवि यश महाकाव्यमा भन्छन् - "हामीले आफ्नो अतीतको गौरव गाथालाई नसम्झने हो र अतीत आदर्शको अनुसरण नगर्ने हो भने हाम्रो वर्तमान जीवन सासै फेर्नु जस्तो मात्र हुन्छ- अत्यन्त क्षुद्र, दीनहीन मृतकतुल्य बन्छ।" वास्तवमा, कवि वर्तमानसँग अर्थात् राष्ट्रिय स्तरमा राणाकालीन सामन्ती युगका दीनहीन मृतकप्रायः नेपाली जीवनसँग र अन्तर्राष्ट्रिय स्तरमा अौद्योगिक युगका कृत्रिम – यान्त्रिक जीवन जिउने पाषणकल्प हृदयहीन मनुष्यहरूसँग असन्तुष्ट रहन्छन् अनि आर्यसंस्कृतिको त्यो स्वर्णयुगलाई सम्झँदै त्यसको पुनः स्थापनाद्वारा वर्तमान समाज – जीवनको समुत्थान, पुननिर्माण वा परिष्कार चाहन्छन् । 'वर्तमान जीवन दीनहीन र मृतकतुल्य छ' यही नै 'शाकुन्तल'मा पाइने युगीन यथार्थको प्रतिध्वनि हो भने त्यो दीनहीन र मृतकतुल्य जीवनलाई तागत दिन र पोषण पुर्याउन आफ्नो पुर्खाका आदर्शको सम्झना गर्नु अर्थात्

आर्यसंस्कृतिको सुनौला यामहरूतिर भावनात्मक प्रत्यावर्तन चहानु यस महाकाव्यको सांस्कृतिक पुनर्जागरणको स्वर हो। यर्थाथमा, यही सांस्कृतिक पुनर्जागरणको स्वर नै 'शाकुन्तल' को मूल स्वर हो र मुख्यतया यही स्वर घर- घरमा घन्काएर कवि मृतकतुल्य सुषुप्त नेपालीहरूलाई बिउँझाउन चाहन्छन् र उनीहरूका दीनहीन वर्तमान जीवनलाई प्राचीन आर्य आदर्श र मूल्यसम्बन्धी आचार- विचारका बिज रोपेर महिमामय बनाउन चाहन्छन्। वस्तुतः प्रकृतिमय प्राचीन पूर्वीय सभ्यता वा आर्यसंस्कृतिका महान् गायक महाकवि देवकोटाको गहिरो सम्बन्ध छ र नेपालको तात्कालिक सामाजिक – राजनैतिक परतन्त्रता – विवशताका सन्दर्भमा देवकोटाका यी रोमान्टिक परिकल्पनाहरू महत्त्वपूर्ण छन्।

महाकवि देवकोटा स्वयमले प्रथम सर्गमा भनेझैं यस महाकाव्यमा घरगृहस्थीका अर्तीबुद्धिका निम्ति गौतमी, नैतिक – राजनैतिक उदात्त चेतनाका निम्ति दुष्यन्त, वैभवविलासका निम्ति दुष्यन्त र इन्द्रको दरबार, आदर्श र अमर प्रेमका निम्ति शकुन्तला, तप – तपोवन तथा आध्यात्मिक ज्ञानगुनका निम्ति कण्व – कश्यपप्रभृतिका प्राचीन आदर्श वर्तमानप्रति सङ्केतित छन्। विशेष गरेर कण्व – कश्यपको तपोवन र दुष्यन्तको राजधानीका माध्यमबाट अतीत – यात्रा र युय – यात्रा एकसाथ गर्दै तथा आर्यसंस्कृतिको त्यो उषाकालमा ईश्वर, प्रकृति र मान्छेका माझ निकट – एकाकर अनुभूति थियो भन्दै कवि त्यो अतीतसँग वर्तमानलाई जोड्न चाहन्छन् अथवा त्यो अतितलाई वर्तमानमा प्रतिष्ठापित तुल्याउन चाहन्छन् । यस प्रकार सांस्कृतिक उद्यानका साथै सामाजिक पाठशाला पनि बनेको प्रस्तुत महाकाव्यमा देवकोटा महाकवि कालिदासझैँ 'अनङ्ग मुर्दा छैन, विषय – वासना उपेक्षिणीय छैन र जीवनको काम र अर्थहरू प्रभावशाली छन्' भन्ने अनुभव गर्दागर्दै पनि प्राकृतिक र आध्यात्मिक पवित्रता तथा त्याग  र मोक्षहरू पनि उत्तिकै स्पृहणीय ठान्छन्। जीवनका यी राग- भोग र त्यागका वृत्तिको अन्तर्द्वन्द्व प्रस्तुत महाकाव्यमा विश्वामित्रका तपस्या र तपोभङ्गबाटै थालिन्छ भने शकुन्तलाका उल्लास, पीडा र साधना अनि दुष्यन्तका चपलता, पुरुषार्थ, पश्चात्ताप र सान्त्वनाबाट सो वृत्ति यस 'शाकुन्तल' मा संश्लेषणसम्म पुगेको छ। तेइसौँ सर्गमा व्यक्त कविका धारणा अनुसार सुरहरू ईश्वरीय सत्यमा श्रद्धा गर्छन् भने असुरहरू प्रकृतिका सत्यमा बल गर्छन्; ऋषिहरू आत्माको सत्यमा मन लगाउँछन् भने राजाहरू लौकिक सत्यमा सशक्त हुन्छन्; तर राजर्षि दुष्यन्त मृर्त्य र आत्मिक अनि ज्ञानी र विज्ञानी हुँदैहुँदै जीवनको परिपूर्णता अँगाल्दै असुरलाई जित्छन्, सुरलाई कृतार्थ पार्छन्, यो लोक जित्छन् र

परिपक्क हुन्छन् र महर्षि कश्यप दुष्यन्त- शकुन्तलालाई आदर्श जीवनको दीक्षा दिन्छन्। सारांशमा, मान्छे प्रकृतिद्वारा दिव्यतासम्म पुग्छ र मान्छे भोग, तपस्या र समन्वयबाट जीवन परिपूर्णतासम्म पुग्छ भन्ने स्वर नै 'शाकुन्तल' महाकाव्यमा पाइने सांस्कृतिक पक्षको मूल स्वर हो। त्यो स्वर सुसेल्ने सन्दर्भमा वर्तमान दीनहीन मृतकतुल्य जीवनको ध्वनि – व्यञ्जनाचाहिँ भेटिने युगीन प्रतिध्वनि हो।

चौबीस सर्गमा रहेको माथि उल्लेखित 'शाकुन्तल' महाकाव्य तीनै महिनामा लेखिएको कुरामा शङ्का उत्पन्न हुँदा देवकोटाले आल्नो महाकविय गुण शक्त प्रमाणित गर्न तत्कालीन नेपाली भाषानुवाद परिषद् अड्डामा अड्डाका हाकिम पुष्करशमशेरद्वारा सङ्केत कथावस्तुका आधारमा प्राहः अड्डाकै समयभित्र घडी हेरेर लेखी दसै दिनमा तयार पारिएको हो यो- सुलोचना महाकाव्य । वि.सं १९९५ सालतिरको राणाकालीन नेपाल र अझ खास काठमाडौँली सङ्क्रमणकालीन समाजको सांस्कृतिक यथातथ्य चित्रणमा आधारित कथावस्तुले गर्दा कवि स्वयमले यश महाकाव्यको भूमिकामा स्वीकार गरेझैं पद्यात्मक वा कवितात्मक उपन्यास जस्तो र सो सङक्रमणकालीन समाजको सांस्कृतिक पक्ष उक्त बूढो – पुरानो र युवा – नयाँ पुस्ताका मान्यताबीचको द्वन्द्वचित्रणले र साथै वस्तुविधानका क्रममा ठाउँ ठाउँमा नाटकीयता(जस्तै – सर्ग ३ मा आफ्ना सहपाठी मर्दनदाजुभाइहरूका जोडले उनीहरूको घरमा पुगेका अनङ्ग फर्कन लाग्दा बाटो बिराएर बगैँचातर्फ पुग्नु र त्यहाँ सुलोचना सँग उनको प्रेमालाप हुनु, सर्ग ४मा ईश्वरको अस्तित्वबारे दाजुभाइ र अनङ्ग तथा सुलोचनाका बीच गरमागरम बहस चलिरहेको बेला कोठामा एक्कासि पसेर शत्रुमर्दनले अनङ्गलाई अपमानित गर्नु, सुन्दरीजलमा ज्यापू ज्वानुको झेपडीमा बिरामी बच्चाका साथ सुत्केरी बिजुलीसित तिमिरमर्दनको अप्रत्याशित भेट भई दुवै प्रणयबन्धनमा बाँधिनु, सुलोचनाको पतिघरमा नोकर बस्न आएको जैमानेले प्रसङ्गवश तर अप्रत्याशित रूपमा अनङ्ग र सुलोचनाको प्रेमकथा बताउनु र त्यही रात दुई प्रेम- अनङ्ग र सुलोचनाका बीच आफू बाधक बनेको अपराधबोधले विलाससिंहले एक्कासि आत्महत्या गर्नु जस्ता घटना) ले गर्दा कवितात्मक नाटकजस्तो पनि प्रतीत हुने प्रस्तुत महाकाव्यमा प्रतिस्पर्धात्मक आशुलेखनको द्रुतवेगको उपजस्वरूप असंयम र अपरिमार्जनले गर्दा आख्यान (वस्तुसङ्गठन, चरित्रनिर्माण र वातावरणयोजना) तथा संरचना( (सर्गबन्ध) दुर्बल र कवित्व प्रबल बनेको अनि आख्यान र कवित्वका बीच सन्तुलन पनि अधिकांश खजमजिएको पाइन्छ। विशेष गरेर तत्कालीन रूढ समाज सांस्कृतिक परम्परागत मान्यताले पिल्सिएका नयाँ

पुस्ताका प्रतिनिधि पात्र नायिका सुलोचनाको कारूणिक स्थितिको चित्रणमा र नायक अनङ्गका कथन- अभिव्यक्तिमा सङ्गीतमय अनुभूति वा कवित्वले अपेक्षाकृत तीव्र स्थिति प्राप्त गरे तापनि द्रुततर लेखनले गर्दा यस महाकाव्यमा कवित्वको त्यो उच्च स्थिति सर्वत्र समान रूपमा कायम रहन सकेको छैन। तत्कालीन नेपाली समाजमा साधारणतया प्रेमपछि विवाहलाई होइन, विवाहपछिको प्रेमलाई र अझ प्रेमलाई भन्दा विवाहलाई नै बढी महत्त्व दिइन्थ्यो। अनि त्यो विवाह पनि गर्ने केटा र केटीको इच्छाअनुसार भन्दा विवाह गरिदिने तिनका अभिभावक बाबुआमाको इच्छाअनुसार सम्पन्न गरिन्थ्यो । यसरी विवाह गरिदिने बाबुआमाहरूको इच्छाचाहिँ आफ्ना छोराछोरीको विवाह आफ्नो कुलघरान मिल्नेसँग तथा धन, मान र इज्जत मिल्नेसँग गरिदिने संस्कार थियो। यसरी विवाह गरिदिइसकेपछि पतिपत्नी बीच पछि प्रेम र मेलमिलाप संवत्ः एव भईहाल्छ भन्ने धारणा उनीहरूको थियो। उनीहरू आफ्नो कुलघरान तथा धन, मान र इज्जतको घमन्ड गर्थे। बालविवाह , अनमेल विवाह  तथा बहुपत्नी विवाहलाई उनीहरू मान्यता दिन्थे तर विधवाविवाहलाई, विवाहविच्छेद र स्त्रीपुनर्विवाह तथा अन्तर्जातीय विवाह र प्रेमविवाहलाई भने धर्म विरूद्ध ठहराउने सांस्कृतिक मापदण्ड थियो। वर्तमान समयमा पनि समाजमा कानुनले नारी र पुरूषको हरेक क्षेत्रमा समान हक छ भने तापनि व्यवहारतः नारीभन्दा पुरुषकै महत्त्व र प्राधन्य रहेको देखिन्छ भने उसबेला त कुरै भएन। उसबेला कुलघरान, इज्जत र जातका कट्टर बाबू आफूलाई आफ्नो घरका राजा ठान्थे र आफ्नो जहानछोराछोरीहरूउपर निरूङ्कुश हैकम चलाउँथे। बुद्धि र विवेकका ठेकेदार उनीहरू आफैँलाई सम्झेन्थे। त्यस केलाका यस्ता जातभातका कट्टर आफ्नो कुलघरानका घमन्डी, कप्तान – कर्णेलजस्ता दर्जा र दरबारको सम्बन्धले गर्दा अरूलाई गन्दैनगन्ने बनेका बाबुसाहेक तथा धनसम्पत्तिको सान देखाउने समान्तहरूका प्रतिनिपात्र हुन् प्रस्तुत माहकाव्यका शत्रुमर्दन र मखना। यसप्रकार देवकोटाका महाकाव्यहरूमा विविध समाज सांस्कृतिक पक्षहरूलाई केलाएर हेर्न पनि सकिन्छ ।

दवकोटाको 'मुनामदन' खण्डकाव्य  नेपाली समाज व्यवस्था र मदन धन कमाउन भोट ताथ ल्हासा जाँदा प्रस्तुत भएको सांस्कृतिक पक्षको वर्णन पाइन्छ । यस खण्डकाव्यमा स्थानका रूपमा आएका यी दुवै अञ्चलहरूमा निहित सामाजिक चित्रण रहेको छ। यश खण्डकाव्यमा मूलतः हिन्दु धर्म संस्कृति देखा परेको छ भने बौद्ध धर्म संस्कृतिको

**Notes**

पनि थोरै मात्रामा चित्रण पाइन्छ। कान्तिपुर निवासी आमालाई पाटी र धारा बनाई परत्र सपार्ने मदनको इच्छाबाट नै हिन्दु धर्र संस्कृतिको प्रधान्य स्थापित हुनछ भने

"ऊ मणिपद्मे ऊ मणिपद्मे भनेर हिँडेका

कपाल थापी आशीर्वाद मागी बटुवा बढेका।" भन्ने उद्गारबाट ल्हासाको बौद्धधर्मानुयायी समाजको सांस्कृतिक परिवेशलाई पनि यहाँ सङ्क्षेपमा प्रस्टै पारिएको छ। वि.सं १९९६ मा लक्ष्मीप्रसाद देवकोटाले मुनामदन खण्डकाव्य दिएका हुन्। यस प्रथम काव्यकृतिले लक्ष्मीप्रसाद देवकोटा स्वाभाविक सांस्कृतिक कवि सिद्ध गरिदिएको छ। अहिलेसम्म समाजमा बुद्धिजीवी वर्गको धारणाबाट आफूलाई जनताका कवि र प्रतउनि छाने। मुनामदन रच्नमा देवकोटाको सामान्य जन – भावनाको समादर गरि जनजागरण गर्ने उदेश्य थियो। उक्त काव्यको भूमिकामा उहाँ झ्याउरे लयको महत्त्व बताउँदै लेख्छन् –

कया राम्रो, मीठो नेपाली गाना झ्याउरे भनेको

यो खेत भित्र बिरुवा रोपैँ नदेखी खनेको ।

अनि यसको अझ प्रगति हुने कुरामा विश्वस्त हुँदै भन्छन्-

फुलेर जाओस् वैलेर जाओस् ईश्वर इच्छा हो

पयर मनी नकुल्च भाइ यो मेरो भिक्षा हो

यो फुलिजाओस्, यो फैलिजाओस! वसन्त डाकन

झ्याउरे भनी नगर हेलाँ हे प्यारा सज्जन !

हुन त प्रतेक कवि एक स्वतन्त्र तानाशाह जस्तो हुन्छ तर त्यसका भावनाले पनि कतै न कतैबाट श्रृङ्खला लिएकै हुन्छ। जुनबेला यो काव्य लेखियो त्यसबेला विदेशी संस्कृतिक नेपालमा पनि भित्री सकेको थियो तथापि देवकोटाले प्रस्तुत खण्डकाव्यमा नेपाली परम्परा सँग सम्बन्धित संस्कृतिको प्रस्तुत गरेका छन्। यो खण्डकाव्य नेपाली भ्याउरे लोकलयका मिठासबाट उत्प्रेति भई त्यसै नेपाली लोकलयमा रचिएको उत्कृष्ट एवम् लोकप्रिय खण्डकाव्य हो।

यस्तै प्रकारले देवकोटाको ' म्हेन्दु' खण्डकाव्य पनि उत्कृष्ट नेपाली सांस्कृतिक पक्षको प्रस्तुति भएको छ। यस खण्डकाव्यमा हेलम्बू र तादीतीरको स्थानीय परिवेशको चित्रण पाइन्छ। जहाँ बसोबास गर्ने तामाङ- सर्पाजातिका विविध सांस्कृतिक पक्षलाई

प्रस्तुत गरिएको छ। यसमा तामाङ जातिको बोली, लय, चालचलन र अन्य सांस्कृतिक पक्षको प्रस्फुटन भएको कवितात्मक चित्रण यस खण्डकाव्यमा पाइन्छ।

यसरी नै देवकोटाले अन्य विविध सांस्कृतिक पक्षको उजार गर्ने काव्य कृतिहरू रचेका छन्। देवकोटाको 'गाइन् तिनले घँसिया गीत' शीर्षक कवितामा ग्रामीण नेपाली सांस्कृतिक पक्षलाई प्रस्तुत गरेका छन्। यसरी नै देवकोटा 'यात्री' शीर्षक कविता मानवतवादी संस्कारको प्रस्तुति पाइन्छ। यसरी नै भिखारी शीर्षक कवितामा भिखारी भनेको पृथ्वीमा दया र करूणाको भिक्षा माग्न आएको ईश्वरको प्रतीक हो भिखारी प्रति मानिसमा दया र करुणाको भाव जगाउँदै मानवीय सांस्कृतिक पक्षको प्रस्तुति भएको छ।

## 10.6 देवकोटाका कृतिहरूमा निहित मानवीय मूल्य अनि सार्वजनीनता

एउटा कृति मानवीय मूल्य अनि सार्वजनीनताको अध्ययन गर्न अघि यी दुवै शब्दको अर्थ स्पष्ट हुन आवश्यक हुन्छ। नेपाल शब्दकोशमा मानवीयको अर्थ मानवसम्बन्धि; मानव वा मनुष्यको तथा मानिस भएर गरिने मनुष्योचित भन्ने हुन्छ र मानवीय मूल्य भन्नाले मानव वा मनुष्योचित मूल्य बुझिन्छ । यसैगरी सार्वजनीन भन्नाले विश्वजनीन, सार्वभौम, सार्वजनिक भन्ने अर्थ लाग्छ।

देवकोटा मूलतः स्वच्छन्दतावादी कवि हो हो। आधुनिक नेपाली कविताका क्षेत्रमा कविशिरोमणि लेखनाथ पौड्यालका कवितामार्फत परिष्कारवादी धाराको वर्चस्व रहेको युगीन पृष्ठभूमिमा कवि देवकोटाको सार्वजनिक उदय वि.सं १९९१ को मङ्सिर १५ गतेको गोर्खापत्र मा छापिएको 'पूर्णिमाको जलधि' भन्ने कविताद्वारा भएको हो। उक्त पूर्णीमाको जलधि कविताका साथै सोही वर्षको फागुनमा 'शारदा' पत्रिकामा छापिएको 'गरीब' कवितामार्फत उनले आधुनिक नेपाली कविताका क्षेत्रमा स्वच्छन्दतावादी धाराको नवप्रवर्तनतर्फ पाइला टेके। आफ्नै पिताका छन्दोबद्ध रचनाका साथै संस्कृतभाषाका माहकवि कालिदास र नेपाली भाषाका परिष्कारवादी धाराका (पूर्वस्वच्छन्दतावादी चेत पनि आंशिक रूपमा अन्तर्निहित रहेका) अग्रीण कवि लेखनाथ पौड्यालका पद्यात्मक रचनाबाट कविता रच्ने प्रारम्भिक प्रेरणा पाएको भए पनि र आफ्नो नेपतुथ्यकालीन कवितायात्राको अन्तिम वर्षमा रचिएको 'सावित्री - सत्यवान्' भन्ने पद्यनाटकमा नेपाली भाषाकै परिष्कारवादी पद्यनाटककार

Notes

बालकृष्ण समको पद्यनाट्यकारिताबाट समेत प्रभावित भएको जस्तो लागे पनि १९८५ सालमा प्रकाशित 'वसन्त षोडशी' कवितामै रुमानी पारा देखाइसकेका देवकोटाले आफ्नो सार्वजनिक कवितायात्राको थालनी भने आफ्नै किसिमको नयाँ स्वच्छन्दतावादी धारा अँगाली पूर्वोक्त दुई कविता ( पूर्णिमाको जलधि र गरीब) का माध्यमबाट गरेका हुन्।

महाकवि देवकोटाको कृति भित्र मानवीय मूल्य तथा मानवतावादी स्वर स्पष्ट सुनिन्छ । चाहे त्यो स्वच्छन्द प्रकृति प्रेममा होस् या उग्र बिद्रोही स्वरमा देवकोटाले मानव मूल्यकै पक्ष वकालत गरेका छन्। देवकोटाले मानवता के होखर मान्छेले मान्छेलाई कस्तो व्यवहार गर्नु पर्दछ भन्ने कुरालाई मुनामदन खण्डकाव्यमा व्यक्त गरेकोले छन्। जो एक राष्ट्रको सिमित घेराभित्र नकुजिएर विश्वजनीन विषय रहेको छ। नेपालकै सीमा रेखाभित्रकै विषयवस्तु रहेको कृतिले परोक्ष रूपमा सार्वजनीन विषय, विश्वजनीन भाव वहन गरेकै छ। कुनै पनि पक्षमा। जब मदनलाई बाटामा हैजा लाग्छ, उनीसँग गएका आफ्नै साथीभाइहरूले पनि उनलाई छोडिदिन्छन्। मदन साथीहरूसँग अनेक बिलौना गर्दै भन्छन्-

मानिसको आँसु मानिसले पुछनु सबैको धर्म हो।

यहाँ देवकोटाले मानवतालाई धर्मसँग धर्मसँग जोडेका छन्। मानव कल्यान भन्नू नै धर्म हो। यसै कथन उनको 'यात्री' कवितामा प्रतिबिम्बित भएको छ। यो संसारमा मानिसको दुःखमा साथ दिने मानिसै हुन्छ। मानिसप्रति दया, माया, उपकार र सहयोग नै हो मानवियता भनेको । जो मानिसमा मानवियता हुँदै उसले यी कुराहरू गर्दैन। यसको विपरीत उसले मानिसलाई दुःख दिने, भय र त्रास देखाउने, यहाँसम्म कि ज्यानै पनि लिने कामसमेत गर्दछ। यो हो मानिसको राक्षसी प्रवृत्ति । जो वर्तमान विश्वको सर्वजनीन विषय हो।

मुनामदनमा देवकोटाले मानिसको चरित्रलाई दुष्ट, धोकेबाज र सहृदयीको रूपमा पनि प्रस्तुत गरेको पाइन्छ । बिरामी परेर मर्ने अवस्थामा पुगेको साथी अर्थात् मदनलाई जङ्गलमा नै छोडिदिने आफ्नै साथीभाइ पनि छन् भने त्यस्तो आपत – विपतमा परेको अपरिचित मानिसलाई दया, माया र सहयोग गर्ने मानिस अर्थात् भोटे पनि छन्।

को रून्छ भनी भोटेले हेर्छ, देख्दछ बिरामी

मायाले भन्छ, साथी र भाइ रहेछ हरामी ।

जब बिच जङ्गलमा मदनलाई बिरामी र असहाय  अवस्थामा भोटेले भेट्छ तब ऊ सर्वप्रथम मदनका साथीभाइलाई हरामी अर्थात् बेइमान, धोकेबाज, दया – माया नभएको भनेर गाली गर्दछ। यसबाट के प्रष्ट हुन्छ भने मदनलाई बिरामी हालतमा भेट्दा भोटेमा जुन दयाभाव र माया पलायो त्यही नै हो मानवियता र मानवीय मूल्य। असल मान्छेमा हुन पर्ने गुण भनेकै त्यही हो।

मेरो छ घर एक कोष पर, तिमी ता मर्दैन

म बोकी लान्छ, हुन्छ कि हुन्न, फरक पर्दैन ।

यसैलाई भनिन्छ मानवताको भाव मान्छे भित्रै ईश्वरको बाँस हुन्छ र दीनदुःखीलाई सहायता गर्नु नै मानविय धर्म हो भन्ने भाव। मदनको हिँडेर जान नसक्ने अवस्थालाई विचार गरेर भोटे उनलाई बोकेर नै आफ्नो घर लैजान्छ र आश्वस्त पार्छ तिमी मर्दैनौ भनेर अनि मदनलाई विश्वास पनि दिलाउन चाहन्छ, ऊ मदनका साथीभाइ जस्तो धोकेबाज होइन। उसको घर गएमा कुनै फरक पर्दैन । यश प्रकार देवकोटाले भोटेलाई एउटा मानवीय गुणयुक्त असल, इमानदार र दयालु स्वभाव भएको मान्छेको रूपमा प्रस्तुत गरेका छन्। उसमा कुनै लोभलालच छैन। कुनै छल कपट छैन। ऊ स्वच्छ हृदयको मान्छे हो र जो अरूलाई सहयोग गर्न तयार छ। जो व्यक्तिमा कपटभाव र लोभलालच हुँदैन उसमा मानवीयताका धेरै गुणहरू हुनछन्। तर आजको संसारमा मुना मदनको भोटे  जस्तो  व्यक्ति पाउन निकै मुस्किल छ। देवकोटाले यश खण्डकाव्यबाट यसरी मानवीय मूल्य ह्रास्र हुँदै गई रहेको विश्वजनीन विषय पस्केका छन्। यस प्रकार देवकोटाले आफ्ना कृतिहरूका माध्यमबाट विविध मानवीय मूल्यहरू बारे चिन्तन प्रस्तुत गरेका छन्।

यसका साथै देवकोटाले आध्यात्मिक दर्शनका भावभूमिबाट पनि मानवीय मूल्य अनि विश्वजनीन तथा सार्वजनीन विषयहरू पस्केका छन्। देवकोटाका धेरै रचनाहरू भारती आर्य संस्कृति अथवा भनौँ हिन्दु संस्कृतिलाई आदर्शका रूपमा अङ्गीकार गर्न पुग्छने। यश कुराको चरम पोषण शाकुन्तल महाकाव्यले गर्दछ। त्यसमा उनले भनेका छन्:

"दाढीबाट सफ्द ब्यास ऋषिको गङ्गा बनेको कथा

ओर्ली सल्वल कल्कलाउन चली पूर्वीय मैदानमा।

मीठो लाग्छ मलाई ता प्रिय कथा प्राचीन संसारका।"

प्राचीन आर्य संस्कृतिका घडेरीमा उभिएको हुदाहुदै पनि देवकोटाको काव्यकृतिहरको मूल ध्येय मानवीय स्वर नै हो। यसरी नै देवकोटा 'वनकुसुम' मा वास्तविक संसारभन्दा पर एउटा नयाँ काल्पनिक संसारको निर्माण गर्न, त्यहाँ मानवता प्राप्त गर्न र त्यसै संसारमा रमाउन चाहन्छन्-

"बस्ती एक बसाउँछु, म रसिलो भित्री हृदाकाशमा

सामग्री मनका लिएर सुखका सत्कल्पनाभासमा।

यात्रीलाई पवित्र देश सुखको संसार देखिन् पर

थोरै काल भुलेर दर्द रहेन आनन्दमा सुन्दर।।

कविको मानवताप्रति गहिरो प्रम छ। उनी मानवताका पक्षमा छन्। तर बिडम्बना, उनी मानवताको प्राप्तिका लागि सांसारिक विषमता र बाधाहरूसँग जुध्न होइन, भाग्न चाहन्छन्। त्यस्तै यश अवधिका 'गरिब', 'किसान', 'भिखारी' जस्ता अनेकौं कविताहरूमा देवकोटा गरिबहरूप्रति र श्रमप्रति सहानुभूति प्रकट गर्दछन्। तर उनी गरिबलाई सन्तोष र प्राकृतिक जीवनको सौन्दर्यका रूपमा पनि पेस गर्ने काम गर्दछन्। यस अवधिमा कवि मानवतावादी छन्। तर उनको त्यो मानवतावाद निकै अमूर्त छ। यस बेलाका देवकोटाका रचना, जीवन, जगत् र परिवर्तनप्रति मूलतः निष्क्रिय रहेका पाइन्छ। देवकोटाको 'वसन्ती',' कटक' र 'स्वदेशी मानवता' जस्ता कविताहरूमा मानवतावाद, देशभक्ति, प्रकृतिचित्रण र वीरताका गाथाहरू पाइन्छ। यस अवधिमा उनी राणातन्त्रको विरोध र जनताको स्वतन्त्रताका पक्षमा सशक्त आवाज उठाउन पुग्दछन्;

" जा, तँ मान्छे बन् वजनदार!

विश्व थर्का, तारा घर्का, पृथ्वी चर्का,

मृत्युको जुँघा उखेल्।"

यसरी देवकोटाले आफ्ना कृतिहरूमा सार्वजनीन विषय र मानवतावादी स्वर प्रस्तुत गरेका छन्।

## 10.7 उपसंहार

नेपाली साहित्य जगतमा लक्ष्मीप्रसाद देवकोटाका योगदान अतुलनीय छ। देवकोटाले नेपाली साहित्यमा महाकाव्यको अभाव पूर्ति गरे। भानुभक्तको नेपाली 'रामायण' बाहेक नेपाली साहित्यमा अरू महाकाव्य नै नभएको समय देवकोटाले ' शाकुन्तल' महाकाव्य रचनागरी अभाव पूर्ति गरे। यतिमात्र नभएर उनले नेपाली साहित्यका प्रतेक विधामा कलम चलाइ नेपाली साहित्यलाई नै धनी तुल्याएका छन्।

विषयवस्तुगत विशेषता त देवकोटाका कृतिहरूमा पाइन्छन् नै तथापि भाषाशैलीगत विशेषता नै उनको मूल काव्य प्रवृत्ति भएर स्थापित भएको छ। उनको चमत्कारी काव्य प्रवाहकै कारण कृतिहरू प्रभावकारी र पाठक प्रिय हुनपुगेको देखिन्छ। देवकोटाले महाकाव्य, खण्डकाव्य, नाटक, कविता, उपन्यास, कथा, निबन्ध आदउ विधामा उत्कृष्ट र प्रभावकारी ढंगमा कलम चलाएर नेपाली साहित्यको भण्डार भर्ने काम मात्र गरेनन् अपितू नेपाली साहित्यलाई गुणात्मक सगरमाथाको चुचुरोमा नै पुर्‍याएका छन्।

यसरी देवकोटाले आफ्ना कृतिहरूमा यथार्थीक सामाजिक चित्रण प्रस्तु गरेका छन्। समाजमा भएका घटिरहेको विविध संगति- विसंगति, आचार- विचार, प्रेम- हिंसा, शोषण – बिद्रोह आदिलाई देवकोटाले आफ्नो कृतिहरू मार्फत पस्केका छन्। देवकोटाका कृतिहरूमा विविध सांस्कृतिक पक्षहरू पनि उतिकै उत्कृष्टताको साथमा चित्रीत भएको छ। नेपाली ग्रामीण संस्कृति, नेपालकै सहरिया सभ्यतामा स्थापित संस्कृति साथै पाश्चात्य संस्कृति आदिको धरातलमा देवकोटाको कृतिहरू उभिएको छ। देवकोटाले आफ्ना कृतिहरूमा मानवीय समवेदना, मानवीय चिन्ता, मानवीय चेतनाको प्रस्फुटन गरेका छन्। देवकोटाका प्रायःजसो सबै कृतिहरूमा सार्वजनीन विषयहरू नै समाहित रहेकाछन्। साथै विश्व मानवतावादी दृष्टिकोण प्रस्तुत भएको छ। यी विषयवस्तुका सन्दर्भमा देवकोटाको महाकाव्य प्रयुक्त छन् यसरी खण्डकाव्य र अन्य कृतिहरूका सन्दर्भमा पनि भन्न सकिन्छ। यसैले देवकोटा नेपाली साहित्याकाशका उज्ज्वल नक्षत्र हुन्।

## 10.8 सार

• लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू सामाजिक विषयका सन्दर्भमा टम्ममिलेको छ। समाजका विभिन्न पाटाहरू देवकोटाका कृतिहरूमा स्पष्ट प्रस्तुत भएको छ।

Notes

• देवकोटाका खण्डकाव्यहरूमा सांस्कृतिक पक्षको उजागर सुन्दर ढंगमा गरिएको छ। यि मध्ये पनि 'मुनामदन', 'लुनी' र 'म्हेन्दु' लोकलय ( लोकछन्द) मा लेखिएका हुँदा जनप्रिय हुनपुगेका छन् साथै नेपाली लोक संस्कृतिको प्रतिनिधि रहेको छ।

• देवकोटाका फुटकर कविताहरू विविध विषयवस्तुमा आधारित छन्। तथापि प्रकृतिप्रेम, भावनात्मकता, विद्रोह चेतना, कल्पनाको उच्चउडान् आदि हुँदाहुँदै पनि मानवीय मूल्य नै मुख्य स्वर हो।

• देवकोटाका काव्यकृतिहरू प्रायः सबै नै सर्वजनीन विषयमा केन्द्रीय रहेको छ । सर्वजनीनता नै यसको प्रमुख विशेषताहरू हुन्।

## 10.9 अनुशीलनी

1) लक्ष्मीप्रसाद देवकोटाका काव्य प्रवृत्तिको चर्चा गर्दै कृतिहरूमा निहित सार्वजनीन पक्षको विश्लेषण गर्नुहोस् ।

2) देवकोटाको खण्डकाव्यहरूमा निहित सांस्कृतिक पक्षबारे विवरण प्रस्तुत गर्नु होस्।

3) 'मुनामदन' खण्डकाव्यमा अन्तरनिहित सामाजिक र सांस्कृतिक विशेषताहरू केलाउँदै यसको लोकप्रियता कारणबारे स्पष्टपार्नु होस्।

4) देवकोटाका कृतिहरूको समाज सांस्कृतिक पक्षको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

5) देवकोटाका फुटकर कविताहरूले वहन गरेको मानवीय मूल्य केलाउनु होस् ।

## 10.10 अतिरिक्त अध्ययन


- डा. ईश्वर बराल झ्यालबाट (सं.)।
- डा. कुमारबहादुर जोशी देवकोटाका कविता – यात्राको विश्लेषण र मूल्याङ्कन।
- डा. कुमारबहादुर जोशी देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना ।
- डा. कुमारबहादुर जोशी महाकवि देवकोटा र उनका महाकाव्य ।

- डा. महादेव अवस्थी		लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता।

## 10.11 मूल्यबृद्धिको निम्ति उत्तर

नोट – तल दिएका खाली स्थानमा आफ्नो  उत्तर लेख्नुहोस्।

1. लक्ष्मीप्रसाद देवकोटाका काव्यकृतिमा निहित सामाजिक पक्षबारे टिप्पणी गर्नुहोस्।

(यस प्रश्नको उत्तर 10.4 रहेको छ)

2. लक्ष्मीप्रसाद देवकोटाका मुनामदन खण्डकाव्यमा निहित सांस्कृतिक पक्षबारे संक्षिप्तमा लेख्नुएहोस्।

(यस प्रश्नको उत्तर 10.6 मा रहेको छ)

3. लक्ष्मीप्रासद देवकोटाका कृतिहरूमा निहित मानवीय मूल्यबारे टिप्पणी गर्नुहोस्।

( यस प्रश्नको उत्तर 10.6 मा रहेको छ)

4. लक्ष्मीप्रसाद देवकोटाका कृतिहरूको सार्वजनीन स्वरूपबारे टिप्पणी गर्नुहोस।

( यस प्रश्नको उत्तर 10.6 मा रहेको छ)

# एकाई 11 साहित्यकार लेखनाथ पौड्यालको विशेष-विशेष योगदान।

**संरचना**

11.0 उद्देश्य

11.1 परिचय

11.2 कविशिरोमणि लेखनाथ पौड्यालको संक्षिप्त परिचय

11.2.1 जन्म एव् जन्मस्थान

11.2.2 शिक्षा

11.2.3 जीवन संघर्ष

11.2.4 साहित्यिक यात्राको प्रमुख मोड तथा प्रहर विभाजन एवम् उपलब्धिहरू

11.4.5 मृत्यु

11.3 कविशिरोमणि लेखनाथ पौड्यालको विशेष -विशेष योगदानहरूबारे चर्चा

11.3.1 लेखनाथ पौड्यालले नेपाली साहित्यको विभिन्न विधाहरूमा तथा साहित्येइत्तर क्षेत्रमा दिएको योगदानबारे चर्चा।

11.3.2 नेपाली साहित्यको कविता विधामा लेखनाथ पौड्यालले दिएको योगदान

11.3.3 खण्डकाव्यकारका रूपमा लेखनाथ पौड्यालले दिएको योगदान

11.3.4 नाटककारका रूपमा लेखनाथ पौड्यालले दिएको योगदान

11.3.5 अनुवादका क्षेत्रमा लेखनाथ पौड्यालको योगदान

11.3.6 `हलन्त बहिष्कार´ आन्दोलनका समर्थनमा लेखनाथ पौड्याल

11.3.7 पूर्वीय दर्शन तथा अध्यात्मवाद पुर्नस्थापनाका क्षेत्रमा लेखनाथ पौड्यालको योगदान

11.3.8 वि०स० २००७ को नेपालको जनक्रान्तिको पक्षमा लेखनाथको योगदान

11.4 उपसंहार

11.5 सार

11.6 अनुशीलनी

11.7 अतिरिक्त अध्ययन

11.8 मूल्यवृद्धिको निम्ति उत्तर

## 11.0 उद्देश्य

नेपाली साहित्यका वरिष्ठ साहित्यकार कविशिरोमणि लेखनाथ पौड्यालको साहित्य क्षेत्रमा अलग्गै स्थान रहेको छ। नेपाली साहित्यमा माध्यमिक काल अथवा श्रृङ्गारकालको आधिपत्य रहेको बेलामा आधुनिक कालको सूत्रपात गर्ने कवि लेखनाथ पौड्यालले कविता ,खण्डकाव्य ,नाटक ,तथा अनुवादका क्षेत्रमा आफ्नो समय र श्रम खर्चेका छन्। नेपाली साहित्यमा पारम्परिक लेखन अनि माध्यमिक कालको श्रृङ्गारिक विषयवस्तुलाई पर सारेर अध्यात्म ,दर्शन,नैतिक शिक्षा तथा वैश्विक तथा सामाजिक विषयवस्तुलाई आधार बनाएर काव्य सृजना गर्ने कवि लेखनाथ पौड्यालको साहित्यिक यात्रा तथा सृजनाबारे चर्चा गर्नु यश अध्यायको उद्देश्य रहेको छ। कवि लेखनाथ पौड्यालले साहित्य क्षेत्रमा दिएको योगदानबारे तथा विशेषगरी साहित्यका विभिन्न विधाहरूमा दिएको योगदानबारे सिङ्गो चर्चा गर्नु यस अध्यायको उद्देश्य रहेको छ। यसबाहेक तिनले साहित्यत्तेर क्षेत्रहरूमा दिएको योगदानहरूबारे पनि यहाँ संक्षिप्तमा चर्चा गरिने छ। समग्रमा यस अध्यायमा कवि लेखनाथ पौड्याललाई संक्षिप्तमा चिनाउँदै तिनको साहित्यिक यात्राको चर्चा तथा तिनले साहित्यका विभिन्न विधाहरू एवम साहित्येत्तर क्षेत्रमा दिएको योगदानहरूबारे चर्चा गर्नु यस एकाईको उद्देश्य रहेको छ।

## 11.1 परिचय

वि० स० १९६० को दशकदेखि साहित्य क्षेत्रमा प्रवेश गरेका कविशिरोमणि लेखनाथ पौड्याल आधुनिक नेपाली साहित्यका एकजना विशेष व्यक्तित्व हुन्। माध्यमिक काल अथवा श्रृङ्गारकालको चरम अवस्थामा आधुनिक विषय वस्तुलाई

उठान गरेर काव्य सृजना गर्ने कवि लेखनाथ पौड्याललाई नेपाली साहित्यमा माध्यमिक एवम् आधुनिक कालको साँघुका रूपमा पनि धेरै साहित्येतिहासकारहरूले मानेका छन्। तत्कालीन राणाकालीन नेपाल र जहानिँया शासनमा पिसिएका अन्य नेपाली जनतासरह कवि लेखनाथ पौड्याल पनि पिसिएका हुन्।सामाजिक ,राजनैतिक ,आर्थिक आदि सम्पूर्ण क्षेत्रमा नै बेमेल अवस्था रहेको समयमा कवि लेखनाथ पौड्यालले आफूलाई कठोर परिश्रम तथा विभिन्न सङ्कटहरू झेल्दै नै साहित्य क्षेत्रमा स्थापित गरेको कुरा उनीबारे अध्ययन गर्ने क्रममा थाहा लाग्छ । उनको साहित्य लेखनको पहिलो चरण अर्थात् वि०स०१९६० को दशकदेखि वि०स० १९९० को दशकसम्म उनका विभिन्न पत्र-पत्रिका आदितिर कविताहरू प्रकाशित भएको पाइन्छ । यसपछिको उनको साहित्यिक यात्राको माध्यमिक अनि आधुनिक चरणमा भने उनको काव्य कृतिहरू धेर मात्रमा प्रकाशित भएको पाइन्छ ।तथापि उनका कृतिहरू साहित्यिक यात्राको प्राथमिक चरणमा पनि प्रकाशित भएको पाइन्छ । आफ्ना काव्य कृतिहरूमा विशेषत: पूर्वीय दर्शन तथा अध्यात्मवादलाइ प्राथमिकता दिने कवि लेखनाथ पौड्याल आधुनिक नेपाली साहित्यको प्रवर्तक हुन् भने मानवतावादी धारणाका पक्षधर हुन्। नेपाली साहित्यका `त्रिरत्न' हरू बालकृष्ण सम,लक्ष्मीप्रसाद देवकोटा अनि उनी एकजना हुन्।

## 11.2 कविशिरोमणि लेखनाथ पौड्यालको संक्षिप्त परिचय

### 11.2.1 जन्म एवम् जन्मस्थान

वि०स० १९४१,पौष २६ गते नेपालको कास्की जिल्लाको अर्घौ अर्चले गाउँमा कविशिरोमणि लेखनाथ पौड्यालको जन्म भएको थियो । पिता दुर्गादत्त पौड्याल अनि माता बसुन्धरा देवीका जेठा छोराका रूपमा जन्मिएका लेखनाथ पौड्याल नेपाली साहित्यका उज्ज्वल नक्षत्र हुन्।

### 11.2.2 शिक्षा

ब्राह्मण परिवारमा जन्म लिएका लेखनाथ पौड्यालको शिक्षा पाँच वर्षको उमेरदेखि सुरु भएको थियो । घरको वातावरण अनुरुप कवि लेखनाथ पौड्यालले गङ्गा गणेश स्तोत्र,अमरकोश र सप्तशती(चण्डी )आदिको अध्ययन सानै उमेरमा अध्ययन गरेका थिए । चौदह वर्षको उमेरसम्म तिनले गाउँमा नै बसेर त्यहीँ हुनसक्ने पढाइ अौपचारिक रुपमा पूरा गरेपछि अगाडिको पढाईको निम्ति तिनलाई मातापिताले

काठमाडौको रानीपोखरी संस्कृत छात्रवास मा भर्ना गराएका थिए। त्यहीँ बसेर तीन वर्ष अध्ययन गर्ने क्रममा व्याकरण मध्यमाको पाठ्यक्रम को खण्ड खण्ड अध्ययन गरेका थिए। यहीँ रानीपोखरी संस्कृत छात्रवासमा रहेर तीन वर्ष (वि०स० १९५६ देखि वि०स० १९५९ सम्म) अध्ययन गरिसकेपछि तिनी अध्ययनको क्रमलाई अघि बढाउने उदेश्यले वि० स०१९५९ मा बनारस गएका थिए। तर बनारसमा परीक्षा अनुत्तीर्ण भएपछि तिनले दोस्रोपटक परीक्षा दिएनन्। यसरी उनको विद्यार्थी जीवन वि०स० १९५९-६० को दशकतिरै समाप्त हुन्छ ।अौपचारिक शिक्षा यसरी समाप्त भएपछि तिनी स्वअध्ययनको बाटो समाएर काव्य सृजनातर्फ लागेको थाहा पाइन्छ ।

## 11.2.3 जीवन संघर्ष

जीवन संघर्षको क्रममा तिनको औपचारिक शिक्षा समाप्त भएकै समयमा वि० स० १९६१ मा तिनको धर्मपत्नीको मृत्यु भएको तथा पत्नीको मृत्युशोक पनि तिनले खप्नुपरेको थियो। यतिखेर सृजनाको चस्को,स्वाध्यायनको प्रवृत्ति र जीवन संघर्षको दबाउको फलस्वरूप नयाँ यात्रा थाल्नुपर्दा लेखनाथ पौड्याल वितलित र दिशाहीन बनेका थिए। लगभग बीस वर्ष को उमेरमा नै लेखनाथको जीवन यसरी विशृङ्खल ,व्याकुल र विभ्रान्त रहेको पाइन्छ ।

सृजनमा रस भिजिसकेका तथा पत्नीशोकमा रहेका लेखनाथ पौड्याल आफ्नो मूलथलोतिर फर्केर जानूको कुनै अर्थ थिएन। घरको आर्थिक अवस्था ठीक नभएको कारण साथै आफू घरको जेठा छोरा भएको कारणले पनि उनले कमाई गरेर परिवारको खाँचो टाड्नुपर्थ्यो। यसबाहेक आफूमा साहित्यप्रतिको झुकावकै कारण पनि गाउँमा पण्डित्याईँ गर्नु तिनको निम्ति सन्तोषको कार्य थिएन । त्यसैले आफ्ना बाजे राधाकृष्ण पौड्यालको मधेस आर्जनको सोधखोज र जीवनवृत्तिका खोजीमा पोख्रेलहरूको जमिन्दारी छप्की बिर्ता तिर लागे। तर आफ्नो बाजेले आर्जन गरेको चिनोस्वरुप जीविकोपार्जनको साधन तिनले पाउन सकेनन्। त्यसैले उक्त क्षेत्रका पोखरेलहरूका छोराहरूलाई छप्कीमै बसेर पढाएका थिए भन्ने अनुमान पनि विद्वानहरूले लगाएका छन्। छप्कीमा बस्दा नै पोखरेलहरूका पारिवारिक झडपमा आफू पनि मुछिएपछि तिनी नराम्ररी पिरोलिएका थिए। स्वाभिमानी लेखनाथ पौड्यालका मर्ममा आघात पर्ने घटना घटेपछि उनी उक्त ठाउँलाई छोडेर मूलथलो पहाड वा काठमाडौ नफर्की सोझै मुग्लानको बाटो लागे। भारत का पूर्वाञ्चल राज्य आसाम भेगतिर लागेका लागेका तिनले कहिले सेठ मालिककहाँ,कहिले राजा-रजौटाकहाँ अनि कहिले गोठ-गौपालनका भुमरीमा पर्दै दुख गरेका थिए। उनको

Notes

मुग्लान बसाइ पीडादायक,कष्टकर अनि नैराश्यपूर्ण रहेको थियो । प्रवासमा यसरी दुखको हण्डर खाएपछि कष्टकर,पीडादायी प्रवास यात्रालाई तिलाञ्जलि दिँदै उनी कुनै प्रकारले फेरि काठमाडौ फर्किए।

काठमाडौ फर्किसकेपछि पनि तिनको स्थिति असहाय नै थियो । आफूभित्रको पीडा त छँदै थियो,त्यसका साथै आफ्ना काशीवासी पितामहका जीवन वृत्तिको निम्ति पनि उनले सन्ताप बोक्नु पर्यो। संकट अवस्थामा पिरोलिएका जीवनका कटु अनुभवबाट व्यथित लेखनाथ पौड्यालको काठमाडौ बसाइ पनि पीडामय नै थियो । यता उता दौडधुप गर्दा पनि कतैबाट सहायता एवम् समस्या समाधानको बाटो नपाएका लेखनाथ पौड्याल काठमाडौंको लैनचौरको चौतारामा भोक भोकै सुतेका थिए। यस्तै कष्टदायी समयमा तिनले तत्कालीन जनरल भीमशमसेर (तत्कालीन कमान्डर इन चीफवा चीफ साहेब) को स्तुति सहित आत्मनिवेदन मिसिएको कविता लेखी चढाए। उनको स्तुतिपरक कविताको तत्काल नै परिणाम नआए तापनि केही समयपछि जनरल भीमशमसेरका हजुरिया पण्डित (साहिला पण्डित) सदाशिव दीक्षितकहाँ उनलाई बोलाएर त्यहाँ नै बोलाएर तालिम दिई तालिम पुरा भएपछि लेखनाथलाई टङ्गाल दरबारमा दरबारमा ल्याउने आदेश भीमशमसेरले दिए । सोहीप्रकारले दीक्षित परिवारसँग उनको निकट सम्बन्ध बनिनुका साथै उनको काठमाडौ प्रवेशको प्रक्रिया पनि आरम्भ भएको थियो । लगभग पन्ध्र वर्षसम्म लेखनाथ पौड्यालले दीक्षित परिवारमा नै पढाए। त्यस पछि उनले भीमशमसेरका नातिहरूलाई पढाउने शिक्षकका रूपमा टङ्गाल दरबारमा आश्रय पाए।

तत्कालीन बनारसबाट प्रकाशित पत्रिका `माधवी´ को प्रकाशन स्थगित गरेर राममणि आ.दी. काठमाडौ फर्केपछि लेखनाथ पौड्याल अनि राममणि आ.दी बीचको निकटता बढ्दै गयो। राममणिको भाषा सुधार अभियानका कारण लेखनाथ पौड्याल पनि प्रभावित थिए। पछिबाट राममणि आ.दी.`गोर्खा भाषा प्रकाशिनी समिति ´ का संस्थापक अध्यक्ष भएपछि मूलत: राममणि आ.दी को संरक्षण ,सुझबुझ रचनात्मक आकांक्षा र कुशल आयोजनामा कवि लेखनाथ पौड्याल र गद्यकार चक्रपाणि चालिसेले नेपाली बाल पाठ्य पुस्तक बनाउनुका साथै नयाँ नेपाली साहित्यको विकासको ठोस् प्रयत्न पनि गरेको पाईन्छ । राममणि आदिले कमजोर आर्थिक अवस्था भएका लेखनाथलाई सहयोगका साथै त्यतिबेलासम्म अझ अप्रतिष्ठित लेखनाथ पौड्याललाई प्रतिष्ठित र काव्य लेखनमा रूचि राख्ने बनाईदियो। यतिकै लेखनाथले `भाषा प्रकाशिनी´ सम्बन्धि लेखपढ ,कामकाज र दरबारतिरका

साहित्यिक रुचिको पूर्ति गर्न- गराउनमा राममणि आ.दी लाई सघाएका थिए। यसबाहेक उनी राममणि आ.दी.सँगै हलन्त वहिष्कार आन्दोलनमा पनि सरिक बने। यसरी राममणि आ.दी.र लेखनाथ पौड्यालका बीचमा राम्रो सम्बन्ध एकदम नजीकको थियो।

यसोसले हेर्दा के देखिन्छ भने कवि लेखनाथ पौड्याल एकातिर भीमशमसेर र साहिला पण्डित अर्थात् सदाशिव दीक्षित कहाँ शिक्षकका रूपमा कार्य गरेको पाइन्छ भने अर्कोतिर राममणि आ.दी.सँग संलग्नमा रहेर कविता लेखनतर्फ अग्रसर रहे। जीवन जिउने अनि संघर्ष गर्ने क्रममा कहिले शिक्षक तथा कहिले कवि बने। शिक्षकका रूपमा प्राप्त हुने तनखाले अनि कविका रूपमा प्राप्त हुने धेरथोर आयबाट उनको आर्थिक स्थिति दह्रो नबने तापनि सुरूबुरू रूपमा चलेको थियो। उनलाई सृजनाको अवसर प्राप्त हुनुसँगै उनको कवित्वपन पनि उज्यालिँदै गयो। तिनले राममणि आ.दी कै संसर्गमा र नाममा वि०स० १९७० मा लेखनाथ पौड्यालले `शोक प्रवाह ´खण्डकाव्यको रचना गरेका थिए।

तर यतिकैमा तिनको जीवन संघर्ष टुङ्गिन्दैन। काठमाडौमा रहेर शिक्षक अनि कविका रुपमा उनको संघर्ष चलि नै रह्यो । शिक्षण पेशा तथा कविता लेखनतर्फ आफूले उठाएको कदमप्रति तत्कालीन काठमाडौको समाज र परिवेशले न्याय गर्न नसकेको अनुभूतिले पिरोलिएको लेखनाथ पौड्याल विरक्तिएर सन्यासको मनसाय लिई स्वर्गद्वारी प्रभुकहाँ गएका थिए। तर पछिबाट यिनै प्रभुको आदेश पालन गर्दै वि०स० १९७२ सालको वैशाख महिनामा १२ वर्षकी सत्यदेवीसँग लेखनाथ पौड्यालले दोस्रो विवाह गरेका थिए।

आर्थिक अवस्थाको कारण तथा समस्यामा रहिरहने अवस्थामा लेखनाथले दरबारको शिक्षण पेसालाई पनि त्यागेका थिए। उनले दरबार सेवा त्याग्नुको कारणहरूमध्ये आर्थिक समस्या सँगै उनको शिक्षक पेशा अनि कविता लेखनको कदर नभएको अनुभूति थियो । आफूलाई आफ्नो प्रतिभाको कदर नभएको भन्ने भित्री लागेपछि उनले वि० स० १९७५ सालमा दरबारमा पढाउने काम छोडी घरमै बसेर `योगवाशिष्ठ´को अध्ययन गर्दै कविता लेख्न थालेका थिए। यस्तो विकट अवस्थामा पनि उनका हितचिन्तक राममणि आ.दी. ले लेखनाथ पौड्याललाई कर्मक्षेत्रबाट नटारिने आग्रह गरेका थिए भने दरबारबाट पनि उनलाई बोलावट भयो। यसरी उनको शिक्षण पेशाबाट टाडिने अवस्था केही समयसम्मको निम्ति मात्रै भयो। राममणि आ.दी.को आग्रह अनि जनरल भीमसमशेरबाट निरन्तर बोलावट भएपछि

उनी पुन: पुरानै जागिर खान टङ्गाल दरबारतर्फ जान लागे। दरबारको जागर छोडेर बसे कै अवधिमा तिनले धेरै अघिदेखि लेख्न सुरु गरेको `सत्यकलि संवाद´ लेखी सिध्याए। सोही समयमा नै तिनले राममणि आ.दी.को प्रेरणामा `संक्षिप्तभारत´ भित्रको `संक्षिप्त श्रीमद्भागवतगीतासार´ को रचना गरेका थिए। यसरी विभिन्न परिस्थितिहरुसँग जुझ्दै तिनले आफ्नो साहित्यिक यात्रालाई पनि निरन्तर अघि लगिरहेका थिए। तिनको कवि व्यक्तित्वले ठोस रूप लिनुका साथै कवि मण्डलीहरूमा तथा नेपाली पाठक जगत्मा तिनको स्थान विशेष बनिरहेको थियो।

तत्कालीन नेपालको राजनैतिक स्थिति स्थिर थिएन। मकैपर्व जस्ता घटनाहरूले लेखक तथा साधारण मानिसहरूका मनमा भयको स्थिति थियो। लेखनाथ पौड्याल हिन्दी पुस्तक,पत्रिका आदि पढ्ने हुनाले तत्कालीन भारतमा आइरहेको धार्मिक ,सामाजिक र साँस्कृतिक जागरणबारे आफू प्रभावित बनेका थिए। स्वअध्ययनबाट विशेषत: विश्व को भूगोल ,इतिहास अनि राजनीति सँगै सामान्य ज्ञानको प्राप्तिले तथा भारतमा स्वत्व-अभिमानको जागरण,जराजीर्ण भारतको काया-कल्प विज्ञान तथा प्रविधिले उनलाई प्रभाव पारेको थियो। यसै वातावरणमा उनले `फ्रान्सको राज्यक्रान्ति´र `महाराणा प्रताप´ सम्बन्धि काव्यहरू रचना गरेका थिए। तर यसैसमयमा `मकैपर्व´ घटना घटेपछि उनका उक्त कृतिहरूको पाण्डुलिपि नै च्यातिदिएका थिए। `मकैपर्व´ कै भयको कारण नछापी राखेको तिनको `सत्यकलिसंवाद´बारे पनि दरबारमा पोलझोस भएको थियो। तर लेखनाथ पौड्यालले तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमसेर को स्तुति सहितको कविता दरबारमा पेश गरेपछि उनी पोलझोसबाट बाँचेका थिए। यसबाहेक तिनले भक्तिरसमूलक केही कविताहरू अनि `दिगम्बर विवाह´ तथा `पार्वतीपरिणय´नाटक लेखी राममणि आ.दी. को माध्यमबाट चन्द्रशमसेरलाई चढाएपछि उनी पुरस्कृत बनेका थिए। यसरी नै शिक्षक तथा पण्डितका रूपमा तेजशमसेरका दरबारमा काम गर्न थालेपछि उनको जागिर तथा आय स्रोत पनि बढ्दै गयो। विस्तारै राजा श्री५ त्रिभुवनकहाँ पनि उनको कविता लेखनको कारण सम्पर्क स्थापित भयो।यसरी दरबारमा उनी पण्डित,शिक्षक,कवि अनि नाटक गुरुका रुपमा प्रतिष्ठित हुँदै गए।

तर चन्द्रशमसेर र भीमशमसेरका बीच बढिरहेको राजनैतिक खिचातानी अनि माहिला गुरूज्यू हेमराज शर्मा अनि राममणि आ.दी.का बीचमा चल्दै आएको भाषा व्याकरण सम्बन्धि अन्तर्द्वन्द्वका कारण लेखनाथ पौड्याल पनि सङ्कटमा परेका थिए। उनको लेखनमा यी कारणहरूले प्रभाव पार्नसक्ने भएकै त्यस समयमा उनले उस्तो धेर

काव्य रचना गरेका छैनन्। यश अवधि तिनले `स्तोत्रावली´(वि०स० १९७८)मा दुईवटा कविता र `गोरखाशिक्षा´चौथो भाग(वि०स० १९८०) मा केही कविताहरू बाहेक अन्य कृतिहरू प्रकाशित गरेका छैनन्। तर चन्द्रशसेरको मृत्यु पछि भीमशमसेरको हातमा राजकाज गएपछि उनी दरबारमा हजुरिया पण्डित बने। उनको जीवनकालमा दरबार जागिर अवधिको उच्चतम प्रहर यही नै थियो । वि०स० १९८६ सालमा भीमशमसेरका स्तुति हेतु तिनले `गीताञ्जली´ काव्य रची प्रकाशित गरे। तिनले यसअवधि भीमशमसेर कै प्रेरणा र आग्रहमा `लक्ष्मीपूजा´नामक नाटक लेखेका थिए। `पञ्चतन्त्र´को अनुवादको आरम्भ पनि तिनले यसैकालमा गरे। दरबारमा  राजनैतिक कलह तथा अन्तद्वन्द्वको कारण भीमशमसेरको शासन थोरै समयको निम्ति मात्र रह्यो ।यसको प्रभाव कवि  लेखनाथ पौड्याललाई पनि पर्यो। दरबारको कलह र भीमशमसेरको पतनको फलस्वरूप उनको दरबारको स्थान-मान र घरवासको राम्रो बन्दोबस्त हुन पाएन। जुद्धशमसेर राणाले सत्ता हातमा लिनसाथै मठ्याहा(सी क्लासका) राणाहरूलाई निष्कासन गरियो। यसैक्रममा कवि लेखनाथ पौड्यालको नियमित दरबार जागीर पनि छुटेको थियो। दरबारबाट निष्कासन गरिएका राणाहरूबाट तिनले केही सहयोग पाइरहे तापनि तिनको दरबार जागीरको क्रम लगभग यहाँ आइपुगेर समाप्त नै भयो।

दरबारमा यस्तै विभिन्न घटनाहरूको साक्षी बन्दै अनि संघर्ष गर्दै अघि बडिरहेको बेला कवि लेखनाथ पौड्यालको पारिवारिक जीवनमा पनि विभिन्न घटनाहरू घटे। दरबारमा घटेको घटना एवम् उतारचढावले तिनको परिवारमा अवश्य असर पर्ने नै थियो। सँगसँगै परिवारमा  घटेका दुख सुखका घटनाहरूले पनि तिनको जीवन अझ सङ्घर्षमय बनाईदियो। वि०स० १९७६ सालमा उनका पिता पण्डित दुर्गादत्त पौड्यालको मृत्यु भयो। पिताको मृत्युशोक अघिबाटै भोगिसकेका लेखनाथ पौड्यालले दरबारको जागिर छुट्ने अवधिमा मातृशोक पनि भोग्नुपरेको थियो। यस्तै दुख संघर्ष अवधि उनका जीवनमा उल्लास एवम् हर्षको क्षण पनि आयो। तिनक दुई छोरीहरू र एक छोरा जन्मिनु उनको र परिवारको निम्ति उल्लासमय क्षण थियो । जीवनका धेरै संघर्ष गरेर गाँस ,बाँस र कपास सँगै आफूभित्रको साहित्यिक प्रतिभालाई प्रस्फुटित गराउने कवि लेखनाथ पौड्याल सँच्चै नेपाली साहित्यकाशमा एउटा उज्ज्वल नक्षत्र हुन्।

कवि लेखनाथ पौड्याल जीवनको उत्तरार्धमा अर्थात वि०स० १९९२ पछि भने अघिको जस्तो जटिल र संघर्षमय थिएन। आफ्ना बाबुबाट प्राप्त योग-संस्कार

,स्वर्गद्वारी प्रभुको विशेष प्रभाव एवम् आफू पचास बर्षको उमेर पुगेको अवस्था साथै यतिका वर्षसम्म संस्कृत दर्शन-ग्रन्थको अध्ययन एवम् साहित्य साधनाले तिनमा दह्रो प्रभाव पार्यो। आमा-बाबुको निधन,छोराछोरीको जन्म,तेजशमसेरबाट प्राप्त सम्पतिबाट घरद्वारको जोरजाम तथा आर्थिक रूपमा केही भएपनि सबल बनेको स्थिति तिनको थियो । तैपनि वि०स० २०२० सालसम्म तिनले `त्याग र उदयको युगल गीत´ स्तुतिकाव्यद्वारा जुद्धशमसेर राणा र पद्मशमसेर राणाको स्तुति गरे। नियमित आय स्रोत धेरै नभएपछि आफुले सञ्चय गरेर राखेको सम्पति सकिदै गएपछि तिनको जीवनमा फेरि आर्थिक सङ्कट परेको थियो । छोरा अनन्त पौड्यालको पढाइ भारतमा चलिरहेको कारण तथा  आय स्रोतको माध्यम कम हुनका कारणले ऋणको भार पनि तिनले खपे। यसप्रकारको स्थितिमा पुगेपछि तिनको लेखन कार्यमा तथा व्यवहारिक चेतनामा प्रभाव परेको थियो।

तत्कालीन श्री५ त्रिभुवनको दिल्ली प्रवासको राजनैतिक घटनापछि तिनमा राजनैतिक चेतना उत्तेजित भएको थियो। तिनको व्यवहारिक विवेकले राणाशासनको पतन भएको देख्न थाले। वि०स० २००७ सालको नेपालमा भएको राणाविरुद्धको जन आन्दोलनमा उनी पनि लागेका थिए। २००७ सालको क्रान्ति सफल भएपछि राणातन्त्रको अवसान सँगै नेपालमा नयाँ युग सुरु हुन्छ । यसपछि कवि लेखनाथ पौड्यालको लेखन तथा साहित्य क योगदानको मूल्यांकन भयो। विभिन्न पत्रपत्रिकाहरूमा रचनाहरू प्रकाशन सँगै तिनले यश अवधि धेरैवटा उत्कृष्ट काव्यहरू लेखी प्रकाशित गरे। तिनको जीवनको उत्तरार्ध भाग यसरी बितेको थियो।

## 11.2.4 साहित्यिक यात्राको प्रमुख मोड तथा प्रहर विभाजन एवम् उपलब्धिहरू

कवि लेखनाथ  पौड्यालको  साहित्यिक यात्राबारे चर्चा गर्नुपर्दा उनको साहित्यिक यात्राको बीजारोपण आफ्नो घरबाट नै भएको मान्न सकिन्छ ।प्रारम्भिक शिक्षा घरबाट नै लिएका लेखनाथले संस्कृतका श्लोकहरू कण्ठ गर्दा गर्दै कविता लेख्न तथा काव्य रचनामा रूचि राख्ने गर्थे। परिस्थितिवश सानै उमेरमा गोठालो भएर काम गर्नुपरेको कारण तथा कतिपय परिस्तवश तिनले आफ्नो अौपचारिक अध्ययनलाई बीचमा नै त्यागेर स्वअध्ययनको माध्यमले शिक्षा लिएका थिए।यसरी स्वध्ययनकै क्रममा तिनलेअमर कोष,लघु कौमुदी,संस्कृत कोष व्याकरणहरूका अध्ययन गरे। यसरी स्वअध्ययन् सँगै तिनी काव्य सृजनाका क्षेत्रमा पनि लागिपरे।

कवि लेखनाथ पौड्यालको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरेर हेर्न सकिन्छ –

क) पहिलो चरण (वि०स० १९६१ देखि १९९० सम्म)

ख) दोस्रो चरण (वि०स० १९९१ देखि २००७ सम्म )

ग) तेस्रो चरण (वि०स० २००८ देखि २०२२ सम्म )

**क) पहिलो चरण (वि०स० १९६१ देखि १९९० सम्म)**

कवि लेखनाथ पौड्यालको साहित्यिक यात्राको पहिलो चरणमा उनको साहित्य सृजना गर्ने प्रेरणा तथा प्रारम्भिक रचनाहरूका विषयमा थाहा पाउन सकिन्छ । कवि लेखनाथ पौड्यालको लेखन यात्रा किशोर अवस्थादेखि नै सुरु भएको थाहा लाग्छ । सानो उमेरदेखि नै कविता रचना गर्नुमा रूचि भए तापनि कवि लेखनाथ पौड्याल किशोर अवस्थामा पुगेपछि नै काव्य सृजनामा  लागेका थिए। तिनको साहित्य सृजनाको प्रसङ्गमा महत्त्वपूर्ण घटनाका रूपमा `पितृप्रसाद घटना ´ लाई मानिन्छ । पितृप्रसाद भन्ने उनका काका पर्ने एकजन व्यक्ति पनि धेरथोर कविताहरू लेख्थे।उनले कविता लेखिरहेको अवधि लेखनाथले उनको लेखन ध्यान भङ्ग गरिदिएकाले पितृप्रसाद रिसाउँदै लेखनाथलाई हप्काएका थिए। त्यही हप्काइबाट इखिएर लेखनाथ पौडेलले काव्य सृजनाको संकल्प गरेका थिए। यसरी नै उनको काव्य सृजनाको अर्को महत्त्वपूर्ण मोड तिनको काठमाडौको बसाइ हो। अध्ययनका क्रममा काठमाडौको रानीपोखरी संस्कृत छात्रवासमा वि०स० १९५६ देखि १९५९  सम्म तीन वर्ष  रहँदा तिनका समकालीन अग्निधर शर्माले गरेको तिरस्कारले पनि कवि लेखनाथ पौड्याललाई कवित लेख्नु तथा काव्य सृजना गर्नुमा बल पुगेको थियो। यसरी नै छात्रवासकै क्रममा पण्डित शिवकुमार शर्माले कविता लेवन तथा साहित्य सृजनामा प्रोत्साहन गरेको कारण उनलाई समस्यापूर्तिका रूपमा कविता गर्न झकझकायो। छात्रवासमा रहेर अध्ययन गरिरहँदा तिनी कविता लेख्न थालेका थिए।तर कुनैपनि कविता वा रचनाहरू प्रकाशित भने भएको थिएन। छात्रवास अवधिको समय (वि०स० १९९६ देखि १९५९ सम्म) मा नै लेखनाथको कविता लेखनको बीजारोपण भएको थियो।

यसरी नै काठमाडौको रानीपोखरी संस्कृत छात्रवासमा तीन वर्ष अध्ययन सिध्याएपछि वि०स० १९५९ मा उच्च अध्ययनको निम्ति भारतको बनारसतर्फ गए। उनको यो बनारसको यात्रा तथा बनारस बसाई साहित्य सृजनाको निम्ति विशेष

रह्यो । उच्च शिक्षाको अध्ययन कतिपय कारणवश छुटेपनि उनको साहित्य लेखनतर्फको विशेष यात्रा भने यहीँ बाट नै सुरु भएको थियो । काठमाडौमा रहेर अध्ययन गर्दा साहित्य सृजना तर्फ अग्रसर भए तापनि उनका कुनै रचनाहरू प्रकाशित भएको थिएन ।तर जब उनी बनारसमा आएर रचनाहरू सृजना गर्न थालेपछि उनका रचनाहरू विभिन्न पत्र पत्रिकामा छापिन थाले। बनारसबाट निस्कने पत्रिका `सुक्तिसुधा´ मा उनको कविता`पाठशाला विशाला´ छापिए। यसरी नै बनारसबाट पण्डित दुर्गाप्रसाद शर्माद्वारा सम्पादित कविता संग्रह `कविता कल्पमुद्रम´मा लेखनाथका दुईवटा नेपाली कविताहरू `शृङ्गारपच्चीसी´ अनि `मानसाकर्षिणी´ छापिए। वि०स० १९६१ मा छापिएका यी कविताहरूका लेखनाथको छात्रवास रहँदाको उपज र लेखनको प्रतिफल हुन् भन्न सकिन्छ । यसरी नै तिनी रोजगार र जीवन सङ्घर्षका क्रममा नेपाल फर्किए तापनि उनको सृजना नमरीकन यथावत् नै रह्यो । तिनी अझ जोशिएर साहित्य सृजनतर्फ लागिरहे। नेपाल फर्केपछि छप्कीमा बसेर काम गर्न थालेका लेखनाथले त्यहाँ नै बसी कविताहरू लेखे। छप्की मै बसेर उनले लेखेका `गोपिका चित्त लिने´ समस्यापूर्ति बनारसबाट सोमनाथ शर्माद्वारा सम्पादित नेपाली पत्रिका `सुन्दरी ´ मा छापिएको थियो । यसरी नै छप्कीवास कै अवधि तिनको `नमानहारी ´ अनि ` नीला भया चन्द्रमा´ समस्यापूर्ति प्रकाशित हुनुका साथै `सुन्दरी ´ पत्रिकामा `वियोगिनी विलाप´ अनि` वैराग्यवल्ली´ नामक कविताहरू छापिएका थिए। यसरी नै राममणि आ.दी. द्वारा सम्पादित पत्रिका `माधवी´ मा लेखनाथको कविता `माधवी कुसुमाञ्जलि ´ छापिएको थियो । `माधवी´ पत्रिकामा नै वि०स० १९६६ मा उनको `वर्षाविचार´ लघुकाव्य प्रकाशित भएको थियो । पत्रिकामा रचनाहरू पठाउने क्रममा नै लेखनाथ अनि राममणि आ.दी.माझ घनिष्ठता बढेको थियो,जुन घनिष्ठता पछिसम्म नै कायम रह्यो। लेखनाथको कविता लेखन अथवा साहित्य सृजनाको पहिलो चरणमा को प्रारम्भिक स्तरमा राममणि आ.दी. ले धेरै सहयोग पुर्याएका थिए । राममणि आ.दी ले लेखनाथलाई साहित्य सृजनाका साथै दरबारमा जागीर लगाउनु,कविताहरू प्रकाशित गर्नु,दरबारमा तिनलई कविका रूपमा चिनाउनु आदिमा पनि सहयोग पुर्याएका थिए।

लेखनाथ पौड्यालका रचनाहरू विभिन्न पत्र पत्रिकाहरूमा छापिन थालेको अवधिमा वि०स० १९६९ मा कविता संग्रह `लालित्य´ प्रकाशित भयो। यसमा कवि लेखनाथ पौड्यालका पाँचवटा कविताहरू संग्रहित छन्। वि०स० १९७० मा `शोकप्रवाह´

नामक खण्डकाव्य प्रकाशित भयो। लेखनाथले यसअवधि बाल पाठ्यपुस्तक `शिशुवोधिनी´ तयार गर्नुमा पनि महत्त्वपूर्ण योगदान दिएका छन्। वि०स० १९७३ मा `बुद्धिविनोद´ अनि ` ऋतुविचार´ खण्डकाव्य प्रकाशित भएपछि लेखनाथको काव्य यात्रा अझ द्रुत गतिमा अघि बढ्यो। वि०स० १९७४ मा नाटक `भातृहरिनिर्वेद´ अनि `सुक्तिसिन्धु´ अन्तर्गत विभिन्न कविताहरू प्रकाशित भएका छन्। आधुनिक नेपाली कविताको प्रचेष्टा कवि लेखनाथ पौड्यालले वि०स० १९७० को दशकमा नै गरेको उनको `सत्यकलि संवाद´ (वि०स० १९७६ ) बाट थाहा लाग्छ । तिनले वि०स० चन्द्रशमसेरका सेवमा केही भक्तिरसमूलक कविताहरू साथै`दिगम्बर विवाह´ अनि `पार्वतीपरिणय´ नाटकहरू लेखेका थिए तर छापिएको भने थिएन। वि०स० १९८६ मा भीमशसेरका स्तुतिमा `गीताञ्जली ´ काव्य लेखेका छन्। यसरी नै `लक्ष्मीपूजा´ नाटक,`पञ्चतन्त्र´को अनुवाद ,तथा `स्तोत्रावली´ अनि `गोरखाशिक्षा´ का विभिन्न भागहरूमा कविताहरू प्रकाशित भएपछि उनको लेखनकार्य उत्तिकै खारिदै अघि बडेको पाइन्छ। तत्कालीन नेपालमा घटेको `मकैपर्व´ घटना अवधि उनले लेखेका `फ्रान्सको राज्यक्रान्ति´ तथा `महाराणा प्रताप´ का पाण्डुलिपिहरू च्यातिदिएको कारण उनका उक्त कृतिहरू प्रकाशित रूपमा पाइदैन।

पहिलो चरणमा कवि लेखनाथ पौड्यालद्वारा लिखित काव्य कृतिहरू एवम् प्रकाशित रचनाहरू निम्न छन्-

१) `कविताकल्पमुद्रम´(वि०स०१९६१),`सुन्दरी´(वि०स० १९६३),`माधवी´,(वि०स० १९६५-६६),`लालित्य´ (वि०स० १९६९) पत्रिका तथा कविता संग्रह अन्तर्गत विभिन्न कविताहरू प्रकाशित।

२) `शोकप्रवाह´ खण्डकाव्य(वि०स० १९७०)

३) `गोरखा शिक्षा´ का विविध भाग अन्तर्गत कविताहरू प्रकाशि(वि०स० १९७२-८१)

४) `बुद्धिविनोद´ खण्डकाव्य (वि०स० १९७३)

५) `ऋतुविचार´ खण्डकाव्य (वि०स० १९७३)

६) `सुक्तिसिन्धु´ (वि०स० १९७४) अन्तर्गत विभिन्न कविताहरू प्रकाशित

७) `भातृहरिनिर्वेद´ नाटक (वि०स० १९७४)

८) संक्षिप्त भारत अन्तर्गत `संक्षिप्त श्रीमद्भगवद्गीतासार´ (वि०स० १९७५)

९) `सत्यकलिसंवाद´कविताकृति (वि०स० १९७६)

१०) `स्तोत्रवली´ अन्तर्गतका कविता (वि० स० १९७८)

११) `गीताञ्जलि´ स्तुति काव्य (वि०स० १९८६)

१२) `गोर्खाली´, `चन्द्रिका´,`गोरखापत्र ´, आदि विभिन्न पत्र -पत्रिकामा प्रकाशित फुटकर कविताहरू। (उनले चन्द्रशमसेरका निम्ति लेखेका `दिगम्बरविवाह´ अनि `पार्वतीपरिणय´ साथै `भवितव्य´ र `राधाकृष्णकेलि´ नामक हिन्दी नाटकहरू रचना गरिएको भनिए तापनि प्रकाशित भने पाइदैन)

**ख) दोस्रो चरण (वि०स० १९९१ देखि २००७ सम्म)**

कवि लेखनाथ पौड्यालको दोस्रो चरणको साहित्य लेखन यात्रा अझ निखारिएको पाइन्छ । उमेरकै हिसाबले पनि ५० वसन्त पार गरिसकेका कवि लेखनाथका तत्कालीन रचनाहरूमा प्रौढता,परिपक्कता स्पष्ट देख्न सकिन्छ ।यसै अवधि काठमाडौबाट `शारदा´ पत्रिका प्रकाशित हुन थाल्छ ।यसै पत्रिका मा लेखनाथको कविता `अरुणोदय´ प्रकाशित भएको थियो। यसै समयदेखि उनले श्रृङ्गारिक धारालाई त्यागे। लेखनाथ का दोस्रो चरणका कविताहरू `शारदा´ बाहेक `उद्योग ´,`गोर्खा´,आदि पत्रिकाहरूमा प्रकाशित भए। उनका`त्याग र उदयको युगल प्रकाश´,`लक्ष्मीपूजा´ आदि काव्य कृतिहरूसँगै `पाटीमा ढाक्रेको पसारो´,`गौथलीको चिरीबिरी´,आदि उल्लेखनीय कविताहरू हुन्। दोस्रो चरणमा आइपुगेपछि उनका कृतिहरूमा मानवतावादी स्वर,दर्शन तथा अध्यात्म चिन्तनको बढी प्रभाव पाइन्छ । यसै समयमा नेपलको राजनैतिक गतिविधिहरूकम उतार -चढावबीच कवि लेखनाथ पौड्याल प्रजातान्त्रिक आन्दोलनको पक्षमा अघि आएर काम गर्छन् ।नेपाल का राजा श्री५ त्रिभुवनको दिल्ली -प्रवासको घटनापछि लेखनाथको व्यवहारिक चेत अत्यन्त उत्तेजित हुन्छ र उनको व्यवहारिक विवेकले विवेकले पनि राणातन्त्रको पतन देख्दछ। राणाहरूको जहानिया शासनको विरुद्ध लेखनाथ देखा पर्छन्। जीवनको यश क्षणमा आइपुगेपछि उनी राजनैतिक क्षेत्रमा पनि पाइला राख्छन् ।

साहित्यिक यात्राको दोस्रो चरणमा कविशिरोमणि लेखनाथ पौड्यालद्वारा लिखित काव्य कृतिहरू एवम् विभिन्न पत्रिका हरूमा प्रकाशित रचनाहरू निम्न छन्-

१) `ऋतुविचार´विकसित तथा परिष्कृत(वि०स० १९९१)

२) `शारदा ´`गोरखापत्र ´`उद्योग ´ आदि पत्रिकाहरूमा प्रकाशित कविताहरू (वि०स० १९९१-१९९४)

३) सप्त प्रश्नात्मक`बुद्धिविनोद´ को प्रथम विनोद (वि०स० १९९४)

४) `लक्ष्मीपूजा´ नाटक (वि०स० १९९४)

५) वि०स० १९९५-२००२ सालका स्फुट कविता

६) `पञ्चतन्त्र´ को नेपाली अनुवाद (वि०स० २००४)

ग) **तेस्रो चरण (वि०स० २००८ देखि २०२२ सम्म**)

तेस्रो चरणमा आइपुग्दा कवि लेखनाथ पौड्यालको काव्य रचना क्षमता अक्ष विकसित र परिपक्क रूपमा देखिन्छ ।उनी वि०स० २००८ देखि २०११ सम्म साहित्य सृजनामा सक्रिय देखिन्छ । वि०स० २००७ सालको क्रान्ति सफल बनेर देशमा जहानिया शासन अन्त्य सँगै प्रजातान्त्रिक माहौल बनिरहेको समयमा तिनले आफ्नो कलमलाई सक्रिय रूपमा चलाएका छन्। `तरुण तपसी´`लालित्य´ प्रथम भाग आदिको प्रकाशनसँगै तिनका अन्य नाटक तथा फुटकर रचनाहरू छन्। सोहोसमयमा भारतमा महात्मा गान्धी को निर्ममतापूर्वक हत्या हुन्छ।यश घटनाबाट दुखी बन्दै तिनले महात्मा गान्धी को निधनमा शोक काव्य `अमर ज्योतिको सत्यस्मृति´लृखे। तिनको कलम मृत्युपर्यन्त चलि नै रह्यो ।

कवि शिरोमणि लेखनाथ पौड्यालको तेस्रो चरणमा प्रकाशित कृतिहरू एवम् विभिन्न पत्र पत्रिकामा प्रकाशित रचननाहरू निम्न हुन्-

१) `अमर ज्योतिको सत्यस्मृति´शोककाव्य (वि०स० २००८)

२) `गौरी_गौरव´ नाटक(वि०स० २००९, यो नाटक अभिनीत मात्र )

३) वि०स० २०१० सम्मका कविता(लालित्य प्रथम भाग समेत)

४) `तरुण तपसी´ नव्यकाव्य (वि०स० २०१०)

५) `मेरो राम´ काव्य (वि०स० २०११)

६) `अभिज्ञान शाकुन्तल´ नाटक (अनुवाद)

७) नयाँ `भार्तृहरिनिर्वेद´ (वि०स० २०२०)

८) `पार्वती परिणय´ (अपूर्ण,अप्रकाशित नाटक)

९) `गंगा गौरी´ (अपूर्ण महाकाव्य वि०स० २०२२-२३)

१०) `लालित्य´( दोस्रो भाग)

११) विभिन्न समसामयिक पत्रिकाहरूमा प्रकाशित फुटकर कविता एवम् रचनाहरू (वि०स० २०१२-२०३०)

## 11.2.5 मृत्यु

कविशिरोमणि लेखनाथ पौड्यालको मृत्यु वि०स० २०२२ फाल्गुन ७ गते चितवनको भरतपुर स्थित देवघाटमा भएको थियो । मृत्यु अवधि उनको उमेर ८२ वर्षको थियो

।उनको मृत्युमा नेपालको प्रमुख पत्र ``गोरखापत्र´ ले प्रथम पृष्ठमै ७२ प्वाइन्टको मूल शीर्षक दिएर अनि रेडियो नेपालले पनि मूल समाचार बनाएर लेखनाथको देहावसानको दुःखद समाचार प्रसार गरेपछि राष्ट्र नै शोकस्तब्ध बनेको थियो।उनको मृत्यु शोकमा नेपाल अधिराज्य भरिका सम्पूर्ण शैक्षिक संस्थान एवम् कार्यलहरू बन्द गरिएको थियो । यसरी नै तत्कालीन नेपालका राजाले शोक सन्देश व्यक्त गरेका थिए भने तत्कालीन प्रधानमन्त्री तथा मन्त्रीमण्डलले राष्ट्रिय पञ्चायतमा शोक प्रस्ताव पारित गर्दै कवि लेखनाथ पौड्यालको मृत्युमा श्रद्धाञ्जली अर्पण गरेका थिए।

लेखनाथको निधनको तेह्रौँ दिन काठमाडौमा मौन जुलुसका साथै विशाल शोकसभाको आयोजना गर्दै राष्ट्रले श्रद्धाञ्जली व्यक्त गरेको थियो ।

# 11.3 कविशिरोमणि लेखनाथ पौड्यालले दिएको विशेष विशेष योगदानहरूबारे चर्चा

## 11.3.1 लेखनाथ पौड्यालले नेपाली साहित्यको विभिन्न विधाहरूमा तथा साहित्येत्तर क्षेत्रमा दिएको योगदानबारे चर्चा

नेपाली साहित्यमा आधुनिक कालको मिर्मिरे उज्यालोका रूपमा मानिने कविशिरोमणि लेखनाथ पौड्यालले आफ्नो जीवनकालभरि नै साहित्यको सेवा गरेका हुन् ।वि०स० १९६० को दशकदेखि निरन्तर कलम चलाउने कवि लेखनाथ पौड्यालको कलम वि०स० २०२० को दशक अर्थात् उनको मृत्युकाल सम्म नै चलेको देखिन्छ ।सर्वप्रथम कविता लेखेर नेपाली साहित्यको रणभूमिमा प्रवेश गरेका कवि शिरोमणि लेखनाथ पौड्याल एकजना दक्ष साहित्यिक सिपाही हुन्। भानुभक्त आचा,मोतीराम भट्ट ,संस्कृतका कवि कालिदास,भातृहरि तगा हिन्दीका कवि मैथिलीशरण गुप्त आदिका कृतिहरूबाट प्रभावित बनेका लेखनाथ पौड्याले समस्यापूर्तिका माध्यमबाट काव्य लेखनको अभ्यास गरेका हुन्। सुरुमा धेरैवटा कविताहरू श्रृङ्गारिक भावमा लेखेका भए तापनि लेखनको पछिल्लो चरणमा भने तिनका रचनाहहरू परिपक्क तथा समयसापेक्ष देखिन्छ । कविता क्षेत्रमा नै सर्वप्रथम पाइला टेकेका कवि लेखनाथ पौड्यालले विशेषगरि नेपाली साहित्यको कविता विधामा नैबढी योगदान दिएका छन्।धेरभन्दा धेर कविता लेखेका कवि लेखनाथ पौड्यालको कविता यात्रा `माधवी´ `सुन्दरी´`कविताकल्पमुद्रम्´मा प्रकाशित कविताहरूबाटै नै सुरू भएको थाहा लाग्छ। यसरी नै आफ्नो जीवनकालभरि तिनले कविता रचनामा धेरै श्रम खर्चेका छन्।

यसरी नै तिनले खण्डकाव्य रचनामा पनि उत्तिकै आफ्नो दक्षता लाई प्रदर्शन गरेका छन्। नेपाली साहित्य मा विशुद्ध प्रकृतिकाव्यकम रूपमा चिनिएका `ऋतुविचार ′ ले नेपाली काव्य जगतमा नै नयाँ आयाम थपिएको मान्न सकिन्छ ।यसरी नै अध्यात्मवाद एवम् पूर्वीय दर्शनलाई आत्मसात् गरेर उनले लेखेका नव्यकाव्य `तरुण तपसी′ को छुट्टै विशेषता रहेको छ। यसबाहेक अन्य शोककाव्य,स्तुतिकाव्य आदि रचना गरेर तिनले नेपाली साहित्यको काव्य क्षेत्रमा पनि योगदान दिएका छन्।

`भातृहरिनिर्वेद′`लक्ष्मीपूजा′आदि नाटकहरू लेखी लेखनाथ पौड्यालले नाटक विधामा पनि कलम चलाएका छन्।संस्कृत नाट्य परम्पराको प्रभाव अनुरुप उनले लेखेका  नाटकहरूले नेपाली नाट्य जगतलाई धनी तुल्याएको छ। यसबारे पछिबाट विस्तृत रूपमा चर्चा गरिने छ।

अनुवादका क्षेत्रमा पनि लेखनाथ पौड्यालले योगदान दिएका छन्। संस्कृत साहित्यकार `कालिदास रचित `अभिज्ञान शाकुन्तल ′ लाई पनि उनले अनुवाद गरेका ।यसरी नै अन्य पनि अनुवाद  गरेका थिए। तथापि तिनले अन्य विधाहरूमा जति यश क्षेत्रमा कार्य गरेका छैनन।

यसबाहेक तिनले सामाजिक जागृतिमूलक रचनाहरू पनि रचेका छन्।समसामयिक विषयवस्तुलाई  आधार बनाएर रचना सृजना गर्ने कवि लेखनाथ पौड्यालका रचना तथा कृतिहरु तत्कालीन समाज तथा वैश्विक चेतनालाई बोकेको पाइन्छ । यसरी नै नेपालको राजनैतिक परिदृश्यमा देखा परेको सात सालको क्रान्ति  अर्थात् प्रजातन्त्रको आन्दोलनमा पनि तिनी सक्रिय प्रजातन्त्रवादी व्यक्तिका रूपमा देखा पर्छन्। नेपालको वि०स० २००७ सालको राणा शासन विरुद्ध को जनक्रान्तिका समर्थकका उनी देखा पर्छन् ।

नेपाली साहित्यकको कविता ,खण्डकाव्य,नाटक ,अनुवाद आदितिर कलम चलाउने तथा कवि शिरोमणि लेखनाथ पौड्याले भाषिक आन्दोलन `हलन्त बहिष्कार ′ समर्थन गरेका थिए।यश आन्दोलनका प्रवर्तक राममणिआ.दी सँग मिलेर तिनले `हलन्त बहिष्कार ′ आन्दोलनलाई सघाएका थिए।समग्रमा हेर्दा कवि लेखनाथ पौड्यालले नेपाली साहित्यको विभिन्न विधाहरू सँगै अन्य क्षेत्रमा पनि योगदान दिएका छन्।उनले नेपाली साहित्य लगायत साहित्येत्तर क्षेत्रमा पुर्‍याएको योगदानबारे यश अध्यायमा संक्षिप्तमा चर्चा गरिएको छ भने आउँदो अध्यायमा विस्तृत रूपमा चर्चा गरिने छ।

Notes

## 11.3.2 नेपाली साहित्यको कविता विधामा कवि लेखनाथ पौड्यालले दिएको योगदान

कविता विधाबाट नै साहित्यमा प्रवेश गरेका कवि लेखनाथ पौड्यालले नेपाली साहित्यमा धेरैवटा कविता काव्यहरू तथा फुटकर कविताहरू लेखी छाडिगएका छन्। नेपाली साहित्यको आधुनिक काल एवम् माध्यमिक कालका साँघुका रुपमा परिचित कवि लेखनाथ पौड्यालको कविता यात्रा वि०स० १९६० दशकदेखि नै सुरु भएको पाइन्छ ।उनको आगमनसँगै नेपाली साहित्यमा आधुनिककाल सुरु भएको साहित्येतिहासकारहरू मान्छन् ।अ ौपचारिक शिक्षालाई छोटो अवधि मा नै तिलाञ्जली दिन परेका कवि लेखनाथ पौड्यालको काव्य साधना प्रशंसायोग्य छ। नेपाली साहित्य ो माध्यमिक काल अवधि श्रृङ्गारिक धाराले जोड पक्रिएको समयमा नैतिक उपदेशमूलक,आध्यात्मिक चिन्तन तथा दर्शन,मानवताको सन्देश आदि छर्दै नेपाली साहित्यमा प्रवेश गरेका कवि लेखनाथ पौड्यालको आगमनपछि नेपाली साहित्यको कविता बिधाले नयाँ रूप पाएको मान्न सकिन्छ । श्रृङ्गारिक विषयवस्तु तथा पारम्परिक लेखन शैलीभन्दा फरक लेखन तथा विषयवस्तुको चयनका दृष्टिले नवीन रूपमा प्रस्तुत भएका कवि लेखनाथ पौड्यालको सुरुका केही कविताहरू भने श्रृङ्गारिक भावधारामा नै बहेको पाईन्छ ।उनीसँगै साहित्य सृजनामा लागिपरेका दधिराम मरासिनी ,सोमनाथ सिग्देल ,चक्रपाणि चालिसे लगायतका लेखकहरूले श्रृङ्गारिक काव्य लेखनको प्रभाव अनुरुप केही समयसम्म श्रृङ्गारिक कविताहरू नै लेखे। तर चाँडै नै श्रृङ्गारिक किसिमको तथा अश्लील लेखनाबाट उनीहरू टाडिएर नेपाली साहित्य लाई आधुनिक दिशातर्फ मोड्ने कामतर्फ लागे। यस कार्यको निम्ति राममणि आ.दी द्वारा सम्पादित `माधवी´ पत्रिकाले पनि उनीहरूलाई टेवा पुर्‍याएको थियो। नेपाली साहित्यलाई श्रृङ्गारिक तथा अश्लील परिवेशबाट निकाली आधुनिक गोरेटोतर्फ लानुन नै कवि लेखनाथ पौड्यालको कविता क्षेत्रमा रहेको मुख्य योगदानका रूपमा मान्न सकिन्छ ।

विद्यार्थी जीवनदेखि नै कविता कोर्नमा लागिपरेका कवि लेखनाथ पौड्यालका कविताहरू भने वि०स० १९६० को दशकदेखि मात्र प्रकाशित हुन थालेको पाइन्छ ।उनको साहित्यिक यात्रा यसैकालदेखि सुरु भएको थियो। तथापि कवि लेखनाथ पौड्यालको कविताहरू प्रकाशित हुन साथै नेपाली कविता साहित्यमा नयाँ मोड सुरु भएको भन्ने विद्वानहरूको ठनाई छ। वि०स० १९६१ सालतिर पण्डित दुर्गाप्रसाद शर्माद्वारा सम्पादित पत्रिका `कविताकल्पमुद्रम´ संग्रहमा लेखनाथ पौड्यालको

`श्रृङ्गारपच्चीसी´ तथा `मानसाकर्षिणी´ छापिएपछि तिनी कविता क्षेत्रमा आएका हुन्।यसैवखत बनारसबाट निक्लने पत्रिका `सुक्तिसुधा´ नामक संस्कृत पत्रिकामा पनि तिनको `पाठशाला विशाला´ समस्यापूर्ति तथा कविताहरू छापिएको थियो । यसरी नै तिनको कविता लेखन-यात्रा लगातार रूपमा अघि बढ्ने क्रममा वि०स० १९६३ बनारसबाट सोमनाथ शर्माको सम्पादनमा निस्किने पत्रिका `सुन्दरी ´मा `गोपिका चित्त लिने´,`नमान हारी´,`नीला भया चन्द्रमा´ जस्ता समस्यापूर्ति एवम् `वियोगिनी विलाप´अनि `वैराग्यबल्ली´ कविता प्रकाशित भएको थियो। नेपाली साहित्यको कविता विधामा आधुनिक कालको सूत्रपात गर्ने यी कविका कविताहरू यसरी नै क्रमबद्ध रूपमा विभिन्न पत्र -पत्रिकाहरूमा प्रकाशित हुँदै आएको देखिन्छ । कवि लेखनाथ पौड्यालको कविता लेखनसित आकृष्ट बनेका राममणि आ.दी ले तिनको कवित्वपनको प्रशंसा मात्र गरेनन् तर आफ्नो पत्रिका `माधवी´ मा लेखनाथका कविता`माधवी कुसुमाञ्जलि´तथा वि०स० १९६६ मा लघु काव्य `वर्षाविचार´ नै प्रकाशित गरिदिएका छन् । राममणि आ.दी सँगै लेखनाथको सम्बन्ध पछिसम्म नै कसिलो रहिरह्यो । नेपाली साहित्यमा दिशा परिवर्तनका समान आकाङ्क्षा बोकेका राममणि आ.दी,चक्रपाणि चालिसे तथा लेखनाथ पौड्यालले वि०स० १९६९ मा प्रकाशित गरेका कविता संग्रह `लालित्य´ले नेपाली साहित्यको आधुनिक काललाई अघि बढाएको छ। यसै `लालित्य´ मा संकलित लेखनाथका पाँचवटै कविताले नयाँ प्रयोग तथा समकालमाथिको विजयाकाङ्क्षालाई प्रतिनिधित्व गरेका छन्। `वर्षाविचार´`मनोलड्डु´र `कवि-कवितालाप´ ले देखाएको नयाँ प्रयोगको संकल्पको महत्त्व आधुनिक नेपाली कविताको प्रवर्तनका दृष्टिले विशिष्ट भए झैँ संस्कृतको शिल्प-चमत्कारी काव्-प्रणालीको दोहनबाट प्राप्त प्रौढताद्वारा समकालको काव्य -प्रणालीलाई सुसमृद्ध बनाई आफ्नो सर्वोच्चता कायम गरणने दृष्टिले `विचित्रवाहिनी´,`राधारञ्जन´र `रामराज्य´उत्तिकै महत्त्वपूर्ण छन् । लेखनाथको काव्य -यात्राको प्रथम प्रहरको पूर्वार्धको चरमोत्कर्षका दृष्टिले `शोक-प्रवाह´ को सहज -स्निग्ध कवित्व बढ्दा नवीनतामुखी छ भने `सुक्तिसिन्धु´ भित्रका `पान्थप्रबोध´`विरहीणीका उपर सखीको प्रश्न ´र`कुञ्जवर्तिनी विप्रलब्धा´कविता कोणबाट नेपाली कविताको आधुनिक काललाई लेखनाथले दिएको चरमोत्कर्ष र त्यसमा लेखनाथले प्राप्त गरेको सर्वोच्चताका निसानी बन्न गएका छन्।वि०स० १९७८-८० को अवधि लेखनाथको सृजनाको मध्यावस्था हो र यश अवधिमा तिनका ६-७ फुटकर कविता मात्र प्रकाशित छन्।

Notes

माध्यमिक कालको मोती-मण्डली र तदुपरान्तका कविहरूको सक्रियताको थोर-बहुत रहल-पहल हुँदा नै पनि वि०स० १९७३ तिर लेखनाथले नेपाली कवितामा युगान्तर बोलाए झैँ अनुभव हुन्छ ।विस्तारपूर्वक भन्न खोज्दा प्रकृति -दृष्टि ,नैतिक अौपदेशिक स्वर,हिन्दु पुनर्जागरण भित्रका सामाजिक र सांस्कृतिक सुधारका स्वर,बौद्धिक र आध्यात्मिक मौलिक सचेतता र वैज्ञानिक युगको साभिलाषता,शब्द-शय्याको अंशत: क्लासिकल र अंशत: झर्रो ठाँट-बाँट,वार्णिक -मात्रिक छन्दका सहज -परिष्कृत विविधतामय कल्कल,शिल्पका अकृत्रिम -परिष्कृत चकाचौध अनि भावका विभिन्न दिशा-दिशाको कोमल माधुरीआदि पर्याप्त नवीन काव्य -प्रवृत्तिद्वारा लेखनाथले वि०स० १९७३-७४ मा नै नेपाली कवितालाई नयाँ दिग्बोध दिएको र त्यो दिग्दर्शन पछिका बर्षहरूमा सुस्त -सुस्त प्रष्ट हुँदै गएको भेटिन्छ ।

नेपाली साहित्यमा कलम चलाउने तथा योगदान दिने क्रममा वि०स० १९७३-७६ को प्रथम अवधिमा लेखनाथले प्रकृतिकाव्य `ऋतुविचार´ द्वारा नेपाली कवितामा नयाँ सम्भावनाको क्षितिज उघारेका छन् भने `बुद्धिविनोद ´ले बौद्धिक जागृतिको नयाँ रन्को दिएको छ।`गोरखा-शिक्षा ´ का विभिन्न भागभित्रका लेखनाथले नयाँ काव्य मार्गको उद्भावनाका प्रशस्त चेष्टा गरेका छन् भने विशेषत: तेस्रो भागका `नैतिक दृष्टान्त ´ `वसन्त ´`वसन्तकोकिल´ `प्रभात´ `पिँजराको सुगा´ आदि कविताले नेपाली कविताको नयाँ यात्राको स्पष्ट र प्रखर सङ्केत दिएका छन्। यसरी नै वि०स० १९७८-८० को अवधिमा कवि लेखनाथ पौड्यालको लेखनी केही मन्द बनेको छ ।तथापि `स्तोत्रावली´भित्र दुइवटा कविता `गोरखा-शिक्षा (भाग चार)´ भित्र तीनवटा कविता र अन्य केही कविताहरू यश कालमा देखिन्छ। तिनको यसकालको कविता `इश्वर महिमा´ ले शान्तरसमा समर्पित आध्यात्मिकताको सशक्त प्रतिनिधित्व गरेको छ भने `कलेज खुलेको दिन ´ ले व्यक्ति -स्तुतिको विशेष प्रयोग गरेको छ। `गोरखा-शिक्षा ´ का तीनवटा कविताले लेखनाथको प्रकृति दृष्टि ,सामाजिक दृष्टि ,र नैतिक आदर्श स्वरमा प्रचुर विकास भएको सङ्केत दिएका छन्। `हिम-व्यथा´ ले उनको भावगत आद्रर्ता -कोमलताको विशिष्ट झल्को दिएको छ।

वि०स० १९६१ देखि सुरु भएको लेखनाथको कविता यात्रा वि०स०१९९० मा आइपुग्दा पूर्ण यौवन देखापर्छ। विविध विषयवस्तुलाई अँगालेर कविता ,खण्डकाव्य ,नाटक आदि सृजना गर्ने कवि लेखनाथ पौड्यालले नेपाली साहित्यको कविता विधालाई सक्रिय रूपमा अघि लगेको पाइन्छ ।कविता मात्र नभई तिनले खण्डकाव्य ,नाटक आदि विधालाई पनि तिनले कवितासँगै सँगै समेटेर लगेको पाइन्छ ।

वि०स० १९९१ देखि वि०स० १९९४ अवधिका तिनका फुटकर कविताहरूबारे चर्चा गर्ने क्रममा यश अवधिका तिनका कविताहरू विशेषगरी `शारदा ´ पत्रिकामा नै छापिएका छन् भने अन्य पत्रिकाकाहरूमा कम मात्रमा छापिएका छन्। यश कालमा प्रकाशित उनका कविताहरूमा `अरुणोदय´ `जीवन -चङ्गा ´`मुरलीमोह´ `काल-महिमा´`गौथलीको चिरिबिरि´आदि प्रमुख हुन्। यसकालमा उनका कविताहरू `शारदा ´ लगायत `उद्योग ´पत्रिकामा पनि छापिएको थियो ।

वि०स०१९९५ देखि वि०स० २००२ को अवधिमा तिनका कविताहरू `शारदा´`उद्योग ´`गोरखापत्र ´ आदिमा प्रकाशित भएका छन् भने `सत्य सन्देश ´हरू नै यश बखतका मूलभूत स्फुट कविता हुन्।नेपाली कवितालाई भक्ति,नीति तथा अध्यात्म तिर डोहोर्याउने कवि लेखनाथका कवि व्यक्तित्वभित्रका प्रतिभालाई यश कालमा स्पष्ट देख्न सकिन्छ ।यस अवधिमा लेखनाथको `सत्य -सन्देश ´हरू र `विवेक वाटिका´तथा `अध्यात्मवाटिकाका साना फूलहरू´ का अतिरिक्त केही स्फुट कविताहरू प्रकाशित भएका छन्। ती कविताहरूमध्ये मुख्य -मुख् हुन्-`पिँजराको प्यासा मैना´`पतित पावनी श्रीगङ्गाजीको, झाँकी´ `राम्रो ´`विश्रामघाटको पवित्र स्मृति ´`वंशीधरको विश्वविनोद´`पाटीमा ढाक्रेको पसारो´`केदारदर्शनको रहस्य ´`पूर्वस्मृति´`विज्ञानको मोह ´ आदि। यसकालका कविताहरूमा तिनले पौराणिक गाथालाई आध्यात्मिक दर्शनको दृष्टिले व्याख्या गर्ने प्रयास गर्दै नेपाली कविता साहित्यमा नवीन कार्य गरेका छन्।उनका कविताहरू`पतितपावनी गङ्गाजीको झाँकी´`वंशीधरको विश्वविनोद´ आदिमा उक्त विषयको समावेश भएको पाईन्छ ।

यसरी नै कवि लेखनाथ पौड्यालको कविता यात्राको वि०स० २००४ देखि वि०स० २००७ सम्मको अवधिलाई हेर्दा यश कालमा पनि थुप्रैवटा कविताहरू प्रकाशित भएको पाईन्छ ।नेपाली कवितालाई निरन्तर अघि लगिरहेका कवि पौड्यालका यश अवधिका कविताहरूमा `कलमसित´`हाँसेको साहित्य सागर´`चुँडिएको चङ्गाशीत´`आश्चर्य ´`गौथलीको चिरिबिरि(२) ´`नारद र विज्ञान´ आदि प्रमुख हुन्। वि०स० २००४ मा आइपुग्दा लेखनाथ कविका रूपमा पूर्णत: आत्मविश्वस्त अनि सुप्रतिष्ठित भइरहेको देखिन्छ ।शारीरिक रूपमा कमजोर हुन थालेपनि उनको कवित्व नथाकेको तथा उनको प्रतिष्ठा अझ बढ्दै गएको पाइन्छ ।

वि०स० २०१० साल सम्मका उनका कविता तथा कविता लेखनतर्फ दिएको योगदानबारे चर्चा गर्दा उनी एकजना सक्रिय साहित्य साधकका रूपमा दरिन्छन्।

यससाल नै उनको कविता संग्रह `लालित्य´ प्रकाशित भएको पाइन्छ ।वि०स० १९६९ मा नै प्रकाशित पुरानो `लालित्य´का दुईवटा कविता `मनोलड्डु´तथा`कवि-कवितालाप´पनि संग्रहमा समावेश गरि अन्य कविताहरूका साथमा `लालित्य´देखा पर्छ। तिनका कतिपय कविताहरू `चन्द्रिका´`गोर्खाली´`संक्षिप्त भारत´ आदि पत्रिकातिर पनि प्रकाशित भएका छन् ।विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित कविताहरू तथा अन्य अप्रकाशित कविताहरूलाई लिएर `लालित्य´कविता संग्रह तिनले तयार गरेर प्रकाशित गरेका थिए। यश संग्रहभित्र`धन महिमा,´`हिउँदका दिन,´`दशैँ,´`तिहार,´`नैतिक दृष्टान्त ,´`सन्ध्या ,´`प्रभात, आदि कविताहरू रहेका छन्। यस अवधिमा पत्र पत्रिकामा छापिएका उनका मुख्य -मुख्य कविताहरू हुन्- `युगवाणी,´`देशबन्धुसँग अपील ,´`जुगप्रभाती,´`वर्षा,´ `जीवनको एरोप्लेन,´`विवेक वाटिका अन्तर्गत होच्याई अरूलाई ,´`प्रकृतिविजेता ने.प्र प्र.वीर श्री तेञ्जिङ स्यार्पाको स्वागत ´`आकाशकी परी´आदिकविको संमान,´`वीर बालाको तीखो दृष्टि,´ `उस ज्योतिको एक झलक,´ `अमर सहिद स्थिर बम मल्लको स्मृतिमा,´ `प्रगति,´ `पिँजराबाट छुटेको सुगा,´ `राष्ट्र भाषाको भविष्य उपर एक दृष्टि ,´ `कविको उन्निद्रता,´ आदि हुन्।

कवि लेखनाथ पौड्यालको काव्यकारिता बारे काव्यकारिताबारे तथा उनलाई चिनाउने क्रममा साहित्येतिहासकार विद्वान् प्रा० डा० घनश्याम नेपालले आफ्नो पुस्तक `नेपाली साहित्यको परिचयात्मक इतिहास´ मा यसरी लेखेका छन्- "सन् १८८४ मा नेपालको कास्की पोखरामा जन्मेर सन् १९६५ मा चितवनको देवघाटमा आफ्नो इहलीला समाप्त गर्ने लेखनाथ पौड्याल नेपाली कविताको इतिहासमा कविशिरोमणिको उपाधिले विभूषित भई चिनिन्छन्। भानुभक्त ,मोतीराम भट्ट ,र संस्कृतका कालिदास,भर्तृहरि,तथा हिन्दीका मैथिलीशरण गुप्त आदि कविहरूका कृतिबाट प्रभावित यी कविले समस्यापूर्तिका माध्यमबाट काव्य लेखनको अभ्यास सुरु गरेका हुन्। उनका सुरुका कतिपय कविता श्रृङ्गारिक छन्।`सुन्दरी ´र `माधवी´जस्ता पत्रिकामा आफ्ना प्रारम्भिक कविताहरू प्रकाशित गराउने लेखनाथको पहिलो महत्त्वपूर्ण कविता `वर्षाविचार´सन् १९०९मा `माधवी´ मा प्रकाशित भयो ।यसमा पछिका कविशिरोमणिका काव्यगत प्रवृत्ति र विशेषताहरूको प्रारम्भिक रुप छर्लङ्ग देखिन्छन् ।यसमा पाइने रूपात्मक -उत्प्रेक्षात्मक-उपमामूलक शैलीमा सामाजिक चित्रण ,अध्यात्मवादी जीवनदर्शनको कवितात्मक प्रस्तुति ,नीतिवादी दृष्टि तथा बौद्धिक विकासको आग्रह नै उनका सम्पूर्ण पर्वर्ती काव्य -कृतिमा विकसित

,परिष्कृतर परिमार्जित रूपमा प्रयुक्त पाइन्छ ।उनले प्राचीन भारतीय आर्ष सभ्यताका आदर्शलाई आफ्नो युगको जीवनमा आरोपण गर्ने प्रयास गरेका छन्। त्यसैकारण लक्ष्मीप्रसाद देवकोटा उनलाई `आधुनिक युगका ऋषि´ मान्दछन् अनि उनको जीवन -दर्शनलाई ऋषिको जस्तो हरियो `साम्यवाद ´भन्ने संज्ञा दिन्छन् ।भानुभक्तका एउटा विशेष मौलिक अनुहार प्राप्त गर्न सफल भएको नेपाली काव्य -शैलीले लेखनाथबाट अझ उत्कर्ष प्राप्त गर्दछ। एउटै कुरालाई विभिन्न प्रकारले घरिघरि लेखेर परिष्कृत परिमार्जित रूपमा प्रस्तुत गर्नु नै लेखनाथको काव्यसाधनागत सफलताको एउटा मुख्य रहस्य रहेको छ। त्यसैतर्फ लक्ष्य गर्दै वासुदेव त्रिपाठी उनलाई `परिष्कारवादी´कविको संज्ञा दिन्छन् ।प्राचीन सांख्य र वेदान्त दर्शनका कुरालाई आफ्नो युगीन जीवन जगतका सन्दर्भमा राखेर तिनको कवितात्मक व्याख्या गर्दै मानवता,विश्वबन्धुत्व ,पारलौकिक जीवन ,भौतिक जीवनका तडक-भडक,लोभ-लालच र सङ्ग्रह सञ्चयमा लीन कार्यकलापहरूको निस्सारता आदि उनका सबै काव्य-कृतिका साझा सन्देश हुन्। उपम,रूपक र उत्प्रेक्षा उनका प्रिय अलङ्कार हुन् भने अनुष्टुप र शिखरिणी उनका प्रिय छन्द रहेका देखिन्छन् ।"

**कवि लेखनाथ पौड्यालका फुटकर कविताहरू एवम् कविता कृतिहरूलाई चरणगत रूपमा यसरी छुट्याएर हेर्न सकिन्छ –**

**१. प्रारम्भिक प्रहर-( वि०स० १९६१ देखि १९९० सम्म )**

क)`कविताकल्पमुद्रम´ (वि०स० १९६१),`सुन्दरी ´(वि०स० १९६३),`माधवी´(वि०स० १९६५-६६),`लालित्य´(वि०स० १९६९) अन्तर्गतका कविताहरू।

ख) `गोरखा शिक्षा´ का विभिन्न भाग अन्तर्गतका कविता ( वि०स० १९७२-८१)।

ग) `सुक्तिसिन्धु´ (वि०स० १९७४) अन्तर्गतका कविता ।

घ) `स्तोत्रावली´ अन्तर्गतका कविता (वि०स० १९७८)।

ङ) गोर्खाली,चन्द्रिका,गोरखापत्र आदि विभिन्न पत्र -पत्रिकाका अन्य कविता ।

**२. मध्यवर्ती प्रहर (वि०स० १९९१ देखि वि०स० २००७ सम्म )**

क)`शारदा´,`गोरखापत्र ,´ `उद्योग ´ अन्तर्गतका कविता ( वि०स० १९९१-१९९४)।

ख) वि०स० १९९५-२००२ सालका स्फुट कविता ।

**३.अन्तिम प्रहर (वि०स० २००८ देखि वि०स० २०२२ सम्म)**

क) वि०स० २०१० सालसम्मका कविता (लालित्य प्रथम भाग समेत )।

ख) लालित्य (दोस्रो भाग ,वि०स० २०२५)।

ग) विभिन्न समसामयिक पत्रिकामा प्रकाशित फुटकर कविता (वि०स० २०१२ - २०३०

नेपाली साहित्यको कविता विधामा कवि शिरोमणि लेखनाथ पौड्यालले दिएको योगदान अतुलनीय छ। माध्यमिक कालको श्रृङ्गारिक भावधाराबाट नेपाली कवितालाई आधुनिक कालतर्फ लाँदै नवीन विषयवस्तुको प्रयोग गरेर कविताको उचाइ थप्न सफल कवि लेखनाथ पौड्यालले कविताहरूमा समसामयिक विषयवस्तुलाई नै समावेश गरेको पाइन्छ ।नेपाली कविताले कवि लेखनाथ पौड्यालबमट प्रशस्त न्याय पाएको छ भन्न सकिन्छ ।

## 11.3.3 खण्डकाव्यकारका रूपमा लेखनाथ पौड्यालले दिएको योगदान

कविशिरोमणि लेखनाथ पौड्यालले कवितासँगै थुप्रैवटा खण्डकाव्यहरू रचना गरि प्रकाशित गरेका छन। तिनका कविता तथा खण्डकाव्यहरूलाई एकमुष्ठमा राखेर अध्ययन गर्न सकिन्थ्यो तर अध्ययन सुविधाका निम्ति छुट्याएर यहाँ अलग्गै अध्यायमा तिनको खण्डकाव्य तथा खण्डकाव्यकारिता बारे चर्चा गर्दै तिनले यस क्षेत्रमा दिएको योगदानबारे विश्लेषण गरिने छ।

वि०स० १९६० को दशकदेखि निरन्तर रूपमा साहित्य सृजनामा लागेका कविशिरोमणि लेखनाथ पौड्यालले आफ्नो जीवनकालभरिमा धेरैवटा खण्डकाव्य तथा अन्य काव्यहरू लेखेका छन्। नेपाली साहित्यको माध्यमिक तथा आधुनिक कालको मध्यमा देखा परेका कवि लेखनाथ पौड्यालको उदयपछि नै नेपाली साहित्यमा खण्डकाव्य ,महाकाव्यको रूप विकसित भएको देखिन्छ । यसभन्दा अघि नेपाली साहित्यको माध्यमिक कालमा मोतीराम भट्ट प्रवृत्तिले नेपाली साहित्यको खण्डकाव्य तथा काव्य विधामा कलम चलाएको पाइए तापनि त्यससमयको विशेष विषय अथवा काव्यले वरण गरेको विषय श्रृङ्गारिक तथा अश्लीलताकै बाहुल्यमा आधारित रहेको पाइन्छ । उदाहरणका रूपमा मोतीराम भट्टले लेखेका तथा नेपाली साहित्यमा दूतकाव्य भनी मानिएका `पिकदूत´ लाई लिन सकिन्छ ।पतिवियोग,श्रृङ्गारिक भाव,यौन तथा यौन अतृप्तिका कुराहरूलाई विशेष विषय

बनाएर लेखिएको उक्त काव्यले नेपाली साहित्यको माध्यमिक कालको काव्य लेखनको भावधारालाई छर्लङ्ग पारेको छ। यस कालमा लेखिएका अन्य काव्यहरूमा पनि यस्तै विषयवस्तुको बाहुल्य पाइन्छ ।तर जब नेपाली साहित्यमा लेखनाथ पौड्यालको उदय भयो तबदेखि भने नेपाली साहित्यले श्रृङ्गारिक विषयवस्तुलाई त्यागेर विस्तारै नवीन विषयवस्तुतिर प्रवेश गरेको पाइन्छ । वि०स० १९६० को दशकदेखि कविताहरू प्रकाशित गरेर नेपाली साहित्यमा उदाएका कवि लेखनाथ पौड्यालले आफ्नो साहित्यिक यात्रा कविताबाट नै सुरु गरेका हुन्।वि०स० १९६१ मा पण्डित दुर्गाप्रसाद शर्माद्वारा सम्पादित `कविता कल्पमुद्रम´ मा तिनका दुइवटा कविताहरू `श्रृङ्गारपच्चीसी´ अनि `मानसाकर्षिणशी´ छापिएपछि नेपाली साहित्यमा पाइला चालेका लेखनाथ पौड्यालले आफ्नो जीवनकालभरिमा खण्डकाव्य,शोककाव्य,नव्यकाव्य,प्रकृतिकाव्य आदि लेखिगएका छन्। विशेष:प्रकृति प्रेम,आध्यात्मिक चेतना,पूर्वीय दर्शन तथा अध्यात्म ,नैतिक शिक्षा,मानवतावादी चेतना ,विश्वबन्धुत्व तथा भातृत्वको सन्देश ,भेदभावरहित समाजको कल्पना तथा आकाङ्क्षा ,एकता,मानवीय गुणहरूको पुनःस्थापना ,राजनैतिक विसङ्गतिप्रति व्यङ्ग्य ,विज्ञान र भौतिवादले मानिसहरूलाई यान्त्रिक बनाउदै लगिरहेको बारे आवाज तथा धर्मतिर लीन हुनुपर्ने सन्देश तथा आग्रह तिनको काव्य कृतिहरूमा पाइन्छ । नेपाली साहित्यका पाठक तथा नेपाली जन समाजलाई तिनले नैतिक शिक्षा दिन,आध्यात्मिक खुराक बाट्न,दर्शनबारे बताउन तथा मानवताका सन्देश दिनमा तिनी तथा तिनका काव्य -कृतिहरूको ठूलो योगदान रहेको छ।

तिनका खण्डकाव्य तथा अन्य काव्यहरूबारे संक्षिप्तमा चर्चा गर्न पर्दा सर्वप्रथम वि०स० १९७३ मा प्रकाशित तथा प्रकृतिकाव्यका रूपमा मानिएको `ऋतुविचार´ लाई लिन सकिन्छ । यो खण्डकाव्य लेखनाथको वि०स० १९६६ मा `माधवी´ पत्रिकामा प्रकाशित `वर्षाविचार´ को प्रयोगको विस्तृत परिमाण रहेको विद्वानहरू मान्छन्। यस `ऋतुविचार´ खण्डकाव्यमा लेखनाथलेवर्षभरि आउने वसन्त ,ग्रीष्म,वर्षा,शरद,हेमन्त ,शिशिर ऋतुको चर्चा गर्दै प्रत्येक ऋतुबारे वर्णन गरेका छन्।तिनले ऋतु वर्णन अवधि नै आध्यात्मिक सन्देश ,नैतिक ज्ञान पनि दिएका छन् भने समसामयिक विषयादिलाई पनि उठान गरेका छन्।

यसरी नै सोही सालमा अर्थात वि०स० १९७३ मा नै उनको अर्को खण्डकाव्य `बुद्धिविनोद ´ पनि प्रकाशित भएको पाइन्छ ।बौद्धिक काव्यका रूपमा मानिने `बुद्धिविनोद ´खण्डकाव्यले काव्यकार लेखनाथ पौड्यालको बौद्धिक क्षमता तथा

आध्यात्मिक चेतनालाई पनि उजगार गरेका छन्। तिनी यश काव्यमा विभिन्न प्रश्नहरू लिएर आउँछन् अनि घोत्लिछन्।उदाहरण स्वरूप जीवन -जगतका संचालक भनिएका ब्रह्मा ,विष्णु ,र रुद्र आदि देवता प्रत्येक्ष देखिँदैनन् र कहाँ बसेका छन् अनि कीटाणुदेखि देवतासम्म उहीँ जीव हो भने उनीहरूका जीवनक्रममा यतिको वैषम्य किन छ भन्ने प्रश्नहरू यश काव्यको विभिन्न श्लोक अन्तर्गत पाउन सकिन्छ ।

वि०स० १९७० मा प्रकाशित उनको खण्डकाव्य `शोकप्रवाह´यसरी नै वि०स० १९७६ मा प्रकाशित काव्य `सत्यकलिसंवाद´, वि०स० १९८६ मा प्रकाशित `गीताञ्जली´ काव्य ले लेखनाथ पौड्यालको लेखन कलालाई अझ निखारेको पाइन्छ ।नेपाली साहित्यको खण्डकाव्य एवम् काव्य विधामा यिनले योगदान दिने क्रम वि०स० २०२० को दशकसम्म नै रहिरहन्छ । उनको `सत्यकलि संवाद´ लाई लेखनाथ स्वयमले `हिन्दु समाजको महापतनको वर्णनात्मक काव्य ´भनी मानेका छन्। प्राचीन आर्यसभ्यताको ह्रास र विकृतिको महागाथाको संक्षिप्त रेखाङ्कन जस्तै यो काव्य प्रतीत हुन्छ ।विशेषत: कलियुग र मुस्लिम दबदबाको फलस्वरूप हिन्दु समाजको गर्व चूर्ण भएको र सर्वाङ्गीन पतन भएको दु:खद कथा नै यश काव्यको पूर्वार्ध हो। उत्तरार्धमा चाहिँ अङ्ग्रेजहरूको प्रवेशान्तर भारतवर्षमा मुस्लिम -दमन शान्त हुनक हुनका साथै वैज्ञानिक युगको स्वागत एक साथ गरेका छन् अनि हिमालय-काखको नेपालमा अझै सत्ययुग देखाएर लेखनाथले तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमसेरको पनि पर्याप्त स्तुति गरेका छन्।

तिनका विशेष खण्डकाव्यहरूबारे चर्चा गर्दा वि०स० १९९१ मा प्रकाशित `ऋतुविचार´ को विकसित भाग`´वि०स० २०१० मा प्रकाशित नव्यकाव्य `तरुण तपसी´ ` वि०स० २००८ मा प्रकाशित शोककाव्य`अमर ज्योतिको सत्यस्मृति´ लाई लिन सकिन्छ । तिनको वि०स० १९९१ मा प्रकाशित विकसित `ऋतुविचार´ खण्डकाव्य पुरानै ऋतुविचारको विस्तृत भाग अथवा विकसित भागका रूपमा मानिन्छ ।यसमम पुरानै विषय तथा ऋतुवर्णन रहेको छ तर परिमार्जित तथा विकसित रूपमा रहेको छ। यसरी नै उनलाई खण्डकाव्यकारका रूपमा दह्रो गरि चिनाउने काव्य हो `तरूण तपसी´। नव्यकाव्यका रूपमा मानिएको यश काव्यमा लेखनाथको बौद्धिक पक्षलाई स्पष्ट रूपमा देख्न सकिन्छ ।पूर्वी दर्शन तथा आध्यात्मिक चेतना,मानवतावादी स्वर ,नैतिक शिक्षा आदिसँगै वैश्विक तथा सामाजिक विसङ्गति आदि यश काव्यमा पाइन्छ । यो काव्यले पाठक तथा मानवलाई आध्यात्मिक चेतना,दर्शन तथा मानवताको पाठ सिकाएको छ। यसरी नै वि०स० २००८ मा

प्रकाशित शोककाव्य`अमर ज्योतिको सत्यस्मृति´ ले महात्मा गान्धीको जघन्य हत्या भएको इतिहासलाई बोकेको छ।मानवतावाद हराउँदै गएको तीतो सत्य पनि यश कावले बोकेको छ।

तिनका अन्य काव्-कृतिहरूमा वि०स० २००२ मा प्रकाशित `त्याग र उदयको युगल प्रकाश ´,वि०स० १९९४ मा `बुद्धिविनोद ´ को प्रथम विनोद ,वि०स० २०११ मा प्रकाशित `मेरो राम´,वि०स० २०२२-२३ मा अपूर्ण महाकाव्य `गंगा गौरी´ लेख्ने खण्डकाव्यकार लेखनाथ पौड्यालको काव्य क्षेत्रमा पूर्ण  योगदान रहेको छ।तिनले फ्रान्सको राज्यक्रान्ति तथा महाराणा प्रताप सम्बन्धि लेखेका काव्य हरू भने ज्ञात मात्र रहेको छ भेटिएको भने छैन।

**खण्डकाव्यकारका रूपमा लेखनाथ पौड्यालले लेखेका खण्डकाव्य तथा काव्य-कृतहररूलाई यसरी चरणगत रूपमा राखेर यसरी हेर्न सकिन्छ –**

**१.प्रारम्भिक प्रहर-(वि०स० १९६१ देखि वि०स० १९९० सम्म)**

क) `शोकप्रवाह´ खण्डकाव्य (वि०स० १९७०)

ख) `बुद्धिविनोद´,`ऋतुविचार´ खण्डकाव्य (वि०स० १९७३)

ग) `सत्यकलिसंवाद´ ( वि०स० १९७६)

घ) `गीताञ्जली´ (वि०स० १९८६)

**२.मध्यवर्ती प्रहर –(वि०स० १९९१ देखि वि०स० २००७ सम्म)**

क) विकसित `ऋतुविचार´ (वि०स० १९९१)

ख) सप्त प्रश्नात्मक `बुद्धिविनोद ´ को प्रथम विनोद (वि०स० १९९४)

ग) `त्याग र उदयको युगल प्रकाश ´काव्य (वि०स० २००२)

**३.अन्तिम प्रहर-(वि०स० २००८ देखि वि०स० २०२२ सम्म)**

क) `अमर ज्योतिको सत्यस्मृति´ काव्य (वि०स० २००८)

ख) `तरुण तपसी´ नव्यकाव्य (वि०स० २०१०)

ग) `मेरो राम´काव्य (वि०स० २०११)

घ) `गंगा गौरी´ (अपूर्ण महाकाव्य :वि०स० २०२२-२३)

आफ्नो जीवनकालभरिमा एक दर्जनभन्दा अधिक काव्य रचना गर्ने खण्डकाव्यकार लेखनाथ पौड्यालले नेपाली साहित्यमा दिएको योगदान असीमित छ।

## 11.3.4 नाटककारका रूपमा लेखनाथ पौड्यालले दिएको योगदान

कविशिरोमणि लेखनाथ पौड्यालले नाटकका क्षेत्रमा पनि आफ्नो कलम चलाएका छन्।तिनले वि०स० १९७४ मा `भर्तृहरिनिर्वेद´ वि०स० १९९४ मा `लक्ष्मीपूजा´ तथा वि०स० २०२० मा पुरानो भर्तृहरिनिर्वेदकै आधारमा नयाँ `भर्तृहरिनिर्वेद´ नाटक लेखेका छन्।यसबाहेक तिनले संस्कृत नाटक`अभिज्ञान शाकुन्तल ´ लाई अनुवाद पनि गरेका छन्। तिनले दरबारको जागिर अवधि `भवितव्य´ अनि `राधाकृष्णकेलि´ हिन्दी नाटकको रचना गर्नका साथै चन्द्रशमसेरका निम्ति `दिगम्बरविवाह´ नाटक लेखेक थिए भन्ने ज्ञात हुन्छ ।`पार्वतीपरिणय ´ पनिफयसै बखतको नाट्यकृति रहेको थाहा लाग्छ ।तर यीमध्ये कुनैपनि प्रकाशित भने पाइदैन । संस्कृत नाटक तथा नाटककार कालिदासबाट प्रभावित नाटककार लेखनाथ पौड्यालले नेपाली साहित्यको नाट्य विधामा कलम चलाएर नाटकलाई उच्च स्थानमा पुर्‍याउन सहयोग गरेका छन्

**नाटककार लेखनाथ पौड्यालका नाट्य कृतिहरूलाई यसरी राखेर हेर्न सकिन्छ –**

**१.प्रारम्भिक प्रहर-(वि०स० १९६१ देखि वि०स० १९९० सम्म)**

क) `भर्तृहरिनिर्वेद´ नाटक ( वि०स० १९७४)

ख) ज्ञात मात्र भएको तथा प्रकाशित रूपमा नभेटिएको हिन्दी नाटकहरू`भवितव्य´ र `राधाकृष्णकेलि´ साथै `दिगम्बरविवाह´ तथा `पार्वतीपरिणय´ नाटक।

**२. मध्यवर्ती प्रहर-(वि०स० १९९१ देखि वि०स० २००७ सम्म)**

क) `लक्ष्मीपूजा´ नाटक (वि०स० १९९४)

**३.अन्तिम प्रहर-(वि०स० २००८ देखि वि०स० २०२२ सम्म)**

क) `गौरी-गौरव´ नाटक (अभिनीत मात्र :वि०स० २००९)

ख) `अभिज्ञान शाकुन्तल´ नाटक (अनुवाद :वि०स० २०१५)

ग) नयाँ `भर्तृहरिनिर्वेद´(वि०स० २०२०)

घ) `पार्वती-परिणय´ नाटक (अपूर्ण :अप्रकाशित )

लेखनाथ पौड्यालले नाटककारका रूपमा रहेर।पनि नेपाली साहित्यलाई योगदान दिएका छन्।

## 11.3.5 अनुवादका क्षेत्रमा लेखनाथ पौड्यालको योगदान

लेखनाथ पौड्यालले अनुवादका क्षेत्रमा पनि हात बढाएका छन् ।तिनले वि०स० २००४ मा `पंचतन्त्र´ को अनुवाद गरेका छन् भने वि०स० २०१५ मा महाकवि कालिदासद्वारा रचित संस्कृत नाटक `अभिज्ञान शाकुन्तल´ को नेपाली अनुवाद गरेका छन्। लेखनाथले अनुवादका क्रममा यी दुईवटा कृतिहरू अनुवाद गरेर नेपाली साहित्यको अनुवाद क्षेत्रला अघि लैजाने काम गरेका छन्।

## 11.3.6 'हलन्त बहिष्कार' आन्दोलनका समर्थनमा लेखनाथ पौड्यालको योगदान

भाषिक आन्दोलनका रूपमा राममणि आ.दी प्रभृतिले सुरु गरेको `हलन्त बहिष्कार´ आन्दोलनका समर्थनमा कवि लेखनाथ पौड्याल रहेको पाईन्छ ।वि०स० १९६५ मा राममणि आ.दी को सम्पादनमा निस्किने पत्रिका `माधवी´ को माध्यम बाट कवि लेखनाथ पौड्याल अनि राममणि आ.दी नजीक भएका थिए। तिनी राममणिको `भाषा -सुधारको अभियान ´ मा प्रतिबद्ध हुँदै लागेका थिए। तिनी`हलन्त बहिष्कार ´आन्दोलनका समर्थक थिए।

## 11.3.7 पूर्वीय दर्शन तथा अध्यात्मवाद पुनःस्थापनाका क्षेत्रमा लेखनाथ पौड्यालको योगदान

कविशिरोमणि लेखनाथ पौड्याल पूर्वीय दर्शन तथा हिन्दु अध्यात्मवादका पक्षधर हुन्। तिनले आफ्नो काव-कृतिहरूमा आध्यात्मिक चेतना तगा पूर्वीय दर्शनलाई नै बढी प्राथमिकता दिएका छन्। काव्य तथा कृतिको माध्यमबाट तिनले मानिसहरूलाई आध्यात्मिक चेतना तथा ज्ञानबारे बताएका छन्।विश्वमा आध्यात्मिक चेतनामा ह्रास आएकै कारण मानवता हराउँदै गएको तथा यसको पुनरुथापनाका निम्ति अध्यात्म ज्ञान तथा चेतना मानिसहरूमा आउनु जरूरी रहेको कवि लेखनाथले जनाउँछन् । तिनले विज्ञान भौतिक विकासलाई पर सार्दै अध्यात्म तथा मानवतावदलाई अगाडि राखेर मानिसहरूमा मानवता तथा भाईचाराको सन्देश दिएका छन्। यान्त्रिक बन्दै गइरहेको मानवीय प्रवृत्तिलाई देखाउदै तिनले यसको निर्मूलनका निमित्त अध्यात्मवादको पछि लाग्ने आह्वान गरेका छन्। `तरुण तपसी´ `ऋतुविचार´

Notes

लगायत अन्य काव्यहरूमा तिनको अध्यात्म चेतना तथा पूर्वीय दर्शनको छापसँगै अध्यात्मवादको पपुनरुस्थापनाको पक्षमा वकालत स्पष्ट पाइन्छ ।विज्ञान र भौतिक विकासले निम्ताएको यान्त्रिककि प्रवृत्ति ,समवेदनाशून्य समाज तथा मानवीय प्रवृत्ति ,अनेकता तथा वैरीभावको अवस्था आदिले विश्वलाई निलिरहेको समयमा तिनले आफ्ना कृतिहरूमार्फत् मानवता,विश्वशान्ति,भातत्व तथा भाईचारा,अध्यात्म ज्ञान र यसको महत्त्व ,पूर्वीय दर्शनसम्बन्धी ज्ञान,मानवप्रेम आदितर्फ फर्किने आह्वान गरेका छन्।

### 11.3.8 वि०स० २००७ सालको नेपालको जनक्रान्तिको पक्षमा लेखनाथ पौड्याल

वि०स० २००७ साल अघिसम्म नेपालमा राणहरूको जहानिया शासन चलेको थियो ।राणा शासन अवधि नेपालमा जो कोहीलाई स्वतन्त्र रूपले बोल्न ,लेखपढ गर्ने तगा आफुखुशी काम गर्ने अनुमति थिएन ।नेपाली जनता स्वतन्त्र थिएन। कवि लेखनाथ पौडलाई यो शासन प्रथाले निकै पिरोलेको थियो ।`पिञ्जराको सुगा´ `पाटीमा ढाक्रेको पसारो´ आदि कविताहरूमा उनको पराधीन पीडा पाइन्छ । आफूभित्र पराधीन हुनुपरेको पीडा बोकेर हिडेका लेखनाथ श्री ५ त्रिभुवनको दिल्ली -प्रवासको घटनापछि राजनैतिक चेतनाले उत्तेजित हुन्छ । उनको व्यवहार र विवेकले पनि राणातन्त्रको पतन नजिक देख्छ। वि०स० २००७ सालको हिउँदतिर लेखनाथ त्यतिखेरको जनआन्दोलन र प्रजातान्त्रिक चेतनाको प्रतीक चारतारे झण्डाको बिल्ला लगाएर हिडेको थाहा पाइन्छ । तिनी २००७ सालको क्रान्ति तथा नेपालमा प्रजातान्त्र बहालीका एकजना योद्धा पनि हुन्।

## 11.4 उपसंहार

बहुमुखी प्रतिभाका धनी कविशिरोमणि लेखनाथ पौड्यालले नेपाली साहित्यको कविता ,खण्डकाव्य ,नाटक,अनुवाद आदि क्षेत्रहरूमा आफ्नो योगदान दिएका छन्। साहित्यबाहेक भाषिक आन्दोलन `हलन्त बहिष्कार ´ तथा नेपालको सात साले प्रजातान्त्रिक आन्दोलनमा पनि सहभागी बनेका कवि लेखनाथ पौड्यालले विशेषगरी नेपाली साहित्यको कविता तथा काव्य विधामा बढी कलम चलाएका छन्। पूर्वीय दर्शन तथा अध्यात्मवादका पक्षधर कवि लेखनाथले नेपाली साहित्यलाई अघि बढाउनुका साथै यसको साहित्यिक विकासको क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान

दिएका छन्। माध्यमिककालीन श्रृङ्गारिक भावधाराबाट साहित्यलाई नैतिक शिक्षा,अध्यात्म चेतना,बौद्धिक तर्क तथा ज्ञान दर्शनका क्षेत्रमा मोड्ने कवि लेखनाथ पौड्याललाई नेपाली साहित्यको आधुनिक कालको जनक मान्न सकिन्छ । वि०स० १९६० को दशकदेखि साहित्य सृजनामा लागेका कवि लेखनाथ पौड्यालले मृत्युपर्यन्त वि०स० २०२० को दशकसम्म नै आफ्नो प्रतिभालाई दर्शाइरहे। तिनी वैज्ञानिक विकासलाई पर सारेर आध्यात्मिक चेतना र मानवतावादको पक्षमा सँधै नै लागिरहे। तिनको नेपाली साहित्यप्रतिको योगदान अतुलनीय रहेको छ।

## 11.5 सार

- कविशिरोमणि लेखनाथ पौड्यालले नेपाली साहित्यको विभिन्न विधाहरूमा कलम चलाउँदै आफ्नो योगदान दिएका छन्।
- अन्य विधाहरूका तुलनामा कवि लेखनाथ पौड्यालले कविता तथा खण्डकाव्यका क्षेत्रमा बढी कलम चलाएका छन्।
- नाटक तथा अनुवादका क्षेत्रमा पनि लेखनाथ पौड्यालको योगदान रहेको छ।
- लेखनाथ पौड्यालको कृतिहरूमा निहित एउटा प्रमुख उदेश्य हो पूर्वीय दर्शन तथा अध्यात्मवादको पुनःस्थापना ।
- कवि लेखनाथ पौड्यालले भाषिक आन्दोलन `हलन्त बहिष्कार ´ तथा वि०स० २००७ सालको जनक्रान्तिमा पनि आफूलाई होमेका छन्।

## 11.6 अनुशीलनी

1) कविशिरोमणि लेखनाथ पौड्यालको साहित्यिक यात्रा तथा उपलब्धिहरूबारे क्रमबद्ध रूपमा विश्लेषण गर्नुहोस् ।

2) लेखनाथ पौड्यालले कविता विधामा दिएको योगदानबारे चर्चा गर्नुहोस।

3) खण्डकाव्य तथा काव्य विधामा लेखनाथ पौड्यालको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

4) नाटककार तथा अनुवादकका रूपमा लेखनाथ पौड्याललाई चिनाउँदै उनको यश क्षेत्रप्रतिको योगदानको मूल्याङ्कन गर्नुहोस् ।

Notes

5) पूर्वीय दर्शन तथा अध्यात्मवादको पुनःस्थापनाका क्षेत्रमा लेखनाथ पौड्यालले दिएको योगदानबारे चर्चा गर्नुहोस् ।

## 11.7अतिरिक्त अध्ययन

1. डा०वासुदेव त्रिपाठी लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन

2.डा० घनश्याम नेपाल नेपाली साहित्यको परिचयात्मक इतिहास

3.डा० केशवप्रसाद उपाध्याय विचार र व्याख्या

4. कृष्णचन्द्रसिंह् प्रधान (सम्पा०) साझा समालोचना

5. कृष्णप्रसाद पराजुली (सम्पा० तथा अन्य ) नेपाली बृहत् शबदकोश

## 11.8 मूल्यवृद्धिको निम्ति उत्तर

**नोटः तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।**

1. कवि लेखनाथ पौड्यालको जीवन संघर्ष ।

________________________________________________

________________________________________________

________________________________________________

(प्रश्न 1.को निम्ति विद्यार्थीले 11.2.3को खण्डमा आफ्नो उत्तर खोज्न सक्नेछन्। )

2. लेखनाथ पौड्यालको साहित्यिक यात्रा एवम् उपलब्धिहरू।

________________________________________________

________________________________________________

________________________________________________

(प्रश्न 2.को निम्ति विद्यार्थीले 11.2.4 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

3. कविका रूपमा लेखनाथ पौड्याल ।

(प्रश्न 3.को निम्ति विद्यार्थीले 11.3.2 को खण्डमा उत्तर खोज्न सक्नेछन् ।)

4. नाटककार तथा अनुवादका रूपमा लेखनाथ पौड्याल ।

(प्रश्न 4.को निम्ति विद्यार्थीले 11.3.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

5. `हलन्त बहिष्कार ' तथा सात सालको प्रजातान्त्रिक आन्दोलन पक्षमा लेखनाथ पौड्यालको भूमिका ।

(प्रश्न 5.को निम्ति विद्यार्थीले 11.3.6 अनि 11.3.8 को खण्डमा उत्तर खोज्न सक्नेछन्।)

# एकाइ 12 साहित्यकार बालकृष्ण समको विशेष विशेष योगदान

संरचना

12.0 उद्देश्य

12.1 परिचय

12.2 बालकृष्ण समको साहित्यिक परिचय

12.3 नेपाली साहित्यको नाट्य विधामा बालकृष्ण समको योगदान

12.4 नेपाली साहित्यको कविता  विधामा बालकृष्ण समको योगदान

12.5 नेपाली साहित्यको  कथा विधामा बालकसमको योगदान

12.6 नेपाली साहित्यको निबन्ध  विधामा बालकृष्ण समको योगदान

12.7 उपसंहार

12.8  सार

12.9 अनुशीलन

12.10 अतिरिक्त अध्ययन

12.11 मूल्यबृद्धिको निम्ति प्रश्न

## 12.0 उदेश्य

प्रस्तुत एकाइको उद्देश्य  – बालकृष्ण समले नेपाली साहित्यका विविध विधामा दिएको योगदानबारे चर्चा गर्नु रहेको छ। बालकृष्ण समले नेपाली साहित्यका विधाहरूमा के कस्ता योगदान दिएका छन् त्यसको मूल्यांकन पनि परोक्ष रूपमा यसको उद्देश्य भित्र निहित रहेको छ।

## 12.1 परिचय

बालकृष्ण समले नेपाली साहित्यको विविध विधामा कलम चलाएका छन् तथापि उनलाई विशेषतः नाटककारको रूप चिनिन्छ। उनको अन्य विधामा चलाएका कलमहरू पनि उत्कृष्ट ढंगका छन् र नेपाली साहित्यमा त्यतिकै महत्त्वपूर्ण रहेको छ। बालकृष्ण समको साहित्यिक व्यक्तित्वको व्याख्या गर्दा हामीले उनका नाटकहरूमा गरिएका नौला प्रयोगहरू, दार्शनिक र काव्यात्मक अभिव्यक्तिहरू तथा कथा र कविताहरूका मनोवैज्ञानिक विश्लेषण र बौद्धिक कोमलतालाई हेर्नुपर्छ। उनका निबन्ध र आत्मकथा पनि अौधी रोचक, स्पष्ट र अध्ययनशील छन्। उनका निबन्ध र कथाहरूलाई भन्दा बढी कविताहरूलाई र ती सबैभन्दा बढी उनका नाटकहरूलाई महत्त्व दिन्छौं । उनका पद्यात्मक नाटकहरू नेपाली साहित्यका अद्वितीय उपलब्धि हुन्। मानवव्यथा र मार्मिकतालाई तथा हार्दिक उल्लासलाई उनले जुन गाम्भीर्यसाथ प्रकट गरेका छन् त्यस्तो साहित्यमा अरूतिर बिरलै पाइन्छ। नेपाली साहित्य प्रति दिएको यिनै योगदान हरूबारे प्रस्तुत एकाइमा चर्चा गरिए छ।

## 12.2 बालकृष्ण समको साहित्यिक परिचय

वि.सं १९५९ को माघ २४ गतेका दिन काठमाडौंको ज्ञानेश्वर भन्ने क्षेत्र बालकृष्ण समको जन्म भएको थियो। उनका पिताको नाउँ जनरल नाउँ जनरल समरशमशेर जङ्गबहादुर राणा थियो र उनकी माता जुम्लाकी ठकुर्नी कीर्तिराज्यलक्ष्मी थियो । चन्द्रशमशेर राणा भर्खर प्रधानमन्त्री भएको बेलामा सम्पन्न राणापरिवारमा जन्मेकाले बालकृष्ण समको बाल्यकालमा भौतिक सुखसाधनको अभाव हुन पाएन। प्रशासनका माथिल्ला तहहरूमा राणाहरूको एकाधिकार भएकोले राणापरिवारमा जन्मने बालकका लागि शिक्षाको पनि राम्रो प्रबन्ध हुन सक्थ्यो । समले पनि सानैदेखि शिक्षाको राम्रा मौकाहरू पाएका थिए। तर सारा भौतिक सुखसामग्रीहरूको समुद्रमा डुबेर पनि बालक समको मनोदशा भने भित्रैदेखि पीडित थियो, व्यथित थियो । उनी आफूलाई विवश बालकका रूपमा पाउँथे।

नेपाली साहित्यका सर्वश्रेष्ठ नाटककार बालकृष्ण समले नाटकहरूबाहेक उच्चकोटिका प्रशस्त कविता, कथा र निबन्धहरू पनि लेखेका छन्। सानै उमेरदेखि चिन्तनशील सम लेखाइद्वारा मात्र आफ्नो अभिव्यक्त नगरेर चित्रकलातर्फ पनि उत्तिकै प्रतिभासम्पन्न अभिव्यक्त गर्थे। आफ्ना नाटकका प्रमुख पात्रहरूको अभिनयद्वारा पनि उसले समयसमयमा दर्शकशरूलाई मुग्ध पारेका छन्।

प्रारम्भिक अवस्थामा उनी ईश्वरवादी थिए। अलिक पछि उनी नास्तिक भए। यसै कालमा उनको दार्शनिक ग्रन्थ 'नियमित आकस्मिकता' (२००५) प्रकाशित भयो। दार्शनिक विचारधाराको विकासले उनलाई 'आगो र पानी' मा विज्ञानको सघाउ लिएर पृथ्वी सिँगार्न चाहने मानवतावादी बनाएको देखिन्छ । 'प्रह्लाद' (१९९५) मा नै ज्ञान र विज्ञानले मित्रता गर्नुपर्छ भनी उनले उदार मानवतावादी दर्शनलाई अँगालिसकेका थिए। अन्त्यतिर उनी 'ओं खंब्रह्म' का पक्षपाती भएका थिए। वेदको अध्ययनबाट उनी यसरी ब्रह्मवादी हुन पुगेका थिए।

कुनै पनि लेखकमा विचारको स्थिरताले मूढाग्रही एकोहोर्याइँ ल्याउन सक्छ। विचार त सधैँ गतिमय हुनुपर्छ खोलाझैँ, छताछुल्ल हुँदै उर्लनुपर्छ, त्यो समयसमयमा सामुन्द्रिक छालझैँ र परिवर्तनशील र विकासशील हुनुपर्छ, त्यो रूखका मुनाहरूझैँ, प्राणीहरूको वृद्धिझैँ र मानवहरूको सभ्यताझैँ। समका दार्शनिक विचारहरूको यही गतिमयताले, यही तर्कपूर्ण विकासशीलताले र यही समयसमयको उर्लाइले उनका साहित्यिक रचनाहरूमा जीवन दिएका छन्। यही वैचारिक गतिमयता नै समको व्यक्तितब हो र यसै व्यक्तित्वबाट उनका रचनाहरू निर्मित भएकाले ती पठनीय र प्रशंसनीय छन्।

उनको मुख्य क्षेत्र नाठक हो। उनका नाटकहरूले नेपाली साहित्यलाई धनी तुल्याएका छन्। तथापि उनले नेपाली कविता, कथा र निबन्धका फाँटमा गरेका योगदानहरू कम्ती महत्त्वका छैनन् । सातसाले क्रान्तिअघिका वर्षहरूमा नेपाली साहित्यका तीन महान् व्यक्तिहरू फेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समलाई मानिएको छ। यहाँनेर दाँज्ने हो भने लेखनाथ पौड्याललाई संस्कृत छन्दमा लेख्ने वेदवादी दर्शनका अनुयायी र परम्परावादी तथा देवकोटालाई प्रतिभाका किरणहरू निस्फिक्री बग्रेल्तै छरिहिँड्ने कल्पनावादी र स्वच्छन्दतावादीका रूपमा हामी भेट्छौ भने समलाई अनुशासित पाराले योजनाबद्ध रचनाहरूको निर्माण गर्न कुशल कलाकार र बुद्धिवादी पाउँछौँ। पशुपतिको पुजारीलाई एक रुपियाँ दिएपछि पाइने फूलको माला लेखनाथ पौड्यालको रचना हो भने अलपत्रसित ढकमक्क फुलिरहेको गुलाफको काँडैसहितको झ्याङ देवकोटाको रचना हो अनि विभिन्न प्रकारका सुगन्धमय फूलहरूलाई छाँटले टिपेर सुन्दर बैठकको टकटकाउँदो लेगाले छोपेको टेबलमाथिको कलात्मक फूलदानमा सजायको दृष्य समको रचना हो। यसरी समको कृति कृत्रिम हुन्छ, सुकसुकाउँदो हुन्छ, कलात्मक हुन्छ र हेरिरहूँ जस्तो हुन्छ।

बालकृष्ण समको साहित्यिक व्यक्तित्वको व्याख्या गर्दा हामीले उनका नाटकहरूमा गरिएका नौला प्रयोगहरू, दार्शनिक र काव्यात्मक अभिव्यक्तिहरू तथा कथा र कविताहरूका मनोवैज्ञानिक विश्लेषण र बौद्धिक कोमलतालाई हेर्नुपर्छ। उनका निबन्ध र आत्मकथा पनि अौधी रोचक, स्पष्ट र अध्ययनशील छन्। उनका निबन्ध र कथाहरूलाई भन्दा बढी कविताहरूलाई र ती सबैभन्दा बढी उनका नाटकहरूलाई महत्त्व दिन्छौं । उनका पद्यात्मक नाटकहरू नेपाली साहित्यका अद्वितीय उपलब्धि हुन्। मानवव्यथा र मार्मिकतालाई तथा हार्दिक उल्लासलाई उनले जुन गाम्भीर्यसाथ प्रकट गरेका छन् त्यस्तो साहित्यमा अरूतिर बिरलै पाइन्छ।

## 12.3 नेपाली साहित्यको नाट्य विधामा बालकृष्ण समको योगदान

बालकृष्ण समका नाटकहरू मूलतः रङ्गमञ्चीय (अभिनय) प्रयोगको लागि भए तापनि पठनका लागि पनि ती त्यतिकै रोचक, प्रेरणादायक र सुन्दर छन्। उच्च बौद्धिक तार्किकताले भरिएका, सूक्ष्म मनोविश्लेषणले सिँगारिएका र वर्णनात्मक सौन्दर्यले चिरिच्याँट्ट परेका समका वार्तालापहरू जति हेर्यो हेरिरहूँ, जति सुन्यो सुनिरहूँ र जति पढ्यो पढिरहूँ जस्ता छन्। ती सबै यसरी कुँदिएका छन् जसको तुलना अरूतिर पाउनु असम्भव नै छ। गद्यमा होस् वा पद्यमा होस् समको नाटकीय अभिव्यक्ति कहिल्यै बिर्सन नसकिने खालको छ।

रङ्गमञ्चीय धरातलमा प्रदर्शनी नभएसम्म नाटकको उच्चतालाई जोक्न सकिँदैन। प्रदर्शनीत गुणको अभावमा कति उच्च स्थरीय नाटकहरू पनि प्रदर्शित भई हाले तापनि उचित अभिनय र निर्देशनको अभावमा निम्न स्तरका ठहरिन्छ । यस्तै निम्न स्थरको नाटकहरू पनि योग्य निर्देशक र दक्ष अभिनेताका सहयोगले आफूलाई माथ्लो श्रेणीमा उकाल्न सक्दछ। यस्तो हुनका कारण के हो भने नाटकमा लेखकले आफ्नो तर्फबाट केही व्याख्या वा वर्णन गर्न पाउँदैन र जति अभिव्यक्त हुन्छन् ती सबै पात्रका हाउभाउ, वार्तालाप र कार्यबाट नै हुन्छ। त्यसैले पात्रका सारा गतिविधिहरूमा नाटकको सफलता भर पर्दछ। अभिनेताहरूले उच्च कोटिका हाउभाउ गरिदिए, पात्रका मुखबाट प्रकट गर्नुपर्ने वाक्यहरू कलात्मक पाराले भनिदिए तथा नाटकभित्र देखाउनुपर्ने कार्यहरू आकर्षक तरिकाले सम्पादित गरिदिए तथा नाटकभित्र देखाउनु पर्ने कार्यहरू आकर्षक तरिकाले सम्पादित गरिदिए भने नाटक जनप्रिय हुन्छ।

बालकृष्ण समको आगमनसँग सँगै नेपाली नाटकले आधुनिकता, नाटक उत्थानको स्वर्णयुग र सवर्था नयाँ दिशा प्राप्त गरेको छ। नेपाली आदर्शको पुनरूत्थान गर्नका लागि समले नाटकलाई सर्वश्रेष्ठ साधन मानेका छन्। इतिहास सम्बन्धी नयाँ खोज गरि आफ्नो कल्पनाद्वारा नाटकलाई आकर्षण र प्रभावशाली बनाई समले सर्वप्रथम ऐतिहासिक नाटक लेखेका छन्। पूर्वीय, पाश्चात्य र नेपाली लोकनाट्यपद्धतिलाई स्वाभाविक ढङ्गमा समन्वय गरि नेपाली नाट्यकलाको रूप सुदृढ गरेर नाट्यलेखनगत नवीन मूल्य र मान्यताद्वारा नेपाली नाटकमा सबल, सजीव र सशक्तता प्रदान गर्न सम सफल रहेका छन्।

समले समाज, इतिहास र पौराणिक परिवेशबाट कथावस्तु ग्रहण गरि नाटक लेखेका छन्। मुटुको व्यथा, अन्धवेग, मुकुन्द इन्दिरा, तानसेनको झरी, प्रेमपिण्ड, अमितवासना, म, तलमाथि, स्वास्नीमान्छे र ऊ मरेकी छैन सामाजिक कथावस्तुमा; प्रह्लाद , ध्रुव र अज पौराणिक कथावस्तुमा; भक्त भानुभक्त, अमरसिंह, भीमसेनको अन्त्य र मोतीराम ऐतिहासिक कथावस्तुमा संरचित छन्। नाटकमा मुख्य र साहयक कथावस्तु प्रयोग भएको छ। प्रेमपिण्डको ऐडविल, नकुल र सविताबीच कथावस्तु मुख्य कथावस्तु र प्रद्युम्न, विश्वमान, गोविन्द आदि बीचको कथावस्तु सहायक कथावस्तु हो। समका सबै नाटकमा यो मुख्य र सहायक कथावस्तु प्रयोग भएको छ। तानसेनको झरी, मुटुको व्यथा, अन्धवेग, प्रेमपिण्ड, अमरसिंह, भीमसेनको अन्त्य, स्वास्नीमान्छे कथावस्तु दुःखान्तमा र मुकुन्द इन्दिरा, प्रह्लाद , ध्रुव, म, अमितवासना, तलमाथिको कथावस्तु सुखान्तमा अन्त्य भएको छ। मुटुको व्यथा, अन्धवेग, भीमसेनको अन्त्य, प्रेम पिण्ड, प्रह्लाद, स्वास्नीमान्छेमा जटिल कथावस्तु र मुकुन्द इन्दिरा, म, अमितवासना, ध्रुव, तलमाथिमा सरल कथावस्तु प्रयोग भएको छ। मुटुको व्यथा, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग, प्रेमपिण्ड भीमसेनको अन्त्य, स्वास्नीमान्छेमा पुष्ट एवम् निर्दोष कथावस्तु प्रयोग भएको छ। मुकुन्द इन्दिरा, प्रह्लाद, ध्रुव, म, अमितवासना, तलमाथिको कथावस्तुमा पूर्वीय नाट्यकलाको र तानसेनको झरी, मुटुको व्यथा, अन्धवेग, प्रेमपिण्ड, भीमसेनको अन्त्य, अमरसिंह, स्वास्नीमान्छेको कथावस्तुमा पाश्चात्य नाट्यकलाको प्रभाव रहेको पाइन्छ। कथावस्तु सामान्य परिस्थितिबाट सुरू भई असामान्य परिस्थितिमा पुगेर अन्त्य भएको छ। कथावस्तुमा गतिशीलता, सशक्तता, कौतूहलता, प्रभावकारिता, सघनता, पूर्णता, कार्यान्वितिजस्ता विशेषता विद्यमान रहेका छन्।

भाषाका विद्वान पद्य, गद्य र परिष्कारका शिल्पी समको भाषाशैली नाटकको सबै भन्दा महत्त्वपूर्ण शक्ति हो। साथै नेपाली नाट्य साहित्यमा ठूलो योगदान पनि हो। नाटकमा कलात्मक, संयम, काव्यात्मक, सजीव र प्रवाहपूर्ण भाषाशैली प्रयोग बालकृष्ण समको साहित्य गुण हो। शब्दचयन र वाक्यविन्यासमा सम निपुण छन्। नाटकमा लामा, छोटा दुवै प्रवृत्तिका वाक्यमा पनि अनुभूतीगत सूक्ष्मता र भावगत तीव्रता प्रकट भएको छ। तानसेनको झरी, मुटुको व्यथा, ध्रुव, मुकुन्द इन्दिरा, प्रह्लाद, अन्धवेग, अमरसिंह, भीमसेनको अन्त्यमा पद्य भाषा र प्रेमपिण्ड, स्वास्नीमान्छे, तलमाथि, ऊ मरेकी छैनमा गद्य भाषा प्रयोग भएको छ। भाषा गद्य होस् या पद्य त्यसमा विचारको सशक्तता, परिष्कार र भावगत सबलता रहेको छ। समको शब्दभण्डार अत्यन्त गहन, विस्तृत र गम्भीर छ। संस्कृतका तत्सम, तद्भव, नेपाली झर्रा शब्द र आगन्तुक शब्द प्रयोग गर्नु समको अनिवार्य विशेषता जस्तै रहेको छ। भाषाशैलीको माध्यमबाट समले तत्कालीन इतिहास, आफ्नो सम्पूर्ण सांस्कृतिक गौरवको सघन अभिव्यक्ति प्रस्तुत गरेका छन्। सम नाटककार मात्र होइनन्, परिष्कारमा रुचि राख्ने बोद्धिक कवि पनि हुन्। उनको कविव्यक्तित्वको प्रभाव नाटककार व्यक्तित्वमा पनि परेको छ। नाटकमा काव्यात्मक, कलात्मक, बौद्धिक, आलङ्कारिक, दार्शनिक, उच्च साहित्यिक चेतनाले युक्त सौन्दर्यमूलक भाषाशैलीले प्रमुख स्थान पाएको छ। उच्च भाववैशिष्टय, अभिजात गरिमा, भावगत गम्भीरता, काव्यत्मकता, साहित्यिक सौन्दर्यमूलक चेतना, धारावाहिक अभिव्यक्ति, परिष्कार र बौद्धिकता नाटकको भाषाशैलीगत विशेषता हो। भाषाशैलीमा लाक्षणिक, व्यञ्जनात्मक शब्दशक्ति र विभिन्न उपमाको प्रयोग भएको छ। भाषाशैली संवेगात्मकता, सजीवता, नाटकीयता, सौन्दर्यचेतना र भावसृष्टिको दृष्टिकोणले महत्त्वपूर्ण रहेको छ।

नाटकको आधार र प्राण द्वन्द्व हो। समका प्रायः सबै नाटक द्वन्द्वप्रधान छन्। द्वन्द्व बाह्य रूपमा र पात्रको हृदयमा विद्यमान छ। तानसेनको झरी, मुटुको व्यथा, भीमसेनको अन्त्य, स्वास्नीमान्छे नाटकको आरम्भदेखि अन्त्यसम्म बाह्य र आन्तरिक द्वन्द्व प्रमुख रूपमा रहेको छ। नाटकमा पात्र आफ्नो आन्तरिक प्रवृतिसँग सङ्घर्ष गर्दै हलचलपूर्ण वातावरणमा उपस्थित हुन्छन्। प्रमुख पात्रको चारित्रिक सक्रियता पात्रको आन्तरिक द्वन्द्वमा निर्भर रहेको छ। बाह्य द्वन्द्व ईतिहास, समाज र पौराणिक परिवेशमा निर्भर रहेको छ। यो द्वन्द्व व्यक्ति र समाज व्यक्ति – व्यक्तिको बीचमा केन्द्रित रहेको छ। आदर्श चरित्र र आदर्श विरोधी चरित्रको रूपमा पनि बाह्य द्वन्द्व विकसित भएको छ।

द्वन्द्व एक संस्कृति, राज्य धर्म र वर्ग अर्को संस्कृति, जाति, राज्य धर्म एवम् वर्गका साथ प्रदर्शित भएको छ। तानसेनको झरी, मुटुको व्यथा, प्रेमपिण्ड, ममा प्रेमसम्बन्धी त्रिकोणात्मक द्वन्द्व प्रमुख रूपमा रहेको छ। पौराणिक नाटकमा सत्य र असत्य, ज्ञान र विज्ञान, सौताने सन्तानप्रतिको मानसिकताका बीचमा द्वन्द्व केन्द्रित छ। ऐतिहासिक नाटकमा जाल, झेल, षड्यन्त्र, पदलोलुपता र राष्ट्रवादी चेतनाका बीच द्वन्द्व निर्भर रहेको छ। पात्र- पात्रबीच एकआपसमा प्रेम र वासना, प्रेम र घृणा, राजनीतिक र कूटनीतिक, ज्ञान- विज्ञानमूलक मानसिकता बीचमा पनि द्वन्द्व विकसित भएको छ। नाटकमा बाह्य द्वन्द्व मात्र होइन, आन्तरिक द्वन्द्व पनि सशक्त रूपमा रहेको छ। आन्तरिक द्वन्द्व प्रभावोत्पादक, महत्त्वपूर्ण र मनोवैज्ञानिक प्रवृत्तिको छ। प्रमुख पात्रको हृदयमा आसक्ति – अनासक्ति, अधिकार – उदासीनताको बीचमा द्वन्द्व केन्द्रित रहेको छ। द्वन्द्वको माध्यमबाट पात्रको हृदयमा द्वन्द्व, सङ्घर्ष र मानवोचित दुर्बलता रहेको छ। अधिकांश पात्रको हृदयमा द्वन्द्व, सङ्घर्ष र मानवोचित दुर्बलता रहेको छ। परिस्थितिको घातपरिस्थितिको घातप्रतिघातको बीचबाट पात्रको व्यक्तित्व प्रस्फुटन भएको छ। पात्रको आन्तरिक भाव उनीहरूको आचरण र कार्यद्वारा अभिव्यक्त भएको छ। यसबाट पात्रमा मानवचरित्रको आरोह – अवरोहको स्थिति उत्पन्न भएको छ।

नाटकमा शृङ्गारिक, दार्शनिक, भक्तिपरक, राष्ट्रिय र सौन्दर्यमूलक गीत प्रयोग भएको छ। समले कथावस्तुलाई गति प्रदान गर्न; परिस्थिति विषेशलाई चित्रित गर्न, पात्रको आन्तरिक अनुभूति प्रकट गर्न; पात्रको हृदयमा रसभाव जगाउन; पात्र र दर्शक दुवैमा राष्ट्रिय भावना जगाउन र नेपाली संस्कृतिको गरिमालाई प्रकट गर्न गीतको प्रयोग गरेका छन्।

नाटक र रङ्गमञ्चको पारस्परिक अनिवार्य सम्बन्ध रहन्छ। नाटकको पूर्ण सार्थकता रङ्गमञ्चमा निर्भर रहन्छ। नेपाली आधुनिक रङ्गमञ्चको थालनी समको कलात्मक व्यक्तित्वले गरेको छ। समका नाटक उनकै जीवनकालमा अभिनीत भएका थिए। तानसेनको झरी, प्रह्लाद, प्रेमपिण्ड, स्वास्नीमान्छे जस्ता नाटकमा जटिल कथावस्तु र मूल कथावस्तुसँग सहायक कथावस्तु प्रयोग भएको छ। अङ्क र दृश्यगत जटिलता, परिवेश, वातावरण र स्थानगत विविधता, बौद्धिक र दार्शनिक भाषा, स्वगत कथन, कवित्वपूर्ण अलङ्कृत र क्लिष्ट संवादप्रयोगले नाटकको रङ्गमञ्चीय पक्ष शिथिल बनेको छ। मुकुन्द इन्दिरा, म, अन्धवेग, मुटुको व्यथा, अमरसिंह, भीमसेनको अन्त्य, रणदुल्लभ, बोक्सी, बुहार्तन आदि नाटकमा रङ्गमञ्चअनुकूल विविध नाटकीय गुणहरू विद्यमान रहेका छन्। आकर्षक कथावस्तु, चरित्र र विशिष्ट शैली, द्वन्द्वगत

सघनता, नाटकीय र तीव्र क्रियाव्यापारलाई समले विशेष महत्त्व दिएका छन्। यो प्रयोगले नाटक पूर्णतः अभिनेय बनेका छन्। चरित्रचित्रणगत क्रियाशीलता, स्वाभाविकता, लालित्य, प्रवाहमय संवादप्रयोग, मानवीय आवेग र संवेगको कलात्मक प्रसतुतिले समको नाटकीय व्यक्तित्वले रङ्गमञ्चीय निपूणता प्राप्त गरेको छ। दर्शकवर्गलाई आकर्षण गर्न सक्ने र साधारणीकरणको अपार क्षमता रहेका नाटकमा राष्ट्रिय तथा सांस्कृति सम्पादाको सघन प्रस्तुति प्रकट भएको छ। रङ्गमञ्चीय दृष्टिकोणले मुकुन्द इन्दिरा, म, अन्धवेग, रणदुल्लभ, बोक्सी, बुहार्तन नाटक अत्यन्त महत्त्वपूर्ण छन्। प्रह्लाद, प्रेमपिण्ड, स्वास्नीमान्छे सङ्गमञ्चीय दृष्टिकोणले केही जटिल छन्। यस्तो जटिलता अन्य नाटकमा पाइँदैन । नाटकका लागि उपयुक्त रङ्गमञ्च, शिष्ट एवं शिक्षित कुशल अभिनेता र सुरुचिसम्पन्न दर्शकवर्गको आवश्यक पर्दछ। नाटकको स्तर ज्यादै विशिष्ट र उच्च रहेको छ। यो विशिष्टता र उच्चताले पनि नाटकले विशिष्ट र उच्च रङ्गमञ्चीय कला अपेक्षा गरेका छन्। चिन्तनमनन् र साधनाको परिणामबाट समको नाट्यकला निर्माण भएको छ। नाटकको अभिनयका लागि उच्चकोटिको रङ्गमञ्च, प्रतिभाशाली अभिनेता र सुरुचिसम्पन्न समाजको आवश्यकता पर्दछ।

सम दुःखान्त लेखनका साधक हुन्। समको दुःखान्त कला शेक्सपियर, इब्सेन, चेखवबाट प्रभावित छ। समले शेक्सपियरलाई दुःखान्त गुरु स्वीकारेका हुन्। मुटुको व्यथा, अन्धवेग, भीमसेनको अन्त्य र रणदुल्लभ  समको उत्कृष्ट दुःखान्त नाटकहरू हुन्। नाटकमा उच्च वर्गका नायकनायिका, प्रमुख पात्रको अनिवार्य मृत्यु, पद्यात्मक भाषा र संवादप्रयोग भएको छ। प्रयोगवादी  र निजात्मक दुःखान्त लेखनको दृष्टिकोणले प्रेमपिण्ड र स्वास्नीमान्छे उत्कृष्ट छन्। प्रेमपिण्डमा निम्न वर्गका नायकनायिका प्रयोग भएका छन्। नाटकमा समले प्रमुख पात्रको मृत्युलाई अनिवार्य स्वीकारेका छैनन्। प्रेमपिण्ड र स्वास्नीमान्छे गद्यात्मक दुःखान्त नाटक हुन्। पात्रको चारित्रिक दुर्बलता अथवा मानवीय कमजोर दुःखान्तको प्रमुख कारक तत्त्व हो। नियति र सामाजिक चेतनाले पनि सामान्य दुःखान्तको कारक तत्त्वको भूमिका निर्वाह गरेको छ। समको दुःखान्त कला निकै उच्च, कलात्मक र परिमार्जित छ। समको दुःखान्त चरमोत्कर्ष कला अन्धवेग, भीमसेनको अन्त्य र रणदुल्लभमा प्रकट भएको छ। यी नाटकले सम माहन् दुःखान्तको नाटककार हुन् भन्ने तथ्यलाई प्रमाणित गर्का छन्। दुःखान्त नाटकमा हत्या, हिंसा, आत्महत्या जस्ता प्रवृत्ति रङ्गमञ्चमा प्रदर्शित भएका छन्। तानसेनको झरी, मुटुको व्यथा, अन्धवेग, प्रेमपिण्ड प्रेम दुःखान्त नाटक

हुन्। नाटकमा उच्चकुलका सम्पन्न र विपन्न व्यक्ति तथा उच्च कुलका उच्चपदस्थ एवम् राष्ट्रिय महत्त्वका व्यक्ति र निम्न वर्गका नकुल, सविताजस्ता व्यक्ति प्रमुख चरित्र वा नायकनायिकाको रूपमा प्रयोग भएका छन्। मुटुको व्यथा, अन्धवेग, र स्वास्नीमान्छे नायिका प्रधान दुःखान्त नाटक हुन्। नाटकमा प्रेम वासना, प्रेम र घृणा नीति र अनीति, राजनीति र कुटनीतिको द्वन्द्व प्रमुख द्वन्द्वको रूपमा रहेको छ। तानसेनको झरी, मुटुको व्यथा, अन्धवेग, प्रेमपिण्ड, स्वास्नीमान्छे, रणदुल्लभमा मानवजीवनमा आधारित दुःखान्त व्यक्त भएको छ। नेपाली दुःखान्त नाटकले प्रतिष्ठा, उत्थान र चरमोत्कर्ष समको दुःखान्त सम्राट र विश्व दुःखान्तकार मध्येका एकजना सफल दुःखान्त नाटककार हुन्।

शिल्पशैलीगत विविधतामा संरचित समका पूर्णाङ्की, एकाङ्की, पौराणिक, सामाजिक नाटक सुखान्त र दुःखान्त दवै प्रवृत्तिका छन्। नाटकमा पूर्वीय, पाश्चात्य र नेपाली लोकनाटकको अपूर्व सामाञ्जस्य रहेको छ। नाटकमा एकातिर नाट्यशैली वस्तु, नेता र रसको समुचित प्रयोग भएको छ भने अर्कोतिर पाश्चात्य नाट्यपद्धति द्वन्द्व , प्रतिद्वन्द्व, सङ्घर्ष, क्रियाशीलता, व्यक्तिवैचित्र्यवाद, अन्तर्द्वन्द्व आदि नवीन प्रवृत्ति प्रमुख स्थानमा रहेका छन्। नाटकमा प्रख्यात र जटिल कथावस्तु प्रयोग भएको छ। मुटुको व्यथा, प्रह्लाद, अन्धवेग, प्रेमपिण्ड, म, अमरसिंह, भीमसेनको अन्त्य, स्वास्नीमान्छे, रणदुल्लभमा आधिकारिक र प्रासङ्गिक कथावस्तु, सङ्घर्ष, क्रियाशीलता, चमत्कारपूर्ण स्थान, आकर्षण, कौतूहलवर्द्धक भाषाशैली र संवाद, प्रत्याशित र अप्रत्याशित घटनाहरू प्रयोग भएका छन्। नाटकको कथावस्तु र चरित्रचित्रणमा पूर्वीय र पाश्चात्य नाट्यपद्धतिको समन्वयात्मक स्थिति रहेको छ। समले गीत, गजल, नान्दी, प्रस्तावना, सुत्रधार र अन्त्यानुप्रासविहीन भाषाशैलीलाई महत्त्व दिएका छन्। समको नाट्यकलामा शेक्सपियरको नाट्यकाल, इब्सेन, चेखोवको यथार्थवादी, प्रकृतिवादी, अभिव्यञ्जनावादी र ब्रेखतको महाकाव्यत्मक नाट्यशैलीको प्रभाव रहेको छ। अमलेख, प्राणदान, मुटुको व्यथा, ध्रुव, अमरसिंहमा प्रस्तावना र सूत्रधारको प्रयोग, प्रेमपिण्डमा नान्दी प्रयोग, तानसेनको झरी, ऊ मरेकी छैन, अमरसिंह, मुटुको व्यथामा गीत – गजलको प्रयोग भएको छ। अन्धवेग अमितवासनामा प्रकृतवादको प्रभाव रहेको छ। प्रेमपिण्डमा महाकाव्यात्मक शैलीको प्रयोग भएको छ। स्वास्नीमान्छेमा अभिव्यञ्जनावादी स्वप्न नाट्यशैलीको प्रभाव रहेको छ।

समले नाटकद्वारा नेपाली इतिहासको जीर्णोद्वार र प्राचीन भव्य सांस्कृतिक गौरवलाई पुनरुत्थान गर्ने प्रयास गरेका छन्। अतीतको चित्रणद्वारा सम्पूर्ण नेपालीमा राष्ट्रिय एकताको सन्देश दिन चाहने समले नाटकमा इतिहास र सांस्कृतिक गौरवको पुनरुत्थानको भाव प्रकट गरेका छन्। भीमसेनको अन्त्य, अमरसिंह, मुकुन्द इन्दिरा, म, अन्धवेग, प्रेमपिण्ड, मुटुको व्यथामा नेपाली सांस्कृतिक विशेषताको चित्रण भएको छ। मुटुको व्यथा, मुकुन्द इन्दिरा , ध्रुव, प्रह्लाद, अन्धवेग, म, भीमसेनको अन्त्य, अमरसिंह, प्रेमपिण्ड, स्वास्नीमान्छेमा करुणावाद, मानवतावाद, कर्मवाद, आनन्दवाद, आत्मवाद प्रकट भएको छ। मुटुको व्यथा, अन्धवेग, मुकुन्द इन्दिरा, म, प्रेमपिण्ड, रणददुल्लभ, भीमसेनको अन्त्य, अमरसिंहमा राष्ट्रिय र संस्कृतिको चेतना तथा जागरणको स्वर प्रमुख रहेको पाइन्छ। नाटकमा नेपाली संस्कृतिको शाश्वत तथा सार्वकालिक आदर्श, मूल्य एवम् मान्यताको वउशद चित्र प्राप्त भएको छ। समको लक्ष्य विलासी र स्वार्थमा डुबेका राष्ट्रवासीहरूलाई व्यक्तिगत स्वार्थबाट मुक्त गराई उनीहरूमा देशप्रेमको पवित्र आस्था जगाउनु रहेको छ। अमरसिंह र भीमसेनको अन्त्यमा तत्कालीन संस्कार मूल्य – मान्यता, आचार – व्यवहार, शासन, सामाजिक पद्धति, नियमकानुन, देशप्रेम र नेपाली मानसिकताको विश्लेषण भएको छ। प्रह्लाद, ध्रुव, मुकुन्द इन्दिरा सत्यको विजय र असत्यको पराजय भएको छ। भवदेवको चरित्रद्वारा समले मुकुन्द इन्दिरामा राष्ट्रवाद, जातिवाद, सांस्कृतिक मूल्य र प्रतिष्ठाको स्वर प्रकट गरेका छन्। मुकुन्द इन्दिरा, अमरसिंह, भीमसेनको अन्त्य, रणदुल्लभमा स्वदेशप्रेमका सामुन्ने राज्य, धर्म, व्यक्तिगत धारणा केही होइन भन्ने विचार व्यक्त भएको छ। देशप्रेम, उदारता र त्यागको भावनाबाट वशीभूत भई भवदेव आफूलाई राष्ट्रप्रेममा समर्पित गर्छ र सम्पूर्ण देशवासी सांस्कृतिक गौरव र राष्ट्रवाद संलग्न रहनुपर्छ भन्छ। समका नाटकमा वर्तमान र भविष्यका लागि मानवतावाद, कर्मवाद, जातिवाद र देशप्रेमपरक सन्देश प्रकट भएको छ। जीवन र जगतका सङ्घर्षबाट आहत मानवको शान्ति, करुणा, मानवप्रेम र विश्वप्रेमको अपूर्व सन्देश प्रायः सबै नाटकमा विद्यमान रहेको छ। मिलिनद, तानसेनको झरीबाट आरम्भ भएको जातिप्रेम, मानवप्रेम र राष्ट्रप्रेमले स्वास्नीमान्छे र ऊ मरेकी छैनमा पुगेर चरमोत्कर्षता प्राप्त गरेको छ।

आधुनिक नाटकको सूत्रपात र विकास विषयको नवीनता र विविधता, भाषाशैली र संवादप्रयोगको दृष्टिकोणले नेपाली नाट्य साहित्यमा बालकृष्ण समको योगदान महत्त्वपूर्ण रहेको छ। समबाट नेपाली नाटले नयाँ दिशा, विकसित र उन्नत नाट्य

धरातल, मौलिकता, आधुनिकता र सामाजिकता मात्र प्राप्त नगरेर त्यो मौलिकता, आधुनिकता र सामाजिकताले चरमोत्कर्षता पनि प्राप्त गरेको छ। समका नाटक नेपाली साहित्यका गौरव र मूल्यवान निधि हुन्। समको नाट्य चेतनाले नेपाली नाट्य साहित्यमा जागरण, सांस्कृतिक चेतना, राष्ट्र भावना, करुणा र प्रेमको उदात्त मानवीय भाव प्रतिस्थापित गरी नेपाली नाटक विधामा सर्वतोमुखि मौलिकता, नेपाली नाट्य कलाको पूर्ण परिपाक र पूर्वीय र पश्चिमी नाट्यकला स्थापित गरेको छ। रसको प्रधानता, कार्यव्यापारको तिब्रता र वाह्य एवम् आन्तरिक सङ्घर्षको सामञ्जस्य समको नाट्य लेखनको विशेषता हो। नाटकमा ऐतिहासिक, आदर्शवादी, नेपाली संस्कृति र सभ्यताका स्तम्भ प्रवृत्तिका पात्र प्रयोग भएका छन्। भवदेव, प्रह्लाद, ध्रुव, इन्दिरा, कपिला जस्ता चरित्रद्वारा समले हृदयगत कोमलता, कल्पना, राष्ट्रिय भावना प्रकट गरेका छन्। प्रायः समका नाटकमा गीतको प्रयोग भएको छ। गीतको प्रयोगले नाटकमा नाट्य सौन्दर्यको सृष्टि, मानवीय अनुभूति, पात्रको चरित्रोद्घाटन प्रकट भएको छ। नाटकद्वारा नाट्य दिशा, नयाँ प्रेरणा, नाट्यकलाको नयाँ सिद्धान्त प्रतिपादन गर्ने समले नाटकमा जीवनका गम्भीर प्रश्न, नेपाली सभ्यता, संस्कृति, आदर्श, मर्यदा स्थापित गरि नाटकलाई मनोरञ्जनको साधन मात्र नबनाएर रसानुभूतिको माध्यम पनि बनाएका छन्। समको नाट्यकलाले ऐतिहासिकता, राष्ट्रियता, गीतात्मकता र रसानुभूति आत्मसात् गरि नेपाली नाटकलाई रङ्गमञ्चीय अनुकूल बनाएको छ। मौलिक चिन्तन र स्वच्छन्दतावादी दृष्टिमा संरचित समको नाट्यकला नेपाली नाट्य जगतमा सर्वोपरि, नेपाली नाट्य प्रणेतामा शीर्षस्थ र पूर्ववर्ती मोतीराम भट्ट, पहलमानसिहं स्वार, समवर्ती भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल र उत्तरवर्ती विजय मल्ल, गोविन्द बहादुर गोठाले नाटककारको तुलनामा जागरुक, व्यापक र मर्मस्पर्शी रहेको छ। नाटकमा प्रयोग भएको नवीनता, मौलिकता, गम्भीरता, कलात्मकता अन्य नेपाली नाटककारको नाट्यकलामा दुर्लभ नै रहेको छ।समको एकलो नाटकीय व्यक्तित्वले नेपाली नाटकलाई पूर्व र पश्चिमको नाट्यकलाको हाराहारीमा पुर्‍याउने काम गरेको छ। सम नेपाली नाट्य साहित्यका कालिदास र शेक्सपियर एकसाथ हुन् भन्दा कुनै अत्युक्ति हुदैन।

## 12.4 नेपाली साहित्यको कविता विधामा बालकृष्ण समको योगदान

बालकृष्ण समले 'कविता भावनाको बौद्धिक कोमलता हो' भनी 'आगो र पानी' खण्डकाव्यको भूमिकामा लेखेका छन्। उनका कविताहरूको मुख्य गुण नै बौद्धिकता हो। मानवतावादको उच्चतम आदर्शलाई आफ्ना कविताका माध्यमद्वारा उनी तार्किक रूपले प्रस्तुत गर्छन् । उनका प्रारम्भिक रचनाहरू संस्कृत छन्दमा रचिका हुन्थे, तर जसै समय बित्दै गयो उनमा गद्य कवितात्मकता पनि फस्टाउदै गयो। 'आगो र पानी ' को भूमिकामा नै उनका यी दुई वाक्यहरू महत्त्वपूर्ण छन्, ' छन्दले नबाधिँएको वाक्यांश लय र तालमा नपार्दानपार्दै पनि कविता हुन सक्दछ। लय र तालमै परेको वाक्यांश कविता नहुनु पनि सक्छ। कुरा र कवितामा भेद रहेजस्तै गद्यकविता र पद्यकुरामा पनि उतिकै भेद रहन  सक्तछ ।' यसरी छन्द राम्ररी मिलाउँदैमा कविता रच्न सकिदैन भन्ने विचारलाई समले प्रतिपादित गरेका छन्। वास्तवमा छन्द भन्ने कुरो कविताका निम्ति नभइनहुने तत्त्व होइन। यो भयो भने राम्रो हो, तर नभएमा पनि कुनै हानि छैन। कविताका लागि हुनैपर्ने कुराहरू त भावना, कोमलता र बौद्धिकता हुन्।

बालकृष्ण  सममा गद्यकवितातर्फको मोह 'शारदा' मा प्रकाशित उनका प्रारम्भिक कविताहरूबाट प्रदर्शित भए पनि सम्पूर्ण रूपले कवितालाई छन्दको बन्धनबाट मुक्त गर्न उनले धेरै पछिसम्म सकेनन् । नेपाली साहित्यमा पहिलो गद्यकविता गोपालप्रसाद रिमालको 'कविको गान' हो जो वि.सं १९९२ साल फागुन १६ गतेको ' गोरखापत्र' मा छापिएको थियो तर यश कवितालाई प्रेरित गर्ने तथा रिमाललाई नेपालीका सशक्त गद्यकविको रूपमा विकसित गर्ने श्रेय बालकृष्ण समका क्रान्तिकारी प्रयोगलाई दिनुपर्छ उनी आफैले सम्पूर्ण रूपले गद्यकवितात्मकशैलीमा लेख्ने आँट २००४ सालदेखि मात्र गरे पनि 'कविको गान' छापिनु अघिनै १९९२ साल जेठको 'शारदा' मा उनका तीन लहरहरू 'त्यो' थाप्लोमा छापिएका थिए जसमा पहिलो लहरको दोस्रो अंशले छन्दको नियमलाई बलियो झटका दिएको छ। हाम्रो साहित्यमा यही झटका चेतनशील गद्यकविताका प्रारम्भको प्रेरणास्रोत हो। १९९२ साल जेठमा 'शारदा'मा प्रकाशित तीन हरफे कविता हुन्-

पवित्र आँसु त्यो हो जो आँसुको निम्ति रुन्छ,

पवित्र हाँसो त्यो हो जो हँसाइ् को हाँस्तछ,

पवित्र प्रेम त्यो हो जो प्रेमलाई प्रेम गर्दछ,

**Notes**

उपयुक्त पद्य अनुष्टुप छन्दमा भए पनि हरेक पंक्तिका दोस्रो भागमा छन्दको मानिएको छैन। पहिलो हरफको दोस्रो अंश 'आँसुको निम्ति रुन्छ' मा एक अक्षर कम छ। अरू दुई लहरका दोस्रो अंशमा 'हँसाइ र प्रेमलाई' का 'इ´ खुट्टा काटिएका छन्। `इ´ को हलन्त उच्चरण त भानुभक्त आचार्यका हरफहरूमा पनि जतातत्तै पाइन्छ तर `आँसुको निम्ति रुन्छ' भन्ने अंशमा एक अक्षर कम भने समको यश उदाहरण भन्दा अघि नेपालीमा चेतनशील रूपले प्रयोग गरेको कताइ पाइन्न ।

यसपछि १९९२ असारको `शारदा´ मा उनको `फुट्को फूलदान´ शीर्षक शार्दूलविक्रीडित छन्दमा लेखिएको कविता छापियो। यस कवितामा एउटा विशेषता के पाइन्छ भने छन्दको बन्धनलाई ठाउँ ठाउँमा भङ्ग गरेर कवि शून्यहरूको प्रयोग गरेका थिए। हुनत शुन्यहरूको साटो सुहाउँदा शब्दहरू राखेमा पूर्ण छन्दोबद्ध कविता निर्मित हुन्छ तथापि समले यस प्रयोग द्वारा फूलदान फुटेझै छन्दले फुट्नु पर्ने आवश्यकताको ऐतिहासिकतालाई त्यसबेला सङ्केत गरेका थिए। 'फुटेको फूलदान' कविताको थाल्नी यस्तो छ-

उफ् ! ०००० फूलदान नअडी आधारमा हातको

चिप्लि ०० जमिनमा ०० फुट्यो बज्रेर ०००

० पानी पनि पोखियो ००००० फूलसाथै ००

००००० चूर चूर ०००००० गयो।

उपयुक्त प्रयोगको लगत्तै पछि १९९२ भदौको 'शारदा' मा समको 'कवि र कविता' भन्ने ११.३/४ सिलोक भएको अनुकरणात्मक कविता छापियो। यस रचनामा समले आफूभन्दा पहिलोका नेपाली पद्यकारहरूका शैलीको अनुकरण गरेर उनीहरूको परिचय दिँदै उनीहरूले छन्दहरूको प्रशस्त प्रयोग सफलतापूर्वक गरिसकेकाले आफू गद्यकवितातर्फ लाग्नपर्ने सङ्केत दिएका छन्।

'कवि र कविता' का पहिला दुई पङक्तिहरू अनुष्टुप् छन्दमा छन्। यस सिलोकमा गुमानी पन्तको अनुकरण गरिएको छ। त्यसपछि चार हरफहरू शार्दूलविक्रीडित छन्दमा रचिएका छन्। यस सिलोकमा 'इ' को हलन्त उच्चारण देखाइएको छ। यसले भानुभक्त आचार्यको शैलीलाई देखाउँछ। सवाईमा रचिएको तेस्रो सिलोकका चार पङक्तिहरूबाट नरबहादुर रानाको 'जङ्गबहादुरको सवाई' को सम्झना हुन्छ भने शार्दुलविक्रीडितमा रचिएको चौथो सिलोकका चार लहरहरूबाट राजीवलोचन

जोशीका कविताको सम्झाना हुन्छ। पाँचौ सिलोकको दुईहरफे गजलले मोतीराम भट्टको अनुकरण गरेको छ। त्यसपछि आउने छैटौं सिलोक पनि दुईहरफे गजल नै छ। जसको उद्देश्य पनि मोजीराम – युगलाई नै चिनाउनु हो। भुजङ्गप्रयात छन्दको सातौँ सिलोकका चार पङ्क्तिले आशुकवि शम्भुप्रसाद ढुङ्गेलको झझल्को दिन्छ। आठौँ सिलोकले चाहिँ लेखनाथ पौड्यालको शैलीलाई सङ्केत गरेको छ। यसका चार पङ्क्तिहरू वसन्ततिलका छन्दमा निर्मित छन्। नवौँ सिलोक आर्या छन्दमा छ जसका दुई हरफेले सोमनाथ शर्मालाई देखाउँछन्। धरणीधर शर्माको प्यारो तोटक छन्दमा चार लहरहरू रचिएका छन् जसद्वारा दसौँ सिलोक उभिएको छ। यसरी विभिन्न छन्दहरूको प्रयोग गरेर कसरी ती छन्दहरू र तिनमा प्रयुक्त शैलीहरू आफूभन्दा अघिका कविहरूका पेवाजस्तै भएका छन् भन्ने कुरो उनले यस कवितामा देखाई आफू कसरी अनुष्टुप छन्दमा बाँधिने असफल जमर्को गर्दा बाँध फुटेर छताछुल्ल हुन पुगेका छन् भन्न पनि यस अन्तिम सिलोकमा साह्रै राम्ररी देखाएका छन् –

छन्दानुप्रासको भारी यो निर्धो बोक्न खोज्दछ

सक्तैन, अनि दौडन्छ जथाभाबी। कता टिपी

पैयाँमा कविता खान्छ ठूलो ठक्कर, गिर्दछ

भूइँमा च्यापु ठोकेर।

बालकृष्ण समका कविताहरू जबरजस्ती  बल गरेर रचना गरिएका जस्ता हुन्छन्। यस कुराको पुष्टि हामी या त उनका कविताहरूलाई लेखनाथ पौड्यालका कवितासित या लक्ष्मीप्रसाद देवकोटाका कविताहरूसित दाँजेर गर्न सक्छौं । जुन लय लेखनाथ पौड्यालका भाषामा पाइन्छ समका भाषामा पाइन्न। जस्तो गुलियोपना पौड्यालका भाषामा पाइन्छ समकामा पाइन्न। जसरी कल्पनामा देवकोटा उडेकाछन् अथवा जसरी उनले च्वास्स मुटुलाई छुन सक्छन् त्यस विशेषताबाट सम वञ्चित छन्। गोपालप्रसाद रिमालको जस्तो सरलता पनि उनमा छैन, न त्यस्तो तीक्ष्णता समका गद्यकविताहरूमा छ जो रिमालका गद्यकविताहरूमा पाइन्छ। छोटकरीमा भन्ने हो भने समका कविताहरू उपदेशात्मक, तर्कपूर्ण तथा कृत्रिम छन्।

## 12.5 नेपाली साहित्यको कथा विधामा बालकृष्ण समको योगदान

बालकृष्ण समले धेरै कथाहरू लेखेका छैनन् तर जति लेखका छन् ती माथ्लो स्तरका छन्। कुनैकुनै कथाका बीबीचमा निबन्धात्मक शैलीको प्रयोगले गर्दा कथाको गतिमयतालाई बाधा दिएको पाइएबाहेक उनका कथाहरू प्रभावोत्पादन भाषाको निम्ति पात्रहरूको सूक्ष्म मनोविश्लेषणको निम्ति र नेपाली नारीजीवनका व्यथाहरूको कारुणिक उद्धाटनको निम्ति प्रसिद्ध छन्।

उनका आजसम्म प्रकाशित बाह्रवटा कथाहरूलाई हामी प्रतीकात्मक, मनोविश्लेषणात्क, सामाजिक र समस्यामूलक रूपमा बाँड्न सक्छौँ। 'देवराली', 'यौवन र सुन्दरता,' खुकुरी', तथा 'कैकयी' प्रतीकात्मक कथा हुन् भने 'हरिसिद्ध', 'टाँगन घोडा', 'नौली', र ' तलतल' चाहिँ मनोविश्लेषणात्मक सूक्ष्म अध्ययन प्रस्तुत गर्ने कथा हुन् अनि 'फुकेको बन्धन', समस्यामूलक कथा हो। 'पराई घर', 'शरण', र 'रूपको मूल्य', सामाजिक समस्यालाई कारुणिक शैलीमा प्रस्तुत गर्ने कथा हुन्। हुन त एक न एक सामाजिक विषय उनको हरेक कथाले कोट्याएको छ, हरेकमा केही न केही मनोविश्लेषण छ र सबैमा प्रतीकात्मकता पनि छ तापनि अध्ययन गर्न सजिलो होस् भनी यस्तो प्रकारको विभाजन गर्नु उपयुक्त रहेको छ।

'यौवन र सुन्दरता' बढी निबन्धात्मक छ। यस छोटो रचनामा काव्यत्मक पाराले 'कसरी पूर्णिमाको यज्ञमा यौवन र सुन्दरताको विवाह भयो' भन्ने कुरालाई अघि सार्दै कसरी यौवन र सुन्दरता क्षणिक छन् भन्ने बयान गरिएको छ। कुनै पात्रलाई पनि नउभ्याइएको यस रचनालाई कथा भन्ने कि नभन्ने अन्योल पनि पाठकहरूमा पर्न सक्छ। जे होस्, यस रचनालाई हामी कथात्मक तत्त्वको समावेश भएको समको प्रारम्भिक अभ्यास मान्न सक्छौं । मानवजीवनका तुजुकलाई यौवन र सुन्दरताका प्रतिकद्वारा यस रचनामा प्रकट गरिएको छ। तथापि वर्तमान सन्दर्भमा पात्रको अर्थले बृहतता पाएको छ र कृतिमा उभिएको मानव मनको विचार मात्र पनि पात्र हो भन्ने अर्थलाई लिदाँ प्रस्तुत अपात्रीय रचनालाई पनि कथा नै भन्दा अन्यथा हुदैन ।

'देवराली' शीर्षक कथामा लेखकले 'हजार तोला वेदान्तले भन्दा एक तोला कोरा दयाले मानिसको चित्त बुझाउँछ' भन्ने कुरालाई प्रतीकात्मक रूपले उद्घाटित गरेका छन्। काठमाडौंको कुनै झुप्रोमा स्वास्नी  र छोराछोरी छोडेर पर्देसिएको भक्कु नाउँ गरेको भरिया घर फर्कदा चन्द्रागिरिको भन्ज्याङको देउरालीबाट होला काठमाडौं

देख्ता खुसीले आत्मविस्मृत हुन्छ। बल्लबल्ल धरहरा ठम्याएर छेवैको कुनै कालो टाटोलाई आफ्नो जहान बसेको ठाउँ मान्दै गह्रुँ भारीको अस्तित्वलाई बिर्सेर फेदतिर गीत गाउँदै ऊ समको कलम दगुरेभन्दा चाँडो झर्छ। उसले गाएका गीतहरू यस्ता हुन्छन् –

"हातमा गुलेली राजा

रानीचरी मारेर तर्कारी!

को भन्छ दाँतले हाँस्छ?

हाँस्ने त छातीको बतास!

को भन्छ आँसुले रुन्छ?

रुने त छातीको आतस!।"

कठोर मिहिनेतमा मुछिन बाध्य हाम्रो निम्नस्तरीय जनताको प्रतिनिधित्व गर्ने भक्कुलाई वर्णनले हुनसम्म आकर्षक पार्दै समले कथाको अर्को पात्रलाई हाम्रो अगाडि त्यति बेला तेर्स्याएका छन् जब भक्कु केही रक्सी घुट्क्याएर काठमाडौं लम्कने उद्देश्यले पसलतिर जान्छ। भोकले होला, व्यथाले होला, थकाइले होला यो पात्र राम्ररी बोल्न पनि सक्तैन । यस निरीह बालकलाई देख्दा अवश्य पनि भक्कुलाई आफ्नै छोराको झझल्को लाग्यो होला। बालक इसारा गर्दै देउरालीतिर देखाउँछ । ऊ त्यहाँसम्म हिँडेर जान सक्ने शक्तिको अभावमा हिरिक्किएको छ। निकैबेर त भक्कु आफ्नै परिवारको मोहले र आफ्नै छोराछोरीहरूलाई गएर झटै भेट्ने उत्कण्ठाले यस बालकका आग्रहहरूलाई टार्न खोज्छ तर जब बालक उसको दौराको फेरमा झुन्डिएर पानी आँखाले दयाको भिक्षा धेरै हृदय पग्लन्छ। उसको ह्याकुलो मायाले टुक्रिन्छ। जसरी ऊ आफ्ना बालकहरूलाई भेट्न हतारिरहेछ, उसरी नै यो बालक पनि आफ्नो आमाबाबुको न्यानो काखका लागि आतुरिरहेकोछ भन्ने भावनाले गर्दा भक्कु दयार्द्र हुन्छ। यस्तो निरीह बालकलाई छोडेर देउरालीतिर लाग्ने बाबुआमाप्रति केही असन्तोष व्यक्त गर्दै आफ्नो भारी पसलेका जिम्मा लाएर बालकलाई बोकेर देउराली तर्फ उक्लन्छ। ओह्रालो झर्नुभन्दा उकालो चढनु धेरै कष्टप्रद हुन्छ र त्यही माथि भर्खरै ओह्रालो झर्दा निकै दिन बिछोडिएका स्वास्नी, छोराछोरीलाई भेट्ने कामनाले उसलाई प्रेरित गरेको थियो तर भक्कुलाई अहिले मनमा ठूलो सन्तोष थियो किनभने ऊ एउटा आमाबाबुशीत बिछोडिएको मायालु बालकलाई उसका आमाबाबु कहाँ

पुर्‍याउन लम्किरहेथ्यो। दिन घर्किंदै जान्छ। भक्कु केही थाक्छ। उसलाई केही शङ्का पनि लाग्छ। हिँडनु नपरेकाले र थुकले जिभ्रो केही भिजेकाले बालकको बक फुट्छ, 'होइन होइन दाइ, ती त हो नि, धेरै टाढा पुग्या छैनने- जानुभा त अलि अगि नै हो, थुप्रै मान्छेले बोकेर लाग्या। आमा त अस्ति मात्रै -' भक्कु छक्क पर्छ। विचरा शरणहीन बालकका दुवै आमाबाबु मरि सकेका हुन्छन्। कसैले उसलाई उसका आमाबाबु माथितिर गए भनेकाले फेदिसम्म जेनतेन ऊ घस्रँदै आएको रहेछ र फेदिबाट उकालो चढेर माथि देउरालीमा पुग्नु भने उसलाई भक्कुको सहयोग चाहिएको रहेछ। देउरालीमा पुग्दा अँध्यारो भुइँमा खसिसक्छ। त्यहाँ कोही हुदैन । बालक अत्यन्त खुसी हुन्छ भरियासित। भरिया डोको बिसाएर हेर्छ त बालक पनि मरिसकेको हुन्छ। ऊ लास बोकेर फेरि तल झर्छ।

यस कथाले एकातिर हाम्रा भरियाहरूको दयालु प्रवृत्तिलाई देखाउँछ भने अर्कोतिर बालकको आग्रहपूर्ण निर्दोषतालाई प्रकट गर्छ। प्रतीकात्मक रूपले जीवनको सत्यलाई उद्घाटन गरेको छ। हामी उच्चतम लक्ष्य लिएर उकालोमा चढ्छौँ तर लक्ष्यमा पुग्दानपुग्दै समय, आयु, विवशता र परिस्थितिले हामीलाई मृत्युको हाब्रोमा झारिदिन्छन्। जीवनको देउरालीलाई अरू मनुष्यको दयाबिना छुनु सम्भव छैन। मानवतावादको अ◌ौधी कारुणिक तत्त्वलाई पनि समले कलात्मक रूपले यस प्रारम्भिक कालको कथामा समावेश गरेका छन्।

माथिउल्लेख गरे अनुसार बालकृष्ण समले धेरै कथा लेखेनन् तर जे जति लेखे सबै एकसे एक छन् अ◌ौ सफल। मूलतः सम नाटककार भएका हुनाले तिनका प्रायः सबै कथामा प्रभावोत्पादक नाटकीय तत्त्व समाविष्ट छन्। कविहृदय हुनाले तिनका भनाइमा काव्यात्मक अभिव्यञ्जना ठाउँ ठाउँमा पाइन्छ। तदतिरिक्त सफल चित्रकार, छायाङ्कन र संगीतज्ञ हुनाले तिनका भाषामा चित्रणको स्वाभाविकता अ◌ौ सौन्दर्यचेत, शैलीमा लालित्य र शब्दमा संगीतको मधुरता संयुक्त भई सरस त्रिवेणीको संगम पाइन्छ।

राणातन्त्रताक पनि बालकृष्ण समको दृष्टि नेपालका दोहोरो जीवनमाथि समभाग भई पर्दथ्यो। उदाहरणका निम्ति 'टाँगन घोडा' मा राणातन्त्रको गन्ध आउने पण्डितका आचरणले धनी र साधारण क्षेणीका तिनका बैठके, सइस, पूजाकोठे र अरू नोकरचाकरद्वारा अस्तिमान् र नास्तिमान्माझ विद्यमान पार्थक्य मजले प्रस्टिनेछ। 'दुई टुहुरा' (२००४) र 'नेपाल आमासित झगडा'(२००६) भन्ने कवितामा तिनले

राणाद्वारा शोषित नेपालको बिलौना बिसाएका छन्। हुनलाई तदानीन्त राणाशासनले गर्दा नेपालका संकुचित अ ौ एकांगी वातावरणमा स्वच्छन्दतापूर्वक फस्टाउन नपाएको र प्रतसबन्धनका ठिंगुरामा नै हुर्केका नेपाली साहित्य हुँदा उच्च श्रेणीका धनीमानीको कटु आलोचना र त्यस्ता जीवनका सम्बन्धमा तिनले हाकाहाकी केही भन्न सकेनन्। तथापि त्यसरी भन्न नसके तापनि जीवनका विषमतातिर आँखा तिम्क्याउँदै व्यङ्ग्यात्मक ढंगले ती मुसुक्क हाँसेको दुखा पर्छन्। कलाकारले खोजेकबध अ ौ चिताएको स्वच्छन्दता भेट्टाएको भए तिनको अभिव्यक्ति कुन प्रकारको हुन्थ्यो त्यो भन्न सकिन्न तापनि के भन्न सकिन्छ भने तिनको सहानुभूति नेपाली समाजका ती भूमिसात् प्रतिनिधिहरूप्रति थियो जतापट्टि नेपालको समाज सधारणतया अन्यमनस्क भावले आँखा चिम्लन्थ्यो। उसैले तिनले आफ्ना नाटक तथा कथामा अधस्तन वा अधःकृत नर नारीलाई मुख्यांश प्रदान गरि यथार्थ जीवनसित तादात्म्य स्थापित गरेर समाजका साधारण, पददलित अ ौ शोषित व्यक्तिका प्रति सहानुभूति देखाएका छन्। 'मुकुन्द इन्दिरा' को पुनाचा, 'शरण' कि सानी, 'टाँगन घोडा' को काले यस्तै प्रकारका व्यक्ति हुन् र पाठक तिनीहरूसित प्रीति गर्दै तिनका दुर्गतिमा थकथकिन्छन्।

बालकृष्ण समका कथामा महत्त्वको कुरो हो चरित्रचित्रण। चरित्रको रूपायण सजीव सत्ताको नै हो जस्तो भान पाठकहरूलाई हुन्छ। 'शरण' कि सानीको चरित्रचित्रण कतिसम्म सजीव छ भने त्यसका प्रत्येक वर्णनमा हामी आफ्ना सामुन्ने त्यसलाई प्रत्यक्ष देख्छौँ, कहिले "पशुपतिनाथका ससुरा हिमालय पर्वतको काखमा मानुँ दोस्रो पार्वती जन्मेकी" सानी, "जून लागेने गरेर" किञ्च हाँस्ने सानी, बिहे भइसकेका वर्ष दिनजतिपछिसम्म पनि लोग्नेसँग बाघचाल खेली रसमय बाल्यकालका दउन बिताउने सानी, पहिला पटकको सन्तान ज्येष्ठा परेकी छोरी र तेसपछि पनि झन् छोरी पाएर सासूबाट हुला गरिएकी अ ौ कडीकमानका बुहार्तनमा पिल्सिएकी सानी, छोरो पाउने दुरन्त धोको सँगाल्ने सानी, छोरी नपाउँदा लोग्नेले सौता हुलेकाले अपेक्षित प्रणयकामना र आवेगप्रबल प्रेमले वञ्चिता सानी र असफल गृहणी तोकिएकी सानी – यस्ता प्रत्येक प्रसंगमा अ ौ स्थलमा आँखामा बलउन्द्रधारा आँसु अ ौ टीठलाग्दो अनुहार लिएर पोल्टामा भीक थाप्ने अबला नारीका रूपमा कलाकारद्वारा चित्रित सानी करुणरसले सिक्त विभिन्न बिम्बमा देखा पर्छे। यस्तै प्रकारका सामाजिक अनाचारको अन्यपक्षीय चित्रण संयुक्त 'पराइघर' कि सावित्री 'शरण' कि सानीको पूरक हो। नारीको अर्को रूप हामी 'कैकेयी' मा पाउँछौं। यस कथाकी नायिका

Notes

कैकेयीको चरित्रचित्रण, कथोपकथनले गर्दा नाटकीय र प्रभावोत्पादक भई खुलेको छ। अहिलेकी नारी अबलारूप र उहिलेकि शौर्यदृप्त नारीको सबलारूप दाँज्दा हाम्रो मथिङ्गल खज्मजिनसम्म खज्मजिन्छ। कथाका झन् सफल प्रयोग हुन् मनोशास्त्रविश्लेषणका 'तफतफ' र 'खुकुरी' । 'तलतफ' मा बालमनोविज्ञानको सफल चित्रण छ। अंशवण्डका समस्याले परिवार चर्काचर्की पर्ने कुरो 'खुकुरी' मा देखाइएको छ। भिन्नाभिन्नै शैलीका कथा हुन्- 'फुकेका बन्धन' र 'हरिसिद्धि'। प्रथमोक्त कथामा बुहारीशीत अगम्यागमनका निम्ति लुब्ध बूढो ससुरो छ। त्यसका सिरिङ्गसञ्चारक अनैतिक एवम् अपराधमूलक कार्यव्यापारका रहस्यै रहस्यले पुनः पुनः आच्छन्न प्रवृत्तिको चित्रण यसमा पाइन्छ तर रहस्यभेद पाठकले नै स्वयं गर्नुपर्छ। चरित्रांकनका दृष्टिले 'हरिसिद्धि' बिजोर पाराको छ भने हुन्छ। यसमा पनि एकतमासको रहस्यनिविड चित्रण छ। 'टाँगन घोडा' का काले र अरू नोकरचाकरको चित्रण स्वाभाविक छ। ती बाझाबाझ गरून् वा खुसाऊन् सबै अ़ौधि वस्तुतान्त्रिक छन्।

बालकृष्ण समका कथाका चरित्र पुष्करशमशेरका झै भित्तामा कोरिएका निश्चल (static) जस्ता छैनन्। नाटकीय संघात प्रतिघात अ़ौ आवेगमय क्षिप्रता उपस्थित गर्ने कुशल कलाकार हुनाले समका कथाका रूपायित चरित्र साधारण मानवसहर रगतमासुले सजीव, बसउठ र हिंडडुल गर्ने वास्तववादी र गतीशील ( dynamic ) छन्। पुष्करशमशेरका कथाका चरित्र प्रायश: एकस्थलीय स्थावर प्राणी हुन्। पाठक तिनका बिसे लेखकद्वारा मानौ केवल वृतान्त सुन्छ। कथा सुनेझैँ मानौँ लेखक आफूभन्दा टाढा हिँडिरहेको र आफूले जाने बुझेको व्यक्तिका सम्बन्धमा आफ्ना सहयात्री पाठकलाई तिनको परिचय दिइरहेछ यो यो हो, यो यस्तो थियो, यो यस्ती भई, यस मानसिक र बाह्य परिबन्दले यी यस्ता यस्ता भए वा हुन बाध्य भए इत्यादी। बालकृष्ण समका कथाका चरित्र मानौँ हामी उभिएका चहुरमा संचरणमाण, हामीशीत झ्याम्मिने अ़ौ वाचाल भई हातेमालो गरि हिड्ने व्यक्ति हुन्। ती चरित्र प्रशस्त सक्रिय ( active ) छन्। बालकृष्ण समको सर्वप्रथम लक्ष्य हो जीवनसादृश्य देखाउने अनि पात्र पात्री, परिस्थिति एवम् पर्यावरणको स्वभाविक संयोजन गरी काव्यत्मक वर्णन अ़ौ अभिव्यञ्जनाले कथालाई चिटिक्क पारेदिने हुन्। ती नारी जीवनका कुशल व्याख्यातासमेत हुन्। नारीजातिको दुर्दशा र भामरी 'शरण' – मा पात्र होइन 'पराइघर' अ़ौ 'रूपको मूल्य' कथामा पनि प्रशस्त देखाइएको छ। रुढीग्रस्त पुरुषशासित समाजले गर्दा नेपाली नारीले कति निष्पेषणले निसासिनु पर्यो

भन्ने कुरा उपयुक्त कथाबाट प्रस्टिन्छ पनि । यी कथामा कवित्वमय भाषा, शैली, स्वच्छ प्रसादगुण सबै विशेषता आफ्ना आफ्ना ठाउँमा टम्म मिलेको छन्।

बालकृष्ण समका कथामा जीवनसम्बन्धी आलोचना, दर्शन, मनस्तात्त्विक विश्लेषण, घटनासंयोजन र प्रभावैक्यको अपूर्व चमत्कार पुष्करशमशेरका कथामा भन्दा धेरै पाइन्छ। पुष्करशमशेरका कथा नभन्दै राम्ररी कुँदिएका छन् तर रसप्राण बालकृष्ण समका कथा तीभन्दा बढी कुँदिएका, बुट्टिएका अ ौ कार्चोपीसमेत भरिएका पाइन्छ ।

## 12.6 बालकृष्ण समको नेपाली साहित्यको निबन्ध विधामा योगदान

बालकृष्ण समका निबन्धको विभाजन दुई प्रकारबाट गर्न सकिन्छ- १. फुटकर निबन्ध र २. प्रबन्धात्मक निबन्ध । फुटकर निबन्धमा चिन्तनपरक, विवरणपरक र यात्रावर्णनगरी अनेक उपआधारको सिर्जना गर्न सकिन्छ । यस्ता निबन्धमा आत्मविश्वास, बर्दाहामा शिकार जस्ता निबन्ध पर्दछन् । प्रबन्धात्मक निबन्धलाई ग्रन्थात्मक रूप दिइएको छ; जस्तै- नियमित आकस्मिकता (दार्शनिक ग्रन्थ) । यो पनि दार्शनिक चिन्तनहरूकै सँगालो हो । त्यस्तै नेपाल ललितकला -यसमा पनि मूर्तिकला, चित्रकला, इतिहास, साहित्यहरूको चित्र तथा रूपरेखा सङ्कलित छन् । यसरी प्रबन्धात्मक निबन्धमा पनि समको भूमिका छ । समका अरु दर्जनौँ निबन्ध र लेखहरू यत्रतत्र छरिएका छन् । यिनबाट पनि समको चिन्तनशिल्प र विषयज्ञानको राम्रो परिचय पाउन सकिन्छ । २०२९ सालमा समले तयार पारिदिएको दीक्षान्त भाषण अझ महत्त्वपूर्ण प्रतीत हुन्छ । यसरी उनको निबन्धकला उच्च रहेको छ ।

## 12.7 उपसंहार

बालकृष्ण सम नेपाली साहित्यको उज्ज्वल नक्षत्र हुन्। समले नेपाली साहित्यको नाटक, महाकाव्य, खण्डकाव्य, कविता, कथा, निबन्ध, दार्शनिक लेख आदि विधामा कलम चलाएका छन्। नेपाली साहित्यमा आधुनिक लेखनको स्थापना गर्नेहरूमा एकजना माइल खुट्टी हुन्। आधुनिक नाटकको सूत्रपात र विकास विषयको नवीनता र विविधता, भाषाशैली र संवादप्रयोगको दृष्टिकोणले नेपाली नाट्य साहित्यमा बालकृष्ण समको योगदान महत्त्वपूर्ण रहेको छ। समबाट नेपाली नाटले नयाँ दिशा, विकसित

Notes

र उन्नत नाट्य धरातल, मौलिकता, आधुनिकता र सामाजिकता मात्र प्राप्त नगरेर त्यो मौलिकता, आधुनिकता र सामाजिकताले चरमोत्कर्षता पनि प्राप्त गरेको छ। समका नाटक नेपाली साहित्यका गौरव र मूल्यवान निधि हुन्। समको नाट्य चेतनाले नेपाली नाट्य साहित्यमा जागरण, सांस्कृतिक चेतना, राष्ट्र भावना, करुणा र प्रेमको उदात्त मानवीय भाव प्रतिस्थापित गरी नेपाली नाटक विधामा सर्वतोमुखि मौलिकता, नेपाली नाट्य कलाको पूर्ण परिपाक र पूर्वीय र पश्चिमी नाट्यकला स्थापित गरेको छ। रसको प्रधानता, कार्यव्यापारको तिब्रता र वाह्य एवम् आन्तरिक सङ्घर्षको सामञ्जस्य समको नाट्य लेखनको विशेषता हो। नाटकमा ऐतिहासिक, आदर्शवादी, नेपाली संस्कृति र सभ्यताका स्तम्भ प्रवृत्तिका पात्र प्रयोग भएका छन्। भवदेव, प्रह्लाद, ध्रुव, इन्दिरा, कपिला जस्ता चरित्रद्वारा समले हृदयगत कोमलता, कल्पना, राष्ट्रिय भावना प्रकट गरेका छन्। प्रायः समका नाटकमा गीतको प्रयोग भएको छ। गीतको प्रयोगले नाटकमा नाट्य सौन्दर्यको सृष्टि, मानवीय अनुभूति, पात्रको चरित्रोद्घाटन प्रकट भएको छ। नाटकद्वारा नाट्य दिशा, नयाँ प्रेरणा, नाट्यकलाको नयाँ सिद्धान्त प्रतिपादन गर्ने समले नाटकमा जीवनका गम्भीर प्रश्न, नेपाली सभ्यता, संस्कृति, आदर्श, मर्यदा स्थापित गरि नाटकलाई मनोरञ्जनको साधन मात्र नबनाएर रसानुभूतिको माध्यम पनि बनाएका छन्। समको नाट्यकलाले ऐतिहासिकता, राष्ट्रियता, गीतात्मकता र रसानुभूति आत्मसात् गरि नेपाली नाटकलाई रङ्गमञ्चीय अनुकूल बनाएको छ। मौलिक चिन्तन र स्वच्छन्दतावादी दृष्टिमा संरचित समको नाट्यकला नेपाली नाट्य जगतमा सर्वोपरि, नेपाली नाट्य प्रणेतामा शीर्षस्थ र पूर्ववर्ती मोतीराम भट्ट, पहलमानसिहं स्वार, समवर्ती भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल र उत्तरवर्ती विजय मल्ल, गोविन्द बहादुर गोठाले नाटककारको तुलनामा जागरुक, व्यापक र मर्मस्पर्शी रहेको छ। नाटकमा प्रयोग भएको नवीनता, मौलिकता, गम्भीरता, कलात्मकता अन्य नेपाली नाटककारको नाट्यकलामा दुर्लभ नै रहेको छ।समको एकलो नाटकीय व्यक्तित्वले नेपाली नाटकलाई पूर्व र पश्चिमको नाट्यकलाको हाराहारीमा पुर्‌याउने काम गरेको छ। सम नेपाली नाट्य साहित्यका कालिदास र शेक्सपियर एकसाथ हुन् भन्दा कुनै अत्युक्ति हुदैन। बालकृष्ण समका कविताहरू जबरजस्ती  बल गरेर रचना गरिएका जस्ता हुन्छन्। यस कुराको पुष्टि हामी या त उनका कविताहरूलाई लेखनाथ पौड्यालका कवितासित या लक्ष्मीप्रसाद देवकोटाका कविताहरूसित दाँजेर गर्न सक्छौं। जुन लय लेखनाथ पौड्यालका भाषामा पाइन्छ समका भाषामा पाइन्न। जस्तो गुलियोपना

पौड्यालका भाषामा पाइन्छ समकामा पाइन्न। जसरी कल्पनामा देवकोटा उडेकाछन् अथवा जसरी उनले च्वास्स मुटुलाई छुन सक्छन् त्यस विशेषताबाट सम वञ्चित छन्। गोपालप्रसाद रिमालको जस्तो सरलता पनि उनमा छैन, न त्यस्तो तीक्ष्णता समका गद्यकविताहरूमा छ जो रिमालका गद्यकविताहरूमा पाइन्छ। छोटकरीमा भन्ने हो भने समका कविताहरू उपदेशात्मक, तर्कपूर्ण तथा कृत्रिम छन्। बालकृष्ण समका कथामा जीवनसम्बन्धी आलोचना, दर्शन, मनस्तात्त्विक विश्लेषण, घटनासंयोजन र प्रभावैक्यको अपूर्व चमत्कार पुष्करशमशेरका कथामा भन्दा धेरै पाइन्छ। पुष्करशमशेरका कथा नभन्दै राम्ररी कुँदिएका छन् तर रसप्राण बालकृष्ण समका कथा तीभन्दा बढी कुँदिएका, बुट्टिएका अ ौ कार्चोपीसमेत भरिएका पाइन्छ।

## 12.8 सार

• बालकृष्ण समले नेपाली साहित्यका नाटक, महाकाव्य, खण्डकाव्य, कविता, कथा, निबन्ध, दार्शनिक लेख जस्ता विविध विधामा कलम चलाएका छन्।

• नेपाली साहित्यको नाट्य विधामा समले उत्कृष्ट कलम चलाएका छन्। यसर्थ समलाई नेपाली साहित्यको नाट्य सम्राट मानिन्छ ।

• बालकृष्ण समले नेपाली साहित्यको  कथा र कविता विधामा खुबै उत्कृष्ट ढंगमा कलम चलाएका छन्। बौद्धिक र विचारगम्य भाषाको प्रयोगको कारण नेपाली साहित्य जगतमा समको स्थान माथिल्लो स्थरको रहेको छ।

• बालकृष्ण समले नेपाली साहित्यमा मूलतः दार्शनिक भाव धारा भित्राएका हुन्।

## 12.9 अनुशीलन

1) बालकृष्ण समले नेपाली साहित्यको नाटक विधामा दिएको योगदानबारे विस्तारमा चर्चा गर्नुहोस्।

2) बालकृष्ण समको साहित्यिक परिचय दिदैँ समले कविता विधामा दिएको योगदानबारे जानकारी गराउनु होस्।

3) बालकृष्ण समले नेपाली साहित्यको कथा विधामा दिएको योगदानबारे विस्तारमा चर्चा गर्नुहोस्।

4) बालकृष्ण समले नेपाली साहित्यको विविध क्षेत्रमा दिएको योगदानबारे जानकारी गराउनु होस्।

## 12.10 अतिरिक्त अध्ययन

| | |
|---|---|
| 1. ईश्वर बरा | झ्यालबाट। |
| 2. ताना शर्मा दल | सम र समका कृतिहरू। |
| 3. डा. केशवप्रसाद उपाध्यय | समका दुःखान्त नाट्य चेतना। |
| 4. रामचन्द्र पोखरेल | नेपाली नाटक र समिक्षा। |

## 12.11 मूल्यबृद्धिको निम्ति प्रश्न

**नोटः तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।**

1. बालकृष्ण समले नेपाली साहित्यको नाटक विधामा दिएको योगदानबारे संक्षिप्तमा टिप्पणी गर्नुहोस्।

_______________________________________________

_______________________________________________

_______________________________________________

(प्रस्तुत मूल्यबृद्धिको निम्ति प्रश्नको उत्तरको निम्ति 12.3 खण्डमा खोज्न सक्नेछन्।)

2. बालकृष्ण समले नेपाली साहित्यको कविता विधामा दिएको योगदानबारे टिप्पणी गर्नुहोस्।

_______________________________________________

_______________________________________________

_______________________________________________

(प्रस्तुत मूल्यबृद्धिको निम्ति प्रश्नको उत्तरको निम्ति 12.4 खण्डमा खोज्न सक्नेछन्।)

3. नेपाली साहित्यको कथा विधामा बालकृष्ण समले दिएको योगदानबारे संक्षिप्तमा लेख्नुहोस्।

___

___

___

(प्रस्तुत मूल्यबृद्धिको निम्ति प्रश्नको उत्तरको निम्ति 12.5 खण्डमा खोज्न सक्नेछन्)

4. नेपाली साहित्यको निबन्ध विधामा बालकृष्ण समले दिएको योगदानबारे संक्षिप्त लेख्नुहोस्।

___

___

___

(प्रस्तुत मूल्यबृद्धिको निम्ति प्रश्नको उत्तरको निम्ति 12.6 खण्डमा खोज्न सक्नेछन्।)

# एकाइ 13. साहित्यकार लक्ष्मीप्रसाद देवकोटाका विशेष-विशेष योगदान

**संरचना**

13.0 उद्देश्य

13.1 परिचय

13.2 लक्ष्मीप्रसाद देवकोटाको परिचय तथा साहित्यिक यात्रा

13.3 खण्डकाव्यको क्षेत्रमा देवकोटाका योगदान

13.4 महाकाव्यको क्षेत्रमा देवकोटाको योगदान

13.5 देवकोटाको फुटकर कविता

13.6 निबन्धका क्षेत्रमा देवकोटाको योगदान

13.7 नाटकको क्षेत्रमा देवकोटाको योगदान

13.8 उपन्यास क्षेत्रमा देवकोटाको योगदान

13.9 अनुवादको क्षेत्रमा देवकोटा

13.10 शारदा पत्रिका र लक्ष्मीप्रसाद देवकोटा

13.11 लाइब्रेरी पर्व

13.12 उपसंहार

13.13 सार

13.14 अनुशीलन

13.15 अतिरिक्त अध्ययन

13.16 मूल्यबृद्धिको निम्ति उत्तर

## 13.0 उद्देश्य

यस एकाइको अध्ययनपछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

13.0.0 महाकवि लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक परिचय

13.0.1 नेपाली साहित्यको विविध क्षेत्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटा पुऱ्याएका योगदान

13.0.2 लक्ष्मीप्रसाद देवकोटाको आगमनले नेपाली साहित्यको उपलब्धि।

## 13.1 परिचय

देवकोटा बहुमुखी प्रतिभका धनी एवम् असाधारण लेखक थिए, जसले आफ्नो दस वर्षको उमेरदेखि कविता लेखनको शुरूवात गरी छोटो जीवनमा नछोएको साहित्यको कुनै विधा छैन। उनले महाकाव्य, खण्डकाव्य, लामा वर्णनात्मक कविताहरू, निबन्धहरू, कथाहरू, नाटकहरू, गीतहरू र समालोचनाहरू लेखेका छन्। कविता पढेजस्तै अनुभव हुने देवकोटाका निबन्धहरू शैली र विषयवस्तुका लागि एकदमै प्रशंसायोग्य छन्। यिनीद्वारा लिखित वियोगान्त नाटक ´मुनामदन` यिनी मरेको पाँच दशक पछिसम्म पनि साझा प्रकाशनद्वारा अत्यधिक बिक्री हुने कृतिमा पर्दछ। ´मुनामदन` नेपाली जनजीवनमा भिजेको पहिलो नेपाली कृति हो। देवकोटाले केही समय त्रिचन्द्र क्याम्पसमा प्राध्यापन पनि गरे। यिनी एक पटक वि. सं. २०१३ मा नेपालको शिक्षा मन्त्रीसम्म भएका थिए। यिनैका पालामा नेपालको ठूलो अनि पहिलो त्रिभुवन विश्वविद्यालयको स्थापना भएको थियो।

देवकोटासँग कविताहरू एकदमै चाँडो लेख्ने अद्वितीय प्रतिभा थियो। उनले शाकुन्तल महाकाब्य तीन महिनामा, सुलोचना महाकाव्य दश दिनमा र कुञ्जिनी एकै रातमा लेखे। उनले नेपाली साहित्यलाई नयाँ उचाइमा पुर्‍याए। प्रचलित लोक भाका अर्थात झ्याउरे छन्दमा लेखिएको कृति मुनामदनले नेपाली साहित्यमा संस्कृतको प्रभावको अन्त्य गर्‍यो। "पागल" कविता उनको अर्को महान सिर्जना हो, जुन कवितामा उनले आफूलाई पागल भन्नेहरूलाई नै कवितात्मक शैलीमा जवाफ दिएका छन्। नेपाली भाषासाहित्यमा देवकोटा रूमानी प्रवृत्तिलेखन स्वच्छन्दवादका श्रीगणेश भए। साथै नेपाली भाषासाहित्यलाई अङ्ग्रेजी भाषासाहित्यमा अनुवाद गरेर सर्वप्रथम पश्चिमी मुलुकमा पुर्‍याउने काम पनि देवकोटाबाट नै भएको थियो।

## 13.2 लक्ष्मीप्रसाद देवकोटाको परिचय तथा साहित्यिक यात्रा

१९६६ कार्तिक २७ गते शुक्रबार लक्ष्मी पूजाका दिन नेपाली साहित्यका वरिष्ठ प्रतिभा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म काठमाडौंको धोबीधारा टोलमा भएको थियो। उनका पिताको नाम पण्डित तिलमाधव देवकोटा र माताको नाम अमर राज्यलक्ष्मी देवी देवकोटा हो। उनी आमाबाबुका साइला छोराका रूपमा जन्मिएका हुन्। उनको न्वारनको नाम तीर्थमाधव देवकोटा भएता पनि लक्ष्मी

पूजाको दिनमा जन्मिएकाले लक्ष्मीकै प्रसादका स्वरूप उनलाई लक्ष्मीप्रसाद भन्न थालियो। पाँच वर्षको उमेरमा नै उनले आफ्ना पिताबाट अक्षरारम्भ गरेका थिए। हुने बिरुवाको चिल्लो पात भने झैं उनले दश वर्षको उमेरमा नै पिताको प्रेरणाबाट 'घनघोर दुःख सागर' शीर्षकको कविता लेखेको पाइन्छ। उनले लेखेको उक्त कविता यस्तो छ-

"घनघोर दुःख सागर संसार जान भाइ,
नगरे घमण्ड कहिले मर्नू छ हामीलाई।"

तर उनको प्रथम प्रकाशित कविता भने पूर्णीमाको जलदी हो। यो कविता १९९१ साल मंसिर १५ गते गोरखा पत्रमा छापिएको थियो। उनको ठूलो परिवार भएकाले सीमित आयका कारण उनलाई केही समय अप्ठ्यारो परे पनि बाल्यकालमा उनलाई घर परिवारले ज्यादै माया गरी हुर्काएको पाइन्छ। उतिवेलाको परम्परा अनुसार देवकोटाको व्रतवन्ध ८ वर्षको उमेरमा नै गरिएको थियो। त्यसपछि उनले पिताबाट नै अमरकोष र संस्कृतका श्लोकहरू पढ्ने अवसर पाएका थिए। उनी पिताले पढाएका संस्कृतका श्लोकहरू कण्ठस्थ भन्न सक्दथे। उनी ११ वर्षको उमेरमा काठमाडौंको दरबार स्कूलमा पाँचौं कक्षामा भर्ना भएका थिए। स्कूलमा उनी मेधावी छात्रको रूपमा परिचित भएर आठौं कक्षा पढ्दा पढ्दै नवौं कक्षामा उक्लिने अवसर समेत पाएका थिए। यसै बीचमा १९८१ सालमा १५ वर्षको उमेरममा उनको विवाह काठमाडौंकी मनदेवी चालिसेसँग भएको थियो। विवाह पछि १९८२ सालमा उनले म्याट्रिक पास गरे त्यसपछि १९८२ सालमा नै उनी त्रिचन्द्र कलेजमा आइ.ए.सी.मा भर्ना भएका थिए। त्यहाँबाट आइ.ए.सी. पास गरेपछि उनले १९८६ सालमा भारतमा गएर बि.ए द्वितीय श्रेणीमा उत्तीर्ण गरे। त्यसवर्ष नेपालबाट बि.ए. पास गर्ने उनी एक जनामात्र थिए। त्यसपछि उनले नेपालमा आएर केही साथीहरूसँग मिली सर्वप्रथम काठमाडौंमा पुस्तकालय खोल्न थालेका थिए तर पुस्तकालय खोल्न थाल्दा तत्कालिन प्रधानमन्त्री भीमशम्शेर राणाद्वारा उनी दण्डित हुन पुगे। यसले गर्दा उनलाई राणा शासकप्रति घृणा लाग्न थाल्यो। त्यसपछि उनले विए. पनि पास गरे तर अंग्रेजी साहित्यको एम.ए.को पढाई पूरा गर्न नसकेकोमा उनी ज्यादै चिन्तित बन्न पुगे। त्यसैताका उनकी ममतामयी माता अमरराज्य लक्ष्मीको निधन भयो। यसले गर्दा उनको कोमल मनलाई ज्यादै चोट पुग्यो। जीवन संघर्षपूर्ण छ। यस जीवनमा अनेकौं संग्राम लडेर मानिसले बाँच्नुपर्छ भन्ने कुराको बोध भएका देवकोटाले यो वेदनालाई पनि आत्मसात गरे।

खास गरी १९९१ साल पछि देवकोटाको कविता यात्रा बेजोडले बगेको पाइन्छ। त्यसपछि उनले फुटकर कविता, गीत, खण्डकाव्य, महाकाव्य, निबन्ध, कथा, नाटक, उपन्यास र अनुवाद लेखन गरी आफ्ना विशिष्ट कृतिद्वारा नेपाली साहित्यको भण्डार भरेको पाइन्छ। नेपाली साहित्यमा सर्वप्रथम स्वच्छन्दतावादको प्रवेश गराउने देवकोटाका कवितामा ग्रामीण सभ्यता प्रति आकर्षण, शहरिया सभ्यताप्रति विकर्षण, किसान तथा गरीबप्रति सहानुभूति वर्तमानप्रति आक्रोश अतीतप्रति मोह, देशप्रेम, मानवप्रेम एवं प्रकृत्रिेमको भावना व्यक्त भएको पाइन्छ। उनी सरल भन्दा सरल र कठिन भन्दा कठिन भाषामा लेख लेख्न सक्थे। उनको भाषा प्रभावमय एवं जादूमय छ। साँच्चै भन्ने हो भने उनी नदीको पानी बगे जस्तै गरी कतै कहीँ नरोकिकन लेख्न र कवितामा नै पूरा गर्न सक्थे। त्यसैले त उनले एक बसाई र एकै रातमा कुञ्जिनी खण्डकाव्य, दश दिनमा सुलोचना र तीन महिनामा शाकुन्तल महाकाव्य लेख्न सफल भए। उनी करुण, वीर, हास्य, श्रृंगार आदि सबै रसमा कविता लेख्न सक्थे। उनी गद्य र पद्य दुवै क्षेत्रमा सिद्ध हस्त थिए। इश्वर, प्रकृति र मानवतावादका पूजारी देवकोटाले छन्द, लय, अलङ्कार सबैलाई कवितामा नचाएका छन् त्यसैले त भारतका सुप्रसिद्ध विद्वान् सांकृत्यनले उनलाई पन्त-प्रसाद-निराला भनेर भनेको, समालोचक राममणि रिसालले देवकोटालाई किम्बुको हरियो पात चपाएर साहित्यको रेसम ओकल्ने कवि हुन् भनेका छन्। त्यसै गरी एउटा विद्वान्ले त उनलाई भन्छन्- "नेपाली साहित्यको कुवेर महाकवि देवकोटाको टाउँको हिमाल जस्तो गिदीले भरिएको थियो। जसबाट गण्डकी, कोशी र कर्णाली जस्ता सुलोचना, शाकुन्तल र प्रमिथस जस्ता काव्य नदी बग्न सके।"

आधुनिक नेपाली कविताको दोस्रो चरणमा उनले आफूद्वारा स्थापित स्वच्छनतावादी धाराको प्रबर्द्धन र सम्बर्द्धन गर्दै बाँचुन्जेल यस धाराको नेतृत्व समेत गरे। १९९१ सालदेखि २०१६ सम्म उनले कविताका क्षेत्रमा ६०० जति फुटकर कविताका साथै डेढ दर्जन खण्डकाव्य र आधा दर्जन महाकाव्यको रचना गरे। उनका प्रकाशित कृतिहरूमा मुख्य गरी मुनामदन –खण्डकाव्य(१९९२), सावित्री सत्यवान –नाटक(१९९७), प्रसिद्ध प्रबन्ध सङ्ग्रह - अनुदित निबन्धहरू(१९९७), प्रसिद्ध निबन्ध सङ्ग्रह -निबन्धहरू (२००२), नेपाली शाकुन्तल –महाकाव्य(२००२), कुञ्जिनी –खण्डकाव्य(२००२), सुलोचना –महाकाव्य(२००३), सुनको विहान –बालकविता(२०१०), कृषिवाला –गीतिनाट्य(२०१९), महाराणा प्रताप –महाकाव्य(२०२४), चम्पा –उपन्यास(२०२४), वनकुशुम-महाकाव्य(२०२५),

Notes

प्रमिथस –महाकाव्य(२०२९), लक्ष्मी कथा सङ्ग्रह-कथाहरूको संकलन(२०३२), लक्ष्मी कविता सङ्ग्रह-कविताहरूको संकलन(२०३३), लक्ष्मी गीत सङ्ग्रह - गीतहरूको संकलन(२०३४) आदि पर्दछन्। यिनै कृतिहरूको अध्ययन गर्दा देवकोटालाई बहुमुखी प्रतिभाका धनी मान्न सकिन्छ। यिनले २०१४ सालमा आफू शिक्षा मन्त्री हुँदा देश भरी नै नेपाली भाषालाई अनिवार्य विषयका रूपमा पढाउनु पर्ने नीति ल्याएका थिए। सुनेको कुरा एक पटक देवकोटा शिक्षा मन्त्री हुँदा उनले शिक्षा मन्त्रालयको कार्यालयमा काम गर्दा आफ्नो कोट फुकालेर राखेछन् घर फर्कदा कोट लगाउन बिर्सेछन् पछि कार्यालयमा कोट लिन जाँदा उनको कोट कसैले गायब गराएछ त्यतिवेला एक जना धनाढ्य कर्मचारी जो देवकोटा शिक्षा मन्त्री भएकोमा मन पराउँदो रहेनछ। उसले देवकोटालाई खिसी गर्दै मन्त्रीज्यू कोट कति पैसाको हो – बरु म तपाईलाई नयाँ किनिदिन्छु भनेछ देवकोटाले तत्काल उसलाई ठाडो जवाफमा भनेछन् महाशय ! मलाई मेरो कोट हराएको चिन्ता छैन, बरु मानिसमा नैतिकता हराउँदै गएकोमा चिन्ता छ। वास्तवमा देवकोटाले उति वेला भनेको कुरा आज पनि सान्दर्भीक देखिन्छ। साँच्चै आज हामीमा नैतिकता हराउँदै गएको छ। यो ज्यादै चिन्ताको विषय हो। भनिन्छ-देवकोटाले गफ गर्दा पनि हास्यव्यङ्ग्य, उपमा र दृष्टान्तहरू मिसाएर श्रोताहरूलाई मन्त्र मुक्त पार्थे भनिन्छ। साथै, उनी नेपाली भाषासहित १३ वटा भाषामा बोल्न सक्थे भन्ने सुनिन्छ।

धन सम्पतिलाई हातको मयल ठान्ने देवकोटाले आफू शिक्षा मन्त्री हुँदा समेत धन जोड्नतिर मन लगाएनन्। नाम लक्ष्मीप्रसाद देवकोटा भए पनि उनलाई लक्ष्मीले भन्दा सरस्वतीले नै माया गरिन्। यति ठूला कविलाई पनि राष्ट्रले उनी जीवित छदा उचित सम्मान गर्न सकेन तर उनी नेपाली भाषा र साहित्यको उन्नयनमा अविरल बगिरहे। कुनै पनि साहित्यकारको मूल्याङ्कन ऊ जीवित छँदै गर्नु उपयुक्त हुन्छ। तर नेपाली साहित्यमा भने यस्तो परम्परा हिजो पनि थिएन र आज पनि हुन सकेको छैन। हिजो सरकारले देवकोटालाई विरामी हुँदा औषधि उपचारको खर्च समेत नदिएर उनको निधनमा गोहीका आँसु खसालेको इतिहास सांक्षी छ। मृत्युशैयाबाट पनि देवकोटाले नेपालमा प्रजातन्त्र मर्न नपाओस् फलोस् फुलोस् भनेकाले उनी प्रजातन्त्रका हिमायती थिए भन्न सकिन्छ साथै नेपालीका हृदयमा मानवता, देशप्रेम र स्वतन्त्रका भावना भर्ने आफ्ना युगका महान् कवि भएकाले उनलाई नेपाली साहित्यका महारथी र राष्ट्रिय विभूति मानिन्छ। यस्ता नेपाली साहित्यका महारथी देवकोटाको निधन क्यान्सरका कारण २०१६ साल भाद्र २९ गतेका दिन हुन पुग्यो।

आज उनको भौतिक देह यस संसारमा नभए पनि उनका साहित्यिक कृतिहरूले गर्दा अजर र अम्मर छन्। जब सम्म नेपाल र नेपाली रहने छन् तबसम्म उनलाई कसैले पनि बिर्सने छैनन्।

## 13.3 खण्डकाव्यको क्षेत्रमा देवकोटाका योगदान

लक्ष्मीप्रसाद देवकोटाले नेपाली खण्डकाव्यको विकास यात्रामा निकै महत्वपूर्ण योगदान पुऱ्याएका छन्। उनले एकातिर आधुनिक नेपाली खण्डकाब्य क्षेत्रमा स्वच्छन्दतावादी काव्यधाराको नवप्रवर्तन गरी त्यसलाई समृद्ध तुल्याउने ऐतिहासिक योगदान गरेको पाइन्छ भने अर्कोतिर खण्डकाव्य कृतित्वका परीणाम, प्रकार एवं गुणस्तरका दृष्टिले पनि आधुनिक नेपाली खण्डकाव्यका क्षेत्रमा उनले पुऱ्याएको योगदान विशिष्ट किसिमको देखापर्छ।

खण्डकाव्यात्म रचनापरिणामका दृष्टिले हेर्दा प्रकाशित-अप्रकाशित गरी तीन दर्जनभन्दा बढी खण्डकाब्य लेख्ने लक्ष्मीप्रसाद देवकोटा आधुनिक नेपाली खण्डकाव्य क्षेत्रका विराट् प्रतिभा हुन्। उनले आफ्नो ५० वर्षे जीवन यात्राको ४० वर्षे कवितायात्रा अन्तर्गतका बीचबीचका वर्ष गरी जम्मा आठ वर्ष भित्रका पनि केही समयभित्रै यी तीन दर्जनभन्दा बढी खण्डकाब्य लेखे र तीमध्ये प्रायजसो खण्डकाब्य उनको आशु लेखनका परिणाम हुन्, मुनामदन, राजकुमार प्रभाकर, लूनी, तिप्लिङ्गी, कुञ्जिनी, दुष्यन्तशकुन्तलाभेट, रावणजटायु युद्ध, सीताहरण, म्हेन्दु आदि।

नेपाली खण्डकाव्यको सम्पूर्ण परम्परामा देखा परेका प्रायः सबैजसो खण्डकाव्यात्मक प्रकारहरुको प्रयोग एक्लै देवककोले घरेको देखिल्छ र यसबाहेक उनले आफ्नै किसिमका अरू खण्डकाव्यात्मक प्रकारहरू पनि नेपाली खण्डकाव्यलाई प्रदान गरेको पाइन्छ। उनीभन्दा पछि आधुनिक नेपाली कविताको प्रयोगवादी धारा यता देखापरेका लामो कविताको केहि पूर्वाभास उनको 'नाला' जस्तो खण्डकाब्य दिएको छ भने प्रयोगवादी लामो कविताको विखण्डित संरचना भने उनको स्वच्छन्दतावादी मूल प्रवृत्ति भन्दा भिन्न कुरा हुँदै हो। यस परिप्रेक्ष्यमा उनका खण्डकाव्यात्मक प्रकार-प्रयोगहरुका कोष्ठ भित्रै सिङ्गो नेपाली खण्डकाव्य परम्पराका प्रकारको प्रयोगहरु प्रायः समेटिन्छन्। आकार-प्रकारका दृष्टिले नेपाली खण्डकाव्य परम्परामा कृशतर, कृश, पुष्ट/स्थूल र स्थूलतरसमेत गरी चार प्रकारका खण्डकाब्य लेखिएका छन् र देवकोटाले पनि चार प्रकारका खण्डकाव्य लेखेको कुरा प्रष्ट नै छ। नेपाली

खण्डकाव्यजगतमा संस्कृत काव्य परम्पराका दुतकाव्य, शतककाव्य, लहरीकाव्या, नेपाली लोककाव्यपरम्पराका गाथा, सवाई, लहरी आदि र पाश्चात्यकाव्य परम्परा अनुरुपका गाथाकाव्य, आख्यानकाव्य, व्यङ्ग्यकाव्य, लामो कविता आदि गरी तीनथरी स्रोतका नै खण्डकाव्य लेखिएका छन् र यी तीनवटै प्रेरणास्रोतका विविध खण्डकाव्य प्रकारहरुको प्रयोग गरी खण्काव्य लेख्ने नेपाली खण्डकाव्यकारहरुमा देवकोटा अद्वितीय छन्। नेपाली भाषामा लेखिएका खण्डकाव्यहरुका आख्यानात्मक ढाँचा र आख्यानरहित कोष काव्यात्मक ढाँचा गरी अरु दुई प्रकारको देखिन्छन् र यी दुवै प्रकारको प्रयोग पनि देवकोटाले गरेका छन्।

देवकोटाले सर्गरहित र सर्गबद्ध गरी दुई प्रकारका खण्डकाव्य लेखेर नेपाली खण्डकाव्य परम्परामा भएको सर्ग बद्धता सम्बन्धी प्रयोगलाई पनि समेटेकै छन्। नेपाली खण्डकाव्य परम्परामा कथावस्तुको अन्तिम परिणामका दृष्टिले सुखान्त दुखान्त गरी दुईथरी खण्डकाव्य लेखिएका छन् र ती दुवै प्रकारको प्रयोग पनि उनले गरेका छन् । अभिव्यक्तिका दृष्टिले नेपाली खण्डकाव्यका विकास यात्रामा मुख्यतः करुण, वीर, श्रृङ्गार, रौद्र र शान्त रसभावकै प्रभावकारी अभिव्यक्ति गरिएका खण्डकाव्य बढी लेखिएका छन् भने यो देवकोटाले प्रायः नवै रसभभावको र मुख्यतः श्रृंगार, करुण, वीर, शान्त, रौद्र, वीभत्स, हास्य रसको प्रभावकारी अभिव्यक्ति गरी बढी खण्डकाव्य लेखेका छन् र यो रसगत प्रकारवैविध्य पनि नेपाली नेपाली खण्डकाव्य परम्परामा महत्वपूर्ण योगदान हो। उनले यी विविध प्रकारका खण्डकाव्यहरूको रचना गरी नेपाली खण्डकाव्यपरम्परामा अभूतपूर्व प्रकारगत यागदान दिए र उनले दिएको योगदान नेपाली खण्डकाव्य परम्परामा अतुलनीय छ भन्न सकिन्छ।

नेपाली खण्डकाव्य का परम्परामा आफ्ना पूर्ववर्ती खण्डकाव्यकारहरुका दाँजामा खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाले दिएको ऐतिहासिक योगदानको आकलन उनको प्रथम खण्डकाव्य 'मुनामदन' को आधारमा गर्न सकिन्छ। उक्त मुनामदन खण्डकाव्यका सन्दर्भमा मुख्यत: आधुनिक स्वच्छन्दतावादी खण्डकाव्यको प्रभावकारी आमन्त्रण गर्नु, लोक लयात्मक खण्डकाव्यढाँचालाई काव्यस्थरीस उच्च प्रतिष्ठा प्रदान गर्नु र मौलिक पुष्ट एवं सामाजिक आख्यानात्मक खण्डकाव्यढाँचाको प्रतिष्ठापन गर्नु साथै आख्यान र कवितातत्वको सन्तुलित खण्डकाव्यात्मक सिद्धि प्राप्ति गर्नु नै उनले गरेको खण्डकाव्यात्मक ऐतिहासिक योगदानको मुलभुत पक्ष हुन्। यसपछि उनले राजकुमार प्रभाकर, कुञ्जिनी, पहाडी पुकार, नाला, आँसु, वसन्त – दुई,

रावनजटायुयुद्ध, म्हेन्दु जस्ता अरु आठवटा खण्डकाव्यको प्रकाशन गरी आधुनिक नेपाली खण्डकाव्यका स्वच्छन्दतावादी युगको निर्माण गर्नका साथै त्यसको उच्च प्रतिष्ठापन समेत गरी नेपाली खण्डकाव्य क्षेत्रमा विशिष्ट योगदान गरे। उनले खासगरी आफ्ना खण्डकाव्यकारीताका पूर्वाद्र्ध यात्राका अन्त्य तिर र उत्तरार्ध यात्रामा समेत रचेका अरु अढाई दर्जन भन्दा बढी खण्डकाव्य भन उनका जीवनकालमा र मुख्य स्वच्छन्दतावादी युगका अवधिमा समेत प्रकाशित हुन सकेनन्।

## 13.4 महाकाव्यको क्षेत्रमा देवकोटाको योगदान

विभिन्न बत्तीस थरीको शास्त्रीय छन्दलाई अँगालेर केवल तीन महिनामा रचना गरिएको, चौबीस सर्ग र लगभग दस हजार पङ्क्तिहरूमा फैलिएर रहेको `शाकुन्तल´ देवकोटाको वि सं २००२ सालमा `नेपाली भाषा प्रकाशिनी समिति´ द्वारा प्रकाशित पहिलो महाकाव्य हो। यस प्रकार २००२ सालमा महाकाव्यकार देवकोटाको उदय हुनुभन्दा अघि नेपाली साहित्यमा मौलिक महाकाव्य र यसका रचयिता महाकाव्यकार आइसल्याण्डको सर्पजस्तै नितान्त अभावका कुरा थिए। हुन त नेपाली कविताको प्राथमिक कालका भानुरामायण देखापर्छ तर त्यो संस्कृतको आध्यात्म रामायणको रुपान्तरण भइदिनाले भानुभक्त नेपाली महाकाव्य परम्पराका प्रारम्भकर्ता महाकाव्यकार भए पनि उनलाई मौलिक महाकाव्यकार भन्न सकिन्दैन। माध्यमिक कालमा आउँदा बृहत आख्यानका दृष्टिले महाकाव्य प्रतीत हुने कतिपय पद्य कृति फेला परे पनि ती वस्तुत: भानुरामायण भन्दा निकै दुर्बल र पौराणिक आख्यान - उपाख्यानलाई पद्यबद्ध गर्ने प्रयास मात्र भएकाले मौलिक नठहरिने हुँदा त्यतिखेर मौलिक महाकाव्यकारका उपलब्धीको कुरै भएन। यसपछि आधुनिक कालमा आउँदा पण्डितराज सोमनाथ सिग्द्यालको `चन्द्रचरित´ मौलिक महाकाव्य ठहरिए पनि त्यो चन्द्रशमशेरको मृत्युको कारणबाट त्यतिखेर प्रकाशित हुन नसकेको र त्यसपछि आद्यवधि पनि त्यो अप्रकाशित पाण्डुलिपि कै रुपमा त्यसै थन्किएर रहेको बुझिन्छ भने उक्त चन्द्रचरित्रकै कतिपय अंशलाई समेत यथावत अंगाली मूलत: २००२-०५ तिर लेखिएको बुझिने पण्डितराजकै मौलिक महाकाव्य `आदर्श राधव´ २००२ साल पछि मात्र प्रकाशित भएको भेटिन्छ। यस परिप्रेक्ष्यमा प्रकाशित प्रथम नेपाली मौलिक महाकाव्यकार का रुपमा शाकुन्तलकार देवकोटा नै देखिन आउँछन् र खास गरी शकुन्तलकै माध्यमबाट महाकाव्यकार देवकोटाले भानुभक्तबाट भक्तिवादी नेपाली महाकाव्य धारालाई नयाँ मोड दिँदै स्वच्छन्दतावादी मानवतावादी नवीन

महाकाव्यकाधाराको प्रवर्तन प्रतिष्ठापन गरेको कुरा उल्लेखनीय छ। वास्तवमा `न भूतो न भविष्यति´ भन्न सकिने खालको यो शाकुन्तल महाकाव्य महाकाव्यकार देवकोटाको महाकाव्ययात्राको पहिलो कोशेढुङ्गा हो।

चौबीस सर्ग र लगभग एक हजार पङ्क्तिहरूमा फैलिएको उपर्युक्त शाकुन्तल महाकाव्य तीनै महिनामा लेखिएको कुरा प्रमाणित गर्न दसै दिनमा तयार पारिएका सुलोचना महाकाव्य स्वभीमानी महाकवि देवकोटाको होडबाजीको विजयस्तम्भ र उनको बिजुलीवेगी लेखन क्षमताको प्रमाण हुनाका साथै विषयवस्तुका दृष्टिले नेपाली साहित्यको सर्वप्रथम समाजिक महाकाव्य ठहरिन्छ भने यस माध्यमद्वारा देवकोटा नेपाली साहित्यमा सामाजिक महाकाव्य परम्पराको थालनी गर्ने प्रथम महाकाव्यकार प्रमाणित हुन्छन्। यसरी हेरेर ल्याउँदा २००२ सालमा एक खास गरेर शकुन्तला महाकाव्यगत उच्चतर गुनस्तर र रसमय सशक्त एवम् विस्तारित अभिव्यक्तिका दृष्टिले नेपाली साहित्यका स्तरीय एवम् प्रसिद्ध एकाकी महाकाव्यकारका रूपमा देवकोटाको प्रादुर्भाव भइसकेको अनुभव हुन्छ।

२००३ सालमा आएर देवकोटाले जम्मा पाँच वटामहाकाव्य लेख्ने प्रयास गरेको र तीमध्ये महाराणा प्रताप पृथ्वीराज चौहान र वनकुसुम पूरा भएको भेटिन्छ भने भक्त प्रहलाद तथा सत्याभास नामक महाकाव्यचाहिँ अपुरा रहेको पाइन्छ। देवकोटाले २००३ सालमा लेखेर पूरा गरेका उपयुक्त तीन महाकाव्यमध्ये शास्त्रीय वर्णमात्रिक छन्दमा रचित हाराणा प्रताभ र वनकुसुम कविको निधनपछि क्रमशः२०२४ र २०२५ सालमा प्रकाशित भएको भेटिन्छ भने मुनामदन कै जस्तो झ्याउरे लोकलयमा रचित पृथ्वीराज चव्हाण चाहिँ आद्यवधि अप्रकाशित पाण्डुलिपि कै रुपमा साझा प्रकाशनमा सुरक्षित रहेको फेला पर्छ।

२००३ सालको अन्त्यतिर र अझ खास २००४ सालदेखि चाहिँ गद्य कवितातर्फको यात्रा थाल्दै २००७ सालसम्मको समयावधिमा ‘बाघले बच्चा किन खान्छ?, ‘ साँडे’, ‘प्रभुजी मलाई भेडो बनाऊ!’, जस्ता उत्कृष्ट गद्य कविता र मायाविनी ससी जस्तो उत्कृष्ट गद्य खण्डकाव्यको रचना पछि २००७ सालको अन्त्यतिर अर्थात फागुन चैत्ततिर आएर २००३ सालदेखि यता झण्डै चार वर्षको समयको अन्तरालअनन्तर देवकोटाले पुनः महाकाव्य लेख्न थालेको पाइन्छ। यसरी २००७ सालमा आएर देवकोटाले लेख्न थालेको महाकाव्य हो- गद्यमहाकाव्य प्रमिथस। २००७ साल फागुन ७ गते नेपालीहरुले प्रजातन्त्र पाए भने त्यही प्रजातन्त्रको प्रभातकाल अर्थात् २००७

फागुन- चैतमा यो प्रमिथसमहाकाव्यको रचना प्रारम्भ भएको सङ्केत खोज्दै यसै महाकाव्यको खासगरी प्रथम सर्गका तेह्रौँ, चौधौं र सताइसौँ गुच्छकबाट प्राप्त हुन्छ। मान्छेका निम्ती स्वर्गको फिलिङ्गो चोरेर ल्याइदिने सहिद प्रमिथसको ग्रीक पुराकथालाई लिएर महाकविदेवकोटाले आफ्नो कल्पनाको मौलिकता र पूर्वीय पुट समेत दिई तयार पारेको तथा ११ सर्‌गहरुमा फैलिएर रहेको प्रमिथस कविको उच्चतर गद्य महाकाव्यात्मक प्राप्ति हुनाका साथै लेखनका दृष्टिले नेपाली साहित्यकै प्रथम गद्य महाकाव्य ठहर्दछ( प्रकाशनका दृष्टिले चै प्रथम नेपाली गद्य महाकाव्य बालकृष्ण समको चिसो चुलो हो) र अझ विषयवस्तुका दृष्टिले हेर्ने हो भने यो समुद्र पारको अन्तर्राष्ट्रिय विषयवस्तुलाई अँगालेर लेखिएको पहिलो नेपाली महाकाव्य पनि ठहरिन्छ। पाश्चात्य सभ्यताको उषाकाल तर्फको यात्राका रुपमा रहेको तथा परिष्कृत प्रायः प्रतीत हुने प्रस्तुत महाकाव्यको मूल कथाले अभिधाका स्तरमा प्रमिथसेली ग्रीक गाथाको पुनराख्यान गरेको पाइन्छ भने व्यंजना का स्तरमा चाहिँ यसले मानव सभ्यताको विकासक्रममा अग्नि अविस्कारको भूमिका र अग्नि महिमाको प्रतिपादन गर्नका साथै युगीन सन्दर्भमा दीनहीन नेपाली जनताका निम्ति आफूलाई समर्पित गर्दै तत्कालीन एकतन्त्रीय क्रूर जहानियाँ राणा शासनका विरुद्ध क्रान्ति कर्ममा संलग्न रही प्रजातन्त्र ज्योति ल्याउन ज्यूज्यान लगाउने नेपालका शहीद एवम् महाकवि देवकोटा स्वयंको र शाश्वत सन्दर्भमा मानवताको परिपोषणका निम्ति अपेक्षित प्रकाश बीचको उपसना गर्ने संसारका प्रतेक व्यक्तित्वको अन्तर्यातनामय आत्म गाथा प्रतिपादित गरेको अनुभव हुन्छ। यसप्रकार प्रमिथसेली ग्रीक पूर कथाका माध्यमबाट समस्त मानवीय सभ्यताको आलोकका रुपमा अग्निलाई अगाडि सार्दै सुकुमार भावसघन उच्चतर कवित्वभित्र तीव्रतर वैचारिक चेतको सुक्ष्म व्यंजना गर्ने तथा उच्च प्रकृतिचित्रण, गम्भीर आत्मचिन्तन, तीव्र युग चिन्तन र सम्वृद्ध सांस्कृतिक सन्दर्भहरूलाई प्रस्तुत गर्दै महाकवि देवकोटाको उच्चतर स्तरीय यो महाकाव्य एकसाथ युगीन र शाश्वत पनि बनेको छ र यसबाट मुख्यतया कविको स्वच्छन्दतावादी तीव्र सौन्दर्य चेत का साथै मानवतावादी प्रजातान्त्रिक क्रान्तिकारी चेतना अभिव्यञ्जित बनेको छ। यसप्रकार कविको रोमान्टिक प्रगतिवादी मानवतावादको विस्तारित अभिव्यक्ति बनेको प्रस्तुत गद्य महाकाव्यले उनको महाकाव्य यात्रामा नयाँ मोड ल्याउनका साथै उनलाई नेपाली साहित्यका प्रथम रोमान्टिक प्रगतिवादी मानवतावादी महाकाव्यकार र साथै प्रथम गद्य महाकाव्यकारका रुपमा पनि प्रतिष्ठापित तुल्याइ रहेको पाइन्छ।

यसरी हेरेर ल्याउँदा महाकाव्यकार देवकोटाको महाकाव्य यात्रा मूलतः २००० देखि २०१० साल सम्म पूरा एक दशकको समयावधिको देखापर्छ र यसका बीच २००० देखि २००३ साल सम्मको तीनवर्षे समय अवधिमा देवकोटाका शाकुन्तल, सुलोचना, महाराणा प्रताप, पृथ्वीराज चौहान र वनकुसुम जस्ता पाँच पूर्ण महाकाव्य भेटिन्छन् भने २००७ देखि २०१० साल सम्मको उत्तरवर्ती तीनवर्षे समय अवधिमा उनको एउटै मात्रा महाकाव्य प्रमिथस  देखपर्छ अनि २००४ देखि २००६ सालसम्मको समयावधिमा भने उनले एउटै पनि महाकाव्य नलेखेको बुझिन्छ। देवकोटाको महाकाव्य यात्रामा उतक्त २००० देखि २००३ साल सम्मको समयावधिलाई पूर्वार्धका रूपमा र २००७ देखि  २०१० साल सम्मको समयावधिलाई चाहिँ उत्तरार्धका रूपमा राख्न सकिन्छ। संख्यात्मकताका दृष्टिले समेत निकै सम्पन्न देखापर्ने आफ्नो पूर्वार्ध महाकाव्ययात्रामा महाकाव्यकार देवकोटा सहज - स्वस्फूर्त विराट कवित्वको वेग र विस्तार प्रवाहमा बेलगाम कुद्ने मूलत: प्रकृतिपरक स्वच्छन्दतावादी मानवतावादी पद्य महाकाव्यकार  देखा पर्छन् भने उत्तरार्ध महाकाव्य यात्रामा चाहिँ उनी अपेक्षाकृत संयमित - परिष्कृत शैली शिल्प अँगाल्ने मूलत: रोमान्टिक प्रगतिवादी -मानवतावादी गद्य महाकाव्यकार देखापर्छन्। सङ्गीतिकताका दृष्टिले पूर्वार्द्धकालीन महाकाव्यकार देवकोटाको शास्त्रीय छन्दसंगीतमाथि असाधारण अधिकार रहेको भेटिन्छ भने उत्तरार्द्धकालीन महाकाव्यकार देवकोटाको  गद्य संगीतमाथि त्यत्तिकै असाधारण आधिपत्य रहेको अनुभव हुन्छ। देवकोटाको पूर्वार्धकालीन महाकाव्ययात्राका महाकाव्यहरू मध्ये गुणस्तर  दृष्टिले शाकुन्तल, महाराणा प्रताप र सुलोचना उल्लेखनीय  ठहर्छन् भने यिनमा पनि  शाकुन्तल महाकाव्य सर्वोकृष्ट ठहरिन्छ अनि उत्तरार्धकालीन महाकाव्ययात्रामा चाहिँ उनको एउटैमात्र महाकाव्य प्रमिथस देखा परे पनि त्यो स्वयं शाकुन्तलकै स्तरको उत्कृष्ट महाकाव्य ठहर्छ। महाकाव्यकार  देवकोटाले आफ्नो पूर्वार्द्धकालीन महाकाव्यहरूद्वारा नेपालि महाकाव्य परम्परामा भानुभक्तको भक्तिवादी  महाकाव्यधारालाई नयाँ मोड दिँदै रोमान्टिक  महाकाव्यधाराको प्रवर्तन –प्रतिष्ठापन र  उन्नयनका साथै त्यसलाई शाकुन्तल जस्तो उच्चतर महाकाव्यद्वारा स्वच्छन्दतावादी सौन्दर्य चेतको सर्वोच्च शिखरतर्फ डोऱ्याएको पाइन्छ भने आफ्नो उत्तरार्द्धकालिन एउटै महाकाव्य  प्रमिथसद्वारा उनले नेपाली रोमान्टिक प्रगतिवादी महाकाव्यधाराको  प्रवर्तन- प्रतिष्ठापन र  उन्नयनका साथै त्यसलाई पनि उच्चतम चुलीतिर पुऱ्याएको अनुभव हुन्छ।

## 13.5 देवकोटाको फुटकर कविता

खहरेको भेलझैँ कवित्व प्रभाव फुर्ने देवकोटामा आत्मिक ज्ञानको भण्डार थियो भन्ने कुरा 'यात्री' कविताले पुष्टि गर्छ। उनी प्रत्येक मानिसमा ईश्वरको जिउँदो रूप देख्थे। दार्शनिक युगस्रष्टा देवकोटाले राष्ट्रप्रेमी भाव पोख्ने मात्र होइन, क्रान्तिकारी भावमा समाजका विकृत पक्षको व्यङ्ग्य र भण्डाफोर गर्दै जागरणको शङ्खघोष गरे।

**देवकोटाको भिखारी कविता**

भिखारी' कविता देवकोटाको वि.सं. २०१० मा प्रकाशित कवितासङ्ग्रह भिखारीमा समावेश गरिएको एक उत्कृष्ट कविता हो । नेपाली साहित्यमा रोमान्टिक भावधाराको सुरुवात गर्ने कवि देवकोटाले यसै अन्तरगत रहेर मानवतावादी दृष्टिकोणसहित भिखारी कविता रचना गरेका छन् । नेपाली समाजको निम्नवर्गीय एक चरित्र 'भिखारी'को जीवनचित्र मानवीय दृष्टिकोणले प्रस्तुत गर्दै कविले तीन तहबाट कवि कल्पना प्रस्तुत गरेका छन्ः– पहिलोः भिखारीको दीनहीन अवस्थाप्रति स्वयम् व्यथित भई सबैलाई करुणा राख्न कविले आग्रह गरेका छन् । दोस्रोः समाज र सामाजिक दुरावस्थाका कारण भिखारीको दुरावस्था आएको विश्लेषण गर्दै कविले त्यसप्रति असन्तुष्टि जनाएका छन् । तेस्रोः यस तहमा कविले भिखारीलाई ईश्वरको दूतका रुपमा आरोपित गरेका छन् । धर्तीका मानवको परीक्षा लिनका लागि मानव (भिखारी) भेषमा ईश्वर आएको विश्वाससहित कविले भिखारीलाई कविताका अन्तिम दुई पद्यांशमा ईश्वर नै भनी घोषणा गरेका छन् । यसरी हेर्दा कविताले आस्तिकहरुले जसरी ईश्वर मान्छन्, त्यसैगरी एक मानवलाई मान्नुपर्ने विचार व्यक्त गरेका छन्। अतः भिखारी एक उत्कृष्ट मानवतावादी कविता बन्न पुगेको छ।

मानवतावादी दृष्टिकोणले भिखारी एक उत्कृष्ट कविता हो । पश्चिमबाट नेपालीमा स्वच्छन्दतावाद भत्र्याएर त्यसभित्र प्रमुख रुपमा मानवतावादी स्वर मुखरित गर्ने कवि देवकोटाको समग्र काव्यप्रवृत्तिमै मूल स्वर मानवतावाद नै बनेको देखिन्छ । हरेक बिम्ब वा प्रतीकलाई मानवताको आँखाले हेर्ने दृष्टिकोण नै मानवतावाद हो । मानवीय जीवनलाई सुगम बनाउनका लागि वैचारिक आन्दोलन हो– मानवतावाद । दुःखी, गरिब, उत्पीडित वर्गप्रति सहानुभूति राख्दै जीवनलाई सुखमय बनाउनका लागि प्रयास गर्न देवकोटाका कविताहरु आग्रह गर्दछन् । भिखारी कविता पढ्दा पाठकलाई भिखारीप्रति अपार सहानुभूति खन्याउन मन मात्रै लाग्दैन, ऊ कुनै पनि

मानिसले भिखारीका रुपमा जीवन बिताउन नपरोस् भन्ने कामना पनि गर्न पुग्छ । पाठकका आँखामा भिखारीको प्रतिच्छाया सजीव भएर देखापर्छ । भिखारीको हिँडाइ, आँसु, करुण दृष्टि, आर्तनाद आदि पाठककै आँखामा नाच्छन्– कविता पढ्दा । देवकोटाको सार्थक मानवतावादी दृष्टिकोण पनि यहीँ नै प्रष्टिएको पाइन्छ ।

यस कविता मानवताको जीवन्त तस्वीर हो । मान्छे भएर पनि मान्छेबाटै उपेक्षित हुनुपरेको स्खलित मानवतालाई कारुणिक ढङ्गले पगाल्ने प्रयास कविताले गरेको छ । श्यामश्वेत जीवन बाँच्नका लागि पनि गास र कपासको भिख माग्नुपर्ने बाध्यतालाई बडो मर्मस्पर्शी ढङ्गले प्रस्तुत गरेका छन् देवकोटाले । अनुहारभरि हजारौं मुजा फुलाएर झुत्रो जिन्दगी घिसार्दै जिन्दगीको भिख माग्न आफ्नै भाइहरुको आँगनमा टुप्लुकिनुपर्ने एक बाध्यात्मक प्रस्तुतीले पाठकलाई सोचमग्न बनाउँछ । मानवसभ्यताको इतिहासमा आर्थिक विषमताका कारण बनेको यस्तो वर्गीय खाडललाई कविले बिडम्बना मानेका छन् । नेपाली साहित्यमा स्वच्छन्दतावादी–प्रगतिवादी भावधारालाई समेत प्रवर्तन गर्ने देवकोटा कार्ल माक्र्सले भनेझैँ 'हरेक समस्याको समाधान आर्थिक समानता हो' भन्ने कुरामा विश्वास राख्छन् । कोही गुलाबझैँ मुस्कुराइरहेको समाजमा कोही भने उन्युको रोदन बोकेर बाँचेका छन् । यस्ता असमानतालाई चिरेर कवि समानताको उज्यालो प्रकाशमा मानवीय संवेदनाको रक्षा गर्न चाहन्छन्, उनी मान्छेले मान्छेसँग मान्छेकै व्यवहार गरोस् भन्ने चाहन्छन् र मानवीय आदर्शसहितको समतामूलक समाजको कल्पना कवि गर्दछन् ।

स्वच्छन्दतावादी भावधाराअन्तरगत महाकवि लक्ष्मीप्रसाद देवकोटाले मानवतावादी दर्शनलाई आत्मसात् गरेका छन् । पाश्चात्य साहित्यका वड्स्वर्थ, शेली, किट्स, बायरनजस्ता प्रतिभाहरुको भाव ग्रहण गर्दै वैज्ञानिक एवम् भौतिक र आध्यात्मिक मानवतावादी आदर्शलाई कवि देवकोटाले स्थापित गराए । व्यक्ति स्वतन्त्रता, शोषणहीन आर्थिक अवस्था, समानता तथा असल प्रजातान्त्रिक पक्षलाई मानवतावादी दृष्टिकोणबाट आफ्ना कविताहरुमा देवकोटाले प्रस्तुत गरेका छन् । देवकोटाको मानवतावादी चिन्तन एवम् दर्शन पूर्वीय अध्यात्म दर्शनको पृष्ठभूमिमा पल्लवित हुँदै पाश्चात्य भौतिक आदर्शलाई समेत वरण गर्दै विकसित हुन पुगेको पाइन्छ । उनी मूलतः आफ्नो साहित्यिक यात्राका सबै मोडहरुमा मानवतावादी रहेका छन् । मान्छेका दुःख, दर्दलाई कवितामा भिœयाउने र सत्कार्यमा अग्रसर हुन अभिप्रेरित गर्ने भावनाका साथ देखापर्ने कवि देवकोटा समाजका दलित, पीडित र

पिछडिएका वर्गलाई उत्थान गर्नुपर्ने महसुस गरी उनीहरुप्रति समवेदना र सहानुभूतिसमेत प्रकट गर्दछन्; एक मानवले अर्को मानवलाई मान्छेकै व्यवहार गर्नुपर्छ भन्दै बाँच्न पाउने मान्छेको नैसर्गिक अधिकारको पक्षमा सचेत देखिन्छन् । भिखारी कविता पनि उपर्युल्लिखित गुणहरुले युक्त छ ।

## 13.6 निबन्धका क्षेत्रमा देवकोटाको योगदान

निबन्ध लेखनका दृष्टिले देवकोटाको निबन्ध यात्रालाई हेर्दा उनको निबन्धयात्रा १९९३ सालबाट सुरु भएको हो देवकोटाले १९९३ मा 'आषाढको पन्ध्र' निबन्धबाट पहिलो साइत गर्दछन्, भने देवकोटाका 'म सुवासिनी मान्छे भए के गर्ने थिएँ ?, शिशुभक्षकका लागि क्षमाप्रार्थना र साढे' यी तीन निबन्धहरू २०१६ सालतिर लेखिएका जस्ता देखिन्छन्। यसरी हेर्दा देवकोटाको निबन्धयात्राको समयावधि १९९३ देखि २०१६ सम्म रहेको देखिन्छ । देवकोटाले आफ्नो जीवनका सबैजसो वर्षहरूमा एकाध निबन्ध लेखेर आफ्नो सृजनशीलतालाई कायम गरेका छन् । देवकोटा निबन्धलेखनको यो २३ वर्षे समय विधिलाई राजेन्द्र सुवेदीले दाडिमको रुखनेरको सम्पादनको क्रममा सुवेदीले देवकोटाका निबन्धहरूलाई दुई चरणमा विभाजित गरेकाछन् । प्रारम्भदेखि लक्ष्मी निबन्धसङ्ग्रहको प्रकाशनसम्मलाई प्रथम चरण र प्रकाशन पर्यन्त अन्त्यसम्म पछिल्लो चरण वा दोस्रो चरण भनी टुक्राउनु उपयुक्त देखिन्छ भनी उल्लेख गरेका छन् । उनले यस विभाजनलाई प्रवृत्तिगत मूल्यका आधारमा पूर्वार्द्धका निबन्धमा विलियम ब्लेखको रहस्यवाद, वर्डस्वर्थको प्रकृतिप्रधान, मानवतावाद, किट्सको इन्द्रिय सम्वेद्य प्रकृतिको सम्मरण प्रशस्त पाइन्छ भने बौद्धिकताको रमरम मात्रा पनि यस चरणका देवकोटामा साह्रै कम भएको उल्लेख गरेका छन् । उनको निबन्ध यात्राको पूवार्द्ध चरणको अन्त्यतिर देवकोटाको आत्मपरकतामा जीवन र जगतका विसङ्गतिमूलक तत्त्वहरू प्रतिको कटुआलोचना जे छ र जे हुनुपर्छका बीचका अन्तः असङ्गतिलाई विशेष रूपले गरिएका आक्षेपलाई तीव्र रूप दिन खोजेको पाइन्छ। राजेन्द्र सुवेदीले अर्को पक्षलाई सहायक तत्त्वको रूपमा लिँदै देवकोटाका निबन्धगत मूल्यका आधारमा १. विशुद्ध स्रष्टाको प्रस्फुटन २. सैद्धान्तिक तत्त्वको रहस्यात्मक प्रस्फुटन र ३. विशुद्ध स्रष्टा र जीवन जगत्का प्रत्यक्ष द्रष्टाको सन्तुलित प्रष्फुटन गरी तीन चरणमा विभाजन गरेको पाइन्छ । यहाँ उपर्युक्त चरण उपचरण भित्रको

Notes

समग्रतामा देवकोटा निबन्धयात्रालाई खोतल्ने हो भने उनको निबन्धयात्रालाई यसरी विभाजन गर्न सकिन्छ ।

प्रथम चरण (१९९३–२००२)

यो 'आषाढको पन्ध्र' (१९९३) प्रकाशन पछि लक्ष्मी निबन्धसङ्ग्रह (२००२) प्रकाशनसम्मको समयावधिलाई हो । प्रथम चरणलाई पनि दुई भागमा विभाजन गरी पूर्वाद्ध चरण र उत्तराद्र्धचरण भनी छुट्टाउन सकिन्छ।

पूर्वाद्ध चरण (१९९३ देखि १९९७ सम्म)

यसलाई देवकोटाको स्वच्छन्दता मात्र प्रयोग भएको समयावधिका रूपमा लिने गरिन्छ । यस समयावधिभित्र 'आषाढको पन्ध्र' 'फूल', 'निद्रा', 'भलादमी' र 'पूर्व र पश्चिम' जस्ता निबन्धहरू 'शारदा' मा प्रकाशित भएको पाइन्छ।

उत्तराद्र्ध चरण (१९९८–२००२)

यो उनको स्वच्छन्दताका साथै आलोचनात्मक यथार्थताको प्रयोग भएको समयावधि हो । 'बेलामा, मातृभाषाका लागि, फर्सीको झोल र एउटी बुढीको चित्रण'को शारदामा प्रकाशनसँगै अगाडि बढेको यो चरण लक्ष्मी निबन्धसङ्ग्रह २००२ को प्रकाशनसँगै समाप्त भएको पाइन्छ । प्रवृत्तिका दृष्टिले यो व्यञ्जनात्मक अभिव्यक्ति तिर अभिमुख भएको चरण हो ।

दोस्रो चरण (२००३–२०१६)

यो लक्ष्मी निबन्धसङ्ग्रहको प्रकाशनदेखि निबन्धकार देवकोटाको जीवनको अन्तिम क्षणसम्मको समयावधि हो। यसलाई पनि दुई उपचरणमा विभाजन गर्न सकिन्छ ।

पूर्वाद्र्धचरण (२००३–२००७)

लक्ष्मी निबन्धसङ्ग्रहको प्रकाशनपछि निबन्धकार देवकोटामा केही शिथिलता आएको देखिन्छ । २००४–२००६ सालको प्रवास जीवनमा उनले लेखेका केही निबन्धहरू युगवाणी पत्रिकामा प्रकाशित भएको पाइन्छ यस समयावधिमा 'कला, दार्जिलिङ, खरसाङ, कलिम्पोङ र नरनारी'जस्ता निबन्धहरूमा प्रकाशित भएको पाइन्छ, (अधिकारी, २०६६ः१०५) । प्रवृत्तिका हिसाबले यो उपचरणका निबन्धहरू सामाजिक विसङ्गति, आर्थिक एवम् साँस्कृतिक विकृतिलाई टिप्पणी गर्दै प्रहार गरेको पाइन्छ ।

उत्तराद्र्ध चरण (२००८–२०१६)

दोस्रो चरणको उत्तराद्र्ध चरण देवकोटाको जीवनको पनि उत्तराद्र्ध चरण हो । यो समयावधिमा लेखिएका निबन्धहरू 'भ्रमणको महत्व, साहित्यमा शिवत्व, नेपाली

भाषा, श्रीपञ्चमीको दिन २०१०, दान, मांशहारीका तरङ्ग, धुम्रपानको क्षमा प्रार्थना, कवि हुने धुनमा, दाडिमको रुखनेर'जस्ता निबन्धहरू २०१९ सालमा विभिन्न पत्रिकामा पकाशित भएको पाइन्छ । थप ४ वटा अप्रकाशित 'म सुवासिनी मानिस भए के गर्ने थिए ?, शिशु भक्षकका लागि क्षमा प्रार्थना, साँढे र मेरो पाल्पा तानसेनतर्फको यात्रा' निबन्धहरूको सङ्ग्रह गरी राजेन्द्र सुवेदीको सम्पादनमा दाडिमको रुखनेर २०३९ मा प्रकाशित भएका थिए । यस समयवधिमा लेखिएका केही उनका अङ्ग्रेजीबाट नेपाली अनुवाद, केही वस्तुपरकसहितको निबन्धसङ्ग्रह महाकवि देवकोटाका निबन्ध २०६६ मा प्रकाशित भएका छन् । प्रवृत्तिगत हिसावले हेर्दा यसचरणका निबन्धमा सन्तुलन र समन्वयको खोजी गरेको पाइन्छ । नेपाली आत्मपरक निजात्मक निबन्धका क्षेत्रमा स्पष्ट मार्गचित्र कोर्ने काम लक्ष्मीप्रसाद देवकोटाबाट नै भएको हो भन्नेमा आमसमलोचकहरु सहमत भइसकेका छन्। हुन त वि सं १९९१ सालमा प्रकाशित शारदा पत्रिकाको पहिलो अङ्कमा नेपाली निबन्धका क्षेत्रमा बस्तुप्रधान मुल्य भएको पहिलो प्रबन्धनात्मक रचना 'बर्दाहामा शिकार' शीर्षकमा बालकृष्ण समको दैनिकीप्रधान लेखलाई निबन्धको कोटीमा राखिएको पाइन्छ। जब वि सं १९९३ मा लक्ष्मीप्रसाद देवकोटाको 'अषाढको पन्ध्र' शीर्षकको निबन्ध प्रकाशित भयो, यसैबाट नेपाली निबन्ध साहित्यमा आधुनिकता सुरु भएको मानिन्छ। वि सं २००२ सालमा उनको लक्ष्मी निबन्ध संग्रह प्रकाशित भएपछि यसले निबन्धका क्षेत्रमा हलचल नै पैदा गरिदीयो। नेपाली भाषा परिषद, नेपाली भाषा प्रकाशिनी समिति, साझा प्रकाशन हुँदै लक्ष्मी निबन्ध सङ्ग्रहको अहिलेसम्म सत्रौं संस्करण प्रकाशित भइसकेको छ।

देवकोटाले लक्ष्मी निबन्ध संग्रहको भूमिकामा आफ्ना निबन्धलाई प्रबन्धको संज्ञा दिएका छन् उनले भूमिकामा- "यहाँ लेखिएका प्रबन्धहरू विभिन्नताको मौजा मसलाको मोहक लिएर चहकिलो बनेका होलान् कि भन्ने आशा राखेको छु। कहीं म प्रबन्ध भित्र आफै घुसेको छु- व्यक्तित्वको रङ रङगाएर आफुलाई चिन्न तथा चिनाउनका लागि। कहीं आफू अलग्ग बनेर प्रकृतिको र जगजीवनको नाटकीय अध्ययन गर्ने दर्शकका रुपमा उपस्थित छु। ..... यी प्रबन्धमा म कबि जस्तो केही मात्रामा देखिन्छु किनकि कवितात्मक कल्पनाप्राचुर्य र कविताशक्ति धेरै ठाउँमा स्पष्टया झल्किरहेको होलान्" भनेका छन्। यसरी देवकोटाले आफ्ना निबन्धहरूलाई निजात्मक त भने तर निबन्ध र प्रबन्ध को स्पष्ट भेदको मार्गचित्र नछुट्टिएको अवस्था भएकाले समग्रमा उनले प्रबन्ध राख्दै सोही भूमिकामा यसरी समालोचकलाई

Notes

जिम्मवारी दिएका छन्- "यस किसिमका रचना नेपालीमा प्रचलित नभएकोले मैले यस तर्फ हातको कुतकुती नोकदार कलमले चुट्किलो तवरसँग मार्ने एउटा मीठो प्रयत्न गर्न खोजेको हुँ। म कति मात्रामा सफल बनेको छु, त्यो ता पाठकवर्गको युगयुगको समालोचनाले अन्दाज दिँदै जाला तर म हरएक दिन आफूसँग मिठो गफ गर्दै तृप्त भएको थिएँ। निबन्धकार देवकोटाको तृप्ति नै नेपाली निबन्धका क्षेत्रमा जगको रुपमा स्थापित भयो र समालोचकहरूले आत्मपरक- निजात्मक निबन्धका प्रथम स्रष्टा मात्र नभई युगयुगको पाठकले शिखर व्यक्तित्वका रूपमा मूल्यांकन गर्दै आएका छन्। देवकोटाका निबन्धहरूको गहन अध्ययन र विश्लेषण गरेका प्राध्यापक राजेन्द्र सुवेदीले 'महाकवि देवकोटा शताब्दी महोत्सव' का सन्दर्भमा काव्य, निबन्ध केन्द्रका देवकोटा शीर्षकमा गहकिलो कृति प्रकाशित गरेका छन्। यसैगरी देवकोटाका फुटकर निबन्धहरूको संग्रह महाकवि देवकोटाका निबन्ध पनि यसै अवसरमा साहित्यिक अन्वेशक शिव रेग्मीको सम्पादनमा प्रकाशित भएको छ। यी निबन्धहरू पनि लक्ष्मी निबन्धसंग्रहका भन्दा कम ओजका छैन तर पनि लक्ष्मी निबन्धसङ्ग्रह नेपाली निबन्ध साहित्यकै अहिलेसम्म अत्युच्च प्राप्ति मानिन्छ।

## 13.7 नाटकको क्षेत्रमा देवकोटाको योगदान

लक्ष्मीप्रसाद देवकोटा नेपाली नाटक साहित्यको इतिहासमा बालकृष्ण सम, भीमनिधि तिवारी, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल आदिका समकालीन हुन्। वि सं १९९७ मा प्रथम संस्करणको रुपमा प्रकाशित भएको उनको पहिलो नाटक 'सावित्री-सत्यवान'को रचना पौराणिक कथामा आधारित भए पनि यस नाटकमा सावित्री-सत्यवानको कथा पुराणको जस्तो निरस र अस्वभाविक छैन। ठाउँठाउँमा देवकोटाको मौलिकताले गर्दा धेरै सरल, सजीव र स्वभाविक बनेको छ। सावित्रीले केवल सुनेको भरमा सत्यवानलाई वर्णन गर्दिनन्।

देवकोटाको अर्को नाटक 'कृषि बाला' पनि उल्लेखनीय छ। शोषण र दमनका शिकार भएका किसान वर्गको संघर्ष र विजय कृषि बालाको भाव-भूमि हो र आर्थिक, सामाजिक चेतना नै यसको मूल स्वर रहेको छ। देवकोटा आफ्नो काव्य साधनाको पूर्वार्द्धमा प्रगतिवाद प्रति आकर्षित भएको तथ्य सुविदित नै छ। सर्वहारा समुदायको वर्गचेतनामुलक संघर्षलाई रेखाङ्कित गर्दै सामन्तवादको विनाश र दलित बर्गको

विजयको स्वर्णिम युगको परिकल्पना प्रस्तुत गर्न कृषि बालाको सृष्टि भएको प्रतीत हुन्छ।

देवकोटाका नाटकहरुमा सावित्री-सत्यवान स्वच्छन्दतावादी छ भने कृषि बाला प्रगतिवादी छ सावित्री-सत्यवान पराकथामा आधारित नाटक भए तापनि भाव र विचारमा फरक पाइन्छ। पौराणिक कथामा विशेष सावित्रीले सत्यवानलाई आफ्नो पतिको जीवन फर्काई माग्न र आफू विधुवा होइन्छ भनेर यमराजलाई लेंडेढिपी गरेर पनि फर्काइ मागी छोड्छिन्। देवकोटाको सावित्री-सत्यवानमा पनि कथा त्यही छ, तर यसको भाव र विचार भने प्रेम र मायामा केन्द्रित छ।

## 13.8 उपन्यासको क्षेत्रमा देवकोटाको योगदान

चम्पा महाकवि लक्ष्मीप्रसाद देवकोटाको एकमात्र औपन्यासिक कृति हो। देवकोटाको मृत्यु पश्चात २०२४ सालमा प्रकाशन भएपनि यसको रचना भने २००४ सालमा नै भएको जानकारी यसको प्रकाशकीयबाट पाइन्छ। लेखकबाट सामाजिक उपन्यास नाम दिइएको यस कृतिमा कविताका क्षेत्रमा स्वच्छन्दवादी मानवतावादलाई आत्मसात गरेका देवकोटाले तत्कालीन समाजको यथार्थ चित्रण गर्न खोजेका छन्। त्यसैले चम्पा देवेकोटाका अन्य कृतिभन्दा भिन्न प्रवृत्तिका साथ देखापरेको उपन्यास हो। राणाकालीन सामाजिक परिवेशका विकृती र त्यसमा नारीले भोग्नुपरेको विवशतालाई देखाउन सक्षम यो कृति तत्कालीन पारिवारिक द्वन्द्वात्मक स्थिति र तनावको चित्रणमा पनि त्यत्तिकै सबल देखापर्छ।

चम्पा उपन्यास राणाकालीन काठमाडौंको पारिवारिक वातावरणमा आधारित छ। त्यतिबेलाको परिवारमा पाइने नारीहरूको भूमिका र बुहारी माथि हुने गरेको अन्यायको पनि यसमा यथार्थ चित्र प्रस्तुत गरिएको छ। परिवार लोग्नेस्वास्नीको सम्बन्धमा हुने दुर्घटनाका कारणहरुको पनि विश्लेषण गरिएको प्रस्तुत कृतिमा पात्रको अचेतन मनले चेतन मनमा परेको प्रभावको पनि सही मनोविश्लेषण भएको छ। २००४ सालमै फ्रायडीय मनोविश्लेषण सिद्धान्त प्रयोग गरेर यतिको गहकिलो अौपन्यासिक कृति रचना गरेकाले देवकोटालाई पहिलो मनोवैज्ञानिक उपन्यासकार मान्न सकिने ठाउँ पनि यसले दिएको छ। विशेषगरी काठमाडौंका बहुन परिवार भित्रका विकृतिलाई सुक्ष्म रुपले केलाइएको प्रस्तुत कृतिलाई तत्कालीन काठमाडौंको पारिवारिक दस्तावेजका रुपमा पनि लिन सकिन्छ। प्रतापचन्द्र प्रधानले

चाहिं यसलाई सामाजिक चेतना, मानवतावादी चेतना र सुधारवादी चेतनाका दृष्टिले उपयुक्त ठहर्याएका छन्।

समग्रमा भन्नुपर्दा तत्कालीन समयमा नारीहरूमा आएको चेतना र विद्रोहलाई संकेत गरेर उक्त चेतनाको सम्वर्द्धन नहुँदा परिवार तहसनहस हुन सक्नेतर्फ चेतावनी दिएकाले चम्पा उपन्यास फेमिली थेरापीका दृष्टिले पनि विश्लेषणीय रहेको छ। परिवारमा सुसञ्चारको अभावका कारण चम्पा उपन्यासकी चम्पा तनाव सहन नसकी चुनौति सामना गर्दै घर छाडेर हिडेकी छ भने रामकान्त पनि परिवारबाट बेग्लिएको देखिन्छ। त्यसैले परिवार विघटनका कारणहरूको आत्मविश्लेषण गर्न सक्ष्म देवकोटाको चम्पा आधुनिक नेपाली उपन्यासको पूर्वार्द्ध चरणको महत्वपूर्ण प्राप्ति हो।

यसरी देवकोटाले एउटै मात्र उपन्यास लेखेर पनि नेपाली उपन्यासको विकासमा महत्वपूर्ण योगदान दिएका छन्।

## 13.9 अनुवादको क्षेत्रमा देवकोटा

लक्ष्मीप्रसाद देवकोटाले अनुवादको क्षेत्रमा पुऱ्याएका योगदानको चर्चा प्राय: भएकै छैन। यही कुरालाई लिएर घटराज भट्टराईले `गोर्खापत्र´मा `महाकवि देवकोटाको अनुवाद कलामा म्याकवेथ´ शीर्षकमा लेख्नुभएको छ, "देवकोटा कुशल अनुवादक पनि थिए भन्ने कुरा चाहिँ कमैले थाहा पाएका छन्। आफूभित्र उठेका भाव तरङ्ग सृजनामा व्यक्त गर्नु एउटा कुरा हो, अर्काको सृजनालाई, साधनलाई दृष्टिकोणलाई पढेर पचाएर छाया अनुवाद, भावनुवादको रुपमा भाषान्तर गरी प्रकट गर्नु अर्कै कुरा हो।" यसरी भट्टराईले महाकवि देवकोटाको १९९५ सालको `प्रसिद्ध प्रवन्ध सङ्ग्रह´ र २०२६ सालमा प्रकाशित `म्याकवेथ´- को प्रसङ्ग गाँस्दै शेक्सपियरको नाटक काव्यात्मक नेपालीमा अनूदित भएको बताउँदै `उन्मुख प्रतिभालाई यसरी बाँधिएर कृति सिर्जना गर्नु कठिन´ हुने कुरा बताएका छन्। तर देवकोटाले सो अनुवाद कार्य सहज पाराले गरेका अनुभव पाठकले पाउँछ।

## 13.10 शारदा पत्रिका र लक्ष्मीप्रसाद देवकोटा

शारदा पत्रिकासँग महाकवि लक्ष्मीप्रसाद देवकोटाको अत्यन्त घनिष्ठ सम्बन्ध थियो। उनको प्रथम कालमा लेखिएका विविध सुन्दर स्वप्निल कविताहरु सर्वप्रथम शारदामा

नै प्रकाशित भएका थिए। त्यसबेला १९९० सालदेखि लक्ष्मीप्रसाद देवकोटा र शारदा परस्परमा गुत्थिएएका थिए। देवकोटा र सिद्धिचरण श्रेष्ठ यी काव्य जगतका दुई ताराहरू पत्रिकाको माध्यमबाट नेपालीमा सुप्रसिद्ध भइसकेका थिए। देवकोटाको लामो साहित्यिक जीवनमा शारदाले सदा सर्वदा सहयोग, सल्लाह र विचारधाराहरु पाउँदै आएको थियो। महाकवि देवकोटासम्बन्धी स्मृति अङ्क निकाल्ने घोषणा गरेको थियो तर त्यो हुन सकेन। स्मृति अङ्क प्रकाशनमा आयो, दार्जिलिङबाट 'साहित्य संगम' द्वैमासिक पत्रिकाबाट, यो अङ्क वर्ष ९ अङ्क ३ कात्तिक वि. सं. २०१६ को हो। काठमाडौंबाट श्रद्धाञ्जली अङ्क 'प्रहरी' पत्रिकाले निकालियो। जे जस्तो अवस्थामा भएपनि शारदाले देवकोटा श्रद्धाञ्जली अङ्क निकाल्नु आवश्यक थियो।

शारदामा कविदेवकोटाले पहिलो अङ्कदेखि नै कविता, कथा, एकाङ्गी, लेख, निबन्ध, समालोचना आदि सम्पादकीय विचार र पुस्तक परिचय समेत लेखेका थिए।

## 13.11 लाइब्रेरी पर्व

वि. सं. १९८७/८८ तिर जोगवीर सिंह, हरेकृष्ण श्रेष्ठ, बैकुण्ठप्रसाद श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, कृष्णप्रसाद खतिवडा, धर्मराज थपलिया, चित्तघर उपासकलगायत ४५/४६ जनाको प्रयासमा लाईब्रेरी खोल्न सहमतिको माग गरे। आखिर रामचन्द्र अधिकारीद्वारा राणा प्रधानमन्त्री भीमशमशेरलाई सूचना मिल्यो र रोक लगाई प्रत्येकलाई १० रूपैयाँ दण्ड गरियो र आधा रकम सूचना गर्ने रामचन्द्रलाई पुरस्कार दिइयो।

## 13.12 उपसंहार

"लेखक कृतिसँग जन्मन्छ, मर्न त सबै मर्छन् तर पाठकसँग बाँच्छ । भौतिक रूपमा लेखक मर्छ तर पाठक जन्मिरहन्छ " – रमेश भट्टरई। आधुनिक नेपाली कविता कित्ताको सिङ्गै एउटा धारा अङ्ग्रेजी स्वच्छन्दतावादलाई जन्माउने, हुर्काउने र विकसिक तुल्याउने देवकोटाको योगदान अतुलनीय लाग्छ। स्वच्छन्दतावादलाई जर्मन दार्शनिक तथा समालोचक फ्रेडरिक स्लेगले नवीन अवधारणाका रूपमा ल्याए। फ्रान्सेली क्रान्तिले यसलाई मलजल गर्यो अनि रुसोको "मानव स्वतन्त्र जन्मन्छ, तर ऊ सर्वत्र बन्धनमा जकडिएको हुन्छ" भन्ने भनाइसँगै प्रकृतितर्प फर्कको सिद्धान्तले गति बढायो । व्यक्तिवादी दृष्टि र आत्मपक्षको महत्ता हाबी बन्ने, काल्पनिक लोकको

विचरणभित्र सौन्दर्य बोध, विकृत पक्षको विरोध, अलिकति भावुकता, प्राकृतिक जीवनमा ईश्वरीय सत्ता, कृत्रिमताबाट मुक्ति, साङ्गीतिक प्रवाहमा मानवतावादी दृष्टिकोण यिनै स्वच्छन्दवादका हुलिया हुन्, चिनारी हुन् । नाट्यसम्राट बालकृष्ण समले भनेझैँ देवकोटा उनकै प्रिय अनि सर्वाधिक लोकप्रिय भई धेरै बिक्री भएको कृति मुनामदनभित्र मात्र होइन, शाकुन्तल अनि पागलभित्र गरी तीन पटक जन्मेकैले होला आज पनि अमर छन् । त्यसैले होला, विलक्षण प्रतिभालाई देखेर आज पनि सम्मान देवकोटालाई सम्मान मुक्तकण्ठले दिइरहेको छ, कतिपयले त देवकोटा नेपालमा जन्मनुलाई नै भौगोलिक गल्तिको खिन्नता पोख्न बाँकी राखेनन् ।

खहरेको भेलझैँ कवित्व प्रभाव फुर्ने देवकोटामा आत्मिक ज्ञानको भण्डार थियो भन्ने कुरा 'यात्री' कविताले पुष्टि गर्छ । उनी प्रत्येक मानिसमा ईश्वरको जिउँदो रूप देख्थे । दार्शनिक युगस्रष्टा देवकोटाले राष्ट्रप्रेमी भाव पोख्ने मात्र होइन, क्रान्तिकारी भावमा समाजका विकृत पक्षको व्यङ्ग्य र भण्डाफोर गर्दै जागरणको शङ्खघोष गरे । पूर्वीय र पाश्चात्य दर्शनलाई सर्लक्कै निलेर लघुदेखि वृहत् काव्यमा आशुकवित्व सिद्धहस्तता प्रस्तुतिको उदाहरण बने । निम्न वर्गीय यथार्थ जीवनको प्रतिविम्बसँग प्राकृतिक लालित्य अनि आध्यात्मिक सोचमा प्रकृति, मानव र ईश्वरको त्रिकोणात्मक तादात्म्यको लगन गाँठो कस्नु देवकोटाको आफ्नै खुबी हो । बी.ए., बी.एल्. र अङ्ग्रेजीमा एम्.ए.सम्म अध्ययन गरेका देवकोटाले साढे ६ सयभन्दा बढी कविता रचे, खण्डकाव्य दुई दर्जन जति लेखे, आधा दर्जन महाकाव्यमा पोखिए अनि दर्जनौँ निबन्ध र नाटक लेखे । त्यति मात्र होइन उपन्यास लेखे, लेखक बने, गीत लेखे, समालोचक, अनुवादकसमेत बने । उनी गीत गुनगुनाउँथे, सङ्गीतमा बडो अनुराग रहेछ– इतिहासमा पढ्न पाइन्छ । एक रातमा 'कुञ्जिनी' खण्डकाव्य जन्माउनु, 'सुलोचना'जस्तो महाकाव्यलाई दश दिनमै दाबा गरेर फुराउनु अनि नेपाली साहित्यको आइसल्यान्ड मानिने कृति 'शाकुन्तल' महाकाव्य लेख्ने देवकोटाको लेखनशिल्प र कलात्मक भाव उडान चानचुने कुरा होइन । फलतः कविता तथा खण्डकाव्य–महाकाव्यमा स्वच्छन्दतावाद प्रवर्तन, विकास र विस्तार तथा पोथी गद्यको भावले प्रथम आत्मपरक निबन्धकारको रूपसँगै देवकोटाको युग सिङ्गो नेपाली साहित्यको स्वर्णयुग बन्यो । देवकोटाको खुबीलाई बुझ्ने आजका कैयाँै नेपाली भावनाले जाग्ने प्रेरणा बोक्छन् । कति सुकोमल बाल हृदय पग्लिन चाहन्छन्, घोरिन्छन्– साथमा नेपाल र नेपाली भाषाको स्वाभिमानले शिर उच्च राख्छ ।

आधुनिक निबन्ध विकासको प्रथम चरण (१९९१–२००३) लाई स्वच्छन्दवादकै घेराभित्र राखेर देवकोटाले 'आषाढको पन्ध्र' (१९९३) बाट ढोका खोलेको पाइन्छ । अङ्ग्रेजी लवजको ढोङ, बोक्रे भलाद्मीको खैरो उतार्ने देवकोटाको रमरम बौद्धिकताले नेपाली निबन्धको मूल्य त्यतिखेर मात्र होइन, आज पनि अनुकरणीय छ । 'विशालताको मापन आकार र परिमाणले होइन, त्यसको भित्री गुणले गर्छ' भन्ने राष्ट्रप्रेमको प्रस्तुतिमा प्राकृतिक चाञ्चलयभित्र 'के नेपाल सानो छ ?' निबन्ध नेपाली स्वाभिमानमा छाती फुलाउन कन्जुस्याइँ गर्दैन । फूलको सौन्दर्य कुँदेको प्रकृतिलीला, चरीले पोखेको विलाप र वेदना, वात्सल्यभावको कोमलता, ममतामयी माताको करुणा अनि वीरताको प्रशंसाले देवकोटाका निबन्ध क्षेत्र सजिएका छन् । विसङ्गतिको पुन्तुरो उघारेर विकृतिले झापड खान्छन् । मनुष्यत्व जाग्छ, कल्पनाले उडान भर्दा स्वच्छ निद्राको परिकल्पना हुन्छ । भावुकताको गहिराइमा रचिएका निबन्धले जीवनलाई चियाइरहेको हुन्छ । 'कृषिवाला' र 'सावित्री सत्यवान्' नाटकमा देवकोटा सच्चा नारी आदर्शको नेपालीपनालाई चिनाउन खप्पिस छन्। 'चम्पा' उपन्यासले राणाकालीन सामाजिक परिवेशका विकृत वास्तविकता बोल्छ अनि उनका कथामा नेपाली माटोको स्पर्शले आनन्दको चर्चा पाएको छ। संस्कृतका वैदिक, पौराणिक शास्त्रज्ञानमा दखल भएकादेवकोटा पाश्चात्य साहित्यको प्रभावसँगै अङ्ग्रेजीमा कविता र शाकुन्तल जस्तो महाकाव्य लेख्ने बहुप्रतिभावान् व्यक्तित्व हुन्।

## 13.13 सार

- मृत्युशैयाबाट पनि देवकोटाले नेपालमा प्रजातन्त्र मर्न नपाओस् फलोस् फुलोस् भनेकाले उनी प्रजातन्त्रका हिमायती थिए भन्न सकिन्छ साथै नेपालीका हृदयमा मानवता, देशप्रेम र स्वतन्त्रका भावना भर्ने आफ्ना युगका महान् कवि भएकाले उनलाई नेपाली साहित्यका महारथी र राष्ट्रिय विभूति मानिन्छ।
- देवकोटाले सर्गरहित र सर्गबद्ध गरी दुई प्रकारका खण्डकाव्य लेखेर नेपाली खण्डकाव्य परम्परामा भएको सर्ग बद्धता सम्बन्धी प्रयोगलाई पनि समेटेकै छन्।
- देवकोटाको महाकाव्य यात्रा मूलतः २००० देखि २०१० साल सम्म पूरा एक दशकको समयावधिको देखापर्छ।
- पश्चिमबाट नेपालीमा स्वच्छन्दतावाद भत्र्याएर त्यसभित्र प्रमुख रुपमा मानवतावादी स्वर मुखरित गर्ने कवि देवकोटाको समग्र काव्यप्रवृत्तिमै मूल स्वर मानवतावाद नै बनेको देखिन्छ ।

Notes

- वि सं १९९३ मा  लक्ष्मीप्रसाद देवकोटाको 'अषाढको पन्ध्र' शीर्षकको निबन्ध प्रकाशित भयो, यसैबाट नेपाली निबन्ध साहित्यमा आधुनिकता सुरु भएको मानिन्छ। वि सं २००२ सालमा उनको लक्ष्मी निबन्ध संग्रह प्रकाशित भएपछि यसले निबन्धका क्षेत्रमा हलचल नै पैदा गरिदीयो।

- परिवार विघटनका कारणहरूको आत्मविश्लेषण गर्न सक्षम देवकोटाको चम्पा आधुनिक नेपाली उपन्यासको पूर्वार्द्ध चरणको महत्वपूर्ण प्राप्ति हो।
- शारदामा कविदेवकोटाले पहिलो अङ्कदेखि नै कविता, कथा, एकाङ्गी, लेख, निबन्ध, समालोचना आदि सम्पादकीय विचार र पुस्तक परिचय समेत लेखेका थिए।
- निम्न वर्गीय यथार्थ जीवनको प्रतिविम्बसँग प्राकृतिक लालित्य अनि आध्यात्मिक सोचमा प्रकृति, मानव र ईश्वरको त्रिकोणात्मक तादात्म्यको लगन गाँठो कस्नु देवकोटाको आफ्नै खुबी हो

## 13.14 अनुशीलन

1) लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक परिचय दिनुहोस्।
2) खण्डकाव्यको क्षेत्रमा देवकोटाले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।
3) देवकोटालाई महाकाव्यका रुपमा चिनाउदै उनको प्रमिथस महाकाव्यको चर्चा गर्नुहोस्।
4) नेपाली निबन्ध साहित्यमा देवकोटाको योगदानको मूल्याङ्कन गर्नुहोस्।
5) महाकाव्य र निबन्ध क्षेत्रमा देवकोटाले पुऱ्याएको योगदानको चर्चा गर्नुहोस्।

## 13.15 अतिरिक्त अध्ययन


1) प्रा. डा. कुमारबहादुर जोशी- महाकवि देवकोटा र उनका महाकाव्य
2) डा. कुमारबहादुर जोशी - देवकोटाको कविता-यात्राको विश्लेषण र मूल्याङ्कन
3) प्रा. डा. कुमारबहादुर जोशी – देवकोटाका कविताकृतिको कालक्रमिक विवेचना
4) डा. महादेव अवस्थी - लक्ष्मीप्रसाद देनकोटाको खण्डकाव्यकारिता

5) डा. दयाराम श्रेष्ठ, प्रा. मोहनराज शर्मा - नापाली साहित्यको संक्षिप्त इतिहास

## 3.16 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।**

1. लक्ष्मीप्रसाद देवकोटाको साहित्यिक परिचय।

______________________________________________

______________________________________________

______________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. खण्डकाव्यकारका रूपमा लक्ष्मीप्रसाद देवकोटा।

______________________________________________

______________________________________________

______________________________________________

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. देवकोटाको महाकाव्यहरूको चर्चा।

______________________________________________

______________________________________________

______________________________________________

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. भिखारी कवितामा पाइने मानवतावादी स्वर।

______________________________________________

______________________________________________

______________________________________________

(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

5. देवकोटाको निबन्ध यात्रा।

(प्रश्न 5  को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.6 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

6 सावित्री सत्यवान नाटकको विशेषता।

(प्रश्न 6 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.7 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

7. चम्पा उपन्यासको भाव-भूमि।

(प्रश्न 7  को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 13.8. को खण्डमा उत्तर खोज्न सक्नेछन्)

# एकाइ 14 लेखनाथ पौड्याल, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटाका रचनाहरूका संरचना र शैलीमा पाइने विशेषता

**संरचना**

14.0 उद्देश्य

14.1 परिचय

14.2 शैली र संरचनाको परिचय

14.3 लेखनाथ पौड्यालको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू

14.4 बालकृष्ण समको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू

14.5 लक्ष्मीप्रसाद देवकोटाको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू

14.6 उपसंहार

14.7 सार

14.8 अनुशीलन

14.9 अतिरिक्त अध्ययन

14.10 मूल्यबृद्धिको निम्ति उत्तर

## 14.0 उद्देश्य

यस एकाइको अध्ययन पछि तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछ :

14.0.0 शैलीको अर्थ र परिभाषा।

14.0.1 लेखनाथ पौड्यालको लेखन शैली।

14.0.2 बालकृष्ण समका भाषा शैली।

14.0.3 लक्ष्मीप्रसाद देवकोटाको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू।

## 14.1 परिचय

नेपाली साहित्यमा `त्रिरत्न´ का रूपमा चिनिने साहित्यकार बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा तथा लेखनाथ पौड्याल नेपाली साहित्यका विशिष्ट साहित्यकारहरू हुन्। तीनै साहित्यकारहरूले नेपाली साहित्यको श्रीवृद्धिको निम्ति आफ्नो जीवनलाई नै साहित्य -साधनातर्फ ढाले अनुरुप नेपाली साहित्यले धेरैवटा उत्कृष्ट कृतिहरू प्राप्त गर्न सफल बनेका छन्। `नाट्यसम्राट´ का रूपमा चिनिने बालकृष्ण समले नेपाली साहको नाटक ,खण्काव्य,महाकाव्य ,कविता,निबन्ध ,कथा आदि क्षेत्रमा कलम चलाउँदै `आगो र पानी´ जस्ता बौद्धिक काव्य लगायत अन्य उत्कृष्ट काव्य सृजना गर्न सफल बनेका छन् ।`महाकवि´ को उपाधि प्राप्त लक्ष्मीप्रसाद देवकोटाले पनि नेपाली साहित्यको कविता, खण्डकाव्य, महाकाव्य, नाटक, कथा, निबन्ध आदि विधातिर कलम चलाएर नेपाली साहित्यलाई`मुना-मदन´ आदि जस्ता उत्कृष्ट काव्यहरू दिन सफल बनेका छन्। यसरी नै `कविशिरोमणि´ को रूपमा चिनिने लेखनाथ पौड्याललले पनि कविता ,खण्डकाव्य,नाटक,अनुवाद आदि क्षेत्रमा कलम चलाउँदै नेपाली साहित्यलाई`तरुण तपसी´ जस्ता आध्यात्मिक चिन्तन तथा दर्शनले भरिभराउ काव्य साथै अन्य उत्कृष्ट काव्यहरू दिन सफल बनेका छन्। यी तिनै स्रष्टाहरू नेपाली साहित्यको क्षेत्रमा धरोहरका रूपमा मानिन्छन् भने यस अध्यायमा तीनैजना साहित्यकारहरू बालकृष्ण सम ,लक्ष्मीप्रसाद देवकोटा तथा लेखनाथ पौड्यालको कृतिहरू तथा रचनाहरूका संरचना र शैलीमा पाइने विशेषताहरूबारे यश एकाइमा चर्चा गरिएको छ।

## 14.2 शैली र संरचनाको परिचय

शैली सम्बन्धी परम्परित चिन्तन प्लेटोदेखि अविछिन्न रुपमा गरिएको पाइए तापनि यसबारे आधुनिक चिन्तनको थालनि दुईवटा अन्तर्राष्ट्रिय गोष्ठीहरुबाट भएको हो। शैली विषय पहिलो अन्तर्राष्ट्रिय गोष्टी सन् १९५८ मा अमेरिकाको Social Science Research Council तथा इन्डियना विश्वविद्यालयको संयुक्त तत्त्वधानमा भएको हो। दोस्रो अन्तर्राष्ट्रिय गोष्टीचाहिँ सन् १९६९ मा रकफेलर फाउन्डेशनका तर्फबाट इटालीमा भएको हो। पहिलो गोष्ठीका कार्यवाही र कार्यपत्रहरु टी . ए. सेबियोकद्वारा सम्पादित Style in Language नामक पुस्तकमा तथा दोस्रो गोष्ठीका कार्यवाही र

कार्यपत्रहरु सेमुर च्याटम्यानद्वारा सम्पादित Literary style : A Simposium नामक पुस्तकमा प्रकाशित छन्।

उपयुक्त दुई गोष्ठीहरुले शैलीलाई प्राचीन धारणा र अर्थभन्दा भिन्न रूपमा स्थापित गरेका छन्। आधुनिक समयमा परिभाषित र स्थापित शैली प्राचीन ग्रिसेली शैलीशास्त्रद्वारा निर्दिष्ट शैलि पनि होइन र पूर्वीय साहित्यशास्त्रमा विवेचित शैलि पनि होइन। यो शैली भाषाविज्ञानको जगमा अडेको शैली हो। आधुनिक दृष्टिमा शैली साहित्यको अपरिहार्य तत्व हो।

अंग्रेजी को Style शब्दको नेपाली रूपान्तरका रुपमा प्रचलित शैलीका विविध दृष्टिबाट गरिएका अनेकौं परिभाषाहरु फेला पर्छन्। संसारमा जति लेखक छन् यति ni शैलीका परिभाषा छन्।

## 14.3 लेखनाथ पौड्यालको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू

कविशिरोमणि लेखनाथ पौड्यालको रचनाहरूका शैली एवम संरचाना बारे चर्चा गर्दा लेखनाथका कवित्वमा उनले साठी वर्षको साधनाको फलस्वरूप प्राप्त गरेको शैली-सिद्धिको महत्त्वपूर्ण भूमिका छ भन्ने कुरा प्रष्ट छ। शैलीगत दृष्टिले तिनका कृतिहरू विश्लेषण गर्दा यसबारे जान्न सकिन्छ । रीति वा शैली लेखनाथका पदवाली वा शब्दशय्याका सहज-निर्माणमा प्रकट हुने स्थापत्य अत्यन्त विशिष्ट उपलब्धि हो ।यो शैली -दीप्ति विशेषत:`सुक्तिसिन्धु´ भित्रका कविताबाट प्रस्फुटित हुँदै `ऋतुविचार´(वि०स० १९९१) सम्ममा परिपक्व भइरहेको आभास प्राप्त हुन्छ अनि वि०स० १९९२-२००७ का बीच अझ विशेष प्रौढ बन्दै `तरुण तपसी´ मा चरमोत्कर्षमा पुगेको अनुभव हुन्छ। जीवनको अन्तिम दशकका कवितामा लेखनाथ शैली-निर्माणप्रति विशेष प्रयत्नशील छैनन् तापनि आधा शताब्दी भन्दा बढी समयको साधनाको फलस्वरूप उनको कवित्व शैली सिद्ध बनेको हुँदा लेखनाथ भाव-मग्न हुँदा पनि शैलीको त्यो प्रदीप्तता रहेको पाईन्छ ।

लेखनाथ पौड्याल वर्णमात्रिक छन्दका विविधतामा डुल्छन् र छन्दका यश साम्राज्यका उनी महान सम्राट् बनेका छन्। मात्राछन्दमा पनि लेखनाथ प्रयोगशील

रहेका छन् अनि उनको वैशिष्ट्य देखा पर्छ। यो सङ्गति -चेतनाको अकृत्रिम परिष्कार पनि लेखनाथको शैलीको प्राप्ति हो।

स्कृत शब्दको माधुर्य र झर्रो नेपाली शब्दावलीको मिठासप्रति सचेत लेखनाथ यथास्थान सुहाउँदो पाराले शब्द -संनिवेश गर्छन्। यसरी आला कविता -यात्राको प्रथम प्रहर (वि०स० १९६१-१९९०) मा नै नेपाली काव्यभाषालाई नयाँ र विशिष्ट चमक दिने लेखनाथ आफ्ना कविता -यात्राका दोस्रा र अझ तेस्रा प्रहरमा झर्रो नेपाली शब्दावलीप्रति अझ ज्यादा बुझेका छन्। जे होस्,पुराना वा नयाँ शब्द -ईट्टाको कस्तो कस्तो संनिवेशद्वाराठझ शैलीस्थापत्य मनोरम बन्दछ भन्ने कुराका पारखीका रूपमा लेखनाथको प्रशंसा जति गरेपनि थोरै नै हुन्छ ।अवश्यै यो शली-सिद्धि आयोजना हो तर कृत्रिम नदेखाइ सहज -परिष्कार प्रतीत हुनु नै यसको रहस्यमय सफलता हो। लेखनाथको कवित्मामा आधा भूमिका सहजता र निर्माणका बीचको माध्यम मार्गको फलस्वरूप प्राप्त यही शैली -सिद्धिको छ भन्नू पनि अतिशयोक्ति प्रतीत हुँदैन ।त्यसैले लेखनाथको कविताका मूलभूत प्रवृत्तिका परिगणनाका क्रममा शैली -सिद्धिको पनि उल्लेख अपरिहार्य बन्दछ। वास्तवमा लेखनाथका लोकप्रियताका आधारभूत कारणहरूमध्ये ऐतिहासिक विशेष मोडको महिमा ,सामाजिक स्वर र प्राचीन दार्शनिकताको नवीन उपयोगका साथसाथै उनको शैली-सिद्धि को जादूमय प्रभाव पनि उल्लेख छ । यहाँ कवि लेखनाथ पौड्यालको कृतिहरूमा शैलीगत विशेषता बारे उनले अनुवाद गरेको `पंचतन्त्र´ लाई चर्चा गर्दै `पंचतन्त्र´को शैलीगत अध्ययन गरिन्छ –`पंचतन्त्र´ अत्यन्त लोकप्रिय संस्कृत नीतिग्रन्थ हो अथवा नीतिकथा हो। मध्यकालमा नै पश्चिम एशिया र युरोपमा अननूदित हुँदै पुगेको यो `पंचतन्त्र´ संसारका विभिन्न प्रमुख भाषामा अनुदित भइसकेको छ।कया -छलद्वारा बाल -बालिकाहरूलाई नीतिशास्त्र सिकाउने यो ग्रन्थ प्रौढहरूका निम्ति पनि उत्तिकै गम्भीर तथा उपादेय रहेको छ।यस्तो ग्रन्थ यथावत् नेपाली भाषामा अनूदित र प्रस्तुत हुनु महत्त्वपूर्ण घटना ठहर्छ र लेखनाथको `पंचतन्त्र´ अनुवादको महत्त्व संवत्:प्रकट हुन्छ।

लेखनाथको जीवनी र कवित्व पनि `पंचतन्त्र´ सँग प्रचुर सम्बद्ध रहेको पाइन्छ ।लेखनाथले `पंचतन्त्र´ ग्रन्थ श्री ३ भीमशमशेरकै स्मृतिमा समर्पित गरेका छन्।र भीमशमसेरकै प्रेरणाबाट यो अनुवाद कार्य कुरा `पंचतन्त्र´ अनुवादका `वक्तव्य ´ मा बताएका छन्।

नीतिकारिता कवि लेखनाथको कवि व्यक्तित्वको अभिन्न अङ्ग रहेको छ`कवि-कवितालाप´(वि०स० १९६९) देखि नै `रसिला नैतिक बात´ र `भाषामा उपदेश ´लेख्न संकल्पबद्ध लेखनाथका कवित्वमा नैतिक सुषमा पर्याप्त छाएको छ। कान्ता संमित ढङ्गले उपदेश दिने प्रयोजन अथवा रसिलो -रोचक पाराले नीति सिकाउने अभीष्ट उनका कविताले प्रशस्त वहन गरेको पाइन्छ ।उनका `नैतिक दृष्टान्त ´जस्ता शुद्ध नीति -कवितामा नैतिक स्वर पर्याप्त गुञ्जित छ। `तरुण तपसी´ (वि०स० २०१०) मा आइपुग्दा पनि लेखनाथको नीतिकार पूरै नथाकेको झैँ लाग्छ ।मान्छेलाई आध्यात्मिक मानवतावादको दिशा दिने अभिभारा उनले वहन गरेकै छन्। यो नीतिपुट लेखनाथको कवि-व्यक्तित्व गज्जब लाग्छ ।कवि लेखनाथको नीति-चेतनाको खास आधारशिला चाँहि `पचतन्त्र´ नै हो भन्ने प्रतीत हुन्छ। जसरी `गीता सार´ लेखेर लेखनाथले दार्शनिक प्रौढतालाई शैली दिनका लागि आफ्नो अन्तस्करण दर्शनमय बनाउन सहायता पाए,त्यसरी  नै `पंचतन्त्र´ पढाउँदा र अनुवाद गर्दा लेखनाथको नीतिकारलाई शैली र अभिव्यक्ति अनि प्रवृत्तिका दृष्टिले नैतिक स्वरसँग सामीप्य प्राप्त भए झैँ लाग्दछ। लेखनाथ `वक्तव्य ´ मा स्वयम् भन्छन्-`यो अनुवादमा मैले विशेष गरेर प० बिष्णु शर्माको भाव जस्ताको तस्तो यत्न गरेको छु,घटी बढी केही पारेको छैन।´अनुवादकलाको आदर्श पनि यही  हो र लेखनाथको `पंचतन्त्र´अनुवादको अनुशीलनीबाट यस्तै जस्तो वास्विकता स्पष्ट हुन्छ ।अवश्यै मूलको भाव विचार सुरक्षित भए पनि कृत्रिम -कठिन अनुवाद बिकम्मा ठहर्छ भने लेखनाथको यो अनुवाद चाहिँ शैलीका  सहज सौष्ठवमै प्राय रमाएको छ। नेपाली भाषामा शब्द शय्याको संनिवेशमा चिर-अभ्यस्त लेखनाथको अनुवाद -शैलीको सहज छुटकारा  पनि अनुवाद सफल बनेको छ। लेखनाथले`पंचतन्त्र´का कतिपय श्लोकको समश्लोकी अनुवाद नगरी छन्द -परिवर्तन गरेका छन्। छन्दको एकोहोरो अनुधावनको फलस्वरूप आउने मूल -लङ्कन वा शैली -कृत्रिमताभन्दा यो परिवर्तन स्वीकार्य प्रतीत हुन्छ ।

समश्लोकी पद्यानुवाद,छन्द -परिवर्तनप्राप्त पद्यानुवाद र सरल तथा समस्त स्थलको पद्यानुवादका तुलनात्मक चास्नीमा `पंचतन्त्र´का प्रथमतन्त्रको नमूना -निरीक्षणका सन्दर्भमा प्रथमत: समश्लोकी पद्यानुवादकै संवाद चाखिहेर्न सकिन्छ ।उक्त मूल `पंचतन्त्र´ को प्रथम तन्त्र`सुहृद्भेव´का पद्द २६१ र २८१ को लेखनाथीय अनुदितरुप क्रमश:यस  प्रकार छ-

(क)`बलियोसँग जो गर्छ लडाइँ मातले गरि
मात, दाँत दुवै झारी त्यो फर्कन्छ गर्जै सरी´

-`पंचतन्त्र´ अनुवाद,पृष्ठ १२०।

(ख)`स्वभाव अन्यथा गर्न सकिन्न उपदेशले

जल फेरि चिसै हुन्छ पकाए पनि अग्निले´

-पूर्ववत् ,पृ० १२०।

उपर्युक्त उद्धरणमा तात्पर्य -पालन अवश्य छ, परन्तु मूलकै शब्दानुवादभन्दा भावानुवादतिर वाक्य -प्रणाली र उक्तिप्रकार अलिकति बदलेर पनि लेखनाथ लागेको अनुभव हुन्छ ।त्यसैले लेखनाथीय शैलीको छटाद्वारा शब्दश: अनुवादको साटो सफल भावानुवाद अँगालिएको देखा पर्छ।

छन्द परिवर्तनप्राप्त पद्यानुवादको नमुनाका रूपमा चाहिँ मूल `पंचतन्त्र´ को कथा-मुखको पाँचौँ पद्य यसरी प्रस्तुत हुन्छ –

`गर्भस्राव निको बरू ऋतुविषे जाँदै नजानू निको

जन्मी झट्ट मरोस् निको छ अथवा कन्या भएको निको

बाँझी होस् कि त गेहिनी कि सदा गर्भैविषे त्यो बसोस्

राम्रै होस् त पनी धनाढ्य रसिलो पटमूर्ख छोरो नहोस् !´

`पंचतन्त्र´ अनुवाद ,पृष्ठ ३०।

उपर्युक्त उद्धरणमा छन्द-परिवर्तनले गर्दा लेखनाथले खुकुलोसँग मूलको अभिप्राय प्रकट गरिदिएका छन् र उनको शैली-सुषमा पनि झल्मलाएको छ।छन्द-परिवर्तन गर्दा मूलको छन्दभन्दा बढी अक्षरको छन्द  अँगाल्दै लेखनाथले फुकासँग भाव-प्रकटीकरण गर्न खोजेको बुझिन्छ । वास्तवमा सन्धि -समास र उक्तिप्रकारको विविधताद्वारा प्रौढ संस्कृत मूललाई उहीँ छन्दमा अनुवाद गर्नु र त्यसमा पनि दुई-दुई पाउमा अन्त्यानुप्रास दिनु कठिन हुन्छ भने लेखनाथको छन्द -परिवर्तन र भावानुवादप्रणाली यिनै गाह्रा  अप्ठ्यारोको प्रतिफल हो।

**तरुण तपसीको शिल्प विधान र भाषा शैली**

लेखनाथ पौड्यालको आफ्नो काव्य यात्राको थालनीदेखि नै शब्द खेलाउन सिपालु छनण। उनका शब्दहरू अनुप्रास र अनुकरणात्मक शब्दको संयोजनले चम्किएको पाइन्छन् । जस्तै १४:५ श्लोकमा –

` म भग्थे वर्षेनी जुन विभवले चोट अरूका

लुछिन्थे,लाछिन्थे,उहीँ सब भयो कारण फुका
छुच्चो लठ्ठा अटल गजधम्मे बनिकन
म लागे एकाकी फगत उहीँ सुख दिन।´

लेखनाथ पौड्यालको भाषाशैलीबारे महाकवि लक्ष्मीप्रसाद देवकोटाको भनाइलाई यहाँ अघि सार्न सकिन्छ -"नेपाली भाषालाई सफा गर्ने,सिंगार्ने र एक अनुपम सुन्दरी बनाउने काम पहिले कसले गरेको थियो यस विषयमा उहाँको ऐतिहासिक स्थान र साहित्यिक मूल्यमा न पहिलेका र पछिको कवि सायद आउन सक्ने छन्।" लेखनाथ पौड्यालले तरुण तपसीमा तत्सम शब्दको प्रयोग १०:१५ मा प्रयोग गरेको पाइन्छ-

`सबै आउन् पाउन कठिन तपको उज्ज्वल फल
नहोस् तेरो मेरो भनी कलह युद्ध खलवल
म भन्थे त्यो सारा पटु पवन म्यानेजर बनी
सबैलाई दिन्थ्यो कहकनाथ विज्ञापन पनि।´

यसबाहेक तरुण तपसीमा साधारण नेपाली बोलीचालीका शब्दहरू तथा आगन्तुक शब्दहरूको प्रयोग पनि प्रशस्त पाइन्छ । यसका भाषा सरस,सरल,सहज र परिष्कृत एवम् परिमार्जित साथै विषयअनुरुप पाइन्छन्। यसमा फ्यातुलो शब्दको प्रयोग छैन।

**छन्द र लय विधान**

लेखनाथ पौड्याललाई मूलरूपमा रसवादी कविका रुपमा मानिन्छ। रसवादी कवि हुनुका साथै उनी अलङ्कारवादी कवि पनि हुन्। लेखनाथका कृतिहरूमा काव्यलाई सुहाँदिलो अलङ्कारहरू प्रयोग गरेको पाइन्छ । काव्य यात्राको सुरुबाट नै विभिन्न अलङ्कार आदिको विशेष प्रयोग गर्ने लेखनाथको अलङ्कार प्रयोगको कला तरुण तपसीमा स्पष्ट देखिन्छ । तरुण तपसीमा तिनले यमक, श्लेष, उपमा, रूपक, समाशोक्ति, प्रत्पेक्षाजस्ता अलङ्कारहरूको प्रयोग गरेका छन्।

## 14.4 बालकृष्ण समको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू

समले आफ्ना कृतिमा माझिएको, पालिस गरिएको, अति मिलेको प्राञ्जल भाषा प्रयोग गर्ने गरेका छन्। आगो र पानीमा पनि त्यसैको पुनरावृत्ति भएको पाइन्छ। परिष्कारवादी काव्य शिल्पी समका कृतिमा परिपक्क शिल्पसज्जा पाइन्छ। स्वच्छन्दतावादी देवकोटाका काव्यमा झैँ बनफुल सज्जा उनका कृतिमा पाइन्दैन। बरु

काँटछाँट मिलाएर गमलामा सजाएर राखिएका फूलको शोभा नै समका कविता हो। कविताका बीचबीचमा वेद, उपनिषद् र सूक्तिहरुलाई उद्धृत गरेर कृतिलाई आश्वाद्य बनाइएका हुन्छन् समले। समका बिषयमा भन्नु पर्दा अध्यात्मपरकतामा भन्दा वस्तुपरकतामा, हार्दिकतामा भन्दा बौद्धिकतामा रमाउने परिष्कारवादी काव्य धाराका उर्जाशील बौद्धिक प्रतिभाका रुपमा परिचित देखिन्छन्।

**अन्धवेग नाटकको भाषाशैली**

अन्धवेगको भाषा सरल, सरस र नाटकीय संवादले अपेक्षा गरे बमोजिमको छ। बालकृष्ण सम वौद्धिक प्रकृतिको भाषिक प्रयोग गर्ने साहित्यकार हुन् तर यस नाटकमा त्यस्तो गरुङ्गो भाषाको प्रयोग छैन।समाजमा प्रचलित बोलीचालीका भाषाको अधिक प्रयोग यस नाटकमा देखिन्छ।सङ्गठनिक भाषाको प्रयोग हुन अन्धवेग नाटकको विशेषता हो।अन्य नाटकमा झैँ काव्यात्मक भाषाको प्रयोगबाट पनि यो नाटक पृथक छ। यस नाटकमा गीतको प्रयोग भने ठाउँ ठाउँमा देख्न सकिन्छ। विविध उखान टुक्का, उक्ति र व्याकरणिक रूपमा नितात जस्ता भाषिक प्रयोग पनि अन्धवेग नाटकमा छ। अलङ्कृत भाषा हुँदा हुँदै पनि भाषिक दृष्टिले अन्धवेग नाटक सफल नाटक हो।

**अन्धवेग नाटकको कथानक**

सामाजिक विषयवस्तुको अन्धवेग नाटकको कथानक पात्र गरुडध्वज र पम्फाको पारिवारिक स्थितिमा भानिज भाइ जयवीरको उपस्थितिबाट प्रारम्भ हुन्छ।पम्फाभित्रको कामुक चेतना जयवीरलाई देख्नासाथ उम्लेर आउँदै गरेको परिस्थिति नाटकको सुरुवातमै हुन्छ।पम्फाले टिपिक्क परेको चोलो लगाउँदै दमैलाई हकार्दै गरेको स्थिति पनि नाटकमा देखिन्छ।जयवीर पम्फा प्रति आकर्षित हुँदै जानु र आफन्तमा यस्तो अनैतिक कार्य राम्रो नहुने भन्दै पात्र मुगा र बैकुण्ठमानले सम्झाउदै गरेको घटनाबाट यस नाटकको कथानको विकास हुन्छ।जयवीरले चेतन मनले भाउजू प्रति कुदृष्टि लगाउन नहुने कुरा बोध गरे पनि वास्तविक जीवननमा पम्फाबाट टाढा रहन नसक्नु र गरुडध्वजले आफ्नी श्रीमती पम्फालाई देवरसँग लहसिने श्रीमतीलाई सम्झाउन नसक्ने स्थितिमा नाटकको कथानले विकसित रूप लिन्छ।यतिमात्र नभएर एकादशीका दिन पशुपति जाँदै गरेको घटनाले नाटकको विकसित रूपको सङ्केत गर्छ।पम्फा, जयवीर र मुगालाई लिएर पशुपति दर्शनका लागि जानु, बाटैबाट पम्फा पशुपति नगएर मुगालाई एक्लै पशुपति जान लगाउनु र आफू बैकुण्ठको कोठामा

फर्केर जयवीरसँग यौन लिप्सामा बस्ने दुर्नियतले नाटकले गति लिन्छ।बैकुण्ठको कोठामा पम्फा र जयवीर ढोका लाएर बस्नु र सोही समयमा गरुडध्वज बैकुण्ठको कोठामा आइपुग्नु र आक्रोशित बन्दै जयवीरलाई चापीले प्रहार गरी मार्नु, गरुडध्वज स्वयंले पनि आत्महत्या गर्नु र पम्फा पनि दुर्घटनामा परेर मर्नु यस यस नाटकको कथानको अन्त्य तथा समाप्ति हो।यसरी यस नाटकमा प्रमुख तीन पात्रको मृत्युसहित नाटकको समाप्ति हुनाले यो दु:खान्त नाटक बन्न पुगेको छ।

**अन्धवेग नाटकको द्वन्द्व**

द्वन्द्व नाटकको निकै सबल तत्त्व हो।समको अन्धवेग नाटकमा आन्तरिक र बाह्य द्वन्द्व दुवैको प्रयोग गरिएको छ।यस नाटकका प्रमुख पात्र त्रय गरुडध्वज, पम्फा र जयवीर बीचको त्रिपक्षीय द्वन्द्वले विशेष र विकसित रूप लिएको छ।पम्फा र जयवीर एक पक्षमा र गरुडध्वज प्रतिपक्षमा रहेर द्वन्द्वको सिर्जना गरेका छन्।अन्धवेग नाटकमा परम्परागत संस्कार र पश्चिमी आयातिक संस्कारका बीच पनि द्वन्द्व रहेको देखिन्छ।पारिवारिक व्यवस्थापन र कामवासनका बीचमा द्वन्द्वको स्थिति यस नाटकमा देखिन्छ।भावनात्मक प्रेम र वासनात्मक प्रेमका बीचमा द्वन्द्वको स्थिति यस नाटकमा देखिएको छ।श्रीमतीले बाटो बिराएपछि गरुडध्वजमा मानसिक द्वन्द्व उत्पन्न भएको छ।फलत:उसले आफ्नै भानिज भाइ जयवीरलाई मार्न पुगेको छ।पम्फमा पनि तीव्र काम बासनाले जयवीरसँग लहसिँदा सुन्दर पारिवारिक जीवन र यौन जीवनका बीचमा व्यापक मनोद्वन्द्व सिर्जना भएको छ।यसै गरी जयवीरमा पनि नयाँ विवाह गरेर सुन्दर जीवन व्यथित गर्नु पर्नेमा भाउजूसँग लहसिँदा व्यापक मनोद्वन्द्व सिर्जना भएको छ।पम्फाले आफूभित्र आगो छ भन्नु, जयवीरलाई नपाए मर्छु भन्नुले पनि मनोद्वन्द्वको चरम रूप देखिन्छ।चरित्रमा देखिएको त्रिपक्षीय अन्तबाह्य द्वन्द्वका कारण अन्धवेग नाटक द्वन्द्वात्मक सफल नाटक बन्न सकेको छ।

**संवाद**

संवाद विधानका दृष्टिले अन्धवेग नाटक सफल नाटक हो। अन्धवेग नाटकमा पात्रको स्तर र मनोविज्ञान बमोजिम संवाद गर्न लगाएर नाटककार बालकृष्ण समले सफल संवाद विन्यासका नाटकका रूपमा आफूलाई स्थापित गरेका छन्। परिपक्क पात्रले बोल्ने संवादमा दार्शनिकता, बाल पात्रले बोल्ने संवादमा बाल सुलभता प्रस्तुत गरिएकाले यो नाटकको पात्रमा कृत्रिमताको गन्ध आउन दिइएको छैन। अन्धवेग नाटकको संवादमा सरलताका साथै स्वाभाविकता पनि भेटिन्छ। कोमलता र सङ्क्षिप्तता पनि अन्धवेग नाटकको कुशल पक्ष हो। बालकृष्ण समका अन्य नाटकमा

देखिएको संवादगत विराटताका सापेक्षतामा यो नाटकको संवाद अनुकूल र ठिक्क लमाइका देखिन्छ।

### प्रतीक प्रयोग

बालकृष्ण समले यस नाटकमा थुप्रै प्रतीकहरूको प्रयोगमा रुचि देखाएका छन्।यस नाटकमा सर्पलाई विविध स्थानमा खतरा र अशुभको प्रतीकका रूपमा प्रयोग गरिएको छ।यसै गरी यस नाटकमा धोक्रे सुरुवाललाई उदारता, सोझो र खुकुलो पनको प्रतीकका रूपमा प्रयोग गरिएको छ।पम्फाले कातेको बत्तीलाई भानुले खुट्टाले खुल्चेको घटनाले पनि अनिष्ठताको प्रतीक बोध गराएको छ।अन्धवेग नाटकको शीर्षक आफैँमा प्रतीकात्मक लाग्नाका साथै नाटकभित्र थुप्रै प्रतीकात्मक भाषाको प्रयोगले के पुष्टि गर्छ भने यो नाटक प्रतीकात्मक नाटक हो।

### मुकुन्द इन्दिरा नाटकको कथानक

पाटन सहरका मध्यमवर्गीय साहू रूपनारायण श्रेष्ठको एउटा मात्र छोरो मुकुन्द उच्च शिक्षा ग्रहण गर्न कलकत्ता गएको पृष्ठभूमिबाट यस नाटकको कथावस्तु सुरु भएको छ। कलकत्तामा मुकुन्द कुसङ्गत, कुलत र सहरिया रमझममा आकर्षित भई आफ्नो घर, आमाबाबु, पत्नी, राष्ट्र आदि सबै चिज उसले बिर्सेको छ । घर आउन आग्रह गरी बाबुले पत्र पठाउँदा ऊ त्यसको जवाफ फर्काउन समेत छोड्छ । छोराको यस्तो चालाढाला देखे रूपनारायण अति चिन्तित हुन्छन्। उनको यस्तो अवस्था र मुकुन्दकी पत्नी इन्दिराको विरही यौवन देख्न नसकी भवदेव मुकुन्दलाई लिन कलकत्ता जान्छन् । त्यहाँ गएर भवदेव मुकुन्दलाई फर्काउन निकै प्रयास गर्छन् र केही नलागेपछि इन्दिराको सतीत्व परीक्षण गर्ने प्रस्ताव राख्छन् । यस प्रस्तावलाई मुकुन्द मान्न तैयार हुन्छ र उसले इन्दिराको सतीत्व डगाएमा ऊ कलकत्ता फर्कन पाउने तथा नडगाएमा उसले नेपालमैं बस्नु पर्ने बाचा हुन्छ । बाचा स्वीकार गरी मुकुन्द नेपाल आउँछ र धारामा इन्दिरालाई भेटेर आँफू मुकुन्दको घनिष्ठ साथी हो भनेर आफ्नो परिचय दिन्छ । त्यसै बेला मुकुन्दका समाचारहरू बताउने भनेपछि उसलाई भोलिपल्ट बिहान बारीमा भेट्ने भनी इन्दिराले डाक्छे । छद्मवेषी मुकुन्दले इन्दिरालाई बारीमा भेटेर उसको प्रशंसा गर्दै मुकुन्दको दुश्चरित्रबारे चर्चा गर्छ । तर इन्दिरा ऊप्रति वास्ता गर्दिन । त्यसपछि अन्य प्रयासहरू गर्दै ऊ इन्दिरासमक्ष विवाहको प्रस्तावसमेत राख्नपुग्छ, तर यस्तो प्रस्ताव सुन्नासाथ इन्दिरा छद्मवेषी मुकुन्दलाई हप्काइदिन्छे । सबै प्रयास असफल भएपछि ऊ खुकुरी भिरेर राती इन्दिरा सुतेको कोठामा पुग्छ र

नाङ्गो खुकुरी देखाएर तर्साउने प्रयास गर्छ । इन्दिरा उसलाई कोठाबाट निस्किन आदेश दिन्छे तर ऊ बाहिर नगई उसैलाई समाउन तम्सन्छ । इन्दिरा मौका पारी उसैले बोकेको खुकुरी चलाउन थाल्छे र उसको टाउको एवं हातमा चोटपटक लाग्छ अनि ऊ ढल्छ । त्यत्ति नै बेला भवदेव आएर त्यो ढल्ने व्यक्ति मुकुन्द नै हो भनेर चिनाउँछन् । त्यसपछि इन्दिरा पनि मूर्च्छा पर्छे । त्यसपछि मुकुन्दका बाबुआमा पनि त्यही कोठामा आइपुग्छन्। सामान्य उपचारपछि दुबै जना ब्युँझन्छन् र ती दुबैलाई कोठामैं छाडी सबै जना बाहिरिन्छन्। यसरी कथानकको अन्त्यमा मुकुन्द र इन्दिराको चीरकालपछि मिलन हुन्छ र उनीहरू अब एकअर्कासँग कहिल्यै नछुट्ने बाचा गरेपछि नाटकको अन्त्य हुन्छ।

**मुकुन्द इन्दिरा नाटकको भाषाशैली**

भाषा र शैलीका दृष्टिले प्रस्तुत मुकुन्द इन्दिरा नाटक परिष्कृत र उत्कृष्ट देखिन्छ। यसमा गद्य र पद्य मिश्रित भाषाका माध्यमले संवाद रचना भएको छ। अधिकांश संवाद पद्यात्मक नै छ । काव्यात्मक भाषामा विविधतायुक्त संवादद्वारा यसलाई आकर्षक तुल्याइएको छ । नेपाली भाषाका अतिरिक्त अङ्ग्रेजी, हिन्दी भाषाको संवाद पनि यस नाटकमा प्रयोग भएको छ । यसमा नेवारी मातृभाषा हुने पुनाचा पात्रले नेवारी लबजमा उच्चारण गरी नेपाली भाषाको प्रयोग गरेको देखाइएको छ। त्यस्तै यसमा तत्सम शब्दको बाहुल्य भएका लामालामा र बौद्धिकतापूर्ण संवादको संरचनासमेत भएको पाइन्छ, तर यसले नाटकलाई अझ आस्वाद्य तुल्याएको छ। प्रस्तुत नाटकमा भाषागत आलङ्कारिकताको चमत्कार यत्रतत्र पाइन्छ। प्रसङ्गानुकूल यसमा गीतको समेत प्रयोग गरिएको छ । मुख्यपात्रले स्तरीय नेपाली कथ्य अँगालेको पाइन्छ भने अन्य पात्रले बोल्ने भाषा विविधतायुक्त छो। मूल कथा वा उद्देश्य पूरा गर्न नाटकको मध्य भागमा अनेकौं टुक्रा र प्रसङ्गहरू जोडिएका छन्। यसमा राष्ट्रवादी स्वर ओजस्वी भाषाका माध्यमले अभिव्यक्त छ। समग्रमा यस नाटकमा संवाद, भाव र भाषाको सुन्दर संयोजन पाइन्छ।

# 14.5 लक्ष्मीप्रसाद देवकोटाको रचनाहरूको शैली र संरचनामा पाइने विशेषताहरू

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। उनले कविता, नाटक, आख्यान र निबन्ध गरी साहित्यका चारवटै विधामा आफ्नो वहुमुखी सृजनशीलता

देखाएका छन्। उनी मुख्यतः कवि तथा निबन्धकारका रुपमा स्थापित एवं प्रसिद्ध छन्। यीमध्ये पनि उनको कवित्व ज्यादा विख्यात छ र उनी महाकविकै रूपमा प्रतिष्ठा प्राप्त छन्। उनको महाकवित्वको पुष्टि गर्ने आधार धेरै छन् र तीमध्ये उल्लेखनीय आधार हुन्- कविता विधाका लघु, मध्यम र वृहत् रूपको प्रचुर परिमाणात्मक एवं उत्कृष्ट गुणात्मक सृजना, उच्च कल्पनाशीलता, भावाधिक्य र भावावेग, तीव्र संवेदनशीलता, आशु सृजन सामथ्र्य, युगबोध, राष्ट्रप्रेम, मानवतावाद, सामाजिक–सांस्कृतिक सुधारवादी क्रान्तिकारी सञ्चेतना, उक्ति वैविध्य, सहज, स्वस्फूर्त रम्य रागात्मक ललित भाषाशैली, भाव सहजात बिम्बालङ्गकारको प्रयोग आदि।

**लक्ष्मीप्रसाद देवकोटाका काव्यमा छन्दको प्रयोग**

लक्ष्मीप्रसाद देवाकोटाले आफ्ना कविता, महाकाव्यमा तथा खण्डकाव्यमा  मुख्यत दुई थरीका लय ढाँचाको प्रयोग गरेका छन् । ती हुन् - बध्द लयढाँचा र मुक्त लयढाँचा। लक्ष्मीप्रसाद देवकोटाले आफ्ना काव्यहरुमा यी दुई थरी लय ढाँचाको जे–जस्तो प्रयोग गरेका छन्, त्यसको बारेमा तल अध्ययन गरिएको छ ।

**लक्ष्मीप्रसाद देवकोटाका काव्यमा बध्य लय ढाँचाको प्रयोग**

लक्ष्मीप्रसाद देवकोटाले आफ्ना काव्यहरूमा बध्दलय ढाँचाको प्रयोग गरी वर्ण मात्रिक, मात्रिक र लोकलय गरी तीन प्रकारका छन्दको प्रयोग गरेका छन्।

वर्ण मात्रिक छन्दको प्रयोग कविताको प्रत्येक पाउमा वर्ण र मात्राको समानुपातिक वितरण गरिने छन्दलाई वर्णमात्रिक छन्द भनिन्छ । यसलाई वार्णिक छन्द भन्ने चलन पनि छ। लक्ष्मीप्रसाद देवकोटाले वर्णमात्रिक छन्दको प्रयोग गरी रचेका खण्डकाव्यहरु यी हुन् - राजकुमार प्रभाकर (स्वागता, शार्दुलविकीडित, उपजाति, अनुष्टुप् वियोगिनी अपरान्तिका मालिनी, पृथ्वी शिखरिणी र वसन्ततिलका) तुषार–वर्णन (अनुष्टप्) नेपाली मेघदुत (मन्दाक्रान्ता र स्रग्धरा) नवरसका आठवटा खण्डकाव्य (मालिनी शार्दूलाविकीडित, रथोध्दता, स्रग्धरा वसन्ततिलका, भुजङ्ग्रप्रयात, शिखरिणी, पृथ्वी, दुरतविल म्वित, शालिनी, तोटक, इन्द्रवंश, वंशस्थ, उपजाति, अनुष्टुप र प्रमाणिका) वैराग्य लहरी (शिखरिणी, द्रुतविलम्वित, मालिनी) आनन्द शतक (भुजङ्गप्रयात) झञ्झा–वर्णन (स्रग्धरा) भ्यागुर नारान (भुजङ्गप्रयात) र घोडचढी (स्वागता) ।

यसरी हेर्दा लक्ष्मीप्रसाद देवकोटाले राजकुमार प्रभाकर खण्डकाव्यमा दशवटा छन्दको प्रयोग गरेको भेटिन्छ र यस खण्डकाव्यमा उनले चौध पटकसम्म छन्द परिवर्तन

गरेको पाइन्छ । यस खण्डकाव्यमा उनले स्वागता छन्दकै प्रयोग बढी गरेका छन् । वर्णमात्रिक छन्द प्रयोग भएको उनका सबै खण्डकाव्यमा कहीँ कतै नगन्य रुपमा छन्द भङ्ग भएको देखिए पनि प्रायः वर्णमात्रिक छन्द प्रयोग भएका खण्डकाव्यमा ती सबै छन्दका वर्ण मात्रा वितरणसम्बन्धी नियमको पूर्णतः पालना गरिएको देखिन्छ । उनले असङ्ख्य वर्णमात्रिक छन्दलाई आफ्ना भावावेगका बाहकका रुपमा बेरोकतोक प्रयोग गरेका छन् र कुनै पनि कठिन छन्दले उनको भाव प्रवाहलाई रोक्न सकेको छैन ।
त्यसैले वर्णमात्रिका छन्दको प्रयोग भएका उनका खण्डकाव्यहरुमा गीतिचेत तीव्र रुपमा प्रकट भएको छ भन्न सकिन्छ ।

**मात्रिक छन्दको प्रयोग**

कविता काव्यका पाउ–पाउमा वर्ण या अक्षरहरुको मात्रा–गणनाका आधारमा पद्यात्मक रचना गरिने शास्त्रीय छन्दलाई मात्रिक छन्द भनिन्छ । लक्ष्मीप्रसाद देवकोटाका दुष्यन्त–शकुन्तला–भेट, रावण–जटायुयुद्ध, सीताहरण नाला र आँसु खण्डकाव्यहरुमा मात्रिक छन्दको प्रयाग गरिएको छ । यीमध्ये दुष्यन्त– शकुन्तला भेट र रावण जटायुद्धमा उनले अमिताक्षर मात्रा छन्दको प्रयोग गरेका छन् र तिनको यो मात्रिक लय गद्य कवितातर्फ उन्मुख छ । (अवस्थी ४१९.पृ २०६१, ४१९) देवकोटाले मात्रिक छन्दको प्रयोग गरेको एउटा उदाहरण तल प्रस्तुत गरिएको छ ।

“ बेर भयो हकि लक्ष्मण ज्यादै
ढल्की साँझ– गुराँस
थकित भईकन बनमा अड्दछ
दिनभर त्वरित वतास।“
(सीताहरण पृ. २४)

प्रस्तुत श्लोकमा विषम मात्रिक छन्दको प्रयोग भएको छ ।

**लोकलयको प्रयोग**

लक्ष्मीप्रसाद देवकोटाले विविध नेपाली लोकलयको प्रयोग गरी निकै खण्डकाब्य रचेका छन् । ती हुन्ः ‘मुनामदन’, ‘लूनी’, ‘तिप्लिङ्गी‘, ‘कुञ्जिनी’, ‘म्हेन्दु’, ‘कटक’, ‘मैना बसन्ती–एक’, ‘बसन्ती–दुई’, ‘सृजामाता’ ‘पहाडी पुकार’ र ‘नामसमझको गाँठो’ । यीमध्ये मुनामदन, मैना, बसन्ती एक, बसन्ती दुई, सृजामाता र पहाडी पुकार जस्ता छवटा खण्डकाव्यमा उनले एक हरफमा सोह्र अक्षर हुने नेपाली भ्mयाउरे लोकलयको प्रयोग गरेका छन् भने लूनी, तिप्लिङ्गगी र म्हेन्दु मा भने विविध लोकलयका साथै भोटे सेलोको प्रशस्त मात्रामा प्रयोग गरेका छन् । उनले

कटक खण्डकाव्यमा नेपाली वीरगाथात्मक कर्खा लोकलयको प्रयोग गरेका छन् भने नासमझको गाँठोमा सवाई लोकलयको प्रयोग गरेका छन् र उनले कुञ्जिनी खण्डकाव्यमा भने एघार अक्षरदेखि बीस अक्षरसम्म हुने विविध नेपाली लोकलयको प्रयोग गरेका छन् । लोकलयमा पनि स्तरीय कविता लेख्न सकिन्छ भन्ने कुरालाई प्रमाणित गर्दै देवकोटाले नेपाली साहित्यमा सर्वप्रथम 'मुनामदन', खण्डकाव्य मार्फत झ्याउरे लयलाई कवितात्मक स्तरीयता प्रदान गरे र यही झ्याउरे लयमा लेखिएको मुनामदन खण्डकाव्य नै नेपाली खण्डकाव्यको सर्वोत्कृष्ट लोकप्रिय खण्डकाव्य बन्न पुग्यो । लोकलय प्रयोग भएको केही उत्कृष्ट उदाहरणहरु तल पस्तुत गरिएको छ ।

"क्षेत्रीको छोरो यो पाउ छुन्छ घिनले छुँदैन
मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन"
(मुनामदन, पृ.२२)

"स्वर्ग छैन टाढा अव
पहाड टाकुरामा
कलेजी रंग हरियो भो
मनको आँकुरामा !"
(कुञ्जिनी, पृ.२५)

"ढुङ्गा झै कठोर हृदय लिई किन हो हेरेकी
सारै नै कुरुप म पनि छैन के आँखा तरेकी" (मैना, पृ.३६)

"गोर्खालीको झुक्दैन सिर झुक्ने छैन संसारको अगाडि,
रणमा पीठ फर्काउने छैन हट्ने छैन जङ्मा पछाडि" ।।
(कटक, पृ. ५५)

छन्दका लागि नभई भावका लागि कविता लेख्ने कवि भएकाले आफ्ना हृदयका कल्पना र भावनाका प्रवाहअनुसार लक्ष्मीप्रसाद देवकोटाको बध्द लय पनि बगेको देखिन्छ ।

**मुक्त लयढाँचा**

लक्ष्मीप्रसाद देवकोटाले मुक्त लय ढाँचा प्रयोग गरी रचेको एउटामात्र खण्डकाव्य 'मायाविनी सर्सी' हो । उनले यस खण्डकाव्यमा एक भाव लहरलाई एक गद्य कवितात्मक श्लोक (अनुच्छेद) मा पुरा गर्ने प्रवृति देखाएका छन् र यसको सबै श्लोकमा समानुपातिक गद्य कवितात्मक हरफको प्रयोग गरेको देखिन्न, तीनदेखि सतचालिस हरफसम्मका श्लोक (अनुच्छेद) प्रस्तुत खण्डकाव्यमा प्रयोग भएका छन् । गद्य कविता

भए पनि अन्तर–अनुप्रासीयता र अन्त्यानुप्रासियताको प्रयोग यस खण्डकाव्यमा जताततै भेटिने हुनाले यस खण्डकाव्यका अनुच्छेदमा लयगत माधुर्य भरिन गई सङ्गीतात्मकताका दृष्टिले यो खण्डकाव्य उत्कृष्ट बन्न पुगेको छ र नेपाली खण्डकाव्यका इतिहासमा यो सफल गद्य खण्डकाव्य ठहरिएको छ । यस खण्डकाव्यको एउटा उत्कृष्ट गद्य कविताको नमुना तल प्रस्तुत गरिएको छ ।

"के यही हो महावीरता, महाध्येयपछिको अविश्रान्त गमन ?

के प्राप्ति नै महावस्तु हो ।।"

(मायाविनी सर्सी, पृ ३२)

यसरी वर्णमात्रिक, मात्रिक र लोकछन्दजस्ता बद्धलय ढाँचामा देवकोटोले लामो साधना र अभ्यास गर्नुको कारणले गर्दा उनको मुक्त गद्य लय ढाँचामा पनि तीव्र गेयगुण तथा उच्च अन्तः सङ्गीतद्धारा ओतप्रोत हुन पुगेको देखिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाले आफ्ना खण्डकाव्यमा बद्धलय ढाँचाका वर्णमात्रिक, मात्रिक, लोकलय र मुक्त ढाँचाका गद्य कवितात्मक लयको प्रयोग गरेका भए पनि उनले मूलतः लोकलयको ढाँचा अँगालेको खण्डकाव्यमा उच्च सफलता हाँसिल गरेको देखिन्छ । त्यसपछि उनले गद्य कवितात्मक लय ढाँचामा लेखिएको 'मायाविनी सर्सी' मा उत्कृष्ट गुणात्मकता देखाउन सकेका छन् । वर्णमात्रिक तथा मात्रिक छन्द ढाँचाको प्रयोगमा पनि उनी प्रवीण नै देखिन्छन् । प्रायः उन्मुक्त पंक्ति वितरणमा आधारित श्लोक विधान÷ अनुच्छेद विधान गर्ने, भावप्रवाह अनुसार भाषा तथा लय दुवैलाई परिचालित गर्ने लयलाई आन्तरिक तथा अन्त्यको अनुप्रासद्वारा स्वस्फूर्त रुपमै श्रुतिमधुरता प्रदान गर्ने जस्ता जुन प्रवृति उनले देखाएका छन् , त्यसबाट उनको खण्डकाव्यात्मक वैविध्यपूर्ण लयाविधान पनि सशक्त प्रभावकारी एवं आकर्षक बन्न पुगेको पाइन्छ।

**'शाकुन्तल' महाकाव्य**

**लय, संरचना र आयाम -**

लक्ष्मीप्रसाद देवकोटा 'नेपाली भाषानुवाद परिषद'मा जागिरे हुँदा वि.सं. २००२ सालमा रचना गरेको साथै सोही साल 'नेपाली भाषा प्रकाशिनी समिति' बाट प्रकाशित भएको ' शाकुन्तल देवकोटाको पहिलो पूर्ण महाकाव्य हो। यो मौलिकताका दृष्टिले पहिलो नेपाली महाकाव्य हो। देवकोटाले यस महाकाव्यको भूमिकामा तथा आफ्नो वक्तव्य मा " नेपाली महाकाव्य आइसल्यान्डको सर्पजस्तो थियो। मलाई अभाव पूरा गर्ने इच्छा पल्हाएर आएकोले लेखे" भनेको कुराबाटै स्पष्ट हुन्छ। यस

महाकाव्यमा जम्मा चौबीस सर्ग र लगभग दुई हजार श्लोकहरू अनि दस हजार पङक्तिहरूमा सजिएका छन्। साथै यस महाकाव्य तीन महिना भित्र लखि सकेको भन्ने पनि यसै महाकाव्यको भूमिकामै देवकोटा लेख्दछन् - " लेखैँ तीनै महीनामा राती राती बसेर फुर्सदमा ।

प्रस्तुत महाकाव्यमा शिखरिणी, भुजङ्गप्रयात, पृथ्वी, वसन्ततिलका, गीतिका, स्रग्धरा, मन्दाकान्त, मालिनी, द्रुतविलम्बित, वियोगिनी, अपरान्तिका, तूणक, पञ्चचामार, उपजाति, स्वागत, रथोद्धता, स्रग्विणी, तोटक, शालिनी, दोधक, प्रहर्षिणी, सुन्दरी, प्रमाणिका, बृहती, माणवका, हरिणप्लुता, चन्द्रवर्त्म तथा अनुष्टुपजस्ता विभिन्न लगभग अढाई दर्जन शास्त्रीय वर्णमात्रिक छन्दहरूका प्रयोग र वर्णनदृष्टि प्रस्तुत गरेका छन्।

**शाकुन्तल महाकाव्सको कथावस्तु**

'शाकुन्तल महाकाव्यको कथावस्तुको विषयमा देवकोटा स्वयंले यसै महाकाव्यको पहिलो सर्गमा नै लेखेका छन् –

दाढीबाट सफेद व्यास ऋषिको गङ्गा बनेकी कथा
ओर्ली सल्बल कल्कलाउन चली पूर्वीय मैदानमा।
कालीदासकला बनेर रसिला कल्लोलकौतूहला
' पुग्छिन् सागर' भन्नु सत्य छ भने नाघ्लिन् बलौटो यही।।

- शाकुन्तल, सर्ग १ : श्लोक १९।

यस भनाइबाट नै व्यासद्वारा रचित महाभारतमाको दुष्यन्त र शाकुन्तलाको कथालाई लिएर संस्कृतका महाकवि कालिदासले ' अभिज्ञानशाकुन्तल' नाटक लेखे त्यसैमा नै ' शाकुन्तल' महाकाव्यको कथावस्तु आधारित छ। यस महाकाव्यको कथावस्तुको स्रोत कालिदासको नाटक ' अभिज्ञानशाकुन्तल' हुँदाहुँदै पनि देवकोटाले यस भित्र विभिन्न आफ्नो काल्पनिक, मौलिक विषयहरू समावेश गराइ यस नेपालीपन दिने तथा नेपाली सामाजिक परिप्रेक्ष्यमा ढाल्ने प्रयास गरेका छन् र सफल पनि भएका छन्।

**शाकुन्तल महाकाव्यमा पात्रविधान**

यस महाकाव्यको पहिलो सर्गमा मङ्गलाचरण र भूमिका रहेको छ। त्यसपछि दोस्रोदेखि पाँचौ सर्गसम्मको भागमा नायक नायिका विश्वमित्र र मेनका रहे तापनि समग्रमा 'शाकुन्तल' महाकाव्यको नायक नायिका दुषयन्त र शकुन्तला हुन् भने मध्यमस्तरीय भूमिकामा रहेका पात्रहरू शकुन्तलका साथीहरू अनसूया, प्रियंवदा र चारू, र अन्यहरूमा कण्व ऋषि र उनकी धर्मपत्नी गौतमी तथा दुई शिष्य, अनि दुर्वासा ऋषि, किसान, विदुषक र भरत तथा कश्यप ऋषि।

यसरी नै गौण पात्रमा कण्वाश्रममा दुष्यन्तलाई शुत्रबाट हमला हुन लागेको  सुचना दिने दूत, किसानकी छोरी श्यामा, मिट्ठु (पाठो) , पुड्के (द्वारपाल) मालति, इन्द्र, कश्यपाश्रमकी शकुन्तलकी सखी देखिन्छन्। यसका साथै साङ्केतिक पात्रमा चाहिँ वनमा सिकार खेल्न जाँदाका दुष्यन्तका सारथि र लावालस्कर, दुष्यन्तको दरबार जाने नगर प्रवेशद्वारका पहरेदार सिपाहीहरू, चारै दिशामा शकुन्तलालाई खोज्ने खटाइएका मानिसहरू, देवासुर – सङ्ग्रामका योद्ध देव र असुरहरू, सुरयुवतीहरू, दुष्यन्त इन्द्रसँग स्वर्ग डुल्न जाँदा देखिएका तपस्यारत ऋषिहरू तथा नाना देवदेवीहरू, स्वर्गमा आयोजित नाटकका पात्रपात्राहरू र कश्यपाश्रमका मानिसहरू छन्।

**शाकुन्तल महाकाव्यको परिवेश चित्रण**

'शाकुन्तल' महाकाव्यमा देश, काल र परिस्थितिको सुन्दर चित्रण पाइन्छ।  तथापि विशेषतः स्थानगत प्राकृतिक परिवेश र कालगतमा पनि सन्ध्या, सूर्योदय  आदि प्राकृतिक परिवेशकै चित्रणमा देवकोटाको शील्पकारीता उम्दा देखिन्छ। परिवेश चित्रणका सन्दर्भमा देवकोटाले मुख्य रूपमा प्राकृतिक परिवेश वा प्रकृतिलाई आत्मसात गर्दै प्रकृति आमा हो, शिक्षाको केन्द्र हो, रोग, शोक तथा दुःखको उपचार हो भन्दै प्रकृति प्रतिको आफ्नो  गहिरो चिन्तन प्रस्तुत गरेका छन्।

**शाकुन्तल महाकाव्यको भाषाशैली र शिल्प**

शाकुन्तल महाकाव्यको भाषाशैली मूलतः बौद्धिकाव्यञ्जना भन्दा आत्माभिव्यञ्जना तर्फ धरै झुकेको छ। शब्दार्थशक्तिका दृष्टिले कथावस्तुका कथनका सन्दर्भमा अभिदा र लक्षणाको अलिक बढी प्रयोग पाइए तापनि अन्यत्र चाहिँ व्यञ्जनाकै बढी प्रयोग भएको पाइन्छ। यस महाकाव्यमा ठाउँ ठाउँमा अङ्ग्रेजी, हिन्दी, नेवारी  जस्ता आगन्तुक शब्दहरूको पनि फाट्टफुट्ट रूपमा प्रयोग भएको पाइन्छ । तथापि तद्भवभन्दा तत्सम वा संस्कृत शब्दहरूकै अधिक प्रयोग पाइन्छ।

**प्रमिथस महाकाव्यको भाषा शैली**

प्रस्तुत महाकाव्य गद्य शैलीमा लेखिएको महाकाव्य हो। वर्तमान समयमा गण- लक्षण मिलाई छन्द निर्वाह गर्दै महाकाव्य बुझ्नु पर्ने कठिनता यसमा छैन। पहिला- पहिला गद्य कठिन लाग्थे मानिसहरुलाई, कारण लोक लय छन्द उनीहरुका पेवा झैं नै थिए, तर तिनै छन्द पाठकलाई कठिन महसुस भइरहेछ। त्यो कठिनता यसमा छैन मुक्त छन्दका पनि महाकाव्य हुनसक्छन्,त्यसमा पनि असिम लय छ, संगीत छ, गेयात्मकता छ। भावको स्वतः स्फुर्तता छ। अनावश्यक हलन्तको प्रयोग, ह्रस्वीकार र दीर्घकारको समस्या र विचलन यसमा छैन। अतः काव्यको भाषा शुद्ध, यथेष्ट बुझ्ने र सरल बन्न पुगेको छ अनि शैली मधुरतम बनेको छ। पाठकहरु यसका शैलीमा रम्छन्।

उदाहरण-

“त्यस्ता महामानव न जन्मिएको

न जन्मेलान् पछिलाई।

के रहेछन् यो पागल कचौरी अ ामा

झिल्का नाना?

भाव अनौठा साना?

यस्ता भाषाशैलीको प्रयोगले पाठकलाई सोझै आकर्षित गर्दछ अनौठो किसिमको मोहकता यस शैलीमा छ यसर्थ पाठकहरु पनि उत्सुक भइहाल्छन् चाँडै।

अर्को उदाहरण-

“महिनवहरू

क्षुद्र, दरिद्र, जीवहरु, मलिन

बादरभन्दा एकै सिँढी चढेका

गरीब जन्तुहरु।

यसरी हेर्दा लक्ष्मीप्रसाद देवकोटाका शैली सरल सहज किसिमका देखापर्छन्। बोधनका असुविधा, सम्प्रेषणमा बाधा, प्रस्तुतिकरणमा वैमिन्यता जस्ता कुराहरु यहाँ छैनन्।

प्रमिथस महाकाव्यको आयम-संरचना

प्रमिथस महाकाव्यमा ११ सर्ग छन् तर सवै प्रकारका सबै पङ्क्तिहरू एक समान छैनन् यसमा। लगभग ४५ पंक्तिहरू छन् र यी पङ्क्तिहरू कत्तै ३ हरफका छन् भने कतै ३८ हरफका पनि छन्। प्रथम सर्गका एकदेखि चार पंक्ति सम्म मंगलाचरण गरिएको छ। महाकाव्यको महत्वपूर्ण लक्षणहरु मध्ये यो एउटा हो। पूर्वीय परिपाटी अनुसार गरिएको सरस्वतीप्रतिको मंगलाचरणका साथै सर्गवद्धता प्राय सबै महाकाव्यका संरचनागत दृष्टिले सटीक भएका छन्।

प्रस्तुत महाकाव्यका कतिपय पंक्ति गुच्छाहरु हराएका छन् वा नभएको उल्लेख डा. कुमारबहादुर जोशीले गरेका छन्। (महाकवि देवकोटा र उनका महाकाव्यमा)। चौथों सर्गका १ देखि १३ सम्मका पंक्ति गुच्चा औ छैठौ सर्गका ११ देखि ३२ सम्म, आठौं, नवौं, एघारौं वा अन्तिम सर्गहरू अपूर्ण छन्। कतिपय कथावस्तु नमिल्दा लाग्ने भएका छन्।

## 14.6 उपसंहार

नेपाली साहित्यका तीन स्रष्टाहरू बालकृष्ण सम,लक्ष्मीप्रसाद देवकोटा अनि लेखनाथ पौड्याल आ-आफ्नो समयका उत्कृष्ट प्रतिभाहरू हुन् भने नेपाली साहित्यको इतिहासमा अजर रअमर साहित्यकारहरू हुन्। बालकृष्ण सम बौद्धक तथा विज्ञानसँग नजीक रहेर मानवतावादी स्वर आफ्नो काव्यहरुमा ओकल्छन् भने कवि लक्ष्मीप्रसाद देवकोटा स्वच्छन्दवादी प्रवृत्तिलाई अँगाल्दै प्रकृतिप्रेममा मोहित हुन्छन् ।यसरी नै कवि लेखनाथ पौड्याल पूर्वीय दर्शन तथा आध्यात्मिक चेतनाको सन्देश लिएर आफ्नो कृतिहरमा देखा पर्छन्। तिनै स्रष्टाहरूका रचनामा पाइने संरचर शैलीगत विशेषता आ-आफ्नै किसिमको छ। नेपाली साहित्यको उज्जवल नक्षत्रका रूपमा रहेका यी तिनै विशिष्ट साहित्यकारहरू नाट्यसम्राट बालकृष्ण सम,महाकवि लक्ष्मीप्रसाद देवकोटा तथा कविशिरोमणि लेखनाथ ड्याल साँच्चै नै नेपाली साहित्यकाशमा नअस्ताउने नक्षत्रहरू हुन्।यी `त्रिरत्न´ साहित्यिक महर्षिहरूका कारण नेपाली साहित्य विकसित रूपमा अघि बढेको छ।

## 14.7 सार

- आधुनिक दृष्टिमा शैली साहित्यको अपरिहार्य तत्व हो।

- स्कृत शब्दको माधुर्य र झर्रो नेपाली शब्दावलीको मिठासप्रति सचेत लेखनाथ यथास्थान सुहाउँदो पाराले शब्द -संनिवेश गर्छन्।
- लेखनाथ पौड्याललाई मूलरूपमा रसवादी कविका रुपमा मानिन्छ। रसवादी कवि हुनुका साथै उनी अलङ्कारवादी कवि पनि हुन्।
- बालकृष्ण समलाई अध्यात्मपरकतामा भन्दा वस्तुपरकतामा, हार्दिकतामाभन्दा बौद्धिकतामा रमाउने परिष्कारवादी काव्य धाराका उर्जाशील बौद्धिक प्रतिभाका रुपमा चिनिन्छ।
- यस नाटकमा गीतको प्रयोग भने ठाउँ ठाउँमा देख्न सकिन्छ। विविध उखान टुक्का, उक्ति र व्याकरणिक रूपमा नितात जस्ता भाषिक प्रयोग पनि अन्धवेग नाटकमा छ। अलङ्कृत भाषा हुँदा हुँदै पनि भाषिक दृष्टिले अन्धवेग नाटक सफल नाटक हो।
- लक्ष्मीप्रसाद देवकोटाले विविध नेपाली लोकलयको प्रयोग गरी निकै खण्डकाव्य रचेका छन्। ती हुन्ः 'मुनामदन', 'लूनी', 'तिप्लिङ्गी', 'कुञ्जिनी', 'म्हेन्दु', 'कटक', 'मैना बसन्ती–एक', 'बसन्ती–दुई', 'सृजामाता' 'पहाडी पुकार' र 'नामसमझको गाँठो'।
- शाकुन्तल महाकाव्यमा देवकोटाले शिखरिणी, भुजङ्गप्रयात, पृथ्वी, वसन्ततिलका, गीतिका, स्रग्धरा, मन्दाकान्त, मालिनी, द्रुतविलम्बित, वियोगिनी, अपरान्तिका, तूणक, पञ्चचामार, उपजाति, स्वागत, रथोद्धता, स्रग्विणी, तोटक, शालिनी, दोधक, प्रहर्षिणी, सुन्दरी, प्रमाणिका, बृहती, माणवका, हरिणप्लुता, चन्द्रवर्त्म तथा अनुष्टुपजस्ता विभिन्न लगभग अढाई दर्जन शास्त्रीय वर्णमात्रिक छन्दहरूका प्रयोग र वर्णनदृष्टि प्रस्तुत गरेका छन्।

## 14.8 अनुशीलन

1) शैलीको परिचय दिनुहोस्।
2) पञ्चतन्त्रको शैली पक्षको चर्चा गर्नुहोस्।
3) तरुण तपसीको भाषाशैलीबारे चर्चा गर्नुहोस्।
4) संरचनाको दृष्टिले अन्धवेग नाटक को चर्चा गर्नुहोस्।
5) लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्य प्रयुक्त शैलीबारे चर्चा गर्नुहोस्।

## 14.9 अतिरिक्त अध्ययन

1. राजेन्द्र सुवेदी - स्रष्टा–सृष्टि : द्रष्टा-दृष्टि।
2. राजेन्द्र सुवेदी स्रष्टा देवकोटा:द्रष्टा परिवेशमा (सम्पा.)।
3. डा. केशवप्रसाद उपाध्याय नेपाली नाटक र नाटककार।
4. केशवप्रसाद उपाध्याय - विचार र व्याख्या।
5. राममणि रिसाल - नेपाली काव्य र कवि।
6. डा. वासुदेव - त्रिपाठी लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन।

## 14.10 मूल्यबृद्धिको निम्ति उत्तर

**नोटः तल दिइएका खाली स्थानमा आफ्नो उत्तर लेख्नुहोस्।**

1. शैललीको परिचय।

____________________________________________

____________________________________________

____________________________________________

(प्रश्न 1 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 14.2 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

2. तरूण तपसीको छन्द र लय विधानको चर्चा।

____________________________________________

____________________________________________

____________________________________________

(प्रश्न 2 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 14.3 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

3. बालकृष्ण समको मुकमन्द इन्दिरा नाटकको संरचना।

____________________________________________

____________________________________________

____________________________________________

(प्रश्न 3 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 14.4 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

4. प्रमिथस महाकाव्यको भाषा शैलीको चर्चा।

Notes

(प्रश्न 4 को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 14.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)

5.शाकुन्तल महाकाव्यको छन्द र लय विधान।

(प्रश्न 5  को मूल्यबृद्धिका निम्ति विद्धार्थीले 14.5 को खण्डमा उत्तर खोज्न सक्नेछन्)